* द्वितीयप्रकारेणायज्ञानम् *

विस्तारगुणितं दैर्घ्यं गृहक्षेत्रफलं लभेत् ।
तत्पृथग्वसुभिर्भक्तं शेषमायो ध्वजादिकः ॥३८४॥
ध्वजो धूम्रोऽथ सिंहःश्वा सौरभेयः खरो गजः ।
ध्वांक्षश्चैव क्रमेणैतदायाष्टकमुदीरितम् ॥३८५॥
ध्वजे कृतार्थो मरणञ्च धूमे सिंहे जयश्चाथ शुनि प्रकोपः ॥
वृषेच राज्यं च खरे च दुःखं ध्वांक्षे मृतिश्चैव गजे सुखस्यात् ॥
ब्राह्मणस्य ध्वजो ज्ञेयो सिंहो वा क्षत्रियस्य च ।
वृषभश्चैव वैश्यस्य सर्वेषां तु गजः स्मृतः ॥३८७॥

कल्पित लम्बाइ-चौड़ाइलाई अथवा चौड़ाइ-लम्बाइलाई आपसमा गुणन गर्नाले क्षेत्रफल हुन्छ। फेरि उसैमा आठको भाग दिनाले जो बाँकी रहन्छ त्यो ध्वज आदि आय हुन्छ। ध्वज १, धूम २, सिंह ३, श्वान ४, बैल ५, खर ६, हात्ती ७, काक ८ यो आठ आय क्रमैले जान्नु ।

फल—ध्वजसंज्ञक आयको फल कृतार्थ अर्थात् प्रसन्नता हुन्छ, धूमको फल मरण हुन्छ, सिंहायको फल जयकारक हुन्छ, श्वान आयको फल कोप-कारक हुन्छ, वृषको फल राज्यदायक हुन्छ, खर आयको फल दुःखप्रद हुन्छ। ध्वांक्ष आयको फल मृत्युदायक हुन्छ, गजायको फल सुखप्रद हुन्छ। ब्राह्मण-वर्णको ध्वजाय, क्षत्रियको सिंहाय र वैश्यको वृषाय शुभ हुन्छ, फेरि संपूर्ण वर्ण ( चारैवर्ण ) लाई गजाय शुभ हुन्छ ॥ ३९४–३९७ ॥

* इष्टर्क्षज्ञानम् *

पुष्याश्विनीवारुणपूर्वभाद्रमित्राणि पूर्वोत्तरहस्तचित्रा ।
ज्येष्ठार्यमामित्रशशाङ्कमूलकर्णो धनिष्ठाभगभं मघा च ॥

श्लेषान्त्यपूभान्त्यमथाम्बुपेशमूलेन्दुपौष्णोत्तरभाद्रभानि।
अश्वादिनक्षत्रसमुद्भवानामिष्टर्क्षभानां क्रमशो गृहेषु ॥

अश्विन्यादि सत्ताइसै नक्षत्रको इष्टर्क्ष यही चक्रका क्रमले जान्नु। जस्तै अश्विनी नक्षत्र जसका नामको नक्षत्र छ, उसको इष्टर्क्ष पुष्य नक्षत्र भयो। उसको अंक आठ भयो। भरणीको अश्विनी १ इष्टर्क्ष हो। शेष चक्रवाट जान्नू॥ ३९८–३९९ ॥

* इष्टर्क्षचक्रम् *

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| अ. | भ. | कृ. | रो. | मृ. | आ. | पुन. | पुष्य. | श्ले. | नक्षत्र |
| पुष्य ८ | अ. १ | श्र. २४ | पू.फा. २५ | अनु. १७ | पू.फा. ११ | उ.फा. १२ | ह. १३ | चि. १४ | इष्टर्क्ष |
| म. | पू.फा. | उ.फा. | ह. | चि. | स्वा. | वि. | अ. | ज्ये. | नक्षत्र |
| ज्ये. १८ | उ.फा. १२ | अनु. १७ | मृ. ५ | मू. १९ | अ. १२ | ध. २३ | पू.फा ११ | म. १० | इष्टर्क्ष |
| मू. | पू.षा. | उ.षा. | श्र. | ध. | श. | पूभा. | उ.भा. | रे. | नक्षत्र |
| श्ले. ९ | रे. २७ | पू.भा. २५ | रे. २७ | श्र. २४ | मू. १९ | मृ. ५ | रे. २७ | उ.भा. २६ | इष्टर्क्ष |

* खननप्रकारः *

जलान्तं प्रस्तरान्तं वा पुरुषान्तमथापि वा।
क्षेत्रं संशोध्य चोद्धृत्य शल्यं सदनमारभेत् ॥४००॥

जलान्तसम्म अथवा जहाँ पत्थर ( ढुंगो ) मिलेको छ वहाँसम्म अथवा एक पुरुष लाम्रु गहराइसम्म खनेर जगा शुद्ध गर्नु अरु शल्य अर्थात् हाड आदि निकालेर घर बनाउनु उचित हुन्छ ॥

* शुभाशुभभूमिज्ञानम् *

खन्यमाने यदा क्षेत्रं पाषाणः प्राप्यते तदा।
धनायुश्चिरता वै स्यादिष्टकासु धनागमः ॥४०१॥

कपालाङ्गारकेशादौ व्याधिना पीडितो भवेत् ॥४०२॥

क्षेत्र खनेपछि ढुंगो निक्ले धन आयुको वृद्धि होला। ईंट निक्ले धनप्राप्ति होला। कपाल, कोइला केश आदि निक्ले रोग लाग्नेछ४०२

* गृहस्थानविचारः *

स्नानस्य पाकशयनास्त्रभुजेश्च धान्य-
भाण्डारदैवतगृहाणि च पूर्वतः स्युः ॥
तन्मध्यतस्तु मथनाज्यपुरीषविद्या-
भ्यासाख्यरोदनरतौषधिसर्वधाम ॥ ४०३ ॥

पूर्व दिशामा स्नान-गृह, आग्नेयमा पाकगृह अर्थात् भान्सा-घर, दक्षिणमा शयन-गृह, नैर्ऋत्यमा शस्त्र-गृह, पश्चिममा भोजन-गृह, वायव्यमा धान्य-संग्रह-गृह, ( ढुकुटी ) उतरमा भाण्डार गृह अर्थात् भाँडा राख्ने आदि, ईशानमा देवता-गृह हुनुपर्छ। यी सबैका बीचमा क्रमैले दधि-मथन-गृह, घृत-संग्रह-गृह, पुरीषगृह ( टट्टी-घर ) र विद्या-भ्यासको घर, रोदन-गृह, रति-गृह तथा औषध-गृह र सर्वधाम-गृह यी सबै हुनुपर्छ। यो बात सबै तल 'गृह-चक्र' बाट जान्नू ॥ ४०३ ॥

* गृहचक्रम् *

| पूर्व | आ-ग्नेय | दक्षिण | नैर्ऋत्य | पश्चिम | वायव्य | उत्तर | ईशान | दिशा |
|---|---|---|---|---|---|---|---|---|
| स्नान गृह | पाक गृह | शयन गृह | शस्त्र गृह | भोजन गृह | धान्य-संग्रह गृह | भा-ण्डार गृह | देवता गृह | स्थान |
| दधिमथन | घृत | पुरीष | विद्या | रोदन | रति | औषध | सर्वधाम | मध्यस्थानगृह |

* गृहायुर्ज्ञानम् *

जीवार्कविच्छुक्रशनैश्चरेषु लग्नारिजामित्रसुखत्रिगेषु।

स्थितिः शतं स्याच्छरदां सितार्केज्येतनुत्र्यङ्गसुते शते द्वे॥
लग्नाम्बरायेषु भृगुज्ञभानुभिःकेन्द्रे गुरौ वर्षशतायुरालयम्॥
बन्धौ गुरुर्व्योम्नि शशी कुजार्कजौ
लाभे तदाऽशीतिसमायुरालयम् ॥
स्वोच्चे शुक्रे लग्नगे वा गुरौ वेश्मगतेऽथवा ।
शनौ स्वोच्चे लाभगे वा लक्ष्म्या युक्तं चिरं गृहम् ॥४०६॥

गृहारम्भका समय लग्नमा बृहस्पति, छैटौं सूर्य, बुध सातौं, शुक्र चौथो, शनि तेस्रो होस्ता गृहको आयु सय (१००) वर्षको हुन्छ।

शुक्र लग्नमा, सूर्य तेस्रो, मङ्गल छैठौं, बृहस्पति पाँचौं होस्ता घरको आयु दुइ सय ( २०० ) वर्षको हुन्छ।

लग्नमा शुक्र, दशौं बुध, एघारौं सूर्य, लग्नलाई छोड़ेर केन्द्र अर्थात् ४।७।१० मा बृहस्पति होस्ता सय (१००) वर्षको आयु होला।

फेरि बृहस्पति चौथो, चन्द्रमा दशौं, मङ्गल, शनैश्चर एघारौं होस्ता त्यो घरको अस्सी ८० वर्षको आयु हुनजान्छ।

उच्च शुक्र अर्थात् मीनराशिको भएर लग्नमा बसोस् बृहस्पति चौथो, शनैश्चर पनि उच्चको अर्थात् तुलाको भएर एघारौं होस्ता त्यो घर लक्ष्मीयुक्त चिरंजीवी होला ॥४०४–४०६॥

* नाशयोगः *

गृहेशतत्स्त्रीसुखवित्तनाशोऽर्केन्दुजीज्यशुक्रे विबलेऽस्तनीचे।
कर्तुःस्थितिर्नो विधुवास्तुनोर्भे पुरःस्थिते पृष्ठगते खनिःस्यात्॥

गृहारम्भ कालमा सूर्य, चन्द्रमा, बृहस्पति, शुक्र निर्बल, अस्त किंवा नीचका भए क्रमैले गृहेश, स्त्री, सुख, धनको नाश गर्छ। अरु

चन्द्रनक्षत्र द्वारका संमुख पऱ्यो भने कर्ता ( घर बनाउने ) को स्थिति रहँदैन । पछाडि परे भने खन्नु पर्छ ।

* चन्द्रनक्षत्रज्ञानम् *

कृत्तिका आदि सात-सात नक्षत्र पूर्व आदि चारै दिशामा वास गर्छन् । गृहको द्वार पहिले निश्चित गरेर विचार गर्नु । नीव ( घर ) दिने बेलामा यो विचार गर्नु कि नीव अर्थात् घरको नक्षत्र कुन दिशामा छ त्यो द्वारका संमुख र दाहिने शुभ हुन्छ । तथा बायाँ र पछाडि अशुभ हुन्छ ॥ ४०७ ॥

* गृहनामज्ञानम् *

दिक्षु पूर्वादितः शाला ध्रुवा भूद्वौकृतागजाः ।
शालाध्रुवाङ्कसंयोगः सैको वेश्मध्रुवादिकम् ॥४०८॥
ध्रुवधान्ये जयनन्दौ खरकान्तमनोरमम् ।
सुमुखं दुर्मुखोग्रं च रिपुदं धनदं क्षयम् ॥४०९॥
आक्रन्दं विपुलं ज्ञेयं विजयं चेति षोडश ।
गृहं ध्रुवादिकं ज्ञेयं नामतुल्यफलप्रदम् ॥४१०॥

पूर्व आदि चारै दिशामा शालाका अङ्क क्रमैले जोड़िदिनु । पूर्वमा १, दक्षिण २, पश्चिममा ४ उत्तरमा ८ । जुन दिशामा शाला छ उसै दिशाको अङ्क जोड़ेर एक अरु जोड़िदिनु जति अङ्क हुन्छ त्यै ध्रुव १, धान्य २, जय ३, नन्दन ४, खर ५, कान्त ६, मनोरम ७, सुमुख ८, दुर्मुख ९, उग्र १०, रिपुद ११, धनद १२, क्षय १३, आक्रन्द १४, विपुल १५ र विजय १६ यी सोह नाम छन् । यिनको फल नामकै तुल्य जान्नू ॥ ४०८–४१० ॥

---

*—चन्द्रमा र वास्तु नक्षत्र जान्ने रीत मुहूर्तचिन्तामणिमा विशदरूपले वर्णन गरेको छ ।

* गृहाख्यशुभाशुभफलचक्रम् *

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ध्रुव १ | धान्य २ | जय ३ | नन्द ४ | खर ५ | कान्त ६ | मनोरम ७ | सुमुख ८ | गृह नाम |
| शुभ | शुभ | शुभ | शुभ | अशुभ | शुभ | शुभ | शुभ | फल |
| दुर्मुख ९ | उग्र १० | रिपुद ११ | धनद १२ | क्षय १३ | आक्रन्द १४ | विपुल १५ | विजय १६ | गृह नाम |
| अशुभ | अशुभ | अशुभ | शुभ | अशुभ | अशुभ | शुभ | शुभ | फल |

* अंशफलज्ञानम् *

**भं नागतष्टं व्यय ईरितोऽसौ ध्रुवादिनामाक्षरयुक्स पिण्डः।**
**तष्टो गुणैरिन्द्रकृतान्तभूपाह्यंशा भवेयुर्न शुभोऽन्तकोऽत्र॥**

पूर्व कहेका इष्ट नक्षत्रका संख्यामा आठको भाग दिनाले जो शेष बच्छ त्यो व्यय कहिन्छ। त्यसको प्रयोजन यो हो कि आयका अपेक्षा न्यून व्ययवाला घर शुभ हुन्छ, व्ययमा ध्रुवादिक नामको अक्षर जोड्नु र त्यसै अङ्कमा पिण्ड जोड़िदिनु, उसमा ३ ( तीन ) को भागदिनु एक शेष रहेमा इन्द्रको अंश, दुइ शेष बचेमा यमराजको अंश र तीन बचेमा राजाको अंश हुन्छ। जुन घरमा यमको अंश रइन्छ त्यो घरमा शुभ कहिल्यै पनि हुँदैन।

* ध्रुवादिका नामाक्षर जान्ने उपाय *

ध्रुव, धान्य, जय, नन्द, खर, कान्त यिनको नाममा दुइ अक्षर मनोरममा चार अक्षर, सुमुख वा दुर्मुखमा तीन अक्षर, उग्रमा दुइ अक्षर, रिपुदमा तीन अक्षर, धनदमा तीन अक्षर, क्षयमा दुइ अक्षर; आक्रन्द, विपुल र विजयमा तीन अक्षर हुन्छ॥ ४११॥

* पृथ्वीशोधनप्रकारः *

**कुण्डार्थपृथ्वीपरिशोधहेतवे प्रष्टुर्मुखाद्यः प्रथमं स्फुटीभवेत्।**
**वर्गादिवर्णः किल तद्दिशि स्मृतं शल्यं मुनीन्द्रैर्हपयैस्तु मध्यतः**

नयाँ घर बनाउनका लागि प्रथम पृथ्वी शोधन गर्नु। प्रश्न-कर्ताका मुखबाट जो आदि अक्षर निक्लन्छ उसदेखि प्रश्नको विचार गर्नु। अवर्गादि गरिएका जो आठ वर्ग छन् तीनदेखि पूर्वादि आठ दिशामा शल्य क्रमैले जान्नु। ह, प, य, यी अक्षर मध्यस्थ (माझमा) रहने जान्नु ।४१२।

* शल्यज्ञानार्थचक्रम् *

| | | | | |
| --- | --- | --- | --- | --- |
| | ई० | पू० | आ० | |
| | श | अ | क | |
| उ | य | ह प य | च | द |
| | प | त | ट | |
| | वा० | प० | नै० | |

स्मृत्वेष्टदेवतां प्रष्टुर्वचनस्याद्यमक्षरम् ।
गृहीत्वा तु ततः शल्याशल्यं सम्यग्विचार्यते ॥४१३॥

पहिले प्रश्नकर्ताले आफ्ना इष्ट देवताको स्मरण गरेर अनिपछि प्रश्न गर्नु। प्रश्नका आदि अक्षरदेखि शल्याशल्यको विचार गर्नु ॥४१३॥

* प्रश्नाक्षरफलानि *

पृच्छायां यदि अः प्राच्यां नरशल्यं तदा भवेत् ।
सार्द्धहस्तप्रमाणेन तच्च मानुषमृत्युकृत् ॥४१४॥

प्रष्टाका मुखदेखि आदि अक्षर अवर्गको निस्कयो भने पूर्व दिशामा डेढ़ हात गहिरो खन्दा मनुष्यको हाड निक्लन्छ। त्यसको फल मृत्युकारक जान्नु ॥४१४॥

आग्नेय्यां दिशि कः प्रश्ने खरशल्यं करद्वये ।
राजदण्डो भवेत्तत्र भयं नैव निवर्त्तते ॥४१५॥

पहिलो अक्षर कवर्गको निक्लेमा आग्नेय कोणमा दुइ हात गैह्रो खन्दामा गधाको हाड़ निक्लन्छ, त्यसले राजदण्डका भयले कहिल्यै पनि निवृत्त हुन पाउँदैन ॥४१५॥

याम्यायां दिशि चः प्रश्ने तदा स्यात्कटिसंस्थितम् ।
नरशल्यं गृहे तस्य मरणं चिररोगतः ॥४१६॥

आदिको अक्षर चवर्गको उच्चारण होसता दक्षिण दिशामा कमर-का बराबर गहिरो खन्दा मनुष्यको हाड निकलन्छ। त्यसले चिरकाल ( धेरै दिन ) सम्म रोगाएर ( मालिकको ) मर्नु पर्छ ॥४१६॥

नैर्ऋत्यां यदि टः प्रश्ने सार्द्धहस्तादधः स्थले ।
शुनोऽस्थि जायते तत्र बालानां जायते मृतिः ॥४१७॥

आदिमा टवर्ग निक्लेमा नैर्ऋत्य दिशामा डेढ़ हात गैहो खन्दा कुकुरको हाड निस्कन्छ। त्यसको फल बालकहरुको मृत्यु हुन्छ।४१७।

पश्चिमायां तु तः प्रश्ने शिशोः शल्यं प्रजायते ।
सार्द्धहस्ते गृहस्वामी न तिष्ठति सदा गृहे ॥४१८॥

तवर्गको उच्चारण गरेमा पश्चिम दिशातिर डेढ़ हात गैहोमा बालकको हाड निस्कला। त्यसको फल घरका स्वामीले सदा घरमा बस्न पाउन्नन् ॥४१८॥

वायव्यां दिशि पः प्रश्ने तुषाङ्गाराश्चतुष्करे ।
कुर्वन्ति मित्रनाशं च दुःस्वप्नदर्शनं सदा ॥४१९॥

पवर्गको उच्चारण होसता वायव्य दिशामा चार हात गहिरो खन्दा धानको भूस डढेको अँगार निस्कन्छ। त्यसको फल मित्रनाशक र दुःस्वप्न-दर्शक हुन्छ ॥४१९।

उदीच्यां दिशि यः प्रश्ने विप्रशल्यं करादधः ।
तच्छीघ्रं निर्धनत्वाय कुबेरसदृशस्य हि ॥४२०॥

य वर्गको उच्चारण गरेमा उत्तरदिशातिर एक हात गहिरामा ब्राह्मणको हाड निकलन्छ। यसको फल कुबेरका समान धनी भए पनि निर्धनी हुन्छ ॥४२०॥

ईशान्यां यदि शः प्रश्ने गोशल्यं सार्द्धहस्ततः ।
तद्गोधनस्य नाशाय जायते गृहमेधिनः ॥४२१॥

स्ववर्गको उच्चारण होसता ईशान दिशामा डेढ हात खन्दा गाईको हाड निक्लला । त्यसको फल गोधनको नाश हुन्छ ॥४२१॥

हपयाः कोष्ठमध्ये च वक्षोमात्रं भवेदधः ।
नृकपालमथो भस्मलोहं तत्कुलनाशकृत् ॥४२२॥

ह, प, य, को उच्चारण आदि प्रश्नमा होसता घरका बीचमा छातीका बराबर गहिरामा मनुष्यको खप्पर (कपाल) वा खरानी अथवा फलाम निस्कन्छ । त्यसको फल कुल नाश गर्ने हुन्छ ॥४२२॥

* द्वारमुहूर्तः *

अश्विन्यामुत्तराहस्तपुष्यश्रुतिमृगेषु च ।
स्वातौ पौष्णे च रोहिण्यां द्वारशाखावरोपणम् ॥४२३॥

अश्विनी, तीनै उत्तरा, हस्त, पुष्य, श्रवण, मृगशिरा, स्वाती, रेवती, रोहिणी यी नक्षत्रमा द्वार राख्नु शुभ हुन्छ ॥ ४२३ ॥

* द्वारचक्रम् *

सूर्यभाद्वेदभैः शीर्षे संस्थितैर्धनसम्पदः ।
गृहस्योद्वासनं तस्मादष्टभिः कोणसंस्थितैः ॥४२४॥
शाखाष्टसंमितैस्तस्माद्धनं सौख्यं भवेद्गृहे ।
देहल्यां तु त्रिभिर्धिष्ण्यैर्मृत्युर्गृहपतेर्भवेत् ॥४२५॥
तुर्भिर्मध्यगैस्तस्माद्द्रव्यलाभः सुखं भवेत् ।
च्चक्रं विचार्यादौ द्वारं कुर्यात्स्वमन्दिरे ॥४२६॥

सूर्यका नक्षत्रदेखि दिनका नक्षत्रसम्म द्वारचक्र गर्नु अर्थात् त्रमा सूर्य बसेका छन् उसैदेखि लिएर चार नक्षत्रद्वारका शिर पथिल्ला भागमा राख्नु त्यसको फल लक्ष्मीदायक हुन्छ, चारै कुनामा दिनु त्यसको फल उजाड हुन्छ । आठ (दाहिने देब्रेमा दिनु ) त्यसको फल धन र सुख-प्रद

जान्नु । तीन नक्षत्र दैलामा दिनु त्यसको फल गृहेशको मृत्यु हुन्छ । चार नक्षत्र मध्यमा दिनु त्यसको फल द्रव्य-लाभ तथा सुखकारक हुन्छ, यस प्रकार घरका द्वार-चक्रको विचार गर्नु पर्छ ॥४२४-४२६॥

* सूर्यभाद्द्वारचक्रन्यासः *

| शिर | कोण | दाहिने देब्रे | दैलो | मध्य | स्थान |
|---|---|---|---|---|---|
| ४ | ८ | ८ | ३ | ४ | नक्षत्र |
| लक्ष्मी | उजाड | सुख | गृहपतिमरण | सुख | फल |

* कपाट ( दैलो ) चक्रम् *

कृताकराब्धियुग्मराममन्तकाश्ववारिधौ
करौ समुद्रसूर्यभादिनर्क्षकं फलं वदेत् ॥
धनागमो विनाशसौख्यबन्धनं मृतिः क्षतिः
शुभं च मन्दमङ्गलं शुभं कपाटचक्रयोः ॥४२७॥

सूर्यका नक्षत्रदेखि दिनका नक्षत्रसम्म दैलाचक्र विचार गर्नु । प्रथम चार नक्षत्रले धनागम गर्छ, फेरि दुइ नक्षत्रले विनाश गर्छ, फेरि चार नक्षत्रले सुख दिन्छ । अरु दुइ नक्षत्रले बन्धन गराउँछ । फेरि तीन नक्षत्र मृत्युदायक हुन्छ । फेरि दुइ नक्षत्रले घाउ पैदा गराउँछ । अरु चार नक्षत्र शुभदायक जान्नु । अरु दुइ नक्षत्र मङ्गल-प्रद जान्नु, अरु चार नक्षत्र शुभप्रद जान्नू ॥ ४२७ ॥

* कपाटचक्रन्यासः *

| ४ | २ | ४ | २ | ३ | २ | ४ | २ | ४ | नक्षत्र |
|---|---|---|---|---|---|---|---|---|---|
| शुभ | अशुभ | शुभ | अशुभ | अशुभ | अशुभ | शुभ | शुभ | शुभ | फल |

* सूर्यराशिमध्ये द्वारमुखविचारः *

कर्के कुम्भे च सिंहे च मकरे च दिवाकरे ।
पूर्वे वा पश्चिमे वापि द्वारं कुर्याच्च वेश्मनः ॥४२८॥

मेषे वृषे वृश्चिके च तुले चापि यदा रविः ।
गृहद्वारं तथा कुर्यादुत्तरं वापि दक्षिणम् ॥४२९॥
धनुर्मिथुनकन्यासु मीने च यदि भानुमान् ।
न कर्तव्यं तदा गेहं कृते दुःखमवाप्नुयात् ॥४३०॥

कर्क, कुम्भ, सिंह, मकर यी राशिका सूर्य हुँदा पूर्व वा पश्चिम दिशामा द्वार गराउनू । मेष, वृष, वृश्चिक, तुला यी राशिका सूर्य भएमा उत्तर-दक्षिण द्वार शुभ हुन्छ । धन, मिथुन, कन्या, मीन यिनका सूर्यमा घर नबनाउनू । बनाएमा अवश्य दुःख पाउला ॥४२८-४३०॥

* राशिमध्ये द्वारविचारः *

द्विज़ो वैश्यस्तथा शूद्रः क्षत्रियो राशिजो नरः ।
द्वारं च पूर्वतः कुर्याद्दिशानां च चतुष्टयम् ॥४३१॥

ब्राह्मण-वर्ण राशि अर्थात् मीन, वृश्चिक र कर्क राशिवालाले द्वार ( ढोका ) पूर्वमुखको गराउनू । वैश्यवर्ण अर्थात् कन्या, वृष र मकर राशिले ढोका दक्षिणमुखको गर्नु, शूद्र-वर्ण अर्थात् मिथुन, तुला र कुम्भ राशिको द्वार पश्चिममुख गर्नु, क्षत्रियवर्ण अर्थात् मेष, सिंह, धन राशिको द्वार उत्तरमुख गर्नु शुभ हुन्छ ॥ ४३१ ॥

* राशिमध्ये द्वारविचारचक्रम् *

| ब्राह्मण | वैश्य | शूद्र | क्षत्रिय | वर्ण |
|---|---|---|---|---|
| मीन, वृश्चिक कर्क | मकर, कन्या वृष | मिथुन, तुला कुम्भ | मेष, सिंह धन | राशि |
| पूर्व | दक्षिण | पश्चिम | उत्तर | द्वार-दिशा |

* गृहप्रवेशमुहूर्तः *

तपःफाल्गुने ज्येष्ठराधेषु पौष्णे मृगे ब्राह्य चित्रासुराधोत्तरासु
सितेरोहिणीयेशनौशीतभानौसुरेज्येप्रवेशःशुभःसद्मनिस्यात्

माघ, फागुन, ज्येष्ठ, वैशाख यी महीनामा अनि रेवती, मृगशिरा, रोहणी, चित्रा अनुराधा र तिनै उत्तरा यिनै नक्षत्रमा शुक्र, बुध, शनैश्चर, सोमवार र गुरुवार यी दिनमा गृह-प्रवेश गर्नु शुभ हुन्छ।४३२।

* गृहादिविचारः *

त्रिकोणकेन्द्रायधनत्रिगैःशुभैर्लग्ने त्रिषष्ठायगतैश्च पापकैः।
शुद्धाम्बुरन्ध्रे विजनुर्भमृत्यौ ऽयर्कारिरिक्ताचरदर्शचैत्रे ॥

त्रिकोण ९।५ वा केन्द्र १।४।७।१० यिनमा तथा एघारौं वा दोस्रा, तेस्रा स्थानमा शुभ ग्रह हउन् अनि लग्नमा र तेस्रा, छैटा, एघारौंमा पापग्रह हुनु पनि शुभ हो। अरु चौथो आठौं लग्न वर्जित हुन्छ, रविवार भौमवार, रिक्तातिथि ४-९-१४ र चरलग्न १-७-१० अमावश्या चैत्रमास यी पनि गृहप्रवेशमा वर्जित हुन्छन् ॥४३३॥

* गृहप्रवेशे कुम्भचक्रम् *

वक्त्रे भू रविभात्प्रवेशसमये कुम्भेऽग्निदाहः कृताः
प्राच्यामुद्वसनं कृता यमगता लाभः कृताः पश्चिमे ॥
श्रीवेदाः कलिरुत्तरे युगमिता गर्भे विनाशो गुदे
रामाःस्थैर्यमतः स्थिरत्वमनलाः कण्ठे भवेत्सर्वदा ॥४३४॥

गृह-प्रवेश समयमा घड़ाको समान कलशचक्र बनाउनु पर्छ। जस्मा मुख, पूर्व, दक्षिण, पश्चिम, उत्तर, गर्भ, गुदा कंठको विभाग गरेर सूर्य बसेको नक्षत्र कंठमा स्थापित गर्नु, त्यस नक्षत्रमा गृह-प्रवेश भए घर अग्निले जल्नेछ। यसपछि चार ४ नक्षत्र चक्रका पूर्वमा स्थापित गर्नु र यसमा गृह-प्रवेश भए घर उजि्रनेछ। अरु चार ४ नक्षत्र दक्षिणमा स्थापित गर्नु यिनमा गृहप्रवेश गरे लाभ होला। यस पछिको चार ४ नक्षत्र पश्चिम दिशामा स्थापित गर्नु यिनमा गृह-प्रवेश होस्ता घरमा सम्पत्ति वृद्धि होला। बादका चार नक्षत्र उत्तर दिशामा स्थापित गर्नु यिनमा गृह-प्रवेश भए घर बालाहरुको परस्पर झगड़ा होला। यसपछिको चार ४ नक्षत्र चक्रका मध्य भागमा स्थापित

गर्नु यी नक्षत्रमा गृह प्रवेश होस्त विनाश हुन्छ। यसपछिका तीन (३) नक्षत्र गुदामा त्यस पछिका तीन नक्षत्र कण्ठमा स्थापित गर्नु, यिनको फल घर स्थिरताले रहनेछ ॥ ४३४ ॥

* सूर्यभात्कलशचक्रम् *

| मुख | पूर्व | दक्षिण | पश्चिम | उत्तर | गर्भ | गुदा | कंठ | अंग |
|---|---|---|---|---|---|---|---|---|
| १ | ४ | ४ | ४ | ४ | ४ | ३ | ३ | नक्षत्र |
| अग्नि-दाहः | उद्वसन (उजार) | लाभ | श्रीलाभ | कलिप्रदः | विनाशकारकः | स्थिरत्वं | सर्वदा स्थिरत्वं | फल |

* वामरविज्ञानम् *

वामो रविर्मृत्युसुतार्थलाभतोऽर्के पञ्चभे प्राग्वदनानि मन्दिरे
पूर्णातिथौ प्राग्वदने गृहे शुभो नन्दादिके याम्यजलोत्तरानने

गृह प्रवेशका लग्नदेखि आठौं, नवौं, दशौं, एघारौं र बाह्रौं स्थानमा सूर्य भए पूर्वदिशाका द्वारवालालाई वाम-सूर्यहुन्छन्। प्रवेश-लग्नदेखि पाँचौं, छैठौं, सातौं, आठौं, नवौं स्थानमा सूर्य होस्ता दक्षिण दिशाका द्वारवालालाई वाम सूर्य हुन्छन्। लग्नदेखि तेस्रा, चौथा, दोस्रा पाँचौं र छैठौं स्थानमा सूर्य हउन्ता पश्चिम दिशाका द्वारवालालाई वाम सूर्य हुन्छन्। एघारौं, बाह्रौं, पहिलो, दोस्रो र तेस्रो स्थानमा सूर्य भए उत्तरका द्वारवालालाई वामार्क हुन्छ। वाम-सूर्य शुभ हो। पूर्णा तिथिमा पूर्वदिशाका द्वारमा प्रवेश गर्नु शुभ हो, अरु नन्दादि· तिथिमा क्रमैले दक्षिण, पश्चिम र उत्तर द्वारमा प्रवेश गर्नु शुभ हो। जस्तै—नन्दा दक्षिणद्वार, भद्रा पश्चिम, जया उत्तर-द्वारमा प्रवेश शुभ हो ॥ ४३५ ॥

* ग्रहबलाबलज्ञानम् *

गजशरर्तुयुगाश्वमहीगुणाद्रिसहिता मघवादिदिशः क्रमात्
गृहपतेरवधापुरदिङ्मितिर्वसुहतास्यग्रहस्य दशाभवेत् ४३६

पूर्व आदि आठै दिशामा अङ्क स्थापित गर्नु। क्रमैले पूर्वमा आठ (८) आग्नेयमा पाँच (५) दक्षिणमा छः (६) नैर्ऋत्यमा चार (४) पश्चिममा सात (७) वायव्यमा एक (१) उत्तरमा तीन (३) ईशानमा दुई (२) यी अङ्क पूर्वादि दिशाहरूका हुन्छन् ।

जुन दिशाको घर विचार गर्नु छ उसै दिशाको अंङ्क राख्नु क्रमैले अवर्गादि आठ वर्ग छन् तिनका आठ अङ्कछन् त्यसको क्रम लेखिन्छ ।

अवर्गमा आठ, कवर्गमा पाँच, चवर्गमा छः, नवर्गमा चार तवर्गमा सात, पवर्गमा एक, यवर्गमा तीन, सवर्गमा दुई यसै प्रकारले पुरको नाम जुन वर्गको छ त्यो अङ्क राख्नु । यी तीनै अङ्क जोड़ेर आठको भाग दिनु शेष अष्टोत्तरी दशाका क्रमले दशा हुन्छ। त्यसको फल शुभ ग्रहको दशा भए शुभ र पापग्रहको दशा भए अशुभ हुन्छ। अरु आफ्ना राशिका स्वामीको भए शुभ जान्नु यसै प्रकार सवै दिशाहरूको विचार गर्नु ॥ ४३६ ॥

* दशाचक्रम् *

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | शेषाङ्क |
| सू | चं. | मं. | बु | श. | बृ. | रा. | शु. | दशा |

* देवालयमठाद्यारम्भमुहूर्तः *

गृहारम्भोक्तनक्षत्रे मठं कुर्यात्तु साश्विभैः ।
सर्वदेवालयं तैस्तु पुनर्भश्रवणान्वितैः ॥४३७॥

गृहारम्भका नक्षत्रमानै शिवालय वा ठाकुरद्वारा बनाउनु पनि शुभ हुन्छ तथा अश्विनी, पुनर्वसु, श्रवण यी नक्षत्रमा सर्व देवालयहरुको आरम्भ गर्नु शुभ हुन्छ ॥ ४३७ ॥

* यात्रामुहूर्तविचारः *

धनुर्मेषसिंहेषु यात्रा प्रशस्ता शनिज्ञोशनोराशिगे चैव मध्या
रवौकर्कमीनालिसंस्थेऽतिदीर्घाजनुः पञ्चसप्तत्रितारश्च नेष्टाः

न षष्ठी न च द्वादशी नाष्टमी नो
सिताद्या तिथिः पूर्णिमामा न रिक्ता ।
ह्यादित्यमित्रेन्दुजीवान्त्यहस्त-
श्रवोवासवैरेव यात्रा प्रशस्ता ॥४३९॥

धन, मेष र सिंहका सूर्यमा यात्रा उत्तम हुन्छ । मकर, कुम्भ, मिथुन, कन्या, वृष र तुलाका सूर्यमा यात्रा मध्यम हुन्छ । कर्क, मीन र वृश्चिकका सूर्यमा दीर्घ यात्रा जानु अर्थात् यात्रामा धेरै दिन लाग्छ। फेरि यात्रामा पहिलो पाँचौं, सातौं र तेस्रो तारा पनि निषिद्ध हुन्छ ।

षष्ठी, द्वादशी, अष्टमी र शुक्लपक्षको प्रतिपदा, पूर्णमासी, अमावस्या, रिक्ता ४।९।१४ यी तिथिहरू यात्रामा वर्जित छन् । अश्विनी, पुनर्वसु, अनुराधा, मृगशिरा, पुष्य, रेवती, हस्त, श्रवण र धनिष्ठा यी नक्षत्र यात्रामा शुभ छन् ॥ ४३९ ॥

* दिक्शूलज्ञानम् *

शनौ चन्द्रे त्यजेत्पूर्वां दक्षिणां च दिशं गुरौ ।
सूर्ये शुक्रे पश्चिमां च बुधे भौमे तथोत्तराम् ॥४४०॥

पूर्वदिशामा शनि र सोमवार, दक्षिण दिशामा बृहस्पतिवार, पश्चिम दिशामा रवि र शुक्रवार, उत्तरदिशामा बुध-मंगलवार दिशाशूल हुन्छ अर्थात् सोम र शनिवार पूर्व नजानु । रवि र शुक्रवार पश्चिम नजानु । मंगल र बुधवार उत्तर दिशा नजानु । गए प्राणधनको हानि होला ॥ ४४० ॥

* वार-नक्षत्र-शूलचक्रम् *

| पूर्व | दक्षिण | पश्चिम | उत्तर | दिशा |
|---|---|---|---|---|
| ज्ये. | पू. भा. | रो. | उ. फा. | नक्षत्रशूल |
| श. चं. | बृ. | शु. र. | मं. बु. | वारशूल |

* विदिक्शूलज्ञानम् *

आग्नेय्यांश्च गुरौ चन्द्रे नैर्ऋत्यां रविशुक्रयोः ।
ईशान्यांश्चन्द्रजे वायौ मङ्गले गमनं त्यजेत् ॥४४१॥

बृहस्पति र सोमवार आग्नेयमा, रवि र शुक्रवार नैर्ऋत्यमा, बुधवार ईशानमा र मङ्गलवार वायु ( वायव्य ) कोणमा विदिक्शूल हुन्छ, यत्नले वर्जित गर्नु ॥ ४४१ ॥

* शूलदोषनिवारणभक्ष्याः *

सूर्यवारे घृतं पीत्वा गच्छेत्सोमे पयस्तथा ।
गुडमङ्गारके वारे बुधवारे तिलानपि ॥४४२॥
गुरुवारे दधि ज्ञेयं शुक्रवारे यवानपि ।
माषान्भुक्त्वा शनौ गच्छेच्छूलदोषोपशान्तये ॥४४३॥

रविवार घिउ, सोमवार दूध, मंगलवार गुड ( शक्खर ), बुधवार तिल, गुरुवार दही, शुक्रवार जौ, शनिवार मास यी पदार्थ खाएर यात्रा गर्नु, शूल-दोष शान्त हुन्छ अर्थात् लाग्दैन ॥४४२-४४३॥

* सर्वदिग्गमननक्षत्रज्ञानम् *

सर्वदिग्गमने हस्तः पूषाश्वौ श्रवणो मृगः ।
सर्वसिद्धिकरः पुष्यो विद्यायां च गुरुर्यथा ॥४४४॥

हस्त, रेवती, अश्विनी, श्रवण, मृगशिरा यी नक्षत्रमा सबै दिशाका यात्रा शुभ छन् । अरु पुष्य नक्षत्र विद्यारम्भमा बृहस्पति समान यात्रामा सिद्धिकारक हुन्छ ॥ ४४४ ॥

* योगिनी विचारः *

नवभूम्यः शिववह्नयोऽक्षविश्वेऽर्ककृताः शक्ररसास्तुरङ्गतिथ्यः
द्वि दिशोऽमावसवश्च पूर्वतः स्यु-
स्तिथयः संमुखवामगा न शस्ताः ॥४४५॥

नवमी प्रतिपदामा योगिनी पूर्वदिशामा रहन्छन्, एकादशी तृतीयामा योगिनी आग्नेय कोणमा, त्रयोदशी पञ्चमीमा योगिनी दक्षिणदिशामा, द्वादशी चौथीमा योगिनी नैर्ऋत्य कोणमा, चतुर्दशी षष्ठीमा योगिनी पश्चिमदिशामा, पूर्णिमा र सप्तमीमा योगिनी वायव्य कोणमा, दशमी द्वितीयामा योगिनी उत्तर दिशामा, अमावश्या अष्टमी तिथिमा ईशानमा योगिनीको बास हुन्छ, यो यात्रामा सम्मुख र बायाँ अशुभ हुन्छ ॥ ४४५ ॥

* योगिनीचक्रम् *

| पू. | आ. | द. | नै. | प. | वा. | उ. | ई. | दिशा |
|---|---|---|---|---|---|---|---|---|
| ९।१ | ३।११ | १३।५ | १२।४ | १४।६ | १५।७ | १०।२ | ३०।८ | तिथि |

* काल-पाशयोगयोर्विचारः *

कौबेरीतो वैपरीत्येन कालो वारेऽर्काद्ये संमुखे तस्य पाशः ॥
रात्रावेतौ वैपरीत्येन गण्यौ यात्रायुद्धे संमुखे वर्जनीयौ ।४४६।

उत्तर दिशादेखि लिएर रवि-चन्द्र आदि वारमा कालयोग विपरीत क्रमले रहन्छ । त्यसको क्रम यस प्रकार हुन्छ रविवार उत्तरमा, सोमवार वायव्यमा, मंगलवार पश्चिममा, बुधवार नैर्ऋत्यमा, बृहस्पतिवार दक्षिणमा, शुक्रवार आग्नेयमा, शनिवार पूर्वदिशामा काल रहन्छ । कालका संमुखमा पाश रहन्छ त्यसको क्रम यो हो, रविवार दक्षिणमा, सोमवार आग्नेयमा, मंगलवार पूर्वमा, बुधवार ईशानमा, बृहस्पतिवार उत्तरमा, शुक्रवार वायव्यमा र शनैश्चरवार पश्चिममा पाश रहन्छ ॥

काल र पाश दुवै रात्रिमा विपरीत रहन्छन् । जस्तै रविवारका

१—तथा चोक्तं विजयकल्पलतायाम्—
पृष्ठतो दक्षिणे वापि योगिनी गमने हिता ।
वामसंमुखयोर्नेष्टा वायुमेवं विचिन्तयेत् ॥ १ ॥

रात्रिमा दक्षिणमा काल र उत्तरमा पाश रहन्छ, त्यस्तै प्रकार सोम आदिका रात्रिमा यो काल पाशको विचार जानिलिनु । काल र पाश दुवै यात्रा युद्धमा सन्मुख वर्जित हुन्छ ॥ ४४६ ॥

* काल-पाशचक्रम *

| र० | चं० | मं० | बु० | बृ० | शु० | श० | वार |
|---|---|---|---|---|---|---|---|
| उ० | वा० | प० | नै० | द० | आ० | पू० | दिनमा कालको दिशा. |
| द० | आ० | पू० | ई० | उ० | वा० | प० | दिनमा पाशको दिशा. |
| द० | आ० | पू० | ई० | उ० | वा० | प० | रात्रिमा कालको दिशा. |
| उ० | वा० | प० | नै० | द० | आ० | पू० | रात्रिमा पाशको दिशा. |

* यात्रायामनिष्टलग्नज्ञानम् *

कुम्भकुम्भांशकौ त्याज्यौ सर्वथा यत्नतो बुधैः ।
तत्र प्रयातुर्नृपतेरर्थनाशः पदे पदे ॥४४७॥

कुम्भ लग्न र कुम्भ राशिको नवांश यी दुवै यात्रामा अवश्य त्याग गर्नु । किनभने यी दुइमा यात्रा गर्ने राजाको मनोरथ पद-पदमा नष्ट भएर जान्छ ॥ ४४७ ॥

* मृत्युयोगः *

जन्मराशितनुतोऽष्टमेऽथवा स्वारिभाच्च रिपुभे तनुस्थिते ॥
लग्नगास्तदधिपा यदाथवा स्युर्गतं हि नृपतेर्मृतिप्रदम् ॥

जन्म राशिदेखि किंवा जन्म-लग्नदेखि आठौं लग्न यात्राको होस् अथवा शत्रुका राशिदेखि छैठौं लग्न यात्राको होस् अथवा यी राशिका स्वामी लग्नमा होस् ता यात्रा नगर्नु। राजाको यात्रा मृत्यु दिने हुन्छ।

* वाञ्छितयोगाः *

लग्ने चन्द्रे वापि वर्गोत्तमस्थे यात्रा प्रोक्ता वाञ्छितार्थैकदात्री।
अम्भोराशौ वा तदंशे प्रशस्तं नौकायानं सर्वसिद्धिप्रदायि ॥

मीन र कुम्भ लग्न तथा जलचर राशिका नवांश छोडेर अरु लग्न होस् अथवा लग्नमा चन्द्रमा होस् किंवा वर्गोत्तम होस् अर्थात् सम राशिमा चन्द्रमा होस् उसै राशिको नवांश होस्ता त्यो यात्रा वाञ्छित फल दिने हुन्छ। जलचर लग्नमा या जलचर राशिका नवांशमा नाउको यात्रा सबै सिद्धिहरु दिने हुन्छ ॥ ४४९ ॥

* यात्राकालिक लग्नफलम् *

दिग्द्वारभे लग्नगते प्रशस्ता यात्रार्थदात्री जयकारिणी च।
हानिं विनाशं रिपुतो भयञ्च कुर्यात्तथा दिक्प्रतिलोमलग्ने

यात्रा कालमा दिग्द्वारि राशिका लग्नमा यात्रा गर्नु शुभ हुन्छ अर्थात् जुन दिशामा जानु छ उसै दिशाको लग्न होस्ता दिग्द्वारि जानु। तथा दाहिने भए पनि शुभै हो। उस लग्नमा यात्रा गर्नाले अर्थ जय प्राप्ति होला तथा विलोम अर्थात् पछि वाआतर्फमा लग्नको वास भए हानि, विनाश, शत्रुभय हुन्छ। यसै प्रकारले चन्द्र पनि विचार गर्नुपर्छ।

* लग्नवास-चन्द्रवासचक्रम् *

| पूर्व | दक्षिण | पश्चिम | उत्तर | दिशा |
|---|---|---|---|---|
| मेष | वृष | मिथुन | कर्क | राशि |
| सिंह | कन्या | तुला | वृश्चिक | |
| धन | मकर | कुंभ | मीन | |

* कालवर्ज्यज्ञानम् *

उष:कालो विना पूर्वां गोधूलि: पश्चिमां विना।
विनोत्तरां निशीथ: सन् याने याम्यां विनाभिजित् ॥४५१॥

पूर्व दिशा छोडेर अन्य दिशामा यात्रा गर्न प्रातः कालमा जानु। पश्चिम छोडेर अन्य दिशाका यात्रामा गोधूलिमा यात्रा गर्नु। उत्तर दिशा छोडेर अन्य दिशाको यात्रा निशीथ अर्थात् आधिरातका समय

गर्नु । दक्षिण छोडेर अरु दिशाको यात्रा गर्दा अभिजित्[1] मुहूर्त शुभ हुन्छ । अर्थात् प्रातःकाल पूर्व दिशामा सायंकाल पश्चिममा अर्द्धरात्रि उत्तर दिशामा अभिजित् मुहूर्तमा दक्षिण दिशामा जानु ॥ ४५१ ॥

* वर्णनिर्णयः *

योगात्सिद्धिर्धरणिपतीनामृक्षगुणैरपि भूदेवानाम् ॥
चौराणामपि शकुनैरुक्ता भवति मुहूर्तादपि मनुजानाम् ४५२

राजाहरूलाई योगसिद्धि, ब्राह्मणहरूलाई नक्षत्रगुण, चोरहरूलाई शकुनबल, मनुष्यहरुमा मुहूर्तबल लिनु पर्छ ॥ ४५२॥

* पूर्वादियात्रायां वाहनानि *

प्राच्यां गच्छेद् गजेनैव दक्षिणस्यां रथेन हि ।
दिशि प्रतीच्यामश्वेन तथोदीच्यां नरैर्नृपः ॥ ४५३ ॥

पूर्वदिशामा हात्तीका सवारीमा, दक्षिणदिशामा रथका ऊपर, पश्चिम घोड़ामा, उत्तर पालकी आदिका सवारीमा राजाले यात्रा गर्नु उत्तम हुन्छ ॥ ४५३ ॥

* यात्रायां दिशादोहदम् *

आज्यं तिलौदनं मत्स्यं पयश्चापि यथाक्रमम् ।
भक्षयेद्दोहदं दिश्यमाशां पूर्वादिकां व्रजेत् ॥४५४॥

पूर्वदिशा घिउ, दक्षिण दिशा तिल चामल, पश्चिम दिशा माछा खाएर तथा उत्तर दिशामा दूध पिएर यात्रा गर्दा दोष लाग्दैन ॥४५४॥

* दिशादोहदचक्रम् *

| दिशा | पूर्व | दक्षिण | पश्चिम | उत्तर |
|---|---|---|---|---|
| भक्ष्य | घृत | तिल, चामल | माछा | दूध |

१ अभिजित् मुहूर्तको विवरण संवत्सर प्रकरणमा आइसकेको छ । त्यसको आशय यो हो कि दिनका आठौं मुहूर्तको नाम अभिजित् संज्ञक हो । दिनका सोह्रौं भागलाई मुहूर्त भन्दछन् ।

* चन्द्रवासज्ञानम् *

मेषे च सिंहे धनुपूर्वभागे वृषे च कन्यामकरे च याम्ये ।
युग्मे तुलायां च घटे प्रतीच्यां कर्कालिमीने दिशि चोत्तरस्याम्

* चन्द्रवासचक्रम् *

| दिशा | पू. | द. | प. | उ. |
|---|---|---|---|---|
| राशि | १ | २ | ३ | ४ |
| | ५ | ६ | ७ | ८ |
| | ९ | १० | ११ | १२ |

मेष, सिंह, धन राशिका चन्द्रमा पूर्वदिशामा रहन्छन्; वृष, कन्या, मकर राशिका चन्द्रमा दक्षिण दिशामा बस्दछन् । तुला, मिथुन, कुम्भ राशिका चन्द्रमा पश्चिम दिशामा हुन्छन् । कर्क, वृश्चिक र मीन राशिका चन्द्रमा उत्तर दिशामा वास गर्दछन् ॥

* चन्द्रफलम् *

सम्मुखे त्वर्थलाभाय दक्षिणे सुखसम्पदः ।
पृष्ठे शोकश्च सन्तापो वामे चन्द्रे धनक्षयः ॥४५६॥

सम्मुख चन्द्रमा भए अर्थलाभ, दाहिने चन्द्रमा भए सुखसम्पत्ति दिने, पृष्ठ चन्द्रमा भए शोक संताप, बायाँ चन्द्रमा धनको क्षय गर्ने हुन्छ । अतः शुभ कार्यमा पृष्ठ र बायाँ चन्द्रमा कैल्है नपार्नू ॥४५६॥

* प्रस्थानप्रकारः *

कार्याद्यैरिह गमनस्य चेद्विलम्बो भूदेवादिभिरुपवीतमायुधं च
क्षौद्रं चामलफलमाशु चालनीयं सर्वेषां भवति यदेव हृत्प्रियं वा

यात्राकालको निश्चय भैसकेपछि कोही आवश्यक कार्यले यात्रामा विलम्ब भए ब्राह्मणले जनै, क्षत्रियले हतियार, वैश्यले मधु ( मह ) शूद्रले उत्तम फल अथवा अधिक प्रिय वस्तु यात्रा गर्ने दिशामा राखिदिनु र आवश्यक कार्य भए यात्रा गर्नु, दोष लाग्दैन ॥ ४५७॥

* प्रस्थानदिनप्रमाणम् *

पूर्वे दिनानि सप्तैव याम्ये पञ्च दिनानि च ।
पश्चिमे दिवसांस्त्रीन्वै दिनानां द्वयमुत्तरे ॥४५८॥

पूर्वदिशाका लागि प्रस्थान सात दिनसम्म रहन्छ, दक्षिण

दिशाका लागि तीन दिन, पश्चिम दिशाका लागि तीन दिन, फेरि उत्तर दिशाका लागि पाइतो दुइ दिनसम्म राख्नु उचित हुन्छ ॥४५८॥

* प्रस्थानप्रमाणज्ञानम् *

प्रस्थानमत्र धनुषां हि शतानि पञ्च
केचिच्छतद्वयमुशन्ति दशैव चान्ये ।
सम्प्रस्थितो य इह मन्दिरतः प्रयातो
गन्तव्यदिक्षु तदपि प्रयतेन कार्यम् ॥४५९॥

पाँच सौ धनुष वर (टाढ़ा) प्रस्थान राख्नु (धनु चार हात लामु हुन्छ) फेरि कोही आचार्य भन्दछन् कि दुइ सौ धनुषदेखि पर प्रस्थान (पाइतो) सार्नु अरु कसैका मतमा यो छ कि दश धनुष पर्यन्त प्रस्थान गर्नु उचित हुन्छ। आफ्ना घरदेखि जुन दिशाको यात्रा गर्नु छ उसै दिशामा पाइतो सार्नु उचित हुन्छ॥४५९॥

* दुग्धादित्याज्यम् *

दुग्धं त्याज्यं पूर्वमेव त्रिरात्रं क्षौरं त्याज्यं पञ्चरात्रं च पूर्वम्।
क्षौद्रं तैलंवासरेऽस्मिन्वमिश्च त्याज्यं यत्नाद्भूमिपालेन नूनम्

यात्राका तीन दिन पूर्वदेखि दूध र पाँच दिन पहिले क्षौर गर्नु वर्जित छ। यात्राका दिनमा मधु, तेल र वमन (उल्टी) यत्नपूर्वक राजाले वर्जित गर्नु पर्छ॥ ४६०॥

* वारशकुनम् *

रसालां पायसं काञ्जीं शृतं दुग्धं तथा दधि।
पयोऽश्रित तिलान्नं च भक्षयेद्वारदोहदम् ॥४६१॥

रविवार शक्खर, सोमवार खीर, भौमवार काञ्जी (दहीको पानी), बुधवार पकाएको दूध, बृहस्पतिवार दही, शुक्रवार कच्चा (काँचो) दूध, शनैश्चरवार तिल मिलेको भात दोहद हो। जुन दिन यात्रा गर्ने दिन कहिएको दोहद (शकुन) खाएर यात्रा गरे शुभ हुन्छ।

* शकुनचक्रम् *

| वार | र. | चं. | मं | बु. | बृ. | शु. | श. |
|---|---|---|---|---|---|---|---|
| दोहद | शक्कर | पायस | काञ्जी | पक्का दूध | दही | काँचो दूध | तिलान्न |

* नक्षत्रशकुनम् *

कुल्माषांस्तिलतण्डुलानपि तथा माषांश्च गव्यं दधि
त्वाज्यं दुग्धमथैणमांसमपरं तस्यैव रक्तं तथा ॥
तद्वत्पायसमेव चापपललं मार्गं च शाशं तथा
षाष्टिक्यं च प्रियंग्वपूपमथवा चित्राण्डजान्सत्फलम् ४६२
कौर्मं सारिकगौधिकं च पललं शाल्यं हविष्यं हया-
द्दक्षे स्यात्कृसरान्नमुद्गमपि वा पिष्टं यवानां तथा ॥
मत्स्यान्नं खलु चित्रितान्नमथवा दध्यन्नमेवं क्रमा-
द्भक्ष्याभक्ष्यमिदं विचार्य मतिमान्भक्ष्येत्तथाऽलोकयेत् ४६३

अश्विनी नक्षत्रमा पकाएको गेड़ा मास, भरणीमा तिल-चामल, कृत्तिकामा मास, रोहिणीमा गाईको दही, मृगशिरामा गाईको घिउ, आर्द्रामा गौको दूध, पुनर्वसुमा हरिणको मासु, पुष्यमा हरिणको रक्त, आश्लेषामा खीर, मघामा नीलकण्ठ पक्षीको मासु, पूर्वा फाल्गुनीमा हरिणको मासु, उत्तराफाल्गुनीमा खरायोको मासु, हस्तमा साठीको चामल, चित्रामा कागुनो, स्वातीमा अपूप (पुआ), विशाखामा अनेक प्रकारका पक्षीहरुको मासु, अनुराधामा उत्तमफल, ज्येष्ठामा कछुआको मासु, मूलमा मैना पंछीको मासु, पूर्वाषाढामा गोह (गोहारा) को मासु, उत्तराषाढ़ामा शाही जानवरको मासु, अभिजित्मा मूँग आदि हविष्यान्न, श्रवणमा खिचड़ी, धनिष्ठामा मूँग-भात, शतभिषामा जौको पीठो, पूर्वभाद्रपदमा माछा र भात, उत्तरभाद्रपदमा अनेक प्रकारको पाकेका अन्न, रेवती नक्षत्रमा दही-भात खाएमा सगुन हुन्छ। उन

नक्षत्रमा जस दोहद ( शकुन ) को विधान छ, उसमा उसै शकुनको भक्षण गरेर जानु, यदि भक्षणको योग्य छैन भने शकुनका चीज हेरेर यात्री गर्नु शुभ हुन्छ ॥ ४६२-४६३ ॥

*** नक्षत्रशकुनचक्रम् ***

| नक्षत्र | शकुन | नक्षत्र | शकुन |
|---|---|---|---|
| अ. | पकाएको ढोलो मास | स्वा. | अपूप अर्थात् पुआ |
| भ. | तिल चामल | वि. | अनेक प्रकारका पक्षीहरू-को मासु |
| कृ. | मास | अनु. | उत्तम फल |
| रो. | गाईको दही | ज्येष्ठा. | कछुआको मासु |
| मृ. | गो-घृत | मू. | मैना पक्षीको मासु |
| आ. | गो-दुग्ध | पू. षा. | गोहराको मासु |
| पुन. | हरिणको मासु | उ. षा. | शाहीचराको मासु |
| पुष्य | हरिणको ( रक्त ) रगत् | अभिजित् | मूँग और हविष्यान्न |
| आ. | खीर | श्र. | कृशरान्न ( खिचड़ी ) |
| मघा. | नीलकण्ठको मासु | ध. | मूँगको दाल र भात |
| पू. फा. | मृगको मासु | श. | यवपिष्ट ( जौको पीठो ) |
| उ. फा. | खरायोको मासु | पू. भा. | माछा-भात |
| ह. | साठी-धानको चामल | उ. भा. | अनेक प्रकारका पाकेका अन्न-हरू |
| चि. | कागुनो | रे. | दही-भात |

*** तिथिशकुनम् ***

पक्षादितोऽर्कदलतण्डुलवारिसर्पिः
श्राणा हविष्यमपि हेमजलं त्वपूपम् ॥

भुक्त्वा व्रजेद्‌द्रुचकमम्बु च धेनुमूत्रं
यावान्नपायसगुडानसृगन्नमुद्‌गान् ॥४६४॥

प्रतिपदामा मदार (आँक) को पत्र (पात) द्वितीयामा चामल धोएको चौलानी, तृतीयामा घिउ, चौथीमा पातलो हलुवा, पञ्चमीमा हविष्यान्न, षष्ठीमा सुवर्ण धोएको पानी, सप्तमीमा पुआ, अष्टमीमा ज्यामीर-निबू, नवमीमा कमल-जल, दशमीमा गोमूत्र, एकादशीमा जौको भात, द्वादशीमा खीर, त्रयोदशीमा गुड़, चतुर्दशीमा रुधिर (रक्त) र पूर्णमासी र अमावस्याका दिन मूँग-भात शकुन हो। जुन तिथिमा यात्रा गर्नु छ उसैमा कहे अनुसार शकुन खाना वा छुनाले तथा हेरेरमात्र यात्रा गर्नाले कार्य सिद्धि हुन्छ ॥४६४॥

❀ तिथिशकुनचक्रम् ❀

| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ ३० |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| आँकको पत्ता | चामल धोएको पानी | घृत | गोलो हलुआ | हविष्यान्न | सुवर्ण धोएको जल | अपूप (पुआ) | ज्यामिर निबू | कमलको जल | गोमूत्र (गहुँत) | यवको भात | पायस (खीर) | गुड़ | रुधिर (रगत) | मूँग भात |

* परिघदण्डज्ञानम् *

भानि स्थाप्यान्यग्धिदिक्षु सप्त सप्तानलर्क्षतः।
वायव्याग्नेयदिक्संस्थं पारिघं नैव लङ्घयेत् ॥४६५॥

पूर्वादि चारै दिशाहरूमा कृत्तिका आदि सात-सात नक्षत्र वास दैछन्, अरु वायव्य-दिशादेखि आग्नेय-दिशासम्म गएका रेखाको प परिघ-दण्ड हो। त्यसको उल्लङ्घन (नाघ्नु) यात्रामा वर्जित छ। न् उत्तर-पूर्वका नक्षत्रमा दक्षिण-पश्चिमको यात्रा र दक्षिण-मका नक्षत्रमा उत्तर-पूर्वको यात्रा वर्जित गर्नु ॥४६५॥

* परिघदण्डचक्रम् *




* यात्रायां होराफलं तत्रादौ सूर्यहोराफलानि *

काकत्रयं विप्रचतुष्टयं च बभ्रुद्वयश्चाष्टवृषाम्बराणि ।
मिलन्ति मार्गे रजकी कुमारी सूर्यस्य होराचलितस्य पुंसः ॥

सूर्यका होरामा यात्रा गरे तीन काग, चार ब्राह्मण, दुइ न्याउरी-मूसा, आठ गोरु, वस्त्र तथा धोबीकी कन्या बाटामा भेटिन्छन् ॥४६६॥

* चन्द्रहोराफलम् *

गोपुष्पमेषाश्च मृदङ्गभेरी नारीद्वयं बभ्रु खगौ क्रमेण ।
काकस्तुरङ्गो द्विजयुग्ममिन्दोर्होराप्रयाणे चलितस्य पुंसः ॥

चन्द्रमाका होरामा यात्रा गर्दा गौ, फूल, भेड़ा, मृदङ्ग, ठूलो नगारा वा ढोल, दुइटी स्त्री, न्याउरी मूसो, पक्षी, कौवा, घोड़ा, दुइ ब्राह्मण थी जीव मार्गमा मिल्नेछन् ॥४६७॥

* भौमहोराफलम् *

मार्जारयुद्धं कलहं कुटुम्बे रजस्वलानारित्रयं च षण्ढः ।
रण्डाग्निनग्नं भवनस्य दाहः कुजस्य होराचलितस्य पुंसः ॥

बिरालाको युद्ध, कुटुम्बमा कलह, तीन रजस्वला स्त्री, नपुंसक ( हिजड़ा ), विधवा स्त्री, अग्नि, नाङ्गो, जल्दै गरेको घर यति पदार्थ मङ्गलका होरामा यात्रा गर्दा बाटामा भेटिनेछन् ॥४६८॥

* बुधहोराफलम् *

बाला सलज्जा जलपूर्णकुम्भं पुष्पान्नवामे खलु चाषपक्षी।
श्रीमान् कुमारो विधुनन्दनस्य होराप्रयाणे शकुना मिलन्ति॥

लज्जाशील स्त्री, जलपूर्ण कलश, फूल, अन्न, वाममार्गमा नीलकण्ठ पक्षी, धनवान् बालक यति पदार्थ बुधका होरामा गमन गर्दा मार्गमा भेटिनेछन् ॥ ४६९ ॥

* गुरुहोराफलम् *

दैवज्ञधेनुर्द्विजबभ्रुवाहा राज्ञः कुमारः खलु पुष्पकं च।
सपुत्रका स्त्री च घटोऽम्बुपूर्णः सुरेज्यहोरा शकुनं करोति॥

ज्योतिषी पण्डित, गो, ब्राह्मण, न्याउली (न्याउरीमूसो) राजाको सवारी, बालक, फूल, पुत्रसमेतकी स्त्री, जल भरिएको घड़ा यी शकुन बृहस्पतिका होरामा यात्रा गर्दा मार्गमा मिल्नेछन् ॥४७०॥

* शुक्रहोराफलम् *

धेनुर्द्विजः काकचतुष्टयञ्च नपुंसको वा गणितागमज्ञः।
मद्यं च मांसं गणिका च शूद्रा मिलन्ति मार्गे यदि शुक्रहोरा॥

गौ, ब्राह्मण, चार कौवा (काग), नपुंसक, ज्योतिषी, मदीरा, मांस, वेश्या, शूद्र, यी पदार्थ शुक्रका होरामा यात्रा गर्दा बाटामा भेटिनेछन् ॥४७१॥

* शनिहोराफलम् *

खरः पिशाचो यदि वाऽथ वह्निर्नपुंसको वा पुरुषः प्रमत्तः।
रजस्वला भानुसुतस्य होरा प्रस्थानकाले शकुनं करोति॥

गधा, पिशाच, अग्नि, नपुंसक, मतवाला पुरुष, रजस्वला स्त्री शनैश्चरका होरामा यात्रा गर्नाले बाटामा भेटिनेछन् ॥४७२॥

❀ मार्गमध्ये प्रमिताक्षरायां शुभशकुनयोगाः ❀

लग्ने गीष्पतिशुक्राणां ब्राह्मणाः सम्मुखाः स्त्रियः ।
बुधशुक्रौ च केन्द्रस्थौ सवत्सा गौ प्रदृश्यते ॥४७३॥
चन्द्रसूर्यौ च भवतो दशमस्थौ यदाऽथवा ।
दीपादर्शौ सुमनसो रजको धौतवाससः ॥४७४॥
सुतस्थाने यदा सौम्यो वृषो वृद्धस्तु सम्मुखः ।
गुरुश्चेत्पञ्च नवमो दक्षभागे च वायसः ॥४७५॥
चन्द्रो गुरुश्च सहजे श्वानो वामाङ्गभागतः ।
सर्वे कर्मायभवने भारद्वाजोऽथ नाकुलः ॥४७६॥
चाषस्य दर्शनं वा स्याद्वामाङ्गेऽत्यन्तदुर्लभम् ।
आदित्यो राहुसौरी च सहजस्थौ कुमारिका ॥४७७॥
प्रौढानां सुभगानां वा दर्शनं सर्वकामदम् ।
षष्ठे तृतीये कर्माये भौमश्चेत्तत्फलं भवेत् ॥४७८॥
दास्यो वेश्या सुरा मांसं लाभश्चैव सुनिश्चितः ।
सप्ताष्टपञ्चमे यस्य जीवो ज्ञो वात्र वर्त्तते ॥४७९॥
आदर्शपुष्पमांसानि सुरादर्शश्च लाभदः ।
राहुभौमश्च मन्दश्च लग्नाद्यदि तृतीयगः ॥४८०॥
उद्धृतं गोमयं पश्येच्छीघ्रं लाभं धनं दिशेत् ॥४८१॥

यात्राका लग्नमा बृहस्पति र शुक्र भएमा सम्मुख ब्राह्मण र स्त्री मिल्नेछन् । बुध-शुक्र केन्द्रमा भए बाछासितको गौ मिल्नेछन् । चन्द्रमा सूर्य दशौं भए दीपदर्शन होला किंवा फूल दृष्टिगोचर होला ( देखिएला ) अथवा कपड़ा धुँदै गरेका धोबी मिल्नेछन् । पञ्चम

स्थानमा बुध होस्‌ता सम्मुख बाँधेको गोरु मिल्ला। बृहस्पति पाँचौं वा नवौं स्थानमा भए दक्षिण भागमा कौआ ( काग ) मिल्ला। चन्द्रमा र बृहस्पति तेस्रा स्थानमा भएमा वामभागमा कुक्कुर मिल्ला। संपूर्ण ग्रह दशौं वा एघारौं स्थानमा होउन् ता मार्गव पक्षी मिल्ला वा न्याउरीमूसो मिल्ला अथवा नीलकण्ठ पक्षी वामभागमा मिल्ला त्यो अत्यन्त दुर्लभ हो। सूर्य राहु शनैश्चर तेस्रा हुन्‌ता कुमारी (कन्या) मिल्नेछन्, किंवा युवती स्त्री, अथवा सौभाग्यवती स्त्री मिल्नेछन्, यिनको दर्शन सबै कामनाहरू परिपूर्ण गर्नेहुन्छ। छैटौं तेस्रो दशौं स्थानमा मङ्गल होस् तापनि पूर्वोक्त फलको लाभ होला तथा दासी, वेश्या र मदिरा-मासु देखेमा त्यो पनि लाभदायकै हो। सातौं, आठौं र पाँचौं स्थानमा बृहस्पति वा बुध होस्‌ता दर्पण, फूल, मासु, मदिरा देखिनेछ, त्यो पनि लाभकारी हो। राहु, मङ्गल शनैश्चर लग्नदेखि तृतीय स्थानमा भएमा पशुले गोबरशाउँदै गएको देखिन्छ। त्यो धन लाभ गराउने जान्नु ॥ ४७३-४८१ ॥

* शुभशकुनज्ञानम् *

विप्राश्वेभफलान्नदुग्धदधिगोसिद्धार्थपद्माम्बरं
वेश्यावाद्यमयूरचाषनकुलो बद्धैकपश्वामिषम् ॥
सद्वाक्यं कुसुमेक्षुपूर्णकलशच्छत्राणि मृत्कन्यका
रत्नोष्णीषसितोक्षमद्यससुतस्त्रीदीप्तवैश्वानराः ॥४८२॥
आदर्शाञ्जनधौतवस्त्ररजका मीनाज्यसिंहासनं—
शावं रोदनवर्जितं ध्वजमधुच्छागास्त्रगोरोचनम् ॥
भारद्वाजनृयानवेदनिनदा माङ्गल्यगीताङ्कुशा
दृष्टाः सत्फलदाः प्रयाणसमये रिक्तो घटःस्वानुगः ॥४८३॥

ब्राह्मण, घोड़ा, हात्ती, फल, अन्न, दूध, दही, गौ, सर्स्यूं, कमल,

वस्त्र, वेश्या, बाजा, मुजुर चरो, नीलकण्ठ, न्याउरी मूसा, बाँधेको पशु, मासु, शुभ बचन, कुसुम ( फूल ), उखु, पूर्णकलश, छत्र ( छाता ), माटो, कन्या, रत्न, पगड़ी, सेतो गोरु, मदिरा, बालक समेतकी स्त्री, दीपक ( दियो ), बलेको अग्नि, दर्पण ( ऐना ), अन्जन, धोएका बस्त्र लिएर हिंडेको धोबी, माछा, घिउ, सिंहासन, रोदन-रहित मुर्दा, पताका, शहद ( मह ), छाग ( बाख्रा ), अस्त्र, गोरोचन, भारद्वाज पक्षी, पालकी, वेदध्वनि, माङ्गल्यगीत, अंकुश यती शकुन यात्राका समयमा मिलेमा शुभफल दिन्छ, अरू रित्ता घड़ा आफ्ना पछाड़ि मिलेमा पनि शुभै हो ॥ ४८२–४८३ ॥

* अशुभशकुनज्ञानम् *

वन्ध्याचर्मतुषास्थिसर्पलवणाङ्गारेन्धनक्लीबविट्
तैलोन्मत्तवसौषधारिजटिलप्रव्राट्तृणव्याधिताः ।
नग्नाभ्यक्तविमुक्तकेशपतितव्यङ्गक्षुधार्ता असृक्
स्त्रीपुष्पं सरटः स्वगेहदहनं मार्जारयुद्धं क्षुतम् ॥४८४॥
काषायी गुडतक्रपङ्कविधवा कुब्जा कुटुम्बे कलि–
र्वस्त्रादेः स्खलनं लुलायसमरं कृष्णानि धान्यानि च ।
कार्पासं वमनं च गर्दभरवो दक्षेऽतिरुङ्गर्भिणी
मुण्डार्द्राम्बरदुर्वचोऽन्धबधिरोदक्यानदृष्टाःशुभाः ।४८५।

बाँझी स्त्री, चमड़ा ( छाला ), भूस, हाड़, सर्प, नमक ( नून ), अङ्गार ( निर्धूम अग्नि ), ईन्धन ( दाउरा ), हिजड़ो ( नपुंसक ), विष्ठा, तेल, मदोन्मत्त पुरुष, चर्बी ( बोसो ), औषधि, शत्रु, जटाधारी संन्यासी, तृण ( कसिंगर ), रोगी, नांगो, बुकुवा लाएको मानिस, खुला बाल ( केश ) वाला, पतित, अङ्गरहित, भोको, रुधिर, स्त्रीको रज, छेपारो ( गिर्गिट ), आफ्नु घर जलेको, बिरालाको लड़ाई,

छिक्का, लाल ( रातो ) लुगा लाएको मनुष्य, गुड़, मही, हिलो, विधवा-स्त्री, कुबड़ी ( लङ्गड़ी ) स्त्री, आफ्नु कुटुम्बमा झगड़ा, वस्त्रादि देहबाट खसेको, भैंसीको लड़ाई, कालो अन्न, कपास, वमन ( उल्टी ) हुनु, दाहिने तर्फ गधाको शब्द हुनु, क्रोधको अधिकता, गर्भवती-स्त्री, केश मुड़ेको मानिस, चीसो कपडा हातमा लिएको, दुर्वचन, अन्धो, बहिरो, रजस्वला-स्त्री यति दुःशकुन होस् ता यात्रामा शुभ हुँदैन। यी देखेमा यात्रा नगर्नू ॥ ४८४–४८५ ॥

* दुःशकुनपरिहारः *

आद्येऽपशकुने स्थित्वा प्राणानेकादशं व्रजेत् ।
द्वितीये षोडश प्राणांस्तृतीये न क्वचिद् व्रजेत् ॥४८६॥

पहिले पहिलेको यो दुःशकुन होस्ता स्थिर भएर एघार श्वास लिनु र जानु, दोस्रा बार दुःशकुन भएमा स्थिर भएर सोह्र श्वास लिएर जानु, फेरि तेस्रोपालि दुःशकुन होस् ता यात्रा कदापि नगर्नू। फर्केर घर आउनू ॥ ४८६ ॥

* चन्द्रघातविचारः *

भूपञ्चाङ्कद्वयङ्गदिग्वह्निसप्तवेदाष्टेशार्काश्च घाताख्यचन्द्रः ।
मेषादीनां राजसेवाविवादे वर्ज्यो युद्धाद्ये च नान्यत्र वर्ज्यः॥

मेष राशिको पहिलो, वृषको पाँचौं, मिथुनको नवौं, कर्कको दोस्रो, सिंहको छैटौं, कन्याको दशौं, तुलाको तेस्रो, वृश्चिकको सातौं, धनको चौथो, मकरको आठौं, कुम्भ-राशिको एघारौं र मीन राशिको बाह्रौं चन्द्रमा घात हुन्छ ॥ ४८७ ॥

* चन्द्रघात चक्रम् *

| मे. | वृ. | मि. | क. | सिं. | क. | तु. | वृ. | ध. | म. | कु. | मी. | रा. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ५ | ९ | २ | ६ | १० | ३ | ७ | ४ | ८ | ११ | १२ | घात |

* तिथिघातज्ञानम् *

गोस्त्री झषे घाततिथिस्तु पूर्णा भद्रा नृयुक्कर्कटकेऽथ नन्दा।

कौर्प्याजयोर्नक्रघटे च रिक्ता जयाधनुःकुम्भहरौ न शस्ताः॥

वृष, कन्या, मीनराशि हुने प्राणीहरुलाई पूर्णातिथि घात हो। मिथुन वा कर्कको भद्रा, वृश्चिक वा मेषको नंदा, मकर वा तुलाको रिक्ता, धनु, कुम्भ, सिंहको जया घात हो। यसै कारण यात्रा आदिमा वर्जित हुन्छ ॥ ४८८ ॥

| वृष. कन्या. मीन. | मिथुन, कर्क | वृश्चिक, मेष | मकर, तुला | धन, कुम्भ, सिंह | राशि |
|---|---|---|---|---|---|
| पूर्णा ५।१०।१५ | भद्रा २।७।१२ | नन्दा १।६।११ | रिक्ता ४।९।१४ | जया ३।८।१३ | घात तिथि |

* नक्षत्रघातज्ञानम् *

मघाकरस्वातिमैत्रमूलश्रुत्यम्बुपान्त्यभम् ।
याम्यब्राह्मेशसार्पं च मेषादेर्घातभं न सत् ॥४८९॥

मेष राशि हुने मनुष्यको मघा नक्षत्र घात हो, वृषराशि हुनेको हस्त मिथुन राशिको स्वाती कर्कको अनुराधा सिंहको मूल कन्याको श्रवण तुलाको शतभिषा वृश्चिकको रेवती धनको भरणी मकरराशि हुनेको रोहिणी कुम्भको आर्द्रा मीनको आश्लेषा नक्षत्र घात जान्नु। यी सबै यात्रामा अशुभ हुन्छन् ॥ ४८९ ॥

| मे. | वृ. | मि. | क. | सिं. | कं. | तु. | वृ. | ध. | म. | कुं. | मी. | राशि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| म. | ह. | स्वा. | अ. | मू. | श्र. | श. | रे. | भ. | रो. | आ. | आश्ले | घात नक्षत्र |

* घातलग्नम् *

भूमिद्व्यब्ध्यद्रिदिक्सूर्याङ्गाष्टाङ्केशाग्निसायकाः ॥
मेषादिघातलग्नानि यात्रायां वर्जयेत्सुधीः ॥४९०॥

मेषराशि हुनेको मेषलग्न घात हो। वृषराशिको वृष लग्न,

मिथुनराशि हुनेको कर्कलग्न, कर्कराशिको तुला लग्न, सिंहराशि हुनेको मकर लग्न, कन्याराशिको मीन लग्न, तुलाराशिको कन्या-लग्न, वृश्चिक राशिको वृश्चिक लग्न, धन राशिको धन लग्न, मकर राशिको कुम्भ लग्न, कुम्भ राशिको मिथुन लग्न, मीनराशिको सिंह लग्न घात हो । यस निमित्त यात्रामा यो सबै त्याग्नुपर्छ ॥ ४९० ॥

| मे. | वृ. | मि. | क. | सिं. | कं. | तु. | वृ. | ध. | म. | कुं. | मी. | राशि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| मे. | वृ. | क. | तु. | म. | मी. | कं. | वृ. | ध. | कुं. | मि. | सिं. | घात लग्न |

* सर्वाङ्कविचारः *

तिथ्यृक्षवारयुतिरद्रिगजाग्नितष्टा
स्थानत्रयेऽत्र वियति प्रथमेऽतिदुःखी ॥
मध्ये धनक्षतिरथो चरमे मृतिः स्या-
त्स्थानत्रयेऽङ्कयुजि सौख्यजयौ निरुक्तौ ॥४८१॥

जुन दिन यात्रा गर्नु छ, उस दिनमा शुक्ल पक्षका प्रतिपदादेखि लिएर जो तिथि हुन्छ अरू अश्विनीदेखि लिएर जो नक्षत्र छ रविवार-देखि गनेर जो वार हुन्छ, यिनका सबैका संख्या योगलाई तीन स्थानमा राखेर प्रथम स्थानमा सातको, दोस्रा स्थानमा आठको र तेस्रो स्थानमा तीनको भाग दिनु । तीनै स्थान मध्ये पहिला स्थानमा शून्य बाँचे यात्रा गर्ने प्राणीले दुःख पाउँछ । दोस्रा स्थानमा शून्य बाँचे धनको क्षय होला । तेस्रा स्थानमा शून्य बाँचे मृत्यु होला । तीनै स्थानमा अङ्क शेष बाँचे यात्रा गर्ने सुखी र विजयी हुन्छ ॥४९१॥

घात-चक्रको० द्वादशराशिपरत्वेन नवग्रहादितिथिवारमासनक्षत्रादि-घातचक्रं स्त्रीणां घातचन्द्रचक्रं च लिख्यते ।

| राशि | मास | तिथि. | वार. | नक्षत्र. | योग. | करण. | प्रह. | लग्न. | चं. घा. | मं. घा. | बु. घा. | गु. घा. | शु. घा. | श. | रा. | सं. | [illegible] | ख. | प. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| मे. | कार्तिक | नन्दा. | रवि. | मघा. | विष्कु. | बव. | १ | १ | १ | ५ | २ | ६ | ७ | ३ | ८ | ४ | १ | ३ | १८ |
| वृ. | मार्ग. | पूर्णा. | शनि. | हस्त. | शूल. | शकुनी | ४ | २ | ५ | ९ | ६ | १० | १० | ७ | १२ | ८ | ८ | ४ | ११ |
| मि. | आषा. | भद्रा. | चन्द्र. | स्वाती. | परि. | चतुष्पा | ३ | ४ | ९ | १ | १० | २ | ३ | ११ | ४ | १२ | ७ | ४ | २३ |
| क. | पौष. | भद्रा. | बुध. | अनु. | व्याघा. | नाग. | १ | ७ | २ | ६ | ३ | ७ | ८ | ४ | ९ | ५ | ६ | ५ | ४४ |
| सिं. | ज्येष्ठ. | जया. | शनि. | मूल. | धृति. | बव. | १ | १० | ६ | १० | ७ | ११ | १२ | ८ | १ | ९ | ५ | ५ | ५० |
| कं. | भाद्र. | पूर्णा | शनि. | श्रवण. | शूल. | कौल. | १ | १२ | १० | २ | ११ | ३ | ४ | १२ | ५ | १ | ३ | ५ | ४१ |
| तु. | माघ. | रिक्ता. | गुरु. | शत. | शूल. | तैतिल. | ४ | ६ | ३ | ७ | ४ | ८ | ९ | ५ | १० | ६ | ६ | ५ | ४१ |
| वृ. | आश्वि. | नन्दा. | शुक्र. | रेव. | व्यति. | गर. | १ | ८ | ७ | ११ | ८ | १२ | १ | ६ | २ | १० | २ | ५ | ५० |
| ध. | श्रावण. | जया. | शुक्र. | भर. | वरीया. | तैतिल. | १ | ६ | ४ | ८ | ५ | ९ | १० | ६ | ११ | ७ | १० | ५ | ४२ |
| म. | वैशा. | रिक्ता. | मंगल. | रोहि. | वैधृति. | शकुनी | ४ | ११ | ८ | १२ | ९ | १ | २ | १० | ३ | १२ | ११ | ५ | २ |
| कुं. | चैत्र | जया. | गुरु. | आर्द्रा. | गंड. | किंस्तु. | ३ | ३ | ११ | ३ | १२ | ४ | ५ | १ | ६ | २ | ५ | ४ | ८ |
| मि. | फाल्गु. | पूर्णा. | शुक्र. | आश्ले. | वैधृति. | चतुष्पा | ४ | ५ | १२ | ४ | १ | ५ | ६ | २ | ७ | ६ | २ | ३ | १५ |

* नक्षत्रनाडीनिषिद्धज्ञानम् *

**पूर्वाग्निपित्र्यन्तकतारकाणां भूपप्रकृत्युग्रतुरङ्गमाः स्युः।**
**स्वातीविशाखेन्द्रभुजङ्गमानां नाड्यो निषिद्धा मनुसंमिताश्च॥**

तीनै पूर्वाहरूका आदिको सोह घड़ी, कृत्तिकाको एक्काइस घड़ी, मघाको एघार घड़ी, भरणीको सात घड़ी, स्वाती, विशाखा,

ज्येष्ठा, आश्लेषा यी नक्षत्रको चौध घड़ी यात्रामा निषिद्ध हुन्छ वर्जित गर्नू ॥ ४९२ ॥

* नक्षत्रनाड़ीनिषिद्धचक्रम् *

| पू. ३ | कृ. | म. | भ. | स्वा. | वि. | ज्ये. | आश्ले. | नक्षत्र |
|---|---|---|---|---|---|---|---|---|
| १६ | २१ | ११ | ७ | १४ | १४ | १४ | १४ | त्याज्यघटिका |

* महाडलदोषः *

रवेर्भतोऽब्जभोन्मितिर्नगावशेषिताद्व्यगाः ।
महाडलो न शस्यते त्रिषण्मितो भ्रमो भवेत् ॥४९३॥

सूर्य भएका नक्षत्रदेखि चन्द्रमाका नक्षत्रसम्म गन्दा जति संख्या हुन्छ त्यसमा सातको भाग दिंदा दुइ वा सात शेष बचे महाडल नामको दोष हुन्छ। तीन वा छः बचे भ्रमण नाम गरेको दोष हुन्छ। यी दुई यात्रामा निषिद्ध हुन्छन् ॥ ४९३ ॥

* हिम्बरयोगः *

शशाङ्कभं सूर्यभतोऽत्र गण्यं पक्षादितिथ्या दिनवासरेण ।
युतं नवाप्तं नगशेषकं चेत्स्याद्धिम्बरं तद्गमनेऽतिशस्तम् ॥

सूर्यका नक्षत्रदेखि चन्द्रमाका नक्षत्रसम्म जति संख्या हुन्छ त्यसमा शुक्ल वा कृष्ण पक्षका वर्तमान तिथिको संख्या जोड़ेर नौको भाग दिनाले सात शेष रहे हिम्बर नाम गरेको योग हुन्छ, त्यो यात्रामा अतिशुभ हुन्छ ॥ ४९४ ॥

* पन्थाराहुज्ञानम् *

स्युर्धर्मे दस्रपुष्योरगवसुजलपद्वीशमैत्राण्यथार्थे ।
याम्याजांघ्रीन्द्रकर्णादितिपितृपवनोडून्यथो भानि कामे ॥
वह्न्यार्द्राबुध्न्यचित्रानिऋर्तिविधिभगाख्यानिमोक्षेऽथरोहि-
ण्यर्यम्णाप्येन्दुविश्वान्तिमभदिनकरर्क्षाणिपंथादिराहौ ४९६

अश्विनी, पुष्य, आश्लेषा धनिष्ठा, शतभिषा, विशाखा अनुराधा यी नक्षत्रहरुको धर्म संज्ञा हो । भरणी, पूर्वाभाद्रपद, ज्येष्ठा, श्रवण, पुनर्वसु, मघा, स्वाती यिनको अर्थसंज्ञा हो। कृत्तिका, आर्द्रा, उत्तराभाद्रपद, चित्रा, मूल, अभिजित् र पूर्वाफाल्गुनी यिनको कामसंज्ञा हो। रोहिणी, पूर्वाषाढा, मृगशिरा, रेवती, उत्तराषाढा, उत्तराफाल्गुनी र हस्त यिनको मोक्षसंज्ञा हो । यसैलाई पन्था-राहुचक्र पनि भन्दछन् । यात्रामा विचार गर्नु पर्छ ॥ ४९५–४९६ ॥

* पन्थाराहुचक्रम् *

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| अ. | पुष्य. | आ. | वि. | अनु | ध. | श. | धर्म |
| भ. | पुन. | मघा. | स्वाती. | ज्ये. | श्र. | पू. भा. | अर्थ |
| कृ. | आ. | पू.फा. | चित्रा | मूल | अभि. | उ. भा. | काम |
| रो. | मृ. | उ. फा. | हस्त. | पू. षा. | उ. षा. | रेवती | मोक्ष |

* पन्थाराहुफलम् *

**धर्मगे भास्करे वित्तमोक्षे शशी-वित्तगेधर्ममोक्षस्थितिःशस्यते।**
**कामगे धर्ममोक्षार्थगः शोभनो मोक्षगे केवलं धर्मगः प्रोच्यते॥**

यस पहिलेका चक्रमा धर्म-मार्गमा सूर्य रहेका बेला चन्द्रमा अर्थ वा मोक्षमा स्थित हउन् ता यात्रामा शुभ हुन्छ । अरु अर्थ मार्गमा सूर्य भएर धर्म वा अर्थमा चन्द्रमा हुन् तापनि शुभै जान्नु । काममा सूर्य र धर्म, मोक्ष, अर्थमा चन्द्रमा हउन् ता यात्रामा शुभ जान्नु । अरु मोक्षमा सूर्य तथा धर्मसंज्ञक नक्षत्रमा चन्द्रमा होस् तापनि शुभ जान्नु, अन्यथा अशुभ जान्नु ॥ ४९७ ॥

* द्वितीयप्रकारेण पन्थाराहुफलम् *

**धर्ममार्गे गते सूर्ये अर्थांशे चन्द्रमा यदि ।**
**तदा शत्रुभयं तस्य ज्ञेयं तु विविधैः शुभैः ॥४९८॥**

धर्म मार्गमा सूर्य र अर्थ मार्गमा चन्द्रमा होस् ता यात्रा गर्नाले शत्रुभय होला ॥ ४९८ ॥

धर्ममार्गे गते सूर्ये चन्द्रे तत्रैव संस्थिते।
संहारश्च भवेत्तत्र भङ्गो हानिः प्रजायते ॥ ४९९ ॥

धर्म मार्गमा सूर्य र उसैमा चन्द्रमा पनि भए संहार, भङ्ग र हानि हुन्छ ॥ ४९९ ॥

अर्थमार्गे गते सूर्ये चन्द्रे धर्मस्थिते यदि।
गजलाभो भवेत्तस्य तत्र श्रीः सर्वतोमुखी ॥ ५०० ॥

अर्थ मार्गमा सूर्य र धर्म मार्गमा चन्द्रमा होस् ता यात्रा गर्नाले हात्ती र बहुत सुख प्राप्त होला ॥ ५०० ॥

अर्थमार्गे गते सूर्ये चन्द्रे तत्रैव संस्थिते।
प्रथमं जायते कार्यः पुनर्भङ्गो भविष्यति ॥ ५०१ ॥

अर्थ मार्गमा सूर्य र उसैमा चन्द्रमा पनि होस् ता यात्रा गर्नाले पहिले ता कार्य होला, फेरि पछि भङ्ग हुनेछ ॥ ५०१ ॥

अर्थमार्गे गते सूर्ये चन्द्रे मोक्षस्थिते यदि।
भूमिलाभो भवेत्तस्य हर्षयुक्तः सुखी भवेत् ॥ ५०२ ॥

अर्थ मार्गमा सूर्य, मोक्ष मार्गमा चन्द्रमा भए यात्रा गर्नाले भूमि लाभ, हर्षयुक्त र फेरि सुखी होला ॥ ५०२ ॥

काममार्गे गते सूर्ये चन्द्रे धर्मे च संस्थिते।
गजाश्वाश्च विलभ्यन्ते राजमानश्च संभवेत् ॥ ५०३ ॥

काम मार्गमा सूर्य र धर्म मार्गमा चन्द्रमा भए, यात्रा गर्नाले राजसम्मान तथा हात्ती, घोड़ा आदि पनि प्राप्त हुनेछ ॥ ५०३ ॥

काममार्गे गते सूर्ये चन्द्रे चैवार्थसंस्थिते।

सकलं जायते तस्य विघ्नभंगो विनिर्दिशेत् ॥ ५०४ ॥

काम मार्गमा सूर्य अर्थ मार्गी चन्द्रमा भए सबै कार्यहरूको सिद्धि ( विघ्न-भङ्ग ) होला ॥ ५०४ ॥

काममार्गे गते सूर्ये चन्द्रे तत्रैव संस्थिते ।
विग्रहं दारुणं चैव कार्यनाशं विनिर्दिशेत् ॥ ५०५ ॥

काम मार्गमा सूर्य र चन्द्रमा दुवै भए अत्यन्त दारुण विग्रह र कार्यको नाश अरु अनेक विघ्न पनि होला ॥ ५०५ ॥

काममार्गे गते सूर्ये चन्द्रे मोक्षगतेऽपि वा ।
राज्ञो लाभो भवेत्तस्य स्वेष्टलाभं विनिर्दिशेत् ॥ ५०६ ॥

काम मार्गी सूर्य, मोक्ष मार्गी चन्द्रमा भएका वेला यात्रा गर्नाले राज्यलाभ र घेरै सुवर्णादि इच्छित द्रव्यको लाभ हुनेछ ॥ ५०६ ॥

मोक्षमार्गे गते सूर्ये चन्द्रे धर्मस्थिते यदि ।
हेमलाभो भवेत्तस्य सर्वकार्यं प्रसिद्धयति ॥ ५०७ ॥

मोक्ष मार्गमा सूर्य, धर्म मार्गमा चन्द्रमा भएका वेला यात्रा गरे सुवर्ण लाभ होला । फेरि अरु सबै कार्यहरु सिद्ध होला ॥ ५०७ ॥

मोक्षमार्गे गते सूर्ये अर्थांशे चन्द्रमा यदि ।
विफलं तस्य कार्यं च चौरराजारिजंभयम् ॥ ५०८ ॥

मोक्ष मार्गमा सूर्य र अर्थ मार्गमा चन्द्रमा होस्ता सबै कार्यको निष्फल, चोर, राजा, शत्रु आदिबाट पनि अत्यन्त भय होला ॥५०८॥

मोक्षमार्गे गते सूर्ये चन्द्रे कामस्थिते यदि ।
सर्वसिद्धिमवाप्नोति कार्ये च जयमेव च ॥ ५०९ ॥

मोक्षमार्गमा सूर्य, काम मार्गमा चन्द्रमा भएका वेला यात्रा गर्नाले सबै कार्यको सिद्धि होला । अरु कार्यमा पनि आफ्नु विजय होला ॥ ५०९ ॥

मोक्षमार्गे गते सूर्ये चन्द्रे तत्रैव संस्थिते ।
विग्रहो दारुणश्चैव विघ्नस्तस्य भविष्यति ॥ ५१० ॥

मोक्ष मार्गमा सूर्य र चन्द्रमा भएका बेला यात्रा गर्नाले दारुण विग्रह र अरु र धेरै प्रकारका विघ्न आदि पनि हुनेछ ॥५१०॥

यात्रा युद्धे विवाहे च प्रवेशे नगरादिषु ।
व्यापारेषु च सर्वेषु पन्थाराहुः प्रशस्यते ॥ ५११ ॥

फेरि यात्रामा, युद्धमा, विवाहमा, ग्रामादि प्रवेशमा र व्यापार आदिमा पन्था राहुको विचार गर्नु अति आवश्यक छ ॥ ५११ ॥

* ग्रहाधीनेन शुभयोगज्ञानम् *

स्थाने यदा स्युर्गुरुसौम्यशुक्राः
सिद्ध्यन्ति कार्याणि च पञ्चमेऽह्नि ॥
राज्यास्पदं वा सुखदेशलाभं
मासस्य मध्ये ग्रहभावयुक्तम् ॥ ५१२ ॥

यात्राका लग्नमा गुरु, बुध, शुक्र, स्थित हुन् ता पाँचौं दिनमा आफ्नु कार्य सिद्ध गर्छ, अरु राज्य, सुख, अनि देशको लाभ गर्ला, अर्थात् एक मासमा ग्रह भावले युक्त भए पछि फल जान्नुपर्छ ॥५१२॥

* योग-अधियोग-योगाधियोगाः *

बुधेज्यभृगुपुत्राणामेकश्चेत्केन्द्रकोणगः ।
तदा योगोऽत्र गमने क्षेमो भवति भूभुजाम् ॥५१३॥
अधियोगो भवेत् द्वाभ्यामत्र क्षेमजयो ध्रुवम् ।
त्रिभिर्योगाधियोगोऽत्र यशः क्षेमधनागमः ॥५१४॥

बुध, बृहस्पति, शुक्र यी तीनै ग्रहमध्ये एकै ग्रह पनि केन्द्र १।४।७।१० वा त्रिकोण ९।५ मा होस्ता योगसंज्ञक योग हुन्छ ।

त्यसमा यात्रा गर्नाले राजाहरुको कल्याण होला। फेरि अरु यी तीनै ग्रहका मध्यमा दुइ ग्रह केन्द्र वा त्रिकोणमा हउन् ता अधियोगसंज्ञक योग हुन्छ। त्यसमा यात्रा गर्नाले क्षेम जय होला तथा तीन ग्रह केन्द्र वा त्रिकोणमा भए योगाधियोगसंज्ञक योग हुन्छ, त्यसमा यात्रा गर्नाले यश, क्षेम अरु धनलाभ पनि होला। अरु फेरि कुनै आचार्यका मतले योगाधियोगमा भूमिको पनि लाभ हुनेछ ॥ ५१३-५१४ ॥

* यात्रायां मासमध्ये तिथिचक्रं फलञ्च *

पौषे पक्षत्यादिका द्वादशैवं—
तिथ्यो मघादौ द्वितीयादिकास्ताः।
कामात्तिस्रः स्युस्तृतीयादिवच्च—
याने प्राच्यादौ फलं तत्र वक्ष्ये ॥५१५॥
सौख्यं क्लेशो भीतिरर्थागमश्च
शून्यं नैःस्वं निस्वता मिश्रता च ॥
द्रव्यक्लेशो दुःखमिष्टाप्तिरर्थो—
लाभः सौख्यं मङ्गलं वित्तलाभः ॥५१६॥
लाभो द्रव्याप्तिर्धनं सौख्ययुक्तं
भीतिर्लाभो मृत्युरर्थागमश्च ॥
लाभः कष्टं द्रव्यलाभो सुखं च
कष्टं सौख्यं क्लेशलाभो सुखं च ॥५१७॥
सौख्यं लाभः कार्यसिद्धिश्च कष्टं
क्लेशः कष्टात्सिद्धिरर्थो धनं च ॥
मृत्युर्लाभो द्रव्यलाभश्च शून्यं
शून्यं सौख्यं मृत्युरत्यन्तकष्टम् ॥५१८॥

पौषमासदेखि बाह्र महीनाको चक्र-लेख्नु । त्यसको तल पौष महीनामा बाह्र तिथि तेर्छो परेवादेखि, फेरि माघमा द्वितीय देखि तेर्छो तिथि लेख्नु, यसै प्रकार सब चक्र अर्थात् फाल्गुनमा तृतीयादेखि तेर्छो तिथि लेख्नु, तथा चैत्रमा चौथीदेखि लेख्नु । यसै प्रकार सबै महीनामा लेख्नु । अरु फेरि यो पनि जान्नु पर्छ कि त्रयोदशी र तृतीया, चौथी र चतुर्दशी, पंचमी र पूर्णिमाको पनि एकै फल हुन्छ । अरुएक पंक्तिमा पूर्व आदि चारै दिशाहरू फल चक्रका क्रमले जान्नु । पंक्तिमा पूर्वादि दिशाको फल दिशाहरुका क्रमले जान्नु ।।५१५-५१८।।

* तिथिचक्रम् *

| मा. | पौ. | मा. | फा. | चै. | वै. | ज्ये. | आ. | श्रा. | भा. | आ. | का. | मा. | पूर्वा | दक्षिणा | पश्चिमा | उत्तरा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ति. | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | सौख्यं | क्लेश | भीति | अर्थागम |
| ति. | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १ | शून्यम् | दरिद्रता | दरिद्रता | मिश्र-मिळा. |
| ति. | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १ | २ | द्रव्य क्लेश | क्लेश | इष्टाप्ति | अर्थ |
| ति. | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १ | २ | ३ | लाभः | सुख प्राप्तिः | मंगल. | धन-लाभः |
| ति. | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १ | २ | ३ | ४ | लाभ- | द्रव्याप्ति | धनम् | सौख्य |
| ति. | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १ | २ | ३ | ४ | ५ | भीतिः | लाभः | मृत्युः | अर्थागमः |
| ति. | ७ | ८ | ९ | १० | ११ | १२ | १ | २ | ३ | ४ | ५ | ६ | लाभः | कष्टम् | द्रव्य लाभः | सुखम् |
| ति. | ८ | ९ | १० | ११ | १२ | १ | २ | ३ | ४ | ५ | ६ | ७ | कष्टम् | सौख्य | क्लेशात्-लाभः | सुखम् |
| ति. | ९ | १० | ११ | १२ | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | सौख्य | लाभः | कार्यसिद्धिः | कष्टम् |
| ति. | १० | ११ | १२ | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | क्लेशः | कष्टा-त्सिद्धिः | अर्थ | धन-लाभः |
| ति. | ११ | १२ | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | मृत्यु | लाभः | द्रव्य लाभः | शून्यम् |
| ति. | १२ | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | शून्यम् | सौख्य | मृत्युः | अत्यंत कष्टं |

* युद्धयात्रा कथ्यते *

राहुभुक्तानि ऋक्षाणि जीवपक्षस्त्रयोदश ।
मृतपक्षस्तु भोग्यानि कर्तरी तदधिष्ठितम् ॥५१८॥
ततः पञ्चदशे ग्रस्तं चिन्त्यं युद्धे गमादिषु ।
जीवपक्षः शुभो ज्ञेयो मृतपक्षस्त्वशोभनः ॥५२०॥
मृतपक्षाच्छुभं ग्रस्तं ग्रस्तभात्कर्तरी शुभा ।
मृतपक्षे सहस्रांशौ जीवपक्षे विधौ स्थिते ॥५२१॥
यात्रायां विजयस्तत्र विपरीते पराजयः ।
उभौ चेज्जीवपक्षस्थौ यात्रा तत्रापि शोभना ॥५२२॥
चेदुभौ मृत्युपक्षस्थौ रविन्दू तत्र कष्टदौ ।
यायिनो जयदश्चन्द्रो जीवपक्षे व्यवस्थितः ।
भानुमान् जीवपक्षस्थः स्थायिनो विजयप्रदः ॥५२३॥

राहुका नक्षत्रदेखि गनेर लाँदा जो तेह्रौं नक्षत्र आउँछ, त्यो जीवपक्ष संज्ञक हो । फेरि अगाड़िको तेह्रौं नक्षत्र मृतपक्ष संज्ञक हो । अरु जस नक्षत्रमा राहु बसेको छ त्यो नक्षत्र कर्तरीसंज्ञक हो । फेरि राहुका नक्षत्रदेखि पन्ध्रौं नक्षत्र ग्रस्त संज्ञक हो । यिनको युद्ध यात्रा आदिमा विचार गर्नु उचित हुन्छ । जीवपक्ष शुभ, मृत पक्ष अशुभ हो । मृतपक्षदेखि ग्रस्त औ ग्रस्तदेखि कर्तरी शुभ हुन्छ । मृतपक्षमा सूर्य जीवपक्षमा चन्द्रमा भएका बेला यात्रा गर्दा युद्धमा जय होला । अरु विपरीत अर्थात् मृतपक्षमा चन्द्रमा जीवपक्षमा सूर्य होस्ता यात्रामा पराजय होला, फेरि सूर्य चन्द्रमा दुवै जीवपक्षमा हुन्ता यात्रामा शुभ होला । यदि चन्द्रमा सूर्य दुवै मृतपक्षमा हुन् ता कष्टदायक हुन्छ । अरु जीवपक्षमा चन्द्रमा हउन् ता युद्धमा जानेहरुले विजय

गर्नेछन् । यदि सूर्य जीवपक्षमा भए स्थायी राजा अर्थात् जो आफ्नै किलामा बसेको छ उसैको जीत होला ॥ ५१९–५२३ ॥

* यामराहुविचारः *

अष्टासु प्रहरार्द्धेषु प्रथमाद्येष्वहर्निशम् ।
पूर्वस्यां वामतो राहुस्तुर्यां तुर्यां दिशं व्रजेत् ॥५२४॥
यात्रायां दक्षिणे राहुर्युद्धकाले जयी भवेत् ।
पृष्ठे च समता ज्ञेया सम्मुखे वाममृत्युदः ॥५२५॥

आठ प्रहरार्द्ध अर्थात् आधा २ प्रहरदेखि पूर्व आदि चार चार दिशामा राहु चल्छ । सो युद्ध यात्रामा दाहिने राहु जीत गराई दिनेवाला हो, फेरि पछाड़ि सामान्य जान्नु, अरु सम्मुख र बायाँमा मृत्युदायक हुन्छ ॥ ५२४–५२५ ॥

* राहुचक्रम् *

| पू. | वा. | द. | ई. | प. | आ. | उ. | नै. | दिशा |
|---|---|---|---|---|---|---|---|---|
| ॥ | १ | १॥ | २ | २॥ | ३ | ३॥ | ४ | दिनप्रहरार्द्धः |
| ४॥ | ५ | ५॥ | ६ | ६॥ | ७ | ७॥ | ८ | रात्रिप्रहरार्द्ध |

* पञ्चस्वरचक्रज्ञानम् *

कादिहान्ताँल्लिखेद्वर्णान् स्वराधोङञणोज्झितान् ।
तिर्यक्पंक्तिक्रमेणैव पञ्चत्रिंशत्प्रकोष्ठके ॥५२६॥
नरनामादिमो वर्णो यस्मात्स्वरादधः स्थितः ।
स स्वरस्तस्य वर्णस्य वर्णस्वर इहोच्यते ॥५२७॥
न प्रोक्ता ङञणा वर्णा नामादौ सन्ति ते नहि ।
चेद्भवन्ति तदा ज्ञेया गजडास्ते यथाक्रमम् ॥५२८॥

यदि नाम्नि भवेद्वर्णः संयुक्ताक्षरलक्षणः ।
ग्राह्यास्तदादिमो वर्ण इत्युक्तं ब्रह्मयामले ॥५२९॥
अस्वरो मेषसिंहालीरिः कन्यायुग्मकर्कटाः ।
धनुर्मीनावुकारः स्यादेकारश्च तुलावृषौ ॥५३०॥
ओस्वरो मृगकुम्भौ च राशीशास्तु ग्रहस्वराः ।
स्वराधःस्थापयेत्खेटान् राशेर्यो यस्य नायकः ॥५३१॥
अकारे सप्त ऋक्षाणि रेवत्यादिक्रमेण च ।
पञ्च पञ्च इकारादावेवमृक्षस्वरोदयः ॥५३२॥
अकारादिक्रमान्न्यस्य नन्दादितिथिपञ्चकम् ।
दिनस्वरादयो नित्यं स्वस्वतिथ्यादि जायते ॥५३३॥
नभस्य मार्गे वैशाखेष्वकारस्योदयो भवेत् ।
आश्विनश्रावणाषाढेष्विकारो नायकः स्मृतः ॥५३४॥
उकारश्चैत्रपौषे स्यादेकारो ज्येष्ठकार्तिके ।
ओकार उदयं याति माघफाल्गुनमासयोः ॥५३५॥
आद्यो बालः कुमारश्च युवा वृद्धो मृतस्तथा ।
किञ्चिल्लाभकरो बालः कुमारस्त्वर्धलाभदः ॥५३६॥
सर्वसिद्धो युवा प्रोक्तो वृद्धोमध्योऽधमोऽन्तिमः ।
युद्धकाले विचिन्त्येषु तिथिमार्गेण निश्चितम् ॥५३७॥

स्वरहरूका तलको आदि अक्षर लेख्नु । ङ ञ ण यी अक्षरहरूलाइ छोडेर लेख्नु । तेर्छा पंक्तिमा क्रमैले पैंतिस कोठाको चक्र भरनु नरका नामको आदि अक्षर जुन स्वरका तल हुन्छ त्यही

उसको वर्णज स्वर अर्थात् बालस्वर जान्नु। ङ ञ ण यी अक्षर स्वरमा कहिएका छैनन्। परन्तु जसका नामादिमा होस्ता ग, ज, ड यस क्रमले जान्नु अर्थात् ङ का जगामा ग, ञ का जगामा ज, फेरि ण का जगामा ड अक्षरको ग्रहण गर्नु पर्छ। यदि नामका अक्षरमा दुइ अक्षर मिलेको होस्ता आदिका अक्षर ग्रहण गर्नु भन्ने ब्रह्मयामलमा कहेको छ।

अकार स्वरमा मेष, सिंह, वृश्चिक लग्न स्थापित गर्नु तथा कन्या, मिथुन, कर्क इकार स्वरका तल लेख्नु। धन, मीन उकार स्वरका मनि लेख्नु। तुला-वृष एकार स्वरका तल लेख्नु। तथा मकर कुम्भ ओकार स्वरका मनि लेख्नु। उसका मनि ग्रह स्थापित गर्नु। यै क्रमले जस राशिको स्वामी जो ग्रह हो उसै ग्रहका उसै राशिका साथ स्थापित गर्नु, अकारादि स्वरमा चक्रदेखि जान्नु। तथा अकार स्वरका मनि रेवत्यादि सात नक्षत्र स्थापित गर्नु। अरु पुनर्वसुदेखि पाँच नक्षत्र इकार स्वरमा लेख्नु तथा उत्तराफाल्गुनीदेखि पाँच नक्षत्र उकार स्वरमा लेखिदिनु। फेरि अनुराधादेखि पाँच नक्षत्र एकार स्वरमा स्थापित गर्नु वा श्रवणदेखि पाँच नक्षत्र ओकार स्वरमा लेख्नु। अकारादि स्वरमा नन्दादि पाँच तिथिहरू क्रमैले लेख्नु सो नित्य दिन र स्वरोदय हुन्। आफ्ना २ स्वरदेखि स्पष्ट गरेर चक्रमा जान्नु। भाद्र, मार्गशीर्ष, वैशाख यी महिना अकारका मनि लेख्नु तथा आश्विन, श्रावण, आषाढ़ इकार स्वरमा लेख्नु। अरु चैत्र, पौष उकार स्वरमा स्थापित गर्नु। ज्येष्ठ, कार्तिक एकार स्वरमा लेख्नु; माघ, फाल्गुन महिना उकार स्वरमा स्थापित गर्नु। प्रथम कोठामा बालस्वर छ, दोस्रामा कुमार स्वर छ, तेस्रामा युवा छ, चौथामा वृद्ध र पाँचौंमा मृत जान्नु। बालस्वर थोरै लाभ गर्दछ, कुमार संज्ञक आधा लाभ गर्दछ अरु युवा स्वर सर्वसिद्धिकारक हुन्छ तथा वृद्धस्वर मध्यम हुन्छ, मृतस्वरले अधम फल दिन्छ।

युद्धकालमा विशेष विचार गर्नु उचित हो। तिथिदेखि जान्नु। तथा युद्ध-कालमा नामादि अक्षरदेखि लिनु गोचरमा जन्म नामाक्षरदेखि विचार गर्नु उचित हुन्छ ॥ ५२६–५३७ ॥

* पञ्चस्वरचक्रन्यासः *

| बाल | कुमार | युवा | वृद्ध | मृत | स्वर |
|---|---|---|---|---|---|
| अ | इ | उ | ए | ओ | वर्ण |
| क | ख | ग | घ | च | वर्ण |
| छ | ज | झ | ट | ठ | वर्ण |
| ड | ढ | त | थ | द | वर्ण |
| ध | न | प | फ | ब | वर्ण |
| भ | म | य | र | ल | वर्ण |
| व | श | ष | स | ह | वर्ण |
| नन्दा १।६।११ | भद्रा २।७।१२ | जया ३।८।१३ | रिक्ता ४।९।१४ | पूर्णा ५।१०।१५ | तिथि |
| र. मं. | बु. चं. | बृ. | शु. | श. | वार |
| रेवत्यादि ७ | अदित्यादि ५ | अर्यमादि ५ | मित्रादि ५ | श्रवणादि ५ | नक्षत्र |
| मे. सिं. वृश्चिक | कन्या. मि. कर्क | ध. मी. | तु. वृष. | म. कुं. | लग्न |
| मार्ग. वै. भाद्र | आ. श्रा. आश्वि. | चैत्र, पौष | ज्ये. का. | मा. फा. | मास |

* युद्धयात्रायामकुलादिनक्षत्रज्ञानम् *

स्वात्यन्तकाहिवसुपौष्णकरानुराधा-

दित्यध्रुवाणि विषमास्तिथयोऽकुलाः स्युः ॥

सूर्येन्दुमन्दगुरवश्च कुलाकुलज्ञो—
मूलाम्बुपेशविधिभं दशषड्द्वितिथ्यः ॥५३८॥
पूर्वाश्वीज्यमघेन्दुकर्णदहनाद्वीशेन्द्रचित्रास्तथा
शुक्रारौ कुलसंज्ञकाश्च तिथयोऽर्काष्टेन्द्रवेदैर्मिताः ॥
यायी स्यादकुले जयी च समरे स्थायी च तद्वत्कुले
सन्धिःस्यादुभयोःकुलाकुलगणे भूमीशयोर्युध्यतोः॥५३९॥

स्वाती, भरणी, आश्लेषा, धनिष्ठा, रेवती, हस्त, अनुराधा, पुनर्वसु वा ध्रुवसंज्ञक नक्षत्र तथा विषम तिथि १।३।५।७।९।११। १३ शनि, चन्द्र, गुरु, सूर्य यी वारहरूको अकुलगण संज्ञा हो। मूल, शतभिषा, आर्द्रा, अभिजित् यी नक्षत्र, दशमी, षष्ठी, द्वितीया तिथि, बुधवार यिनको कुलाकुलगण संज्ञा हो। तीनै पूर्वा, अश्विनी, पुष्य, मघा, मृगशिरा, श्रवण, कृत्तिका, विशाखा, ज्येष्ठा, चित्रा यी नक्षत्र शुक्रवार, मङ्गलवार तथा द्वादशी, अष्टमी, चतुर्दशी चौथी तिथि यिनको कुलगणसंज्ञा हो। जानेको अकुल संज्ञक नक्षत्रादिमा जीत हुन्छ। युद्धका समयमा तथा स्थायी अर्थात् स्थिर हुनेको कुलगणका नक्षत्रादिहरूमा जीत हुन्छ। अरु कुलाकुलगणमा राजाहरूका युद्धमा दुवै जनाको मिलाप हुन्छ॥ ५३८-५३९ ॥

* वारघातविचारः *

मेषे रविर्बुधः कर्के मिथुने चन्द्र एव च।
कन्यावृषभसिंहेषु शनिः स्यान्मकरे कुजः ॥५४०॥
धनुर्वृश्चिकमीनेषु शुक्रोऽथ तुलकुम्भयोः।
जीवश्चैते जन्मराशौ घातवारा बुधैः स्मृताः ॥५४१॥

मेषराशिवालाको रविवार घात हो। कर्कको बुधवार, मिथुनको

चन्द्रवार तथा कन्या, वृष, सिंहको शनिवार, मकरको मङ्गलवार र धनु, वृश्चिक र मीनको शुक्रवार तुला वा कुम्भको बृहस्पतिवार घात हो। यो जन्म राशिमा पण्डितहरू घातवार कहन्छन् ॥ ५४०–५४१ ॥

* घातवारचक्रम् *

| मे. | वृ. | मि. | क. | सि. | कं. | तु. | वृ. | ध. | म. | कुं. | मी. | राशि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| र. | श. | चं | बु. | श. | श. | बृ. | शु. | शु. | मं. | बृ. | शु | वार |

* ग्रहयोगज्ञानम् *

तनौ जीव इन्दुर्मृतौ वैरिगोऽर्कः ।
प्रयातो महीन्द्रो जयत्येव शत्रून् ॥५४२॥
लग्ने गुरौ रिपौ भौमे लाभेऽर्के सहजे शनौ ।
जयत्याशु रिपून् यानेऽनुकूलो यदि भार्गवः ॥५४३॥
गुरौ लग्नेऽष्टमे चन्द्रे षष्ठे सूर्ये जयत्यरीन् ।
तनौ जीवेऽथवा शेषैर्वित्तायस्थैर्जयो गमे ॥५४४॥
लग्ने सूर्ये विधौ द्यूने धनस्थैर्ज्ञेज्यभार्गवैः ।
प्रयाति नृपतिः सोऽरीञ्जयेत्तार्क्ष्य इवोरगान् ॥५४५॥
मन्दारौ त्रिषडायस्थौ बलिनौ ज्ञेज्यभार्गवौ ।
प्रयाणे भूपतेर्यस्य वसुधा तस्य हस्तगा ॥५४६॥
लग्ने जीवे विधौ द्यूने चतुर्थे ज्ञे तथा भृगौ ।
पापैस्त्रिगैर्महीपालः प्रस्थितो लभते श्रियम् ॥५४७॥
लाभेऽर्के खे बुधे शुक्रे दुश्चिक्ये भूमिजे शनौ ।
द्यूनेऽब्जे तनुगे जीवे प्रस्थितस्य भवेज्जयः ॥५४८॥
लग्नेऽब्जे वा गुरौ षष्ठे सूर्ये व्योमगते शनौ ।

सुतेज्ये हिबुके शुक्रे राजा हन्ति गमे रिपून् ॥५४९॥
शुक्रे तुर्ये त्रिलाभस्थे केन्द्रस्थगुरुवीक्षिते ।
सप्ताष्टाङ्कगतैः पापैर्योगोऽयं बहु लाभदः ॥५५०॥
शुक्रार्केज्यैस्त्रितुर्यस्थैः शत्रुस्थे मन्दभूमिजे ।
यात्राभूमिभुजां शस्ता शत्रुवृन्दविदारिणी ॥५५१॥

लग्नमा बृहस्पति र चन्द्रमा छैठौं या आठौंमा सूर्य भएका योगमा यात्रा गर्नाले राजाले शत्रु जित्नेछन् । लग्नमा बृहस्पति, छैटो मङ्गल, एघारौं सूर्य तेस्रो शनैश्चर भएका योगमा यात्रा गर्नाले शत्रुलाई जित्नेछन् । शुक्र बायाँ वा पछाड़ि भएर बृहस्पति लग्नमा, आठौं चन्द्रमा, छैठौं सूर्य भए शत्रुलाई जित्नेछन् अथवा लग्नमा बृहस्पति शेष ग्रह राहु केतु छोड़ेर दोस्रा एघारौंमा हुन् ता जीत होला । लग्नमा सूर्य होस् चन्द्रमा सातौं होस् दोस्रामा बुध, बृहस्पति, शुक्र हुन्ता यस्ता योगमा राजाले यात्रा गरे गरुड़ले सर्प जिते झैं जित्छन् । शनैश्चर मङ्गल तेस्रो, छैठौं, एघारौं; बुध, बृहस्पति र शुक्र बली भएका योगमा राजा यात्रा गरुन् ता पृथ्वी लाभ होला । लग्नमा बृहस्पति, चन्द्रमा सातौं, चौथो बुध शुक्र र पापग्रह तेस्रामा भएको योगमा यात्रा गरे अवश्य लक्ष्मी प्राप्त होला । एघारौं सूर्य, दशौं बुध वा शुक्र, तेस्रा मङ्गल वा शनैश्चर, सातौं चन्द्रमा र बृहस्पति लग्नमा भएका वेला यात्रा गर्नाले जयप्राप्ति होला । लग्नमा चन्द्र वा गुरु, छैठौं सूर्य, दशौं शनैश्चर, पाँचौं वा चौथो शुक्र भएका योगमा राजाले यात्रा गर्दा शत्रुलाई जित्लान् । शुक्र चौथो, तेस्रो, एघारौं, केन्द्रमा भएर बृहस्पति शुक्रलाई देख्तछ भने र सातौं, आठौं, नवौं पापग्रह हुन् ता यात्रा गर्नाले बहुत लाभ होला । शुक्र, सूर्य, बृहस्पति तेस्रो चौथो होस् र शनैश्चर, मङ्गल छैटो होस् ता राजाहरुलाई यात्रा शुभ भएर शत्रुको समूह नाश गर्ने हुन्छ ॥ ५४२–५५१ ॥

* पुनः शत्रुञ्जययोगः *

सिते लग्नगते सूर्ये लाभगे हिबुके विधौ ।
ततो राजा रिपून् हन्ति केशरीवेभसंहतिम् ॥५५२॥

लग्नमा शुक्र, सूर्य लाभस्थानमा, चन्द्रमा चौथो भएका योगमा राजाले यात्रा गरेमा सिंहले हात्ती मारे झैं शत्रुलाई मार्ला ॥५५२॥

* शत्रुञ्जययोगचक्रम् *




* पुण्डरीकयोगः *

गुरौ कर्कटगे लग्ने भानावेकादशे स्थिते ।
पुण्डरीको महायोगः शत्रुपक्षविनाशकृत् ॥५५३॥

कर्क राशिको बृहस्पति लग्नमा र एघारौं सूर्य भए पुण्डरीक महायोग हुन्छ त्यो शत्रुपक्ष नाशकारक हो ॥५५३॥

* पुण्डरीकयोगचक्रम् *



* कामदयोगः *

**वृषराशिगते चन्द्रे लाभस्थे केन्द्रगे गुरौ ।**
**कामधेनुरयं योगः कामदो यायिनो रणे ॥५५४॥**

वृष राशिको चन्द्रमा मएर एघारौं होस् केन्द्रमा बृहस्पति होसता कामधेनुसंज्ञक योग रणमा जानेको कामना पूर्ण गरिदिने होला ।५५४।

* कामदयोगचक्रम् *




* पूर्णचन्द्रयोगः *

**त्रिषष्ठलाभगेष्वेषु रविमन्दकुजेषु च ।**
**पूर्णचन्द्रो महायोगः पूर्णराज्यप्रदः सदा ॥५५५॥**

तेस्रो सूर्य, छैटौं शनैश्चर र एघारौं मङ्गल होस् ता पूर्णचन्द्र महायोग हुन्छ त्यो यात्रामा राज्यदायक हुन्छ ॥५५५॥

* पूर्णचन्द्रयोगचक्रम् *



* मृगेन्द्रयोगज्ञानम् *

लग्न शुक्रे शशी बन्धौ कर्मस्थाने गुरुर्यदा ।
मृगेन्द्रयोगो विख्यातो यातुः सर्वार्थसाधकः ॥५५६॥

लग्नमा शुक्र, चन्द्रमा चौथो र दशौं बृहस्पति होस्ता मृगेन्द्र-संज्ञक योग हुन्छ, उसमा यात्रा सर्वार्थ-साधक हुन्छ ॥५५६॥

* मृगेन्द्रयोगचक्रम् *




* चन्द्रकालानलचक्रज्ञानम् *

पूर्वत्रिशूलमध्यान्तं दिनऋक्षाणि गण्यते ।
त्रिशूलानां भवेन्मृत्युर्मध्यमं बहिरष्टकम् ॥५५७॥

लाभक्षेमं विजानीयाच्चन्द्रगर्भे न संशयः ।
चन्द्रकालानलं चक्रं नामभं दृश्यते रणः ॥५५८॥

गर्भे द्वयं द्वयं दद्यादन्यत्रैकैकमेव च ॥५५९॥

पूर्वका त्रिशूलदेखि मध्यका अन्ततक चक्र लेख्नु अभिजित्समेत चन्द्रमाका नक्षत्रदेखि आफ्ना नाम नक्षत्रसम्म गन्नू । नाम नक्षत्र त्रिशूलमा परून् ता युद्धमा मृत्यु होला । अरु त्रिशूलका पासमा जो एक शूल हो उसमा परे मध्यम जान्नु । अरु चन्द्र गर्भका नक्षत्रमा नाम नक्षत्र परे लाभ क्षेम जान्नु । यस चन्द्रकालानलचक्रमा नाम-

नक्षत्र युद्धमा हेर्नु उचित हो। गर्भमा दुइ २ नक्षत्र दिनु अन्यत्र एक एक दिनु ॥ ५५७ ५५९ ॥

॥ चन्द्रकालानलचक्रन्यासः ॥




॥ युद्धनाडीज्ञानम् ॥

आर्द्रादौ मृगपर्यन्तं मध्ये मूलं प्रतिष्ठितम् ।
रवीन्दुनामनक्षत्रं यद्येको नाडिगो भवेत् ॥५६०॥
तस्य मृत्युर्न सन्देहो रोगाद्वाथ रणेऽपि वा ॥५६१॥

आर्द्रा नक्षत्र आदि मानेर मृगशिराको अन्तसम्म त्रिनाडीचक्र लेख्नु । तथा बीचमा मूलनक्षत्र स्थापित गर्नु ॥ ५६० ॥

फल—सूर्य चन्द्रका नक्षत्र तथा नाम नक्षत्र एक नाडीमा परे मृत्यु हुनेछ, युद्ध र रोगमा नाडी-चक्र विचार्नु आवश्यक छ ॥५६१॥

### * युद्धनाडीज्ञानम् *

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| आ | पू. फा. | उ. फा. | अनु. | ज्ये. | ध. | श. | भ. | कृ. |
| पुन | म. | ह. | वि. | मू. | श्र. | पू. भा. | अ. | रो. |
| पुष्य | आश्ले | चि. | स्वाती | पू. षा. | उ. षा. | उ. भा. | रे. | मृ. |

### * भूमिबलाबलज्ञानम् *

भूम्यक्षरं चतुर्गुण्यं तिथिवारसमन्वितम् ।
शिवनेत्रैर्हरेद्भागं शेषं भूमिबलाबलम् ॥५६२॥
चन्द्रशेषे बला भूमिः शून्या नेत्रे च शेषके ।
वह्निशेषे भवेन्मृत्युर्युद्धकाले विचिन्तयेत् ॥५६३॥

भूमिका नामको अक्षर चौगुना गर्नु, तिथि वार जोड़िदिनु, तीनको भाग दिनु र शेषदेखि भूमिबलाबल विचार्नू। एक बचे भूमि बल जान्नु २ शेष बचेमा शून्य भूमि जान्नु फेरि तीन बचे भूमि मृत्युकारक जान्नु ॥ ५६२-५६३ ॥

### * युद्धसमये नारदविचारः *

तिथिवारयुतं कार्यं त्रिभिर्भागो विधीयते ।
स्वर्गपातालमृत्युश्च क्रमतो याति नारदः ॥५६४॥
मृत्युलोके यदा तिष्ठेत्तदा युद्धं न संशयः ॥५६५॥

तिथि र वार जोड़िदिनु, उसमा तीनको भाग दिनु र शेष क्रमैले नारद जान्नु। एक बचे स्वर्गमा, दुइ बचे पातालमा र तीन बचे मृत्युलोकमा जान्नु। मृत्युलोकमा नारद भए पक्कै युद्ध जान्नू, यसमा केही संदेह छैन ॥५६५॥

### * युद्धकालज्ञानम् *

जन्मभाद्दिनभं यावद्गणनीयं यथाक्रमात् ।
तिथियुक्तं च वेदघ्नं त्रिभिर्भागो विधीयते ॥५६६॥

एको मृत्युर्द्वयोर्घातं शून्ये सुखसमन्वितम् ।
कालज्ञानमितिख्यातं युद्धकाले विचिन्तयेत् ॥५६७॥

जन्म-नक्षत्रदेखि दिनका नक्षत्रसम्म गन्नु, त्यसमा तिथि जोडिदिनु र चारले गुणा गर्नु त्यसै अङ्कमा तीनको भाग दिनु। एक शेष बचे मृत्यु, दुइ बचे घात, शून्य बचे सुख युक्त जान्नु। यस काल ज्ञानलाई युद्ध समयमा विचार्नु आवश्यक छ ॥५६६-५६७॥

* शस्त्रघट्टनयुक्तिज्ञानम् *

कृत्तिका च विशाखा च भौमवारेण संयुता ।
तद्योगे घटितं शस्त्रं संग्रामे सिद्धिदायकम् ॥५६८॥

कृत्तिका वा विशाखा नक्षत्र मङ्गलवारले युक्त भएका दिन हथियार गढन सके युद्धमा सिद्धि होला ॥५६८॥

अपामार्गरसेनैव यानि शस्त्राणि लेपयेत् ।
जायन्ते तानि संग्रामे वज्रसाराणि निश्चितम् ॥५६९॥

अपामार्गको रस लेपन गरेको शस्त्र युद्धमा वज्र समान हुन्छ ५६९

* यात्रान्ते गृहप्रवेशमुहूर्तः *

हरेर्वासरं चाष्टपष्ठीं च रिक्तांविहाय प्रभुः सन्निवृत्तःप्रयाणात्।
शुभाहे विशेन्मन्दिरं मित्रचित्रामृगात्र्युत्तरारेवतीरोहिणीषु॥
प्रवेशान्निर्गमस्तस्मात्प्रवेशं नवमे तिथौ ।
नक्षत्रे च तथावारे नैव कुर्यात् कदाचन ॥५७१॥

द्वादशी, अष्टमी, षष्ठी, रिक्ता ४।९।१४ यी तिथिहरूमा राजा यात्रादेखि फर्केर आए गृहप्रवेश गर्नु वर्जित हुन्छ। अरु शुभ दिनमा मन्दिरमा प्रवेश गर्नु। अनुराधा, चित्रा, मृगशिरा, तीन उत्तरा, रेवती, रोहिणी यी नक्षत्र शुभ हुन्। प्रवेशदेखि यात्रा वा यात्रा-

देखि प्रवेश नवम दिन वा नवम नक्षत्र तथा नवम तिथिमा वर्जित गर्नु ॥ ५७०-५७१ ॥

* रुद्रयामले शिवद्विघटिकामुहूर्तः *

त्रिपुरहरमुहूर्तं कैर्न दृष्टं श्रुतं वा
सकलमपि हि दिष्टं शम्भुना भूतहेतोः ॥
यदि शुभमशुभं वा यादृशं तादृशं वा
तदिदमपि नरेन्द्रैः सर्वदा चिन्तनीयम् ॥५७२॥

श्रीमहादेवजीको द्विघटिका मुहूर्तलाई सबैले देखे वा सुनेको छ। यसलाई प्राणीहरूका कल्याणका लागि श्रीमहादेवजीले कल्पित गरेका छन्, शुभ कि वा अशुभ कार्य राजाहरूले यस मुहूर्तको विचार गरेर आफ्नू कर्तव्य गर्ने गरुन् ॥ ५७२ ॥

* श्रीपार्वत्युवाच *

श्रीशम्भो प्राणनाथेश वद मे करुणानिधे ! ।
त्रिपुरस्य वधे प्रोक्ता मुहूर्ता ये शुभप्रदाः ॥५७३॥
भूतानामुपकारार्थं सर्वकालेष्टसिद्धिदम् ।
पुरुषार्थप्रदं ब्रूहि करुणाकर शङ्कर ॥५७४॥

श्रीपार्वतीजी श्रीमहादेवजी सँग प्रश्न गर्दछिन् कि हे प्राणनाथ ! हे दयाका समुद्र, श्रीशम्भो ! त्रिपुर दैत्यका वधमा कहिएका, शुभ दिने, सर्वकालिक सिद्धि दिने, पुरुषार्थ दिने मुहूर्त प्राणीका उपकारका लागि दया-निधान शंकरजी ! आज्ञा गर्नु होस् ॥५७४॥

* ईश्वर उवाच *

शृणु देवि प्रवक्ष्यामि ज्ञानं त्रैलोक्यदीपकम् ।
ज्योतिःसारस्य यत्सारं देवानामपि दुर्लभम् ॥५७५॥

न तिथिर्न च नक्षत्रं न योगः करणं तथा ।
कुलिकं यमयोगश्च न भद्रा न च चन्द्रमा ॥५७६॥
न शूलं योगिनी राशिर्न होरा न तमोगुणः ।
व्यतीपाते च संक्रान्तौ भद्रायामशुभे दिने ॥५७७॥
शिवालिखितमित्येतत्सर्वविघ्नोपशान्तये ।
कदाचिच्चलते मेरुः सागराश्च महीधराः ॥५७८॥

श्रीमहादेवजी उत्तर दिनु हुन्छ हे देवि ! तिमि सुन, म तीनै लोक प्रकाश गर्ने, ज्योतिःसारको सार ज्योतिष शास्त्रका सारांश अर्थात् उसदेखि पनि मसीनु निश्चय गरेर देवताको पनि दुर्लभ यस मुहूर्तमा तिथि, नक्षत्र, योग, करण, कुलिक, यम-योग काल, चन्द्रमा, दिशाशूल, योगिनी राशि अर्थात् लग्न, काल, होरा, तमोगुण, व्यतीपात, क्रान्ति, भद्रा, अशुभ दिन, यति कुयोग आदि यस मुहूर्तमा केही विचार्नु पर्दैन । शिवजीले कहेका यी मुहूर्त सबै प्रकार विघ्नहरू शान्ति गर्ने छन् । चाहे सुमेरु पर्वत चलायमान होस् किंवा समुद्र, पर्वत चलून् तर पनि यी मेरा वाक्य अटल छन् ॥५७८॥

सूर्यः पतति वा भूमौ वह्निर्वा याति शीतताम् ।
निश्चलश्च भवेद्वायुर्नान्यथा मम भाषितम् ॥५७९॥
तत्रादौ कथयिष्यामि मुहूर्तानि च षोडश ।
गुणत्रयप्रयोगेन चलन्त्येव अहर्निशम् ॥५८०॥

सूर्य पृथ्वीमा गिरुन् किंवा अग्नि ठंढा ( चीसा ) हउन् वा वायु निश्चल हउन् जस्तै होस्, परन्तु मेरो वाक्य अन्यथा हुँदैन । यस्ता वचन महादेवजी कहनु हुन्छ, आदिमा सोह मुहूर्त छन् सो तीन गुणको प्रयोग गरेर दिन रात चल्दछन् ॥५८०॥

* मुहूर्तज्ञानम् *

रौद्रं श्वेतं तथा मैत्रं चार्वटञ्च चतुर्थकम् ।
पञ्चमं जयदेवं च षष्ठं वैरोचनं तथा ॥५८१॥
तुरगं सप्तमञ्चैव ह्यष्टमं चाभिजित्तथा ।
रावणं नवमं प्रोक्तं बालवं दशमं तथा ॥५८२॥
विभीषणं रुद्रसंज्ञं द्वादशञ्च सुनन्दनम् ।
याम्यं त्रयोदशं ज्ञेयं सौम्यं प्रोक्तं चतुर्दशम् ॥५८३॥
भार्गवं तिथिसंज्ञं च सविता षोडशं तथा ।
एतानि प्रोक्तकार्येषु नियोज्यानि यथाक्रमात् ॥५८४॥

रौद्र १ श्वेत २ मैत्र ३ चार्वट ४ जयदेव ५ वैरोचन ६ तुरगदेव ७ अभिजित् ८ रावण ९ बालव १० विभीषण ११ सुनन्दन १२ याम्य १३ सौम्य १४ भार्गव १५ सविता १६ यी सोह्र मुहूर्त उक्त कार्यमा क्रमैले योजित गर्नु ॥५८१-५८४॥

* मुहूर्तकर्मज्ञानम् *

रौद्रे रौद्रतरं कार्यं श्वेते कुञ्जरबन्धनम् ।
स्नानदानादिकं मैत्रे चार्वटे स्तम्भनं भवेत् ॥५८५॥
कार्यं यज्जयदेवसंज्ञकवरे सर्वार्थकं साधये-
त्तद्वैरोचनसंज्ञके प्रभवति पट्टाभिषेकं क्रमात् ॥
ज्ञात्वैवं तुरदेवनाम्नि विदिते शस्त्रास्त्रकं साधयेत्
कार्यं स्यादभिजिन्मुहूर्तकवरे ग्रामप्रवेशं सदा ॥५८६॥

रौद्र मुहूर्तमा घोर-कार्य, श्वेतमा हात्ती-बन्धन, मैत्रमा स्नानदानादि, चार्वटमा स्तम्भन प्रतिष्ठादि, जयदेवमा सबै कार्य, वैरोचनमा

राजगद्दी, तुरदेवमा शस्त्राभ्यास तथा अभिजित् मुहूर्तमा ग्रामप्रवेश सदा शुभ हो ॥ ५८५-५८६ ॥

रावणे साधयेद्वैरं युद्धकार्यं च बालवे ।
विभीषणे शुभं कार्यं यन्त्रकार्यं सुनन्दने ॥५८७॥
याम्ये भवेन्मारणकार्यमुग्रं सौम्ये सभायामुपवेशनं स्यात् ॥
स्त्रीसेवनं भार्गवके मुहूर्ते सवितृनाम्नि प्रपठेत्सुविद्याम् ५८८

रावणमा वैरिसाधन,बालवमा युद्ध कार्य, विभीषणमा शुभ कार्य, नन्दनमा यन्त्र अर्थात् पेच चलाउनु, याम्यमा मारण कार्य, सौम्यमा सभा प्रवेश, भार्गवमा स्त्रीसङ्ग र सविता मुहूर्तमा विद्यापढ्नू ५८७-५८८

* वारपरत्वे मुहूर्तोदयज्ञानम् *

उदये रौद्रमादित्ये मैत्रं सोमे प्रकीर्तितम् ।
जयदेवं कुजे वारे तुरदेवं बुधे स्मृतम् ॥५८९॥
रावणं च गुरौ ज्ञेयं भार्गवे च विभीषणम् ।
शनौ याम्यं मुहूर्तं च दिवारात्रिप्रयोगतः ॥५९०॥
दिनादौ यत्प्रवर्तेत रात्र्यादौ तदनन्तरम् ।
दिनान्ते यः समायाति तस्मादेकान्तरेण वै ॥५९१॥

रविवारका उदयमा प्रथम रौद्र मुहूर्तको प्रवेश, सोमका उदयमा मैत्र, मङ्गलका उदयमा जयदेव, बुधका उदयमा तुरदेव, बृहस्पतिका उदयमा रावण, शुक्रको उदयमा विभीषण र शनैश्चरका उदयमा याम्य मुहूर्तको उदय हुन्छ । यसै क्रमले दिन रात्रिमा मुहूर्तवास जान्नु । दिनमानमा सोहले भाग दिनु । जो लब्धि मिल्छ त्यो मुहूर्तको प्रमाण जान्नु । दिनमान साठीमा घटाई दिनु, शेष रहेको रात्रिमान हो । त्यसमा सोह्रको भाग दिंदा जो लब्धि मिल्छ उसैका प्रमाण रात्रिमा

पनि सोह मुहूर्त हुन्छन् । दिनका आदिमा जो मुहूर्त छ उसैको दोस्रो रात्रिको आदिमा हुन्छ । दिनका अन्तमा हुने एक मुहूर्त छोडेर रात्रिको अन्तमा हुन्छ ॥ ५८९–५९१ ॥

* गुणोदयज्ञानम् *

गुरु सोमदिनं सत्त्वं राजश्चाङ्गारके भृगौ ।
रवौ मन्दे बुधे वारे तमो नाडीचतुष्टयम् ॥५८२॥

* गुणको वास *

बृहस्पति र सोमवारका उदयमा दुइ मुहूर्तसम्म सत्त्वगुणको निवास, मङ्गल वा शुक्रका दुइ मुहूर्त रजोगुणको वास र रवि, शनि, बुधवारका दुइ मुहूर्तसम्म तमोगुणको वास जान्नू ॥५९२॥

* गुणानां वर्णज्ञानम् *

सत्त्वं गौरं रजः श्यामं तामसं कृष्णमेव च ।
इमं वर्णं विजानीयात्सत्त्वादीनां यथोदितम् ॥५८३॥

सत्त्वगुण गौर अर्थात् गोरो वदन ( शरीर ) को हो । रजोगुण श्यामवर्ण हो, तमोगुण कृष्णवर्ण हो । यो वर्ण सत्त्वादि अर्थात् सत्त्वगुण आदिको जान्नु ॥ ५९३ ॥

* गुणानां फलम् *

सत्त्वेन साधयेत्सिद्धिं रजसा धनसम्पदम् ।
तमसा छेदभेदादि साधयेन्मोक्षमार्गकम् ॥५८४॥

सत्त्वगुणमा सिद्धि साधन, रजोगुणमा धन सम्पत्ति साधन, तमोगुणमा छेद-भेदादि अर्थात् काट्नु तोड़-फोड़ आदिको साधन गर्नु शुभ हो तथा मोक्षमार्ग शुभ हुन्छ ॥ ५९४ ॥

* मुहूर्ताङ्करेखाज्ञानम् *

शून्यं नभः खादिभिरेव वर्णैर्विघ्नं धनुर्युग्मगणाधिपाद्यः ।
मृत्युस्तथा पादयमादिवर्णैःश्रीविष्णुनामामृतसंज्ञसिद्धिः ॥

शून्य तथा नभ वा ख संज्ञा तथा अभ्रसंज्ञा यी नाम शून्य रेखाका हुन् तथा विघ्न, घनु, शुम्भ, गणाधिप यी विघ्न रेखाका नाम हुन् । मृत्यु, पाद यम यी नाम काल रेखाका हुन् । श्री, विष्णु, अमृत, सिद्धि यी अमृतरेखाका नाम हुन् ॥५९६॥

* रेखास्वरूपम् *

अमृतश्चोर्ध्वरेखैका कालरेखात्रयं भवेत् ।
विघ्नमावर्तकं ज्ञेयं शून्ये शून्यमितिक्रमः ॥५९७॥

एक रेखा ऊर्ध्व गर्नाले अमृतरेखाको स्वरूप हुन्छ तीन रेखा ऊर्ध्व गर्नाले कालसंज्ञक अर्थात् मृत्युसंज्ञक जान्नु । गोल रेखा गर्नाले विघ्नसंज्ञक रेखा हुन्छ । यसैलाई घन पनि जान्नु । शून्यको स्वरूप लेखनाले शून्यसंज्ञक जान्नु ॥५९७ ॥

* रेखाफलम् *

शून्येनैव भवेत्कार्यं विघ्नमावर्तके भवेत् ।
स्यान्मृत्युः कालरेखायां सर्वसिद्धिस्तथामृते ॥५९८॥

शून्य रेखामा केही कार्य हुँदैन, अरु गोल अर्थात् विघ्न रेखामा विघ्न होला, कालरेखामा मृत्यु, अमृतरेखामा सर्वसिद्धि हुनेछ ॥५९८॥

* राशीनां घातगुणाः *

धनुर्मीनकर्कटानां सत्त्वे घातो विनिर्दिशेत् ।
तुलावृषभमेषानां घातो रजसि निश्चितम् ॥५९९॥
कन्यामिथुनसिंहानां कुम्भस्य मकरस्य च ।
घातस्तमसि वेलायां विपरीतं शुभावहम् ॥६००॥

धनु, मीन, कर्क राशिको सत्त्वगुण घात हो । तुला, वृष र मेष यिनको रजोगुण घात हो । कन्या, मिथुन, सिंह, कुम्भ र मकर यिनको तमोगुण घात हो । यिनका विपरीत अर्थात् यिनलाई छोडेर शुभ हुन् ॥५९९–६००॥

* राशीनां वर्णाः *

धनुष्कर्कटमीनाख्या गौरवर्णाः प्रकीर्तिताः ।
वृषमेषतुलाश्चैव वृश्चिकः श्यामवर्णकः ॥६०१॥
मिथुनो मकरः कुम्भः कन्या सिंहश्च कृष्णकः ।
गौरश्च म्रियते सत्त्वे श्यामवर्णो रजोगुणः ॥६०२॥
कृष्णस्तामसवेलायां म्रियते नात्र संशयः ॥ ६०३॥

धनु, कर्क र मीन राशिको गौर वर्ण हो । वृष, मेष, तुला र वृश्चिक श्यामवर्ण हुन् । मिथुन, मकर, कुम्भ, कन्या र सिंहको कृष्णवर्ण हो ।

फल — गौरवर्ण राशिको सत्वगुण मृत्युकारक, श्यामवर्णको रजोगुण मृत्युकारक र कृष्णवर्णको तमोगुण मृत्युकारक जान्नु ६०१-६०३

* मासेषु मुहूर्तव्यवस्थाज्ञानम् *

माघफाल्गुनचैत्रेषु वैशाखे श्रावणे तथा ।
नभस्यमासि वाराणां मुहूर्तानि यथाक्रमात् ॥६०४॥

* महीनामा मुहूर्त-व्यवस्था *

माघ, फाल्गुन, चैत्र, वैशाख, श्रावण तथा भाद्रपद यी महीनामा रविवारादि मुहूर्त यथाक्रम पूर्वोक्त प्रकारले जान्नु ॥ ६०४ ॥

* रव्यादिवारेषु दिनरात्रिरेखा *

रवौ नभःकेशवविघ्नराजो गोविन्दनामा नभ आखुगामी ।
रात्रौ नृसिंहो युगलं नभःपल्लक्ष्मीशलम्बोदररामसंज्ञो ॥
सोमे हरिर्विघ्नपतिः सुरेशः शून्यं च गौरीसुतविष्णुसंज्ञो ।
पदं निशायां खखविष्णुशून्यं युग्मं च नारायणविघ्ननाथौ ।

रविवार प्रथम मुहूर्तमा शून्य रेखा हुन्छ, फेरि तीन मुहूर्तसम्म अमृतरेखा, चार मुहूर्त विघ्नरेखा, तीन मुहूर्त अमृतरेखा, एक मुहूर्त शून्य रेखा र शेषमा विघ्नरेखा जान्नु । रात्रिका प्रथम तीन मुहूर्तमा

अमृतरेखा, दुइ मुहूर्त विघ्न रेखा, एक मुहूर्त शून्यरेखा, एक मुहूर्त कालरेखा, तीन मुहूर्त अमृतरेखा, चार मुहूर्त विघ्न रेखा र दुइ मुहूर्त सम्म अमृतरेखा जान्नु। सोमवार प्रथम दुइ मुहूर्त अमृतरेखा, चार मुहूर्त विघ्नरेखा, तीन मुहूर्त अमृतरेखा, एक मुहूर्त शून्यरेखा, चार मुहूर्त विघ्नरेखा र दुइ मुहूर्त अमृतरेखा जान्नु, अरु रात्रिका प्रथम चार मुहूर्तमा कालरेखा, दुइ मुहूर्त शून्यरेखा, दुइ मुहूर्त अमृतरेखा, एक मुहूर्त शून्यरेखा, दुइ मुहूर्त विघ्नरेखा, चार मुहूर्तसम्म अमृतरेखा र शेष विघ्नरेखा जान्नु ॥ ६०५–६०६ ॥

भौमे यमौ मारमणोऽथ युग्मं युग्मं हरिश्चैव गजाननश्च ।
नक्तं च विघ्नो द्विपदं मुकुन्दः पदत्रयं श्रीपतिखं नभश्रीः ॥
बुधे धनुःकृष्णयमौ च सौरिःसिद्धिर्धनुः सौरियमौ च सिद्धिः ।
रात्रौ सुपर्णध्वज एव युग्मं नभोऽथ दामोदरकुञ्जरास्यौ ॥

मङ्गलवार प्रथम दुइ मुहूर्तसम्म कालरेखा, अनि चार अमृत, चार विघ्न, दुइ अमृत र शेष विघ्नरेखा हो। अनि रात्रिका प्रथम दुइ मुहूर्तसम्म विघ्नरेखा, अनि दुइ काल, तीन अमृत, तीन काल, तीन अमृत, दुइ शून्य र एक मुहूर्तसम्म अमृत रेखा हुन्छ। बुधवार प्रथम दुइ मुहूर्तसम्म विघ्नरेखा, अनि दुइ अमृत, दुइ काल, तीन अमृत, दुइ विघ्न, दुइ अमृत, दुइ काल र शेष अमृतरेखा जान्नु। रात्रिका प्रथम पाँच मुहूर्त अमृतरेखा अनि दुइ विघ्न, एक शून्य, चार मुहूर्त अमृत-रेखा र शेष विघ्नरेखा जान्नु ॥६०७-६०८॥

गुरौ गोपिनाथस्तथा विघ्नराजो नभःकेशवःकुञ्जरास्यस्तथैव।
निशायां पदं नन्दजः सूर्यसूनुर्नभोमाधवश्चापमेकं हरिश्च ॥
शुक्रे कृष्ण स्याद्यमः खं मुरारिर्गौरीपुत्रः श्रीपतिः शून्यमेकम्।
नक्तंकालः कंसहा खं च युग्मंपादद्वन्द्वो वामनः खं च पादौ॥

बृहस्पतिवार प्रथम चार मुहूर्त अमृतरेखा, अनि चार विघ्न, एक शून्य, तीन अमृत र शेष विघ्न रेखा जान्नु । अनि रात्रिका प्रथम एक मुहूर्तसम्म काल रेखा, तीन अमृत, चार काल, दुइ शून्य, तीन अमृत, दुइ मुहूर्तसम्म विघ्न र शेष अमृतरेखा जान्नु । शुक्रवार प्रथम दुइ मुहूर्त अमृतरेखा, अनि दुइ काल, एक शून्य, तीन अमृत, चार विघ्न, तीन मुहूर्त अमृत र शेष शून्यरेखा जान्नु । अरु रात्रिका प्रथम दुइ मुहूर्त काल, अनि तीन मुहूर्त अमृत, एक शून्य, दुइ विघ्न, दुइ काल, तीन अमृत, एक मुहूर्त शून्य रेखाको भोग हो र शेष कालरेखा जान्नु ॥६१०॥

शनौ पदं श्रीः खनभोनभः खं नारायणः खं हरिखं हरिश्च ।
रात्रौ च शून्यं यमयुग्ममाधवो खविघ्नराजौ नृहरिश्च पादौ ॥

शनिवार प्रथम एक मुहूर्त काल, अनि एक अमृत, चार शून्य, चार अमृत, एक शून्य, दुइ अमृत, एक शून्य र शेष अमृतरेखाको भोग जान्नु । अरु रात्रिका प्रथम एक मुहूर्तसम्म शून्य, अनि दुइ काल, तीन अमृत, एक शून्य, चार विघ्न, तीन मुहूर्तसम्म अमृत र शेष कालरेखाको भोग जान्नु ॥ ६११ ॥

* प्रोक्ताश्विनकार्तिकादिमासेऽर्कादिवारेषु रेखाः *

अथाश्विने कार्त्तिकमार्गपौष सूर्यादिवारेषु मुहूर्तरेखाः
नामाक्षराणां वचनप्रवृत्या विचारपूर्वं विबुधैर्विचिन्त्यम् ॥
सूर्ये नृसिंहो द्विपदश्च चापो हरिर्नभः खं पदमच्युतोऽङ्घ्रिः
रात्रौ पदं चापखमच्युतञ्च युग्मं यमौ विष्णुखसिद्धि संज्ञौ ६१२

आश्विन, कार्त्तिक, मार्गशीर्ष र पौष यी महीनामा रविवारादि मुहूर्त रेखाको विचार पूर्वाचार्यहरूले यस्ता प्रकारले चिन्तन गर्दछन् कि नाम र वचनका प्रमाणले रेखा जान्नु अर्थात् रेखाका दोसा नाममा जति अक्षर छन् उती मुहूर्तसम्म त्यही रेखा जान्नु अनि वचन अर्थात् जो प्रथम

प्रधान नाम रेखाहरुको कहियो त्यसका मध्यमा कसैको नाम पाठमा आए, एक मुहूर्तसम्म त्यही रेखा जान्नु। विघ्नरेखा धन्वाकार हुन्छ त्यसले दुइ मुहूर्त बास गर्दछ अर्थात् धनुको प्रत्यञ्चा दुवै तरफ जोडिएको हुन्छ, यसले दुइ कोठामा स्थापित छ, यो व्याख्यान ऊपरबाट जान्नु। रविवार प्रथम तीन मुहूर्त अमृतरेखा, फेरि दुइ विघ्न, फेरि दुइ अमृत, त्यसपछि दुइ शून्य, फेरि एक काल, तीन पर्यन्त अमृत हुन्छ, शेष कालरेखा जान्नु। अनि रात्रिका प्रथम मुहूर्त कालरेखा, फेरि तीन विघ्न, फेरि एक शून्य, फेरि तीन अमृत, दुइ विघ्न, त्यसपछि दुइ कालरेखा, त्यसपछि दुइ अमृत, अनि एक मुहूर्त शून्यरेखा र शेष अमृत जान्नु ॥६१२-६१३

**सोमेऽङ्घ्रि चापं खनभोमुकुन्दो नभश्च युग्मं हरिखं हरिश्च ।**
**पदं निशायांखयुगं मुरारिर्विनायको विष्णुनभश्च विष्णुः ॥**
**भौमे तथेभास्यनभोऽथ विष्णुर्नभोयुगं गोपतिखं गणेशः ।**
**नक्तं गजेन्द्रास्यखमच्युतश्चयुग्मश्च शून्यं नृहरिश्च शून्यम् ६१५**

सोमवारका दिन प्रथम एक मुहूर्त कालरेखा हुन्छ, त्यसपछि दुइ विघ्न, अनि दुइ शून्य, अनि तीन अमृत, अनि एक शून्य, अनि दुइ विघ्न, अनि दुइ अमृत, एक मुहूर्त शून्यको हो। शेष अमृत जान्नू। मङ्गलवारका दिन प्रथम चार मुहूर्तसम्म विघ्न जान्नु। अनि एक शून्य, पछि दुइ अमृत, अनि एक शून्य, पछि दुइ विघ्न, त्यसपछि तीन अमृत, अनि एक मुहूर्त शून्य, शेष विघ्न रेखा हुन्छ। तथा रात्रिमा प्रथम चार मुहूर्त शून्य अनि तीन अमृत, पछि दुइ विघ्न, अनि एक शून्य, त्यसका पछि तीन मुहूर्तसम्म अमृतको भोग हुन्छ। शेष विघ्न जान्नू ॥ ६१४-६१५ ॥

**बुधे धनुःश्रीपतिपादयुग्मं नारायणः स्याद्गणनाथसिद्धिः ।**
**रात्रौ तु कालौ हरिशून्यकालौ गोविन्दगौरीसुतशून्यसिद्धिः ॥**

गुरौ हरिः शून्ययुगं सुरेशः श्रीर्विघ्नराजो गगनं तथा श्रीः।
निश्यङ्घ्रिदैत्यारिखकार्मुकश्चपदे मुरारिः खयुगं पुनः श्रीः॥

बुधबारका दिन प्रथम दुइ मुहूर्त विघ्नरेखा, अनि तीन अमृत, फेरि दुइ काल, फेरि चार अमृत, त्यसपछि चार विघ्न र शेष शून्यरेखा हुन्छ। रात्रिमा प्रथम दुइ मुहूर्त कालरेखा, फेरि दुइ अमृत, फेरि एक शून्य, अनि दुइ काल, फेरि तीन विघ्न, पछि एक मुहूर्त शून्यको हुन्छ। शेष अमृतरेखा जान्नु। बृहस्पतिवारका दिन प्रथम दुइ मुहूर्त अमृतरेखा, अनि एक शून्य, अनि दुइ विघ्न, पछि चार अमृत, अनि चार विघ्न, त्यसका पछि दुइ शून्य, पछि अमृतरेखाको भोग जान्नु। अरु रात्रिमा प्रथम एक मुहूर्तसम्म कालरेखा, फेरि तीन अमृत, पछि एक शून्य, अनि फेरि दुइ विघ्न, त्यसकापछि दुइ काल, अनि तीन अमृत, पछि एक मुहूर्त शून्यरेखा, अनि दुइ मुहूर्त विघ्नसंज्ञक जान्नु। शेष अमृतसंज्ञक रेखाले वास गर्दछ॥ ६१६–६१७॥

शुक्रेऽमृतश्चापमरिन्दमश्च लम्बोदरः केशवशून्यपादम्।
नक्रश्च युग्मं नृहरिः खयुग्मं नृसिंहयुग्मं गगनश्च युग्मम्॥
शनौपदं श्रीर्न नभो न कृष्णःखं श्रीपदं विष्णुनभो हरिः पदं।
रात्रौ पदं खं पदनन्दसूनुर्गजाननौ गोपतिशून्यपादाः॥६१८

शुक्रवारका दिन प्रथम एक मुहूर्तसम्म अमृतरेखा हुन्छ। फेरि दुइ विघ्न, अनि फेरि चार अमृत, पछि चार विघ्न, फेरि तीन अमृत, पछि एक मुहूर्त शून्यरेखा, शेष कालसंज्ञकरेखा जान्नु। अरु रात्रिका दुइ मुहूर्तसम्म विघ्नसंज्ञक रेखा, अनि तीन अमृत, त्यस पछि एक शून्य, पछि दुइ विघ्न, फेरि तीन अमृत, अनि पछि दुइ विघ्न, अनि एक मुहूर्तसम्म शून्यरेखा हुन्छ। शेष विघ्नरेखाको भोग जान्नु। शनैश्चर-वारका दिन प्रथम एक मुहूर्त कालरेखाको हुन्छ। अनि एक अमृत-

रेखा, पछि एक शून्य, अनि एक अमृत, अनि पछि एक शून्य, अनि दुइ अमृत, अनि एक शून्य, अनि एक अमृत, अनि एक काल, बादमा दुइ अमृत र अनि एक शून्य पछि दुइ मुहूर्त अमृतरेखाको जान्नू। शेष कालरेखा जान्नू। अरु रात्रिमा प्रथम एक मुहूर्त कालरेखाले वास गर्दछ। अनि एक शून्य, फेरि पछि एक काल, अनि फेरि चार अमृत, फेरि चार विघ्न, अरु तीन अमृत, पछि फेरि एक शून्यरेखाको भोग हुन्छ, शेष कालरेखाको जान्नु ॥ ६१८–६१९ ॥

* ज्येष्ठाषाढमलमासेषु रव्यादिवारे मुहूर्तरेखाः *

ज्येष्ठमासे तथाषाढे तथा वै मलमासके ।
सूर्यादिवारे संशोध्याः क्रमशो नामभादिमे ॥६२०॥
अर्के शून्ये च कृष्णो युगपदयुगलं स्वं हरिर्विष्णुचापं।
रात्रौ लक्ष्मीशयुग्मं युगलहरियुगं युग्मकृष्णं च शून्यम् ॥
सोमे चापद्वयं नो नृहरिखयुगलं पीतवासाश्च शून्यं
चापं द्वन्द्वं निशायामजपदखमजं चापपद्मेशपादाः ।६२१।

ज्येष्ठ, आषाढमास वा मलमासमा रविवारादिका क्रमले नामका राशि द्विघटिकामहूर्त शोधन गर्नु। आइतवारका दिन प्रथम दुइ मुहूर्तसम्म शून्य, फेरि दुइ अमृत, फेरि पछि दुइ विघ्न, पछि एक काल, फेरि दुइ विघ्न, अनि एक शून्य, फेरि चार मुहूर्त अमृतरेखाको हो, शेष विघ्नसंज्ञक जान्नु। अनि रात्रिमा प्रथम तीन मुहूर्तसम्म अमृत-रेखा, फेरि चार विघ्न, फेरि पछि दुइ अमृत, फेरि चार विघ्न, उपरान्त-का दुइ अमृतरेखा हो र शेष शून्यरेखा जान्नु। अरु सोमवारका दिन प्रथम चार मुहूर्तसम्म विघ्नरेखाले वास गर्छ। फेरि एक शून्य, फेरि तीन अमृत, पछि एक शून्य, त्यसका उप्रान्त दुइ विघ्न, फेरि चार मुहूर्तसम्म अमृत रेखा, शेष शून्यरेखा जान्नु। तथा रात्रिका प्रथम चार

मुहूर्तसम्म विघ्नरेखा, त्यसपछि दुइ अमृत, पछि एक काल, त्यसपछि एक शून्य, त्यसपछि दुइ अमृत, पछि दुइ विघ्न, त्यसपछि तीन मुहूर्त अमृतरेखाको हुन्छ। शेष कालरेखाको भोग जान्नु ॥ ६२०-६२१॥

भौमे शून्ये च कृष्णो युगगगनहरिस्त्रीणि चापानिसिद्धि-
र्नक्तं युग्मं द्विशून्यं युगयुगलपदं श्रीखचापं हरिश्च ॥
सौम्ये श्रीविघ्ननाथोऽथ हरिगणपतिः पद्मनाभश्च पादा-
दोषायांसिद्धि युग्मंहरिखगजमुखाःकृष्णशून्ये च कृष्णः॥
जीवे विष्णुश्च चापो गगनमजितखश्चाङ्घ्रिपादौनृसिंहो-
रात्रौ नौ खं मुरारिर्गगनयुगगजोविष्णुचापाङ्घ्रियुग्मम्।
शुक्रं युग्मं मुरारिर्गगनयुगगजो रामचापोऽथ पादौ
तद्रात्रौ युग्मगोपीपतियुगगगनं श्रीवरः खंपदे श्रीः।६२३।

मङ्गलवारका दिन प्रथम दुइ मुहूर्तसम्म शून्यरेखा जान्नु। अनि दुइ अमृत, अनि दुइ विघ्नसंज्ञक, अनि एक शून्यसंज्ञक, अनि दुइ अमृत, अनि छ विघ्नरेखा र शेष अमृतरेखा जान्नु। रात्रिमा प्रथम चार मुहूर्तसम्म विघ्न, अनि एक शून्य, अनि चार विघ्न, अनि एक काल, यस उप्रान्त एक अमृत, अनि एक शून्य, फेरि दुइ मुहूर्तसम्म विघ्न रेखा, शेष अमृतरेखा जान्नु। बुधवारका दिन प्रथम एक मुहूर्त अमृतरेखा, फेरि चार विघ्न, अनि दुइ अमृत, फेरि चार विघ्न, अनि चार अमृत र शेष कालरेखाको हुन्छ। अरु रात्रिमा एक मुहूर्त प्रथम अमृतरेखाले वास गर्छ। अनि दुइ विघ्न, फेरि दुइ अमृत, फेरि एक शून्य, अनि चार विघ्न, अनि दुइ अमृत, फेरि दुइ मुहूर्त पर्यन्त शून्यरेखा र शेष अमृतरेखा हुन्छ। बृहस्पतिवारका दिन प्रथम दुइ मुहूर्तसम्म अमृत-रेखाले वास गर्दछ। फेरि दुइ मुहूर्त विघ्नरेखा, अनि एक शून्य, अनि तीन अमृत, फेरि एक शून्य, उप्रान्त चार मुहूर्तसम्म कालसंज्ञक र

शेष अमृत जान्नु। तथा रात्रिमा प्रथम दुइ मुहूर्तसम्म शून्यरेखा, फेरि तीन अमृत, फेरि एक शून्य, चार विघ्न, त्यसका उप्रान्त दुइ अमृत, फेरि दुइ मुहूर्त विघ्नरेखा र शेष कालसंज्ञक जान्नु। शुक्रवारका दिन प्रथम दुइ मुहूर्तसम्म विघ्नरेखा, फेरि तीन अमृत, फेरि एक शून्य, यसपछि चार अमृत, फेरि दुइ मुहूर्तसम्म विघ्नरेखा हुन्छ र शेष काल संज्ञक जान्नु। तथा रात्रिमा प्रथम दुइ मुहूर्त विघ्नरेखा, फेरि चार अमृतरेखा, अनि दुइ विघ्न, अनि एक शून्य, पछि तीन अमृत, यस उप्रान्त एक शून्यरेखा, अनि दुइ मुहूर्तसम्म कालरेखा र शेष अमृत रेखाको भोग जान्नु ॥ ६२३ ॥

**मन्दे श्रीयुग्मसिद्धिः खहरिहरिनभःशौरिखं सिद्धिखं वा।**
**नक्तं श्रीयुग्मसिद्धिः खखयुगलहरिर्व्योमगोविन्दशून्यम् ॥**

शनैश्चरवारका दिन प्रथम एक मुहूर्त अमृतरेखाले वास गर्दछ। फेरि २ विघ्न, अनि २ अमृत, फेरि १ शून्य, फेरि ४ अमृत, यसका पछि १ शून्य, २ अमृत, अनि फेरि १ शून्य. फेरि १ मुहूर्तसम्म अमृतरेखा हुन्छ र शेष शून्यरेखाको भोग जान्नु। तथा रात्रिमा प्रथम १ मुहूर्तसम्म अमृतरेखा हुन्छ। फेरि २ अमृत, फेरि २ शून्य, अनि फेरि २ विघ्न, फेरि २ अमृत, यसपछि १ शून्य, फेरि ३ मुहूर्त पर्यन्त अमृतरेखा र शेष शून्यसंज्ञक रेखाको भोग जान्नु ॥ ६२४ ॥

इति मासव्यवस्था समाप्ता।

**रुद्रप्रोक्तमिदं ज्ञानं शिवायै रुद्रयामले।**
**गोपनीयं प्रयत्नेन सद्यः प्रत्ययकारकम् ॥६२५॥**

यो द्विघटिका मुहूर्तको ज्ञान रुद्रयामल ग्रन्थमा श्रीमहादेवजीले श्रीपार्वतीजीसँग वर्णन गरेका थिए, यसलाई बडा यत्नले गुप्त राख्नु शीघ्र सिद्धिकारक हुन्छ ॥ ६२६ ॥

इति श्रीज्योतिःसारे मुहूर्तप्रकरणं द्वितीयं समाप्तम् ॥

### * शिवोक्तद्विघटिकामुहूर्तचक्राणि प्रारभ्यन्ते *

#### तत्रादौ षोडशमुहूर्तचक्रम्

| मुहूर्त | फलम् |
|---|---|
| सविता | विद्यारम्भ |
| भार्गव | स्त्रीसेवन |
| सौम्य | सभाप्रवेश |
| याम्य | मारणकार्य |
| सुनंदन | यन्त्रचालन |
| विभीषण | शुभकर्म |
| बालव | युद्धकार्य |
| रावण | वैरकार्य |
| अभिजित् | ग्रामप्रवेश |
| (तुरग) देव | शस्त्रसाधन |
| वैरोचन | शुभपट्टाभिषेक (राजगद्दी) |
| जयदेव | सर्वकार्यसिद्धि |
| चार्वट | स्तम्भन |
| मैत्र | स्नानदानादि शुभकार्य |
| श्वेत | कुञ्जरबन्धन |
| रौद्र | रौद्रकार्य |

### * वारपरत्वे मुहूर्तोदयचक्रम् *

| वार | मुहूर्तोदय |
|---|---|
| शनि | याम्य |
| शुक्र | विभीषण |
| गुरु | रावण |
| बुध | तुरदेव |
| भौम | जयदेव |
| चन्द्र | मैत्र |
| रवि | रौद्र |

## * वारपरत्वे गुणोदयचक्रं फलं च *

| र. | चं. | मं. | बु. | बृ. | शु. | श. | वार |
|---|---|---|---|---|---|---|---|
| तमोगुण कृष्णवर्ण | सत्वगुण गौरवर्ण | रजोगुण श्यामवर्ण | तमोगुण कृष्णवर्ण | सत्वगुण गौरवर्ण | रजोगुण श्यामवर्ण | तमोगुण कृष्णवर्ण | गुणोदय |
| अशुभ कर्म | सिद्धि | धन सम्पत्ति | अशुभ कर्म | सिद्धि | धन सम्पत्ति | अशुभ कर्म | फल |

## * रेखाज्ञानचक्रम् *

| अमृत | काल | विघ्न | शून्य | रेखानाम |
|---|---|---|---|---|
| सिद्धिकर | मृत्युकर | विघ्नकर | कार्यहानि | फल |
| श्री, विष्णु, अमृत, सिद्धि | मृत्यु, पाद यम, काल | विघ्न, धनुः, युग्म, गणाधिप | शून्य, नभ खं, अभ्र | रेखासंज्ञा |

## * राशीनां गुणघातचक्रम् *

## * गुणराशिवर्णज्ञानं घातचक्रं च *

| सत्वगुण | रजोगुण | तमोगुण | गुण |
|---|---|---|---|
| गौर | श्याम | कृष्ण | गुणवर्ण |
| धनु-मीन-कर्क | तुला-वृष-मेष वृश्चिक | कन्या-सिंह-मिथुन कुम्भ-मकर | घातलग्न |
| गौरवर्ण | श्यामवर्ण | कृष्णवर्ण | घातवर्ण |

अथ माघ-फाल्गुन-चैत्र-वैशाख-श्रावण-भाद्रपद मासेषु-आश्विन-कार्तिक-मार्ग-पौष मासेषु-ज्येष्ठाषाढ मल मासेषु च सूर्यादिवारे मुहूर्तानि नाम राशितः शोध्यानि-

## तत्रादौ रविदिने मुहूर्त चक्रम्।

| रौद्र | श्वेत | मैत्र | चारभट | जयदेव | वैरिञ्च | तुरग | अभिजित | रावण | बालव | विभीषण | सुनन्दन | याम्य | सौम्य | भार्गव | सविता | मुहूर्त |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| त॰ | त॰ | स॰ | स॰ | र॰ | र॰ | त॰ | त॰ | स॰ | स॰ | र॰ | र॰ | त॰ | त॰ | स॰ | स॰ | गुण |
| ० | ६ | ६ | ६ | ⌒ | | ⌒ | | ६ | ६ | ६ | ० | ⌒ | | ⌒ | | माघ॰ फा॰ चै॰ वै॰ श्रा॰ भाद्रेषु |
| ६ | ६ | ६ | ४ | ४ | ⌒ | | ६ | ६ | ० | ० | ४ | ६ | ६ | ६ | ४ | आश्विन॰ कार्तिक॰ मार्गशीर्ष॰ पौषेषु |
| ० | ० | ६ | ६ | ⌒ | | ४ | ⌒ | | ० | ० | ६ | ६ | ६ | ⌒ | | ज्येष्ठा॰ षाढ॰ मल॰ मासेषु |

## अथ रविरात्रौ मुहूर्त चक्रम्।

| श्वे॰ | मै॰ | चा॰ | ज॰ | वै॰ | तु॰ | अ॰ | रा॰ | वा॰ | वि॰ | सु॰ | या॰ | सौ॰ | भा॰ | स॰ | रौ॰ | मुहूर्त |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| र॰ | र॰ | त॰ | त॰ | स॰ | स॰ | र॰ | र॰ | त॰ | त॰ | स॰ | स॰ | र॰ | र॰ | त॰ | त॰ | गुण |
| ६ | ६ | ६ | ⌒ | | ० | ४ | ६ | ६ | ६ | ⌒ | | ⌒ | | ६ | ६ | माघ॰ फा॰ चै॰ वै॰ श्रा॰ भाद्रेषु |
| ४ | ⌒ | | ० | ६ | ६ | ६ | ⌒ | | ४ | ४ | ६ | ६ | ० | ६ | ६ | आश्विन का॰ मार्ग— पौषेषु |
| ६ | ६ | ६ | ⌒ | | ⌒ | | ६ | ६ | ⌒ | | ⌒ | | ६ | ६ | ० | ज्येष्ठा॰ षाढ॰ मल॰ मासेषु |

अथ चन्द्र दिने मुहूर्त चक्रम्।

| मै· | चा· | ज· | वै· | तु· | अ· | रा· | वा· | वि· | सु· | या· | सौ· | भा· | स· | रौ· | श्वे· | मुहूर्त |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| स· | स· | र· | र· | त· | त· | स· | स· | र· | र· | त· | ल· | स· | स· | र· | र· | गुण |
| ऽ | ऽ | ⌒ | | ⌒ | | ऽ | ऽ | ऽ | ० | ⌒ | | ⌒ | | ऽ | ऽ | माघ·फा· चै·वै·आ· भाद्रेषु |
| | ⌒ | | ० | ० | ऽ | ऽ | ऽ | ० | ⌒ | | ऽ | ऽ | ० | ऽ | ऽ | आश्विन· का·मार्ग· पौषेषु |
| ⌒ | | ⌒ | | ० | ऽ | ऽ | ऽ | ० | ⌒ | | ऽ | ऽ | ऽ | ऽ | ० | ज्येष्ठा· षाढ मल· मासेषु |

अथ चन्द्र रात्रौ मुहूर्त चक्रम् ।

| चा· | ज· | वै· | तु· | अ· | रा· | वा· | वि· | सु· | या· | सौ· | भा· | स· | रौ· | श्वे· | मै· | मुहूर्त |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| त· | त· | स· | स· | र· | र· | त· | त· | स· | स· | र· | र· | त· | त· | स· | स | गुण |
| ॐ | ० | ० | ऽ | ऽ | ० | ⌒ | | ऽ | ऽ | ऽ | ऽ | ⌒ | | ⌒ | | माघ· फा· चै·वै· आ· भाद्रेषु |
| ॐ | ० | ⌒ | | ऽ | ऽ | ऽ | ⌒ | | ⌒ | | ऽ | ऽ | ० | ऽ | ऽ | आश्विन· का· मार्ग· पौषेषु |
| ⌒ | | ⌒ | | ऽ | ऽ | ॐ | ० | ऽ | ऽ | ⌒ | | ऽ | ऽ | ऽ | ॐ | ज्येष्ठा· षाढ मल· मासेषु |

<table>
<tr><th colspan="17">अथ भौमदिवे मुहूर्तचक्रम् ।</th></tr>
<tr><td>ज॰</td><td>वै॰</td><td>मु॰</td><td>क॰</td><td>ए॰</td><td>वा॰</td><td>कि॰</td><td>सु॰</td><td>चा॰</td><td>सौ॰</td><td>भा॰</td><td>स॰</td><td>रौ॰</td><td>वै॰</td><td>मै॰</td><td>चौ॰</td><td>मुहूर्त</td></tr>
<tr><td>र॰</td><td>र॰</td><td>स॰</td><td>स॰</td><td>स॰</td><td>स॰</td><td>र॰</td><td>र॰</td><td>त॰</td><td>त॰</td><td>स॰</td><td>स॰</td><td>र॰</td><td>र॰</td><td>त॰</td><td>त॰</td><td>गुणा</td></tr>
<tr><td>४</td><td>४</td><td>ऽ</td><td>ऽ</td><td>ऽ</td><td>ऽ</td><td colspan="2">⌒</td><td colspan="2">⌒</td><td>ऽ</td><td>ऽ</td><td colspan="2">⌒</td><td colspan="2">⌒</td><td>माघ॰ फा॰ चै॰ वै॰ ज्या॰ भाद्रेषु</td></tr>
<tr><td colspan="2">⌒</td><td colspan="2">⌒</td><td>०</td><td>ऽ</td><td>ऽ</td><td>०</td><td colspan="2">⌒</td><td>ऽ</td><td>ऽ</td><td>ऽ</td><td>०</td><td colspan="2">⌒</td><td>आश्विन॰ का॰ मार्ग॰ पौषेषु</td></tr>
<tr><td>०</td><td>०</td><td>ऽ</td><td>ऽ</td><td colspan="2">⌒</td><td>०</td><td>ऽ</td><td>ऽ</td><td colspan="2">⌒</td><td colspan="2">⌒</td><td colspan="2">⌒</td><td>ऽ</td><td>ज्येष्ठा॰ षाढ मल॰ मासेषु</td></tr>
</table>

<table>
<tr><th colspan="17">अथ भौम रात्रौ मुहूर्त चक्रम् ।</th></tr>
<tr><td>वै॰</td><td>नु॰</td><td>म्ब॰</td><td>हा॰</td><td>वा॰</td><td>वि॰</td><td>सु॰</td><td>या॰</td><td>सौ॰</td><td>भा॰</td><td>स॰</td><td>रौ॰</td><td>श्वे॰</td><td>मै॰</td><td>चा॰</td><td>ज॰</td><td>मुहूर्त</td></tr>
<tr><td>स॰</td><td>स॰</td><td>र॰</td><td>र॰</td><td>त॰</td><td>त॰</td><td>स॰</td><td>स॰</td><td>र॰</td><td>र॰</td><td>त॰</td><td>त॰</td><td>स॰</td><td>स॰</td><td>र॰</td><td>र॰</td><td>गुणा</td></tr>
<tr><td colspan="2">⌒</td><td>४</td><td>४</td><td>ऽ</td><td>ऽ</td><td>ऽ</td><td>४</td><td>४</td><td>४</td><td>ऽ</td><td>ऽ</td><td>ऽ</td><td>०</td><td>०</td><td>ऽ</td><td>माघ॰ फा॰ चै॰ वै॰ ज्या॰ आद्रेषु</td></tr>
<tr><td colspan="2">⌒</td><td colspan="2">⌒</td><td>०</td><td>ऽ</td><td>ऽ</td><td>ऽ</td><td colspan="2">⌒</td><td>०</td><td>ऽ</td><td>ऽ</td><td>ऽ</td><td colspan="2">⌒</td><td>आश्विन॰ का॰ मार्ग॰ पौषेषु॰</td></tr>
<tr><td colspan="2">⌒</td><td colspan="2">⌒</td><td>०</td><td colspan="2">⌒</td><td colspan="2">⌒</td><td>४</td><td>ऽ</td><td>०</td><td colspan="2">⌒</td><td>ऽ</td><td>ऽ</td><td>ज्येष्ठा॰ षाढ मल॰ मासेषु</td></tr>
</table>

अथ बुध दिने मुहूर्त चक्रम्।

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| तु· | अ· | रो· | वा | वि | सु· | वा· | सो | भा | स· | रौ· | श्वे· | मै· | चा | ज· | वै· | मुहूर्त |
| त· | त: | स· | स | र· | र· | त | त· | स· | स· | र· | र· | त· | त· | स· | स· | गुणा: |
| ⌒ | | ऽ | ऽ | ४ | ४ | ऽ | ऽ | ऽ | ⌒ | | ऽ | ऽ | ५ | ४ | ऽ | माघ· फा· चै· वै· श्रा· भाद्रेषु |
| ⌒ | | ऽ | ऽ | ऽ | ५ | ४ | ऽ | ऽ | ऽ | ऽ | ⌒ | | ⌒ | | ऽ | आश्विन· का· मार्ग· पौषेषु |
| ऽ | ⌒ | | ⌒ | | ऽ | ऽ | ⌒ | | ⌒ | | ऽ | ऽ | ऽ | ऽ | ४ | ज्येष्ठा· षाढ· मल· मासेषु |

अथ बुध रात्रौ मुहूर्त चक्रम्।

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| अं· | रा· | वा· | विं | स· | या· | सौ· | भा· | स· | रो· | श्व· | मै· | चा· | ज· | वै· | तु· | मुहूर्त |
| र· | र· | त· | त· | स· | स· | र· | र· | त· | त· | स· | स· | र· | र· | त· | त· | गुणा |
| ऽ | ऽ | ऽ | ऽ | ऽ | ⌒ | | ० | ऽ | ऽ | ऽ | ऽ | ⌒ | | ⌒ | | माघ· फा· चै· वै· श्रा· भाद्रेषु |
| ४ | ४ | ऽ | ४ | ० | ४ | ४ | ऽ | ऽ | ऽ | ⌒ | | ⌒ | | ० | ऽ | आश्विन· का· मार्ग· पौषेषु |
| ऽ | ⌒ | | ऽ | ऽ | ० | ⌒ | | ⌒ | | ऽ | ऽ | ० | ० | ऽ | ऽ | ज्येष्ठा- षाढ· मल· मासेषु |

| अथ गुरु दिने मुहूर्त चक्रम् । | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| रा· | वा· | वि· | सु· | या· | सौ· | भा· | म· | रौ· | श्वे· | मै· | चा· | ज· | वै· | तु· | अ· | मुहूर्त |
| स· | म· | र· | र· | न· | त· | म· | स· | र· | र· | न· | न· | म· | स· | र· | र· | गुण |
| ठ | ठ | ठ | ठ | ०⌒० | | ०⌒० | | ० | ठ | ठ | ठ | ०⌒० | | ०⌒० | | माघ· फा· चै· वै· श्रा· भाद्रेषु |
| ठ | ठ | ० | ०⌒० | | ठ | ठ | ठ | ठ | ०⌒० | | ०⌒० | | ० | ० | ठ | आश्विन-का· मार्ग· पौषेषु |
| ठ | ठ | ०⌒० | | ० | ठ | ठ | ठ | ० | ४ | ४ | ४ | ४ | ठ | ठ | ठ | ज्येष्ठा-षाढ-मल-मासेषु |

| अथ गुरु रात्रौ मुहूर्त चक्रम् । | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| वा | वि· | सु· | या· | सौ· | भा | स· | रौ· | श्वे· | मै· | चा· | ज· | वै· | तु· | अ· | रा· | मुहूर्त |
| त· | त· | स· | स· | र· | र· | त | त· | स· | स· | र· | र· | त· | त· | स· | स· | गुण |
| ४ | ठ | ठ | ठ | ४ | ४ | ४ | ४ | ० | ठ | ठ | ठ | ०⌒० | | ठ | ठ | माघ· फा· चै· वै· श्रा· भाद्रेषु |
| ४ | ठ | ठ | ठ | ० | ०⌒० | | ४ | ४ | ठ | ठ | ठ | ० | ०⌒० | | ठ | आश्विन-का· मार्ग· पौषेषु· |
| ० | ० | ठ | ठ | ठ | ० | ०⌒० | | ०⌒० | | ठ | ठ | ०⌒० | | ४ | ४ | ज्येष्ठा-षाढ-मल-मासेषु |

## अथ शुक्र दिने मुहूर्त चक्रम् ।

| दि॰ | रु | [illegible] | श्री॰ | [illegible] | [illegible] | रौ॰ | खे॰ | मै॰ | [illegible] | [illegible] | के | तु॰ | [illegible] | [illegible] | [illegible] | मुहूर्त |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | र॰ | र॰ | [illegible] | [illegible] | [illegible] | [illegible] | र॰ | [illegible] | [illegible] | [illegible] | गुण |
| ऽ | ऽ | ष | ष | ० | ऽ | ऽ | ऽ | ◠ | | ◠ | | ऽ | ऽ | ऽ | ० | चैत्र॰ फा॰ वै॰ ज्ये॰ आ॰ भाद्रेषु |
| ऽ | ◠ | | ऽ | ऽ | ऽ | ऽ | ◠ | | ◠ | | ऽ | ऽ | ऽ | ० | ष | आश्विन॰ का॰ मार्ग॰ पौषेषु |
| ◠ | | ऽ | ऽ | ऽ | ० | ◠ | | ◠ | | ऽ | ऽ | ◠ | | ष | ष | ज्येष्ठा॰ षाढ॰ मल॰ मासेषु |

## अथ शुक्र रात्रौ मुहूर्त चक्रम् ।

| मु॰ | या॰ | रौ॰ | भा॰ | का॰ | रौ॰ | खे॰ | मै॰ | [illegible] | ज॰ | वै॰ | नु॰ | [illegible] | रा॰ | [illegible] | बि॰ | मुहूर्त |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| [illegible] | क्रा॰ | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | र॰ | र॰ | [illegible] | [illegible] | [illegible] | [illegible] | र॰ | र॰ | गुण |
| ष | ◠ | | ऽ | ऽ | ० | ◠ | | ष | ष | ऽ | ऽ | ऽ | ० | ष | ष | माघ॰ फा॰ वै॰ ज्ये॰ आ॰ भाद्रेषु |
| ◠ | | ऽ | ऽ | ऽ | ० | ◠ | | ऽ | ऽ | ऽ | ◠ | | ० | ◠ | | आश्विन॰ का॰ मार्ग॰ पौषेषु |
| ◠ | | ऽ | ऽ | ऽ | ऽ | ◠ | | ० | ऽ | ऽ | ऽ | ० | ष | ष | ऽ | ज्येष्ठा॰ षाढ॰ मल॰ मासेषु |

## अथ शनि दिने मुहूर्त चक्रम्।

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| या· | मो· | भा· | स· | सै· | श्वे | मे· | चा | ज· | वै· | तु· | अ· | रा· | वा· | नि· | सु | मुहूर्त |
| त· | त· | स· | स· | र· | र· | त· | त· | स | स· | र· | र· | त· | त· | स· | स· | गुण |
| ङ | ठ | ० | ० | ० | ० | ठ | ठ | ठ | ठ | ० | ठ | ठ | ० | ठ | ठ | माघ-फा-चै-वै-श्रा-भाद्रेषु |
| ङ | ठ | ० | ठ | ० | ठ | ठ | ठ | ठ | ङ | ठ | ठ | ० | ठ | ठ | ङ | आश्विन-का-मार्ग-पौषेषु |
| ठ | ⌒ | | ठ | ठ | ० | ठ | ठ | ठ | ठ | ० | ठ | ठ | ० | ठ | ङ | ज्येष्ठाषाढ मल-मासेषु |

## अथ शनि रात्रौ मुहूर्त चक्रम्।

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| को· | भा· | स· | रौ· | श्वे· | मे· | चा | ज | वै· | तु· | अ· | रा· | वा· | वि· | सु· | वा· | मुहूर्त |
| र· | र· | त· | त· | स· | स· | र· | र· | त· | त· | स· | स· | र· | र· | त· | त· | गुण |
| ङ | ० | ङ | ठ | ठ | ठ | ० | ⌒ | | ⌒ | | ठ | ठ | ठ | ङ | ङ | माघ-फा-चै-वै-श्रा-भाद्रेषु |
| ङ | ० | ङ | ठ | ठ | ठ | ठ | ⌒ | | ⌒ | | ठ | ठ | ठ | ० | ङ | आश्विन-का-मार्ग-पौषेषु |
| ठ | ⌒ | | ठ | ठ | ० | ० | ⌒ | | ठ | ठ | ० | ठ | ठ | ठ | ० | ज्येष्ठाषाढ मल-मासेषु |

# प्रश्नप्रकरणम्

* मूकप्रश्नविचारः *

इष्टमङ्कं द्विगुणितमेकेन सह संयुतम् ।
त्रिभिश्चैवहरेद्भागं शेषं च फलमादिशेत् ॥ १ ॥

इष्ट अंक दुगुना ( द्विगुणित ) गरेर १ जोडिदिनु त्यसमा ३ को भाग दिनू र शेष अनुसार फल कहनू ॥ १ ॥

विषमाङ्के जीवचिन्ता समे धातोः प्रकीर्तिता ।
शून्ये मूलं विजानीयाच्छारदावचनं यथा ॥ २ ॥

शेष विषम भए प्रश्नकर्ताको जीव चिन्ता, सम भए धातु चिन्ता र शून्य रहे मूल चिन्ता जान्नु ॥ २ ॥

उदाहरण—प्रश्नकर्ताको इष्ट अङ्क ६ छ, द्विगुणित गर्दा १२ भयो, १ जोडदा पिण्ड १३ भयो । तीनले भाग दिंदा १ शेष रह्यो विषम अङ्क शेष रहेको हुनाले प्रश्नकर्ताको जीव चिन्ता रहेछ ।

* कोटिनिर्धारणम् *

स्वांशंविलग्नेयदि वा त्रिकोणेस्वांशेस्थितःपश्यतिधातुचिंताम्
परांशकस्थश्च करोति जीवं मूलं परांशोपगतः परांशम् ॥३॥

प्रश्नकालमा कुनै पनि ग्रहले आफ्ना नवांशमा बसेर लग्न पंचम वा नवम भावमा आफ्ना नवांशलाई देखे पृच्छकका मनमा धातु-संबन्धी ( सुन चाँदी आदि ) चिन्ता होला । अरु ग्रहका अंशमा स्थित ग्रहले स्वांशमा लग्न वा पंचम अथवा नवम भावलाई देखे जीव संबन्धी ( मनुष्य, पशु, पक्षी आदि ) चिन्ता होला । फेरि परांश ( अर्काका अंशमा ) बसेर परांशमा स्थित लग्न वा नवम पंचम भाव-लाई देखे मूल संबन्धी ( वृक्ष तृणादि ) को चिन्ता होला ॥ ३ ॥

* दृष्टितो धातुमूलजीवज्ञानम् *

व्योमदृष्टिर्भवेज्जीवो मूलं भूम्यवलोकनम् ।
समावलोकने धातुर्ज्ञेयं केवलदृष्टितः ॥ ४ ॥

प्रश्नकर्ताको आकाशतर्फ दृष्टि भए जीव चिन्ता होला। पृथिवीका तर्फ हेरे मूल चिन्ता होला। सम दृष्टि ( न ऊँधो भूमिमा न ऊँभो आकाशमा ) भए धातु चिन्ता होला। केवल दृष्टिबाटै धातु मूल जीव प्रश्न जान्नू ॥ ४ ॥

* पूर्वादिदिग्विभागतः फलमाह *

पूर्वस्यां धातुचिन्ता स्याज्जीवं दक्षिणतस्तथा ।
उत्तरस्यां वदेन्मूलं पश्चिमे मिश्रितं फलम् ॥ ५ ॥
शिरःस्पर्शे तु जीवः स्यात्पादस्पर्शे तु मूलकम् ।
धातुश्च मध्यमस्पर्शे शारदावचनं यथा ॥ ६ ॥
बाहुवक्त्रशिरः स्पर्शे जीवचिन्ता शुभावहा ।
हृदयोदरसंस्पर्शे धातुचिन्ता तु मध्यमा ॥ ७ ॥
गुदावृषणसंस्पर्शे चाधमं मूलचिन्तनम् ।
जानुजङ्घापदस्पर्शे जीवचिन्तां विनिर्दिशेत् ॥ ८ ॥

प्रश्नकर्ताका आगमन कालमा पूर्वतर्फ मुख भए धातुचिन्ता, दक्षिणतिर मुख भए जीवचिन्ता, उत्तरतिर मुख भए मूल चिन्ता जान्नू। पृच्छकको मुख पश्चिम दिशातर्फ भए मिश्रित धातु जीवादि जान्नु। अब अङ्ग-स्पर्श ( शरीर छोए ) अनुसार धातु मूल जीव कहिन्छ—शिर स्पर्श गरे जीव चिन्ता, पाद ( पाउ ) स्पर्श गरे मूल चिन्ता, मध्यस्थान ( कटि ) स्पर्श गरे धातु चिन्ता जान्नू। बाहु, वक्त्र ( मुख ), शिर स्पर्श गरे शुभ जीव चिन्ता जान्नू। हृदय, उदर

स्पर्शले मध्यम धातु चिन्ता जान्नु । गुदा वृषण स्पर्शले अधम मूल चिन्ता कहनू । अरु जानु, जंघा, पाद स्पर्शले जीव चिन्ता जान्नू यहाँ पुनः पादोपादानदेखि जंघापदका संबन्धार्थमा तात्पर्य छ ॥५-८॥

* एतदेव पुनरपि प्रकारान्तरेणाह *

धातुं मूलं जीवमित्योजराशौ युग्मे विद्यादेतदेव प्रतीपम् ।
लग्ने योंऽशस्तत्क्रमाद्गण्य एव संक्षेपोऽयं विस्तरात्तत्प्रभेदः॥

प्रश्नकालमा मेष, मिथुन, सिंह, तुला, धन, कुम्भ यी विषम राशिका लग्न आएर लग्न प्रथम नवांशमा भए — प्रश्नकर्ताका मनमा धातु सम्बन्धी चिन्ता कहिदिनू । द्वितीय नवांशको भए मूल सम्बन्धी प्रश्न कहनू । तृतीय नवांश भए जीव सम्बन्धी प्रश्न कहनू फेरि चौथा मा धातु, पाँचौंमा मूल, छैटामा जीव यही प्रकार जान्नू । वृष, कर्क, कन्या, वृश्चिक, मकर, मीन यी सम लग्न प्रश्नमा भए विषम राशिको विपरीत जान्नू अर्थात् प्रथम नवांशमा जीव चिन्ता; द्वितीय नवांशमा मूल चिन्ता; तृतीय नवांशको धातु सम्बन्धी प्रश्न बताउनू । यसै प्रकार अगाडि पनि सम्झनु । लग्नमा जो नवांश तत्काल उदय छ उसैका बलानुसार फल कहनू ॥ ९ ॥

* अङ्कानुसारेण फलम् *

न दृश्यतेऽष्टाद्वितये च कार्यं रसैः समुद्रैर्निजकार्यसिद्धिः॥
सप्तत्रयोऽङ्काः कथयन्ति धैर्यं नवैकपञ्च त्वरितं ददन्ते ।१०।

अंगुलीले आठ र दुइ अंक छोए कार्यसिद्धि हुँदैन । ६।४ अंकमा हात राखे कार्यसिद्धि हुन्छ । ७-३ अंकमा हाथ राखे धैर्य धारण गर, ढीलो कार्यसिद्ध हुन्छ । ९-५ अंकमा हाथ राखे अत्यन्त शीघ्र कार्यसिद्ध हुन्छ ॥ १० ॥

* नष्टवस्तुप्रश्नः *

लग्नत्रिकर्मात्मजमित्रधर्म-लाभार्थगैः सौम्यखगैर्बलान्वितैः।

**केन्द्रत्रिकोणाष्टमलाभवर्ज्यैः पापैर्भवेन्नष्टधनस्य लाभः ।११।**

लग्न, तेस्रो, दशौं, पाँचौं र मित्र गृह, नवमस्थान, एकादशस्थान र द्वितीयस्थानमा सौम्य ( शुभ ) ग्रह बलयुक्त हउन् अरु पाप ग्रह केन्द्र १–४–७–१० त्रिकोण ५–९ अष्टम र एकादश स्थान रहित भए नष्टधनको लाभ हुन्छ ॥ ११ ॥

**केन्द्रत्रिकोणाष्टमवित्तसंस्थैः पापग्रहैश्चाशुभवीक्षितैश्च ॥**
**सौम्यैःसमिश्रैःखलु वित्तनष्टिर्नाशो भवेदन्यधनस्य चापि।१२**

केन्द्र १-४-७-१० त्रिकोण ५-९ वित्त २ यी स्थानमा पापग्रह स्थित हुन्, फेरि तिनलाई पापग्रह पूर्ण दृष्टिले देखुन् अरु शुभग्रह मिश्रित ( शुभ पाप दुवै ग्रहको दृष्टि युक्त ) भएन भने नष्ट धनको लाभ हुँदैन, त्यसैका विषयमा अरु धन पनि व्यय (नाश) हुन्छ ॥१२॥

**यस्मिन् राशौ भवेच्चन्द्रस्तद्राशेरधिपेन चेत् ।**
**दृश्यते चन्द्रमाः प्रश्नः तदा नष्टं च लभ्यते ॥ १३ ॥**
**चन्द्रो यदि भवेल्लग्ने तदा पूर्वगतं भवेत् ।**
**दशमस्थानगे चन्द्रे तदा नष्टं च दक्षिणे ॥ १४ ॥**
**सप्तमे च भवेच्चन्द्रस्तदा वित्तं च पश्चिमे ।**
**चतुर्थे च भवेच्चन्द्रस्तदा सौम्या दिगुच्यते ॥ १५ ॥**

जुन राशिमा चन्द्रमा छ त्यसै राशिका स्वामीले चन्द्रमालाई पूर्ण दृष्टिले देखे नष्ट धनादि वस्तु प्राप्त हुन्छ। चन्द्रमाका अनुसार दिशाको निरूपण गर्नु। चन्द्रमा लग्न गत भए पूर्व दिशामा, दशम स्थानमा भए दक्षिण दिशामा र सप्तम स्थानमा भए पश्चिम दिशामा र प्रश्न लग्नदेखि चन्द्रमा चतुर्थ स्थानमा भए उत्तर दिशामा नष्ट-धनादि गएको छ। उक्त स्थानमा चरराशि भए अत्यन्त दूर अर्थात्

वैरै टाढा गएको छ भन्नू। स्थिर राशि भए घरका समीप (नजीकै) छ। द्विस्वभाव राशि भए टाढा नजीक अर्थात् मध्यमा होला ॥१३-१५॥

**लग्नाच्चन्द्रो भवेद्यत्र तत्र चौरगृहं भवेत् ।**
**ब्राह्मणः क्षत्रियो वैश्यः शूद्रो वा स्वजनोऽङ्गना ॥ १६ ॥**
**भ्राता पुत्रश्च स्नूषा स्यान्मूषिकोऽथ भृत्यश्च भूः ।**
**मेषादिषु क्रमाच्चौरं नामेशाद्राशितुल्यकम् ॥ १७ ॥**

लग्नदेखि चन्द्रमा जुन राशिमा छ, त्यो जुन दिशाको स्वामी छ उसै दिशामा चोरको घर बताउनू। जस्तै प्रश्नलग्नमा चन्द्रमा सिंह राशिमा छ भने सिंह लग्न पूर्वको स्वामी हो अतः पूर्व दिशामा चोरको घर होला। अब राशिका क्रमले चोर ज्ञान लेखिन्छ—यदि प्रश्न कालमा मेषलग्न भए ब्राह्मण, वृषलग्न भए क्षत्रिय, मिथुन लग्न भए वैश्य, कर्कलग्न भए शूद्र, सिंह लग्न भए आफ्नै बन्धु, कन्या लग्न भए स्त्री, तुला लग्न भए भाई, वृश्चिक लग्न भए पुत्र, धन लग्न भए नोकर, मकर लग्न भए बुहारी, कुम्भ लग्न भए मूसाले लग्यो भन्नू, मीन लग्न भए पृथिवीमा यै क्रमले जान्नु। स्वरूप वर्णका लागि राशि तुल्य जान्नू उदाहरणार्थ तल वर्णचक्र लेखिदिएको छ ॥१६-१७॥

* वर्णचक्रम् *

| मे. | वृ. | मि. | क. | सिं, | कं. | तु. | वृ. | ध. | म. | कुं. | मी. | रा. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| रक्त | श्वेत | शुकवत् | पाटल | धूम्रप. | चित्र | कृष्ण | कनक | पिंगल | कर्बुर | बभ्रु | स्वच्छ | वर्ण |

**अन्धमन्दाक्ष संमध्यलोचनं च सुलोचनम् ।**
**गणयेद्रोहिणीपूर्वं सप्तवारमनुक्रमात् ॥ १८ ॥**
**अन्धे च लभते शीघ्रं काणे चैव दिनत्रये ।**
**चिपिटे मासमेकं स्याद्दिव्यदृष्टौ न लभ्यते ॥ १९ ॥**

* तथा च *

अन्धके लभते शीघ्रं मन्दके च दिनत्रयम् ।
मध्यके च चतुःषष्ठ्या न प्राप्नोति सुलोचने ॥ २० ॥

रोहिणी नक्षत्रदेखि लोचनको गणना हुन्छ, अर्थात् रोहिणी अन्ध लोचन, मृगशिरा मन्द, आर्द्रा मध्य, पुनर्वसु सुलोचन इत्यादि क्रमले गन्नू। उत्तराषाढाको अन्त्य चरण श्रवणको आद्यचरण अभिजित्संज्ञा हुन्छ। अन्धलोचनमा वस्तु वा कुनै माल हराए छिटै मिल्छ। काण अर्थात् मन्द लोचनमा हराए तीन दिन पछि बड़ा कष्टले मिल्ला। मध्यनेत्रमा हराए एक महिनापछि सुन्नसम्म सुनिन्छ, मिल्न मुश्किल छ। सुलोचनका दिन हराए मिल्दैन, सुन्न पनि सुनिंदैन अर्थात् दिव्य दृष्टिले हेरे पनि देखिनेछैन ॥१८–२०॥

* नक्षत्राणामन्धमन्दादिलक्षणकोष्ठकम् *

| | | | |
|---|---|---|---|
| रोहिणी ४ | मृगशिरा ५ | आर्द्रा ६ | पुनर्वसु ७ |
| पुष्य ८ | अश्लेषा ९ | मघा १० | पूर्वाफाल्गुनी ११ |
| उत्तराफाल्गुनी १२ | हस्त १३ | चित्रा १४ | स्वाती १५ |
| विशाखा १६ | अनुराधा १७ | ज्येष्ठा १८ | मूल १९ |
| पूर्वाषाढा २० | उत्तराषाढा २१ | अभिजित् २२ | श्रवण २३ |
| धनिष्ठा २४ | शतभिषा २५ | पूर्वाभाद्रपद २६ | उत्तराभाद्रपद २७ |
| रेवती २८ | अश्विनी १ | भरणी २ | कृत्तिका ३ |
| अन्धलोचन | मन्द (काण) लोचन (नेत्र) | मध्य लोचन | सुलोचन |
| पूर्व | दक्षिण | पश्चिम | उत्तर |
| शीघ्र लाभ | तीन दिन पछि कष्टले मिल्ला | १ मास पछि सुन्नमा आउला | नष्ट वस्तु पाइँदैन |

वस्त्वक्षरगुणयोगस्त्रियुतः पञ्चहृतस्तथा ।
एकेन स्वगृहे ज्ञेयं द्वितीयेन बहिस्तथा ॥ २१ ॥

तृतीये शयनागारे चतुर्थे स्थानसन्निधौ ।
पंचमे च विनोदेन हृतस्तेनैव बुध्यताम् ॥ २२ ॥

हराएका वस्तुको अक्षर गुण योग गरेर अरु तीन मिलाइदिनू र पाँचको भाग दिनू। एक शेष रहे नष्ट भएको धन आफ्नै घरमा छ। दुइ भए घरबाहिर गइसक्यो। पाइँदैन। तीन शेष रहे शयन स्थानमा छ। चार रहे आफ्ना स्थानका समीप अन्य स्थानमा होला। पाँच शेष भए आफ्नैमा अर्थात् आफुसम्मा दिल्लगी ठट्टाले चोरिएको हुन्छ। अब धन प्राप्तिको दोस्रो उपाय कहिन्छ। प्रश्नकालको तिथि, वार, नक्षत्र र प्रहर जम्मा (एकट्ठा) गरेर त्यसलाई दशले गुणा गर्नु र सातले भाग दिनू। शेष १ रहे पृथ्वीमा धन गाड़ेको छ। २ रहे भाँड़ामा राखेको छ। ३ रहे (पानी) का बीच छ। ४ रहे आकाशैमा अर्थात् कुनै ऊँचा घर वा वृक्ष आदि उच्चा स्थानमा छ। ५ रहे तुष अर्थात् तृण कसिगर भूस आदिमा छ। ६ रहे गोबर आदि मैला स्थानमा छ। ७ अङ्क रहे खरानी वा रसेटा आदिमा छ भन्नू अर्थात् सबै ठाउँमा आफ्नू बुद्धि र देश-काल आदि सबै विचार गरेर बताउनू, शास्त्र अनन्त छ ॥२१-२२॥

* चोरज्ञानमाह *

स्थिरोदये स्थिरांशे वा वर्गोत्तमगतेऽपि वा ।
स्थितं तत्रैव तद्द्रव्यं स्वकीयेनैव चोरितम् ॥२३॥

स्थिर राशिको लग्न र स्थिर राशिकै नवांश पनि भए नष्ट वस्तु उसै स्थानमा छ, दोस्रा स्थानमा गएको छैन। त्यो माल आफ्नै घरका मालिक वा नोकर-चाकरहरुले लिएको छ पाइन्छ ॥२३॥

* स्थानज्ञानमाह *

आदिमध्यावसानेषु द्रेष्काणेषु विलग्नतः ।
द्वारदेशे तथा मध्ये गृहान्ते च वदेद्धनम् ॥ २४ ॥

प्रश्न समयमा लग्नको प्रथम द्रेष्काण भए नष्टवस्तु घरका ढोका(दैला)का समीपमा छ। दोस्रा द्रेष्काण भए नष्टवस्तु घरका अन्तर्भाग ( भित्र ) छ। तेस्रो द्रेष्काण भए घरका पछाडि वा बाहिर अथवा चोरको हातमा छ भन्नू ॥ २४ ॥

चरे दूरं विजानीयात्स्थिरे गृहगतं भवेत् ।
द्विस्वभावे वदेद्बाह्यं लग्नात् त्रिविधमादिशेत् ॥ २५ ॥
अग्निभान्मध्यतो लेख्यं पूर्वादिषु त्रिकं त्रिकम् ।
यस्यां च तस्य नक्षत्रं तस्यां नष्टधनं भवेत् ॥ २६ ॥
चन्द्रभादग्निपर्यन्तं गणनीयं भमण्डलम् ।
त्रिकं त्रिकं मध्यमं स्यादग्निभे मार्ग उच्यते ॥ २७ ॥

प्रश्न कालमा पूर्वोक्त चर राशि भए नष्ट धन दूर देश पुग्यो। स्थिर राशिको लग्न भए घरैमा छ। द्विस्वभाव राशिको लग्न भए घरबाहिर टाढा नजीक विचार गरेर बताउनू अर्थात् टाढा पनि जान सक्छ, नजीक पनि हुन सक्छ। नक्षत्रबाट धन ज्ञान कहिन्छ। कृत्तिका नक्षत्रदेखि तीन २ मध्यमा र पूर्वादि दिशामा राख्नू, प्रश्नकालको नक्षत्र जुन दिशामा छ उसै दिशामा नष्टधन बताउनू, उतै मिल्छ अथवा चन्द्र नक्षत्रदेखि जुन नक्षत्रमा चन्द्रमा छ उस नक्षत्रदेखि कृत्तिका पर्यन्त नक्षत्र मण्डलको गणना गरेर ३-३ मध्यमादि दिशामा दिनु र कृत्तिकाबाट मार्ग ( बाटो ) बताउनू ॥२५–२७॥

* चौरस्यावस्थामाह *

कुमारिकां बालशशी बुधश्च वृद्धां शनिःसूर्यगुरू प्रसूताम् ।
सविस्मयां भौमसितौ विधत्त एवं वयः स्यात्पुरुषेषु चैवम् ॥ २८ ॥

चन्द्रमा र बुधको कुमारी कन्या, सूर्य र शनिको वृद्धा स्त्री, बृहस्पतिको प्रसूता, मङ्गल र शुक्रको विस्मय युक्त स्त्री जान्नू। यै

प्रकार पुरुषको पनि उमेर बताउनू; जस्तै चन्द्रमा र बुधको बालक, शनिको बूढो, सूर्यको सन्तान भएको; बृहस्पति, मंगल र शुक्रको चिन्तायुक्त पुरुष बताउनू ॥२८॥

* नष्टवस्तूनां दिशाज्ञानम् *

दिग्वाच्या केन्द्रगतैः संभवे वा वदेद्विलग्नर्क्षात् ।
मध्याच्च्युतैर्विलग्नान्नवांशकैर्योजना वाच्या ॥ २९ ॥

कोही बलवान ग्रह केन्द्रमा भए उसै दिशामा वस्तु गएको छ। केन्द्रमा सूर्य भए गत वस्तु पूर्व दिशामा छ। चन्द्रमा भए वायव्य दिशामा, मङ्गल भए दक्षिण दिशामा, बुध भए उत्तर दिशामा, बृहस्पति भए ईशान दिशामा कहनु, शनि भए पश्चिम दिशामा, राहु भएमा नैर्ऋत्य कोणमा गएको छ। केन्द्रमा एकदेखि बढ़ता ग्रह भए सबैभन्दा बलवान् जो ग्रह छ त्यसैको दिशा उपदिशा बताउनू। केन्द्रमा कोही पनि बलवान् ग्रह नभए प्रश्न लग्नबाटै दिशा बताउनू। जस्तै मेष, सिंह, धनको पूर्व। वृष, कन्या, मकरको दक्षिण। मिथुन, तुला, कुम्भको पश्चिम। कर्कट, वृश्चिक, मीन लग्नको उत्तर दिशा कहनू। यसैका साथसाथै लग्नका नवांशको पनि विचार गरेर योजन (चार कोस) कहनू। प्रथम नवांशदेखि पाँच नवांशसम्म भए गत वस्तु उसै स्थानमा छ। पाँचदेखि ऊपर जति नवांश बित्यो उति टाढ़ा उसै दिशामा गयो भनेर बताइदिनू, तर यहाँ पनि बुद्धिबलले द्विगुण त्रिगुण दश गुण सबै ग्रहबल र बुद्धिका अनुसार बताउनू ॥२९॥

* मुष्टिगतप्रश्नज्ञानमाह *

चन्द्रे शुक्रे भवेद्रौप्यं बुधे स्वर्णमुदाहृतम् ।
गुरौ रत्नयुतं हेम सूर्ये मौक्तिकमुच्यते ॥ ३० ॥
कुजे रत्नं शनौ लोहमस्थिजातं च शेषके ॥ ३१ ॥

सम्पूर्ण ग्रहहरूमा केन्द्रमा शुक्र बलवान भए र लग्नमा भए चाँदी मुठीमा छ भन्नू, बुध भए सुन कहनू। बृहस्पति भए रत्नजड़ित सुवर्णको औंठी कहनू। सूर्य भए मोती कहनू। मंगल भए लालरत्न माणिक आदि कहनू। शनि बलवान् भए लोह (फलाम) कहनू। राहु केतु भए अस्थि आदि पाषाण अर्थात् ढुंगो काठ आदि बताउनू॥ ३०-३१॥

❀ प्रश्नलग्नाद्वस्तुज्ञानम् ❀

मेषेऽरुणो वृषे शुक्लो हरितं मिथुने मतम्।
पाटलं कर्कटे राशौ धूम्रवर्णश्च केसरी॥ ३२॥
विचित्रवर्णं कन्यायां कृष्णवर्णं तुलाधरे।
अलौ पिशङ्गवर्णं च कुम्भके बभ्रुवर्णकम्।
मीने तु मलिनं कान्तं विज्ञेयं राशिवर्णतः॥ ३३॥

प्रश्न लग्न मेष छ भने वस्तु लाल (रातो) कहनू, वृष भए सेतो, मिथुन लग्नमा हरित अर्थात् सुगाको जस्तो रंग, कर्कट लग्नमा गुलाबी, सिंह लग्नमा धूम्र [धूँवाको जस्तो], कन्या लग्नमा धेरै वर्ण मिलेको, तुलालग्न भए कालो वर्ण, वृश्चिक लग्नमा पिशंगवर्ण अर्थात् जौको [illegible] जस्तो, धन लग्नभए पिंगल रंगको, मकर लग्नमा [illegible] मीनलग्न प्रश्नकालमा [illegible]

मङ्गलदेखि नवम, पञ्चम, शनि, शुक्र, बुध, बृहस्पति यी ग्रह एकट्ठा वा अलग २ भएर अथवा सूर्यदेखि नवम, पंचम चन्द्रमा भए पनि पुरुषको अभीष्ट दिशाको गमन हुँदैन, कारण यो छ कि ती ग्रहमध्ये जो बली छ त्यै ग्रहले आफ्ना दिशातिर लान्छ ॥३४॥

* यात्राप्रश्नः *

चरोदये शीतकरे स्थिरर्क्षे सौम्यग्रहैः संयुतवीक्षितैर्वा ।
यात्रा भवेत्सौख्यजयार्थसिद्धयै कल्याणदात्री निरुपद्रवा च॥

चरलग्न होस्, चन्द्रमा स्थिर राशिमा बसुन्, शुभ ग्रह लग्नमा हउन् वा लग्नलाई देखे भने सुख, जय, धन लाभ गर्ने र कल्याण वृद्धि गर्ने उपद्रव रहित [ निर्विघ्न ] श्रेष्ठ यात्रा हुन्छ ॥ ३५ ॥

स्थिरोदये शीतकरे स्थिरर्क्षे पापग्रहैः संयुतवीक्षितैर्वा ।
प्रष्टुः प्रवासो न भवेत्स्वधाम्नःस्थितिः प्रदिष्टा सुखसिद्धये च॥

स्थिरलग्न हवस्, स्थिरराशिमा चन्द्रमा हउन्, अरु क्रूर ग्रहहरूले युक्त वा पूर्ण दृष्टिले देखे भने प्रश्नकर्ताको यात्रा देशान्तरमा हुँदैन, स्थिति सुख दिनेवाला घरैमा हुन्छ ॥ ३६ ॥

द्व्यङ्गोदये द्व्यङ्गगते हिमांशौ पापग्रहैर्दृष्टिगतैर्न सौम्यैः ।
प्रष्टुर्निवृत्तिः परदेशयाने क्लेशाऽर्थनाशोऽरिपराजयश्च ॥

द्विस्वभाव लग्न होस्, द्विस्वभाव राशिमा भएर पापग्रहले पूर्ण दृष्टिसँग देखेर शुभ ग्रहको दृष्टि नहोस् वा पापग्रह लग्नमा भएमा प्रश्नकर्ताको परदेश निवृत्ति आगमन कहनु, फेरि अरु क्लेश शत्रुभय धनादि नाश इत्यादि अशुभ हुन्छ भनेर बताइदिनु ॥ ३७ ॥

क्रूरे कलत्रे हि व्रजेद्यदथ तत्कार्यनाशो गमनं च न स्यात् ।
पापग्रहैः कर्कगतैर्न यात्रा स्याज्ज्येष्ठबन्धोर्नृपतेर्निषेधात् ॥

त्रिलाभषष्ठोपगतैश्च पापैर्यात्राप्रयाणादिषु संक्षयः स्यात् ।
मार्गान्निवृत्तिश्च रसातलस्थे भूयो ग्रहैः केन्द्रगतैश्च सिद्धिः॥

लग्नदेखि सप्तमस्थानमा क्रूर ग्रह भए जुन कार्यका निमित्त पुरुष यात्रा गर्दा त्यो कार्य नष्ट हुन्छ, त्यसको यात्रै हुँदैन । प्रश्न लग्नदेखि दशम स्थानमा पापग्रह भए जेठो दाजु वा राजाले रोकेर यात्रा बन्द होला । तेस्रामा वा एकादश स्थानमा अथवा छैठौं स्थानमा पापग्रह भए यात्रा गर्दा प्रवासमा क्षय [ नाश ] हुन्छ । पापग्रह चतुर्थ स्थानमा भए पथिकको मार्ग निवृत्ति हुन्छ । केन्द्र १-४-७-१० स्थानमा शुभग्रह भए यात्रामा सबै सिद्ध हुन्छ॥३८–३९॥

* प्रयाणे सुखप्राप्तियोगः *

लग्नेशकर्माधिपती च लग्ने केन्द्रायगौ श्रेष्ठफलं प्रयाणात् ।
धने स्थिरे भूरिधनस्य लाभस्तुर्ये च यातुः सुखसंपदः स्युः॥
लग्ने शुभे देहसुखं शुभाढ्यं सौख्यार्थलाभः शुभकार्यसिद्धिः।
सुखस्थिते सौख्यजयार्थलाभाःस्युःकार्यसिद्धिर्विविधाम्बराप्तिः

लग्नेश लग्नमा हवोस् अथवा अरु केन्द्र १-४-७-१० र लाभ ११ स्थानमा भए यात्रामा श्रेष्ठ फल हुन्छ । प्रश्न लग्नदेखि धनस्थानमा स्थिर राशि भए धेरै धनको लाभ हुन्छ । चतुर्थ स्थानमा स्थिर राशि भए पथिकलाई सुख संपदा प्राप्ति हुन्छ । लग्नमा शुभग्रह स्थित छ भने देह सुख अर्थादिको लाभ हुन्छ, अरु कार्यको सिद्ध पनि हुन्छ । चतुर्थस्थानमा शुभ ग्रह युक्त भए सुख, जय, धन, लाभ र कार्य सिद्धि अनेक प्रकारका वस्त्र आभूषणादिको प्राप्ति हुन्छ ॥४० ४१॥

शुभोऽस्तगो यत्र च याति गत्या तत्रास्ति रम्या धनवाहनाप्तिः।
धनस्थिते सौख्यजयार्थलाभः केन्द्रे च कोणे शुभकार्यसिद्धिः॥

सप्तम गत शुभ जुन स्थान [ राशि ] मा स्वगति अर्थात् आफ्नो

पूर्ण गतिमा प्राप्त हुन्छ। यहाँ पथिकलाई धेरै प्रकारको धन वाहनादि प्राप्ति हुन्छ। शुभ ग्रह धनस्थानमा प्रश्न लग्नदेखि स्थित छ भने पनि धन वाहनादिको प्राप्ति अति राम्रो हुन्छ। शुभग्रह केन्द्र १।४। ७।१० त्रिकोणमा ५।९ भए पनि अत्यन्त असल प्रकारले कार्यको परिपूर्ण सिद्धि हुन्छ ॥ ४२ ॥

* पथिक आयाति वा नेति प्रश्नः *

मार्गस्थं पथिकं ब्रूते द्यूने चन्द्रो व्यवस्थितः ।
मार्गनाथेन युग्दृष्टः पथिकागमनं तथा ॥४३॥

चन्द्रमा प्रश्न लग्नदेखि सप्तम स्थानमा भए पथिक बाटामा छ। चन्द्रमा मार्गनाथ[नवमेश]सँग युक्त दृष्ट भएका बेला आइपुग्छ।४३।

लाभेशकर्मायगते स्वकार्यं तदाशुभं सिद्धयति पृच्छकस्य ।
तृतीयगे वा नवमे धनेशे कृत्वा स्वकार्यं स्वपुरे प्रयाति ।४४।

चन्द्रमा, लग्नेश धनेश र शुभग्रह केन्द्रस्थानमा स्थित भए वा पूर्ण दृष्टिले लग्न वा केन्द्र स्थानलाई देखे शुभ फल हुन्छ। पापग्रह केन्द्रमा हुन्, केन्द्रलाई देखुन् अथवा केन्द्रगत (केन्द्रमा जानलागेका) भए विपरीत अशुभ फल हुन्छ ॥४४॥

दूरगतस्यागमनं सुतधनसहजस्थितैर्ग्रहैर्लग्नात् ।
सौम्यैर्नष्टप्राप्तिर्ल्याागमनं गुरुसिताभ्याम् ॥४५॥

प्रश्नलग्नदेखि पाँच, दुइ, तीन स्थानमा इत्यादि सब ग्रह बसे भने टाढा देशान्तरमा गएको प्रवासी मनुष्य छिटै घर फिरेर आउँछ, फेरि यसमा पनि विशेषता यो छ कि माथि कहेका स्थानमा बुध, गुरु, शुक्र र पूर्ण चन्द्रमा भए हराएको वस्तु पनि प्राप्त हुन्छ। केही खबर नदिई भागेको पनि छिटै आउँछ। पूर्वोक्त स्थानमा केवल गुरु र शुक्रमात्र भए प्रवासी छिटै आउँछ। नष्टवस्तु उसै दिन मिल्छ ॥४५॥

जामित्रे त्वथवा षष्ठे ग्रहः केन्द्रेऽथ वाक्पतिः।
प्रोषितागमनं विद्यात्त्रिकोणे ज्ञे सितेऽपि वा ॥४६॥

तात्कालिक लग्नदेखि छैटौं अथवा सातौं स्थानमा कुनै ग्रह भए र केन्द्रस्थानमा गुरु होस् अथवा बुध शुक्र यिनमा कोही नवम वा पंचम स्थानमध्ये कसैमा भए पनि प्रवासी केही दिनमा आउँछ ॥४६॥

अष्टमस्थे निशानाथे कण्टकैः पापवर्जितैः।
प्रवासी सुखमायाति सौम्यैर्लाभसमन्वितः ॥४७॥

लग्नदेखि अष्टमस्थानमा चन्द्रमा र केन्द्रस्थान पापग्रहदेखि रहित भए प्रवासी मनुष्य सुखपूर्वक घर आउँछ। त्यसमा पनि केन्द्र स्थानमा शुभ ग्रह भए प्रवासी मनुष्य धेरै धन लिएर छिटै घर आउँछ ॥४७॥

पृष्ठोदये पापनिरीक्षिते वा पापस्तृतीये रिपुकेन्द्रगो वा।
सौम्यैरदृष्टा वधबन्धदाः स्युर्नष्टा विनष्टा मुषिताश्च वाच्याः॥

प्रश्नलग्न पृष्ठोदय अर्थात् मेष, वृष, कर्क, धनु, मकर, मीन यी राशिका हउन् त्यसमा पापग्रहको दृष्टि होस् वा तेस्रा छैटौं अथवा प्रथम, चतुर्थ, सप्तम वा दशम यी स्थानमा पापग्रह हउन्, फेरि तिनका ऊपरमा शुभ ग्रहको दृष्टि नभए प्रवासी मनुष्यको वध बन्धन होला अर्थात् मारिएला वा बन्धनमा पर्ला अथवा त्यो बसेका स्थान-देखि अर्का स्थानमा गयो वा चोरले त्यसको सर्वस्व हरण होला अर्थात् चोरिएला भन्नु। शुभ ग्रह लग्नदेखि तेस्रा स्थानमा बसे र यी ग्रहका ऊपर शुभग्रहको दृष्टि छैन भने प्रवासी नष्ट होला अर्थात् एक देशबाट दोस्रा देसमा गयो। अथवा पापग्रह लग्नदेखि छैठौं स्थानमा होस् फेरि त्यसलाई पापग्रहले नदेखेमा चोरले सर्वस्व चोरिदिए भन्नू, फेरि केन्द्रमा पापग्रह हउन् तिनलाई शुभ ग्रहले नदेखेमा वध वा बन्धन भयो अथवा त्यसलाई कसैले ताडना गर्‍यो ॥ ४८ ॥

* प्रवासिनामागमनकालमाह *

ग्रहो विलग्नाद्यतमे गृहे तु तेनाहता द्वादशराशयः स्युः ।
तावद्दिनान्यागमनस्य विद्यान्निवर्तनं वक्रगतैर्ग्रहैस्तु ॥४८॥

लग्नदेखि अगाडि अव्यवहित कोही पनि ग्रह जुन राशिमा छन् वहाँतकका राशि गनेर जो संख्या आउँछ त्यसलाई १२ ले गुणा गरेर जो संख्या हुन्छ उति दिनमा प्रवासी आउँछ अथवा त्यो ग्रह जब वक्रगति होला तबै प्रवासी मनुष्य घर आउँछ ॥ ४९ ॥

* दिनसंख्याकथनमाह *

सर्वोत्तमबली लग्नाद्यस्मिन् स्थाने ग्रहः स्थितः ।
मासैस्तत्तुल्यसंख्याकैर्निवृत्तिं यातुरादिशेत् ॥ ५० ॥

सबैभन्दा अधिक बलवान् ग्रह प्रश्नलग्नदेखि जुन स्थानमा अर्थात् जति टाढा छ उति महीनामा प्रवासी आफ्ना घर आउँछ ।५०।

चन्द्रे दिनानि वाच्यानि भानौ मासावधिं वदेत् ।
जीवे प्रश्नगते चैव वर्षमात्रं विनिर्दिशेत् ॥ ५१ ॥
अष्टमासावधिर्लाभो भौमे लग्ने समादिशेत् ।
बुधे मासावधिर्लाभो राहौ लग्नगते तथा ॥
विचार्य सुमहद्बुद्ध्या ब्रूयात्सर्वं सुनिश्चितम् ॥ ५२ ॥

सबै ग्रहभन्दा बली भएर लग्नदेखि जुन राशिमा चन्द्रमा छ पथिकको त्यत्ति दिनमा आगमन ( आउने ) कहनू । यसै प्रकार सूर्य बलवान् भएमा उत्ति मासमा आगमन कहनू । बृहस्पति भए उत्ति वर्ष कहनू । मंगल बली भए आठ महीनामा प्रवासीको आगमन कहनू । बुध भए एक मासमा, शुक्र भए एक वर्षमा, राहु केतु भए छ महीनामा प्रवासीको आगमन कहनू ॥५१–५२॥

तिथिप्रहरसंयुक्तास्तारकावारमिश्रिताः ।

सप्तभिश्च हरेद्भागं शेषं चैव शुभाशुभम् ॥५३॥
प्रथमे संस्थितिस्तत्र द्वाभ्यामागमनं भवेत् ।
तृतीये चार्द्धमार्गस्थश्चतुर्थे यानमादिशेत् ॥५४॥
पञ्चमे पुनरावृत्तिं षष्ठे व्याधिं विनिर्दिशेत् ।
शून्ये शून्यं विजानीयाच्छारदावचनं यथा ॥५५॥

तिथि, वार, नक्षत्र, प्रहर यी सबै जम्मा गरेर सातको भाग दिनु जो शेष रहन्छ, त्यसको शुभाशुभ फल कहनू। एक शेष रहे पर-देशी परदेशमा स्थित छ, दुइ बचे आउनेछ, तीन रहे आधा बाटामा छ। चार रहे आउन सवारी आदिमा चढ्यो। पाँच रहे अलिवरतक आएर फेरि फिर्यो फेरि आउँछ। छ भए व्याधियुक्त अर्थात् बिमार भएर बसेको छ। शून्य अर्थात् सात भए मऱ्यो भन्नू ॥५३-५५॥

तिथिवारं च नक्षत्रं पथिकाक्षरसंततिम् ।
एकीकृत्य मुनेर्भागं ज्ञातव्याऽऽगमनावधिः ॥५६॥
स्थानं स्थितो बहिर्मार्गे चलचित्तं द्वितीयके ।
रामे वेदे भवेन्मार्गे पञ्चमे गृहमागतः ॥
षष्ठे रोगो भवेत्कश्चिच्छून्ये मृत्युं विनिर्दिशेत् ॥५७॥

प्रश्न गरेका बेलाको तिथि, बार, नक्षत्र, पथिक अर्थात् परदेशी-का नाउँको अक्षर एकत्र गरेर सातले भागदिनू जो शेष रहन्छ त्यसको गमनागमन फल विचार गर्नु। एक शेष रहे आउन लागेको छ, बाटो हिंड्दैछ भन्नू। दुइ रहे चलचित्त अर्थात् म घर जाऊँ कि न जाऊँ भन्ने यै दोधारमा परेको भन्नू। तीन र चार अङ्क मिलेमा परदेशी बाटामा आउँदैछ भन्नू। पाँच अंक शेष रहे प्रवासी आइपुग्छ भन्नू। छः रहे रोगी भएर बसेको छ भन्नू। शून्य भए मृत्यु भयो भन्नू ॥५६-५७॥

रविरङ्गारको दूरे मार्गे शुक्रबृहस्पती ।
बुधचन्द्रौ समीपस्थौ शनिराहू स्थिरं वदेत् ॥५८॥

सूर्य मङ्गल लग्नमा भए प्रवासी धेरै टाढ़ा गएको छ। बृहस्पति शुक्र लग्नमा भए प्रवासी बाटामा छ। बुध चन्द्रमा लग्नमा भए नजीकै आइपुग्यो। शनि राहु लग्नमा भए प्रवासी स्थिर भएर बसेको छ आउन मुश्किल छ। यस्तै प्रकारले नष्ट वस्तु अर्थात् चोरी भएको माल हराएको वस्तु आदिको पनि विचार गर्नू ॥ ५८ ॥

* मैत्रीप्रश्नः *

तिथिवारर्क्षयोगश्च प्रभुनामयुतस्त्रिभिः ।
युक्तः स्याद्भाजितो द्वाभ्यामिन्दौ मैत्री द्विकं नहि ॥५९॥

अब प्रश्नकालमा कसैले मैत्री हुन्छ कि हुँदैन भनेर सोध्यो भने त्यसै दिनको तिथि, वार, नक्षत्र, योग ( विष्कुम्भादि ) र स्वामी अर्थात् जससँग मैत्री गर्नु छ उसको नाम ( नाउँका अक्षर ) जोड़नु र अरु ३ अंक त्यसमा मिलाइदिनु, २ ले भागदिनू शेष १ रहे मैत्री हुन्छ भन्नु शेष० वा २ रहेमा हुँदैन ॥ ५९ ॥

* युद्धप्रश्नः *

युद्धे भाविनि चेत्प्रश्ने लग्नेशः सप्तमाधिपः ।
शत्रू स्यातां तदा युद्धं भविष्यति न चान्यथा ॥६०॥

युद्ध ( लड़ाइ ) हुन्छ कि हुँदैन भनेर सोधेमा लग्नेश सप्तमेशको आपसमा शत्रुता भयो भने युद्ध हुन्छ। मैत्री भएमा हुँदैन ॥६०॥

* गुप्तहननप्रश्नः *

रिपुं हन्तुं गमिष्येऽद्य लग्ने क्रूरयुते जयः ।
लग्नेन्दू शुभदृष्टौ वा जयः प्रष्टुर्न चान्यथा ॥६१॥

कसैले आएर आज म शत्रु मार्न जान्छु कार्य पूरा हुन्छ कि

हुँदैन भनेर सोध्दे प्रश्नलग्न क्रूरयुक्त भए जय हुन्छ। अथवा लग्न चन्द्र शुभ ग्रहको दृष्टि युक्त भए पनि जय हुन्छ अन्यथा हुँदैन ॥ ६१ ॥

* दुर्गभङ्गप्रश्नः *

पापैः सुख-व्योमगतैः परैर्यत्प्रवेष्टितो येन नरेश्वरेण ।
स्वयं च न स्यादचिरेण दुर्गमुक्तं रिपूणां भयविह्वलं स्यात् ॥

पापग्रह प्रश्नलग्नदेखि चतुर्थ वा दशौंमा स्थित भए जो दुर्ग भङ्ग गर्न जान्छ ऊ वहीं बसेका राजासँग मिलेर लड़ाइमा मारिन्छ, दुर्ग भङ्ग हुँदैन ॥ ६२ ॥

लग्ने सुतस्थे दशमे च जीवे सुखं प्रभूतं परितस्त्वरा च ।
निगृह्यते दुर्गमिहोपगम्य पराङ्मुखं तद्भवति क्षणेन ॥६३॥

प्रश्न लग्नमा र पंचम, दशमस्थानमा बृहस्पति भए दुर्गभंग गर्ने जो राजा छ त्यसलाई अत्यन्त सुख हुन्छ । त्यसै बेला दुर्गका चारैतर्फबाट घेरा दिएर दुर्ग आफ्ना हातमा गरी सम्पूर्ण शत्रु भगाइ दिनेछन् ॥ ६३ ॥

* संधिप्रश्नः *

नृराशिसंस्था उदये शुभाः स्युः व्ययायसंस्थाश्च यदा भवन्ति
तदाऽऽशु सन्धिं प्रवदेन्नराणां पापैर्द्विदेहोपगतैर्निरोधम् ॥
सन्धिं कुर्यात्सुहृद्दृष्टिर्लग्नेशास्तपयोर्मिथः ।
पृच्छायां लग्नपे क्रूरे जातः सन्धिर्विनश्यति ॥६५॥

पुरुष राशिमा शुभग्रह लग्न वा एकादश स्थानमा स्थित भए छिटै मिलाप हुनेछ । पापग्रह द्विस्वभाव राशि अर्थात् मिथुन, कन्या धनु, मीनमा भए विरोध होला । अथवा लग्नेश सप्तमेशको आपसमा मित्रदृष्टि भए सन्धि हुनेछ । लग्नेश क्रूर ( अशुभ ) भएमा भएको सन्धि पनि नष्ट हुनेछ ॥६४–६५॥

* विवाहप्रश्नः *

गुरुरविसौम्यैर्दृष्टस्त्रिसुतमदायारिगः शशी लग्नात् ।
भवति च विवाहकर्ता त्रिकोणकेन्द्रेषु वा सौम्याः ॥६६॥

प्रश्नलग्नदेखि ३-५-६-७-११ स्थानमा चन्द्रमा होस् त्यसउपर गु. सू. बु. को दृष्टि भए विवाह अवश्य हुन्छ । अथवा पाचौं नवौं र १-४-७-१० स्थानमा शुभग्रह भए पनि विवाह अवश्य हुन्छ ॥६६॥

कर्कतौलीवृषाश्चन्द्रयुक्ताःशुभनिरीक्षिताः ।
पृच्छाकाले तदा नृणां कन्यालाभो भवेद्ध्रुवम् ॥६७॥
योषिद्ग्रहस्थिताः शेषाः पश्यन्ति स्त्रीनवांशकम् ।
लग्ने च स्यात्तदा लाभः स्त्रियाः पुंसोऽपि तादृशः ॥६८॥

प्रश्नलग्न ४-७-८-१२ राशि होस् त्यसमा चन्द्रमा युक्त भए त्यस पुरुषलाई अवश्य कन्या लाभ हुन्छ । शेष राशिमा स्त्री ग्रह स्थित भएर स्त्री नवांशलाई देखोस् अथवा लग्नमा भए पनि त्यस पुरुषलाई स्त्री लाभ हुनेछ ॥ ६७-६८ ॥

* गर्भप्रश्नः *

कान्ताभिधानंगुणितं मुनिन्द्रैस्तिथ्या युतं नागहतं च शेषम् ।
समे च कन्या विषमे च पुत्रो निःशेषभागं मरणाय नूनम् ।६९।

स्त्रीको नामाक्षर वा प्रश्नलग्नदेखि सप्तम स्थानले गुणा गर्नु र त्यसै वेलाको तिथि मिलाएर आठको भाग दिंदा शेष सम अंक २।४। ६ भए कन्याको जन्म हुन्छ । विषम अंक १-३-५-७ रहे पुत्रको जन्म बताउनू । शून्य शेष रहे गर्भस्राव अर्थात् तुहुन्छ ॥ ६९ ॥

* अन्यच्च *

तिथिं वारं च नक्षत्रं गर्भिणीनामसंयुतम् ।
सप्तभिश्च हरेद्भागं शेषं च फलमादिशेत् ॥७०॥

प्रश्न समयको तिथि वार नक्षत्र र गर्भिणी स्त्रीको नामाक्षर ( नाउँको अक्षर ) जोडेर सातले शेष गर्नू ॥ ७० ॥

**रविर्गुरुर्मङ्गलसौरिपुत्रः शुक्रज्ञसोमेषु वदेच्च कन्याम् ।**
**विज्ञाय चाङ्कं प्रवदेत्सुनिश्चितं तन्नोपहास्यं व्रजतीह लोके॥**

रवि, गुरु, मंगल र शनिश्चर अर्थात् १-३-५-७ शेष रहे पुत्र हुन्छ । शुक्र, बुध, चन्द्रमा अर्थात् सम अंक २-४-६ शेष रहे कन्याको जन्म कहनु । तर अंक प्रश्न र योग प्रश्न राम्रा प्रकारले सोचेर कहनू; किनभने राम्रो विचार गरेर कहेमा यो लोकमा उपहास हुँदैन त्यसलाई धन र ठूलो प्रतिष्ठा पनि हुन्छ ॥ ७१ ॥

**ओजस्थैः पुरुषांशकेषु बलिभिर्लग्नार्कगुर्विन्दुभिः**
**पुंजन्म प्रवदेत्समांशकगतैर्युग्मेषु तैर्योषितः ।**
**गुर्वर्कौ विषमे नरं शशिसितौ वक्रश्च युग्मे स्त्रियं**
**द्व्यङ्गस्था बुधवीक्षणाश्च यमलौ कुर्वन्ति पक्षे स्वके ॥७२॥**

लग्न, गुरु, सूर्य र चन्द्रमा ओज अर्थात् विषम राशि मे. मि. सिं. तु. ध. कु. मा बसेर पुरुष राशि ( मेष, सिंह, वृश्चिक, धन, मीन ) का नवांशमा बलवान् भएर बसेमा पुत्र जन्मन्छ । लग्न, चन्द्र, सूर्य र बृहस्पति सम राशि ( वृष, कर्क, कन्या, वृश्चिक, मकर र मीन ) बसेर स्त्रीराशिका नवांश अर्थात् वृष, मिथुन, कर्क, कन्या, तुला, मकर, कुम्भका नवांशमा बलयुक्त भएर बसे अवश्य कन्या जन्मन्छे । सूर्य बृहस्पति विषम राशिमा भए पुत्र हुन्छ । मंगल, शुक्र, चन्द्रमा समराशिमा वा समराशिका नवांशमा भए कन्याको जन्म हुन्छ । फेरि पूर्वोक्त ग्रह द्विस्वभाव राशिमा अर्थात् ३-६-९-१२ मा बसेर बुधले पूर्ण दृष्टिले देखे यमल अर्थात् जम्ल्याहा जन्मनेछन् । यमल कन्या वा पुत्र हुन्छन्, यस शंकामा यो विचार गरिन्छ कि

चारै राशि द्विस्वभावका छन् जस्तै कि माथि कहेको छ। त्यसमा मिथुन र धन राशिमा पुरुषांशक बली हुन्। अरु कन्या मीन राशि स्त्री अंशका बलि हुन्, यदि मिथुन र धन राशिमा सूर्य बृहस्पति बसेका हुन् उनका माथि बुधको दृष्टि भएमा बुध जहाँसुकै भएर देखे पनि पूर्ण दृष्टि भयो भने यमल (जम्ल्याहा) दुबै पुत्रको जन्म हुन्छ। यदि कन्या मीन राशिका नवांशमा चन्द्रमा, शुक्र, मंगल भएर पूर्ण दृष्टिले देखेमा जम्ल्याहा दुबै कन्या (छोरी) हुन्छन्। यदि द्विस्वभाव राशिका नवांशमा सूर्य, बृहस्पति, चन्द्र, शुक्र, मंगल बसेर बुधको पूर्ण दृष्टि भएमा यमल मध्ये एक कन्या एक पुत्रको जन्म हुन्छ। पहिले पुत्र कि कन्या यस शंकामा यदि पुरुषग्रह बलवान भए प्रथम पुत्र हुन्छ। स्त्री ग्रह बली भएमा प्रथम कन्या जन्म कहनू। यसै प्रकारले जेठा कान्छा पनि गुरुद्वारा सम्झनु पर्छ। लग्न छोडेर विषम राशिमा शनिश्चर भएमा केवल पुत्रकै जन्म हुन्छ ॥ ७२ ॥

लग्नस्य विगतैरंशैर्गता मासा निरूपिताः।
भोग्यांशैर्भोग्यमासाश्च गर्भस्य सुप्रकल्प्यताम् ॥ ७३ ॥
समे लग्ने नवांशे च शनिः कन्याप्रदो भवेत्।
विषमे विषमांशे च लग्ने पुत्रप्रदो भवेत् ॥ ७४ ॥
औजसांशे जीवसूर्यौ पुत्रलाभकरौ मतौ।
कन्यका कारका ज्ञेयाः प्रश्नलग्नान्मनीषिभिः ॥ ७५ ॥

प्रश्नलग्नका शेष अंशदेखि शेषमास कहनू। तर यहाँ दशमांशसंग मतलब छ। सम राशि वा समनवांशमा शनि भए कन्या जन्म कहनु। विषम राशि नवांशमा शनि पुत्रकारक हुन्छ। विषम राशि नवांशमा सूर्य, बृहस्पति भए पुत्र हुन्छ, सम राशि नवांशमा शुक्र, चन्द्र, मंगल भए कन्याजन्म कहनू ॥ ७३-७५ ॥

* रोगिप्रश्न *

तिथिं वारं च नक्षत्रं लग्नं प्रहरमेव च ।
अष्टभिस्तु हरेद्भागं शेषांकैः फलमादिशेत् ॥७६॥
ह्या७ऽग्नौ ३ देवताबाधा पैत्री वै नेत्र २ दन्तिषु ८ ।
षट् ६ चतुर्षु ४ भूतबाधा न बाधा ह्येक१ पञ्चके५ ॥७७॥

तिथि, वार, नक्षत्र, लग्न र प्रहर समेत सब एकत्र गरेर आठको भाग दिनू। शेष ७-३ रहे देवताको बाधा हुन्छ। २-८ शेष रहे भूतबाधा छ। १-५ रहे केही बाधा पनि छैन रोगमात्रै हो भन्नू ॥७६-७७॥

* रोगप्रश्न *

मेषे च देविदोषः स्याद्वृषे दोषश्च पैतृकः ।
मिथुने शाकिनीदोषः कर्कटे भूतदोषकः ॥७८॥
सिंहे सहोदराणां वै कन्यायां कुलमातृजः ।
तुले दोषश्चण्डिकाया नाडीदोषो हि वृश्चिके ॥७९॥
चापे च यक्षिणीपीड़ा मकरे ग्रामदेवतात् ।
पुत्राश्च दृष्टिजः कुम्भे मीने त्वाकाशगामिनः ॥८०॥

प्रश्नसमयमा मेषलग्न भए रोगीलाई देवीको दोष छ। वृष भए पितृ दोष, मिथुन भए शाकिनी दोष, कर्कट भए भूतदोष, सिंह भए सहोदरको, कन्या भए कुल मातृकाको, तुला भए चण्डिकाको दोष बताउनु, वृश्चिक भए नाडी दोष, धन भए यक्षिणीको पीडा कहनु, मकर भए ग्रामदेवताको, कुम्भ भए पुत्रादिको दोष, मीन लग्न भए आकाश-देवीको दोष कहनू ॥ ७८-८० ॥

* तथा च *

रौद्राहिशाक्रांबुपयाम्यपूर्वाद्विदैववस्वग्निषु पापवारे ।
रिक्ताहरिस्कन्ददिने च रोगे शीघ्रं भवेद्रोगिजनस्य मृत्युः ।

आर्द्रा, आश्लेषा, ज्येष्ठा, पूर्वाषाढा, भरणी, पूर्वा, फाल्गुनी, पूर्वाभाद्र पद, विशाखा, धनिष्ठा, कृत्तिका यी नक्षत्रमा र पापवार अर्थात् शनि, रवि, मङ्गलवार र रिक्ता तिथि ४-९-१४ द्वादशी र षष्ठी तिथि यति योग मिलेर कसैलाई रोग लाग्यो भने त्यो रोगी अवश्य पनि छिटै मर्छ ॥ ८१ ॥

लग्नेऽष्टमे व्यये सूर्ये क्षेत्रपालस्य दूषणम् ।
आकाशदेव्याश्चन्द्रे तु लग्ने षष्ठेऽष्टमे व्यये ॥८२॥
द्वादशे दशमे भौमे डाकिनीदूषणं स्मृतम् ।
वनदेव्युद्भवो दोषः समये द्वादशे बुधे ॥८३॥
जामित्रे द्वादशे जीवे देवदोषो निगद्यते ।
अस्ते व्यये दैत्यपूज्ये जलदेव्याश्च दूषणम् ॥८४॥
शनैश्चरे व्यये चास्ते दोषः स्यादामवातजः ।
जामित्रे द्वादशे राहुः कुमति ज्ञातिदूषणम् ॥८५॥

प्रश्नलग्नदेखि ८-१२ स्थान अथवा लग्नमा सूर्य भए रोगीलाई क्षेत्रपालको दोष लाग्यो भन्नु । लग्नमा वा ७-८-१२ स्थानमा चन्द्रमा भए आकाश-देवीको दोष जान्नु । मङ्गल दशौं वा बाह्रौं स्थानमा भए डाकिनी दोष जान्नु । बुध सप्तम वा द्वादश स्थानमा भए वनदेवीको दोष जान्नु । गुरु सप्तम वा द्वादश स्थानमा भए देव दोष जान्नु । शुक्र सप्तम वा द्वादश स्थानमा भए आमवातको दोष जान्नु । राहु सप्तम अथवा द्वादश स्थानमा भए कुमति ज्ञाति अर्थात् दुष्ट-मानिसले जादु टूना आदि गरेको छ भन्नु ॥८२-८५॥

* मतान्तरे च *

पितृदोषो भवेन्मेषे क्षुधाहानिर्भविष्यति ।
वृषे गगनदेव्यास्तु ज्वरो दुःस्वप्नमक्षिकम् ॥ ८६ ॥

मिथुने च महामायादोषो वेलाज्वरोऽनिलः ।
कर्के च शाकिनीदोषो हास्यरोदनमौनतः ॥ ८७ ॥
सिंहे जले प्रेतदोषो दिवा शीतज्वरोऽरुचिः ।
गृहदोषश्च कन्यायां क्रोधालस्यौ तथाऽरुचिः ॥ ८८ ॥
क्षेत्रपालभवो दोषस्तुले सन्तानपीडनम् ।
वृश्चिके नागदोषश्च ज्वाला देहे कुबुद्धिता ॥ ८९ ॥
चापे देहे भवेद्दोषो ज्वरः शोकोदरव्यथा ।
मकरे चण्डिकादोषो देहभंगो ज्वरोऽनिलः ॥ ९० ॥
मलिनप्रेतदोषश्च कुम्भे देहस्य पीडनम् ।
मीने चापेऽङ्गनादोषो ज्वरो जंजालदर्शनम् ॥ ९१ ॥

प्रश्नलग्न मेष हवोस् अथवा रोगीको जन्मलग्न मेष भएमा क्षुधा हानि हुन्छ, फेरि कुरूप हुन्छ । वृष भए आकाश देवीको दोषबाट ज्वर आउँछ, अनेक प्रकारका दुःस्वप्न आदिको दर्शन हुन्छ, मिथुन भए महामायाको दोष हुन्छ, बेलाज्वर ( सामयिक जरो ) र भयादि हुन्छ । कर्कलग्न भए शाकिनीको दोष हुन्छ, नानाप्रकारका छाँटा गर्ने कहिले रुने कहिले हाँस्ने कैल्हे पागल जस्तो भएर बकबक गर्ने इत्यादि हुन्छ । सिंह लग्न भए प्रेतबाधा जलदोष दिनमा शीतज्वर अरुचि आदि हुन्छ । कन्या भए दुष्ट ग्रह दोष भएर शरीरमा अत्यन्त बाधा गर्नेछ क्रोध आलस्य अरुचि आदि हुनेछ । तुलालग्नमा क्षेत्रपालको दोष हुनेछ सन्तानादिलाई पनि पीडा गर्ला । वृश्चिकमा सर्प ( नाग आदि ) को दोष शोक पेटमा पीडा हुन्छ । धनमा ज्वरदोष पेटमा पीडा हुन्छ । मकरमा चण्डीको दोष भएर अङ्गभङ्ग पीडा वात ज्वर आदि हुन्छ । कुम्भमा प्रेतदोष हुन्छ, शरीरमा

अत्यन्त मलीनता र सुस्ती आदि होला। मीन लग्न भए योगिनीको दोष र महाज्वर आदि भएर दुःख दिनेछ ॥ ८६–९१ ॥

व्यये धर्मे तृतीये च षष्ठे पापग्रहो यदा।
हतो गरैर्जलैः शस्त्रैस्तस्य दोषः कुलोद्भवः ॥ ९२ ॥

लग्नदेखि बाहौं, नवौं, तृतीय र षष्ठ स्थानमा पापग्रह भए विष (जहर), जल, शस्त्र (हतियार) आदिबाट मरेका सगोत्रीय प्रेत आदिको दोष हुनेछ ॥ ९२ ॥

* दूरस्थो जीवति न वेति प्रश्नः *

वारर्क्षतिथियोगास्तु घटिकाद्यादिकास्तथा।
चैत्राद्या गतमासाश्च प्रवासिनामसंयुताः।
सप्तभिश्च हरेद्भागं शेषाञ्चैव शुभाशुभम् ॥९३॥
प्रथमे च द्वितीये च प्रवासी लाभसंयुतः।
तृतीये च चतुर्थे च प्रवासी कष्टतां गतः ॥९४॥
पञ्चमे चापमृत्युश्च षष्ठे वै दीर्घरोगयुक्।
सप्तमे च भवेन्मृत्युः शारदावचनं यथा ॥९५॥

तिथि, वार, नक्षत्र, इष्टघटी जम्मा गरेर चैत्रादि गतमास अर्थात् जुन महीनामा प्रश्न गर्छ त्यसदेखि पहिलेका मास (महीना) मा परदेशी पुरुष वा स्त्रीका नाउँको[1] अक्षर जोड़ी सातले भागदिनू। शेष १ वा २ रहे प्रवासी धन लाभ गरेर बसेको छ। ३ र ४ शेष रहे प्रवासी कष्टमा छ। ५ रहे प्रवासीलाई अपमृत्युको भय छ, सके अरि-

१ विवाहे सर्वमाङ्गल्ये यात्रायां ग्रह गोचरे। जन्मराशेः प्रधानत्वं नामराशि न चिंतयेत् ॥ १ ॥ देशे ग्रामे गृहे युद्धे सेवायां व्यवहारके। नामराशेः प्रधानत्वं जन्मराशिं न चिंतयेत् ॥ २ ॥ काकिण्यां वागशुद्धौ च वादे द्यूते स्वरोदये। कण्ठे पुनर्भूवरणे नामराशेः प्रधानता ॥ ३ ॥

जाला नमरे पनि मारै दुःख पाउनेछ। शेष ६ रहे प्रवासीलाई दीर्घ (लामु) रोग लागेको छ। शेष ७ वा० रहे प्रवासीको मृत्यु भैसक्यो अर्थात् मरिसक्यो। शारदाको वचन कहिल्यै पनि मिथ्या हुँदैन।९३-९५।

* भोजनचिन्ता *

कटुको लवणस्तिक्तो मिश्रितो मधुरो रसः ।
अम्लः कषायः कथिता रव्यादीनां रसा बुधैः ॥९६॥
लग्नं पश्यति यः खेटस्तस्य यः कथितो रसः ।
भोजनेऽसौरसो वीर्यक्रमाद्वाच्यः परे रसाः ॥९७॥

पण्डितहरूले सूर्यादि ग्रहको रस यस्ता प्रकारले वर्णन गरेका छन्। सूर्यको पीरो, चन्द्रमाको नुनीलो, मंगलको तीतो, बुधको मिश्रित (मिलेको), बृहस्पतिको मधुरो अर्थात् गुलियो, शुक्रको अमिलो, शनिको टर्रो रस हुन्छ। लग्नलाई जुन ग्रह बली भएर देख्दछ त्यस ग्रहको जस्तो रस भोजनमा कहनू फेरि त्यस पछि अरु कहनू।

* कीदृङ्मयाद्य भुक्तमितिप्रश्ने *

कीदृङ्मयाद्य भुक्तं पृच्छायां यदि भवेत्स्थिरं लग्नम् ।
तद्भुक्तमेकवेलं द्व्यात्मनि वेलद्वयं चरे त्वसकृत् ॥९८॥
चन्द्रे लग्नगते स्यात्क्षारं भौमे च कटुकमम्लगुरौ ।
मधुरं दिनकृति तिक्तं शुक्रे स्निग्धं बुधे च सर्वरसम् ॥९९॥

आज मैले कस्तो भोजन गरें हुँला भनेर प्रश्न गरे प्रश्न लग्न स्थिर भए भोजन एक बार हुन्छ, द्विस्वभाव लग्न भए दुइ बार हुन्छ, चर लग्न भए घरैपल्ट भोजन हुन्छ वा भयो भनेर बताउनू। लग्नमा चन्द्रमा भए क्षार अर्थात् नुनिलो र खारो आदि, मङ्गल भए कटु अथवा अमिलो, बृहस्पति भए मधुर (मीठो), सूर्य भए तीतो, शुक्र भए चिल्लो, बुध भए सर्वरस अर्थात् सबै प्रकारको रस मिलेको भोजन बताउनू॥९८–९९॥

जीवे सिते चन्द्रगते बलाढ्ये चन्द्रे बुधे केन्द्रगते शुभान्विते ।
त्रिलाभषष्ठास्पदगैश्च पापैः स्यात्प्रेमनिर्वैरकरं सुभोजनम् ॥

गुरु शुक्र बली भएर चन्द्रमाका घर हुन् चन्द्रमा वा बुध केन्द्रमा शुभ ग्रहसँग युक्त होस् फेरि तृतीय, एकादश र छैठा स्थानमा पाप ग्रह भए अति प्रेमले सुन्दर ( राम्रो ) भोजन प्राप्त हुन्छ ॥ १०० ॥

भोज्यं बुभुक्षा भोक्ता च सुखाप्तांगबलक्रमात् ।
लग्नपो भोज्यदस्तेषां बलेन फलमादिशेत् ॥१०१॥

भोजनपदार्थ, भोजनदाता, भोजनकर्ता, सुखाप्ति यसमा भोजन-दाता (दिनेवाला) लग्नेश हो यसैका बलले फल कहनू ॥ १०१ ॥

* अपि च *

लग्नाधिपो भोज्यदाता सुखेशो भोज्यमीरितम् ।
बुभुक्षा मदपः कर्मपतिर्भोक्तेति चिन्तयेत् ॥१०२॥

लग्नको स्वामी भोजन दिनेवाला, चतुर्थको स्वामी भोजनको पदार्थ ( वस्तु ) आचार्यहरुले कथन गरेका छन् । सप्तमेश भोजनको इच्छा, दशमेश भोजन कर्ता, यस्ता प्रकारले विचार गर्नू ॥ १०२ ॥

लग्ने लाभे च सत्खेटैर्युते दृष्टे च भोजनम् ।
जीवे लग्ने सिते वापि सुभोज्यं दुस्थितावपि ॥१०३॥
मन्दे तमसि वा लग्ने सूर्येणालोकिते युते ।
लभ्यते भोजनं नाऽत्र शस्त्रभीतिस्तदा क्वचित् ॥१०४॥
रविदृष्टं युतं वापि लग्नं न यदि तत्र हि ।
उपवासस्तदा वाच्यं नक्तं वा विरसाशनम् ॥१०५॥

लग्नमा र एकादशमा शुभ ग्रह हउन् वा दृष्टि होस् ता अवश्य भोजन प्राप्त हुन्छ । शुक्र वा बृहस्पति लग्नमा भए दारिद्र्यादि

दुःखमा पनि अति राम्रो भोजन प्राप्त हुन्छ । लग्नमा शनि वा राहु भएर त्यसलाई सूर्यले देखे अथवा युक्त भए भोजन मिल्दैन अरु यसमा कहींबाट शस्त्र अस्त्रादिको भय हुनेछ । लग्नमा सूर्य वा सूर्यको दृष्टि भए उपवास कहिदिनू अथवा रात्रिमा विरस ( रस विनाको सुक्खा ) भोजन मिल्ला ॥ १०३–१०५ ॥

चन्द्रे कर्मगते भोज्यमुष्णं शीतं सुखे कुजे ।
तुर्ये खेटस्य वसतो भोज्यान्ने रसमादिशेत् ॥१०६॥
स्निग्धमन्नं सिते तुर्ये तैलसंस्कृतमर्कजे ।
नीचोपगे कदशनं विरसं च ह्यसंस्कृतम् ॥१०७॥

चन्द्रमा दशम स्थानमा भए गरम ( तातो ) भोजन प्राप्त हुन्छ । मंगल चौथा स्थानमा स्थित भए ठण्डा ( चीसो ) भोजन प्राप्त हुन्छ, चौथा स्थानमा ग्रहका स्थिति अनुसार भोजनका अन्नमा रसको वर्णन गर्नू । चौथा स्थानमा शुक्र भए भोजनमा चिल्लो अन्न ( घृत युक्त ) प्राप्त हुन्छ । उक्त ग्रह नीच राशिमा स्थित भए रसरहित असंस्कृत तथा काँचो र खराब अन्न भोजनमा प्राप्त हुन्छ ॥ १०६–१०७ ॥

सूर्यादिभिर्लग्नगतैः सवीर्यैः राजादिगेहे भुजिमामनन्ति ।
सुखे सुखेशे सबले सुभोज्यं चरादिके स्यादसकृत्सकृद्द्विः ॥

सूर्यादि ग्रह बलवान् भएर लग्नमा बसेदेखि राजा आदिका घरमा भोजन मिल्छ भन्ने यो आचार्यहरूको कथन छ । फेरि चौथामा बसे भोजन अत्यन्त असल मिल्नेछ । चौथाको स्वामी चरराशिमा भए भोजन धेरैबार मिल्छ, स्थिरराशिमा भए एकैबार मिल्छ, द्विस्वभाव राशिमा भए दुइबार मिल्नेछ ॥१०८ ॥

मूलत्रिकोणगे खेटे लग्ने पितृगृहेऽशनम् ।
मित्रालये मित्रभस्थे शत्रुगेहेऽरिगेहगे ॥१०९॥

शुभेक्षितयुते लग्ने बलाढ्ये स्वगृहे भुजिः ।
गृहराशिस्वभावेन यत्नादन्यच्च चिन्तयेत् ॥११०॥

कोही ग्रह आफ्ना मूलत्रिकोणमा स्थित भएर लग्नमा बसे पिताका घर भोजन मिल्ला । मित्रका घर ग्रह भए मित्रका घर भोजन मिल्छ । शत्रुका घर ग्रह भए शत्रुका घर भोजन मिल्छ । जसका भोजन समयमा शुभ ग्रहले शुभ दृष्टिबाट देखे वा साथैमा बसे भने र बलवान् लग्न वा लग्नेश भएमा आफ्नै घर भोजन प्राप्त हुन्छ । ग्रहका राशिस्वभावले यत्नपूर्वक भोजनको पदार्थ चिन्तना गर्नू ।११०।

* ग्रहाणां बलद्वारा भोजनस्यान्नाग्याह *

तिलान्नमर्केहिमगोसुतण्डुलाभौमे मसूराश्चणकाश्च भोज्यम् ।
बुधे समुद्गाः खलु राजमाषागुरौ सगोधूमभुजिः सवीर्ये ॥
शुक्रे यवा बाजरिका युगंधराः शनौ कुलित्थादि समाषमन्नम् ।
भोज्यंतुषान्नं शिखिराहुवीर्याच्छुभेक्षणालोकनतः सहर्षम् ॥

अब ग्रहका बलद्वारा भोजनका अन्नको वर्णन गरिन्छ । लग्नमा बलसहितको सूर्य भए तिलका लड्डु भोजनमा प्राप्त हुन्छ, चन्द्रमा भए चामल अर्थात् भात मिल्छ, मंगल भए मसूर ( मुसुरी ) चना मिल्छ । बुध बलवान् भए मूगीमाष कालो दाल र भटमाष आदि भोजनमा मिल्छ, बृहस्पति भए गहूँ अर्थात् आटा रोटी आदि मिल्छ । शुक्र बलवान् भए जौ बाजरा जुनेलो मकै आदि मिल्छ, शनिश्चर बली भए कालोदाल गहत कोदो आदि मिल्छ, राहु, केतु यी दुवै बलवान् भए शुभग्रहको दृष्टि समेत भए बडा आनन्दका साथ भूस ( पीठो ) वा कनिका आदि भोजनमा प्राप्त हुन्छ ॥१११–११२॥

सूर्ये मूलं पुष्पमिन्दौ कुजे स्यात् पत्रं शाखां चापि शाकंसवीर्ये।
शुक्रेज्याज्ञे व्यञ्जनं भूरिभेदं मन्दे नेत्थं साम्बिनं राहुकेत्वोः ॥

सूर्य बलवान् भए मूलाको शाक भोजनमा प्राप्त हुन्छ, चन्द्रमा बलवान् भए पुष्प अर्थात् गोभी आदिको फूल शाक मिल्छ, मंगल बली भए ठूला ठूला डाँठ सहितको तोरी आदिको शाक, बुध, बृहस्पति र शुक्र बली भए अनेक प्रकारका व्यञ्जन आदि भोजनमा प्राप्त हुनेछन् । शनिश्चर बली भए पनि यस्तै प्रकारको मिल्छ, राहु केतु बली भए मासु समेतको व्यञ्जन प्राप्त हुन्छ ॥११३॥

* मृगयादि--आखेटकप्रश्नः *

सवीर्यौ कुजज्ञौ नृपात्खेटसिद्ध्यै
न सिद्धिर्यदा वीर्यहीनाविमौस्तः ॥
जलाखेटमाहुः सवीर्यैर्ग्रहर्क्षै-
र्जलाख्यैर्नगाख्यैर्नगाःखेटमाहुः ॥११४॥

मंगल र बुध दुवै बलिष्ठ भए राजालाई शिकारको सिद्धि दिने हुन्छ । दुवै निर्बली भए मृगयादि ( शिकार ) को सिद्धि हुँदैन, जलसंज्ञक राशिहरु ( कर्क, वृश्चिक, मीन ) भए जलसंबन्धी शिकार दिन्छ । पर्वत संबन्धी ( मेष, सिंह, धन ) राशि भएमा पर्वत संबन्धी शिकारको प्राप्ति हुन्छ ॥ ११४ ॥

लग्नास्तनाथौ केन्द्रस्थौ निर्बलौ क्लेशदायिनी ।
मृगयोक्ता शुभफला वीर्याढ्यौ यदि तौ पुनः ॥११५॥

लग्नस्वामी र सप्तमस्वामी यी दुवै निर्बल भएर लग्न, चतुर्थ, सप्तम, दशम यी स्थानमा भए मृगयादि क्लेशकारक हुन्छ। ती दुवै बली भएर केन्द्रमा स्थित भए शिकार शुभफल दिने हुन्छ ॥ ११५ ॥

लग्नेश्वरे द्यूनगते विलग्ने जायेश्वरे स्यान्मृगया प्रभूता ।
यामित्रनाथे हिबुकेनभस्थे चाखेटकः स्वल्पतरोऽपि न स्यात् ॥

लग्नको स्वामी सप्तम र सप्तमको स्वामी लग्नमा होस् ता

शिकार घेरै मिल्छ, फेरि सप्तम भावको स्वामी चतुर्थ वा दशम भावमा होस् ता शिकार अलिकति पनि मिल्नेछैन ॥ ११६ ॥

ज्ञभौमौ सबलौ सिद्धरस्तांशे मृगयाच्युतिः ।
लग्नद्यूने तत्पती च हेतुस्तैर्जलजादिगैः ॥११७॥
क्रूरकान्तानि यावन्ति मध्ये भानीन्दुलग्नयोः ।
तावन्तः प्राणिनो वाच्या द्वित्रिघ्नाः स्वांशकादिषु ॥११८॥

बुध र मंगल बलवान् भए शिकारको सिद्धि हुन्छ । बुध मंगल समराशिका नवांशमा भए शिकार हातदेखि छुट्नेछ अर्थात्—मार्न-लागेको शिकार भाग्नेछ । लग्न र सप्तम राशि वा त्यसैका स्वामी जल थल आकाश जस्ता राशिमा छन् उसै अनुसार उस्तै प्रकारको शिकार कहनू । चन्द्रमाका मध्यमा जति राशि आक्रान्त भएको छ उति प्राणी शिकारमा प्राप्त हुन्छन्, ती आफ्ना उच्चमा वा मित्रांशकमा भएमा द्विगुणा त्रिगुणा शिकार प्राप्त हुनेछ । उक्त ग्रह वर्गोत्तम राशिमा भए अनेक गुणा शिकार प्राप्त हुनेछ ॥ ११८ ॥

ज्योतिःसारे सोदाहरण भाषाटीका सहितं प्रश्नप्रकरणं समाप्तम् ॥ ३ ॥

# ताजिकप्रकरणम्

* वर्षप्रवेशज्ञानम् *

सपादमर्धसार्द्धं च त्रिस्थानस्थं गताब्दकम् ।
वारनाडीपलेभ्यश्च जन्मवारादिसंयुतम् ॥ १ ॥

गतवर्षलाई तीन स्थानमा स्थापना गर्नू र प्रथम स्थानमा सवाइ गर्नु त्यसलाई वार जान्नु । दोस्रा अङ्कलाई आधा गर्नु,

त्यो घटी हुन्छ। तेस्रा स्थानका अङ्कलाई कोठा गर्नु त्यो पला हुन्छ। त्यसमा जन्मवारादि अर्थात् जन्म समयको बार इष्ट घटी पला जोडिदिनु वर्षप्रवेश समयको वारादि ( बार घटी पला ) हुन्छ।

उदाहरण—गतवर्ष २४ लाई तीन स्थानमा राख्दा २४-२४-२४ त्यसलाई पहिलेका अङ्कमा सवाइ गर्दा अर्थात् ४ ले भाग दिएर जोड्दा ३० भयो। अर्को स्थानमा आधा गर्दा १२ भयो। तेस्रा स्थानमा कोठा अर्थात् माथिको आधा १२ जोड्दा ३६ भयो। माथि कहेअनुसार बार, घटी, पला ३०।१२।३६ भयो। बारमा ७ देखि बढ्ता अङ्को हुनाले ७ ले शेष गर्दा २ रह्यो। यो शुद्ध भुवा २।१२।३६ वारादि भयो। यो २४ वर्षको भुवांक भयो। यसमा जन्म वारादि ४।१५।२१ जोडनाले वर्ष प्रवेश वारादि ५।२७।५७ अर्थात् गुरुवार २७ घटी ५७ पलमा वर्षप्रवेश भयो। यसमा याद राख्ने कुरा यो छ कि सौरमान प्रमाणले सूर्यांश जति छ उतिमा वर्ष प्रवेश हुन्छ अर्थात् जुन महीनाका जति गतेको जन्म छ उति गतेमा उति घटी जाँदा वर्षप्रवेश हुन्छ ॥१॥

* इष्टसमये चन्द्रं हित्वा सूर्यादिग्रहस्पष्टसाधनम् *

गतैष्यदिवसाद्येन गतिर्निघ्नी खषट्हृता ।
लब्धमंशादिकं शोध्यं योज्यं स्पष्टो भवेद्ग्रहः ॥२॥
इष्टकालो यदाग्रे स्यात्प्रस्तारं शोधयेत्तदा ।
अग्रे प्रस्तारकं चेत्स्यादिष्टं संशोधयेत्तथा ॥३॥

चालकमा दिनादि गत वा ऐष्य जो छ त्यसलाई गोमूत्रिका क्रमले ग्रहका गतिले गुणा गर्नू तथा विगतिदेखि पनि वारादिक गर्नू त्यसलाई साठीले माथि चढाएर दुवै अङ्कमा फेरि साठीको भाग दिंदा लब्ध अंशादि आउँछ सो जुन पंक्तिदेखि चालन बनाएको छ उसै पंक्तिका ग्रहहरुमा क्रमैले घटाउनु वा जोड्नु अर्थात् गतचालन भए घटाइदिनु ऐष्य चालन भए जोड़िदिनू स्पष्ट ग्रह बन्छ। यकी

अङ्कको विलोम जान्नु अर्थात् जोड्नेमा घटाइदिनु घटाउनेमा जोडि-दिन्.। अब चालन स्पष्ट लेखिन्छ—प्रस्तारदेखि इष्टकाल अगाडि भए इष्टकालका वारादिमा स्तारका वारादि घटाइदिनु तब त्यो ऐष्य ( धन ) चालन बन्छ। अरु प्रस्तार अगाडिको र इष्टकाल प्रथम भएमा प्रस्तारका वारादिकमा इष्टमा वारादि घटाउँदा गतचालन ( ऋण ) अथवा वार घटेन भने सात अरु जोडेर घटाइ दिनु वा घड़ी घटेन भने एक अङ्क वारदेखि उतार्नु यही प्रकार पला नघटेमा एक अङ्क घड़ीदेखि झिकेर तल लानू॥ २-३ ॥

* चन्द्रस्पष्टज्ञानम् *

खषट्घ्नं भयात्तं भभोगोद्धृतं तत्
खतर्कघ्नधिष्ण्येषु युक्तं द्विनिघ्नम् ॥
नवाप्तं शशीभागपूर्वस्तु भुक्तिः
खखाभ्राष्टवेदा भभोगेन भक्ताः ॥४॥

इष्ट समयका भयातलाई साठीले गुणा गर्नु पलात्मक भभोगको भाग दिनू जो लब्धि मिल्छ उसमा अश्विन्यादि गत नक्षत्रलाई साठीले गुणा गरेर जोड़िदिनू र त्यस अंकलाई दूना गर्नु त्यसमा नौको भाग दिनु लब्धि जो मिल्छ त्यो स्पष्ट चन्द्रमाको अंशादि जान्नु। अंशमा तीसदेखि अधिक भएमा तीसको भाग दिंदा जो लब्धि मिल्छ त्यसलाई राशि जान्नू। अब गति साधनको क्रिया लेखिन्छ—

अड्तालीस हजार ४८००० लाई ६८ ले गुणा गरेर त्यसमा पलात्मक भभोगको भाग दिनाले लब्धि गति आउँछ, शेषाङ्कलाई साठीले गुणा गरेर फेरि भभोगको भाग दिनू गतिको पला आउँछ ॥४॥

* भभोगभयातज्ञानम् *

गतर्क्षनाड्यः खरसेषु शुद्धाः सूर्योदयादिष्टघटीषु युक्ताः।
भयातसंज्ञा भवतीह तस्य निजर्क्षनाडीसहितो भभोगः॥५॥

गत नक्षत्रको घड़ी साठीमा घटाइदिनु त्यसमा जो सूर्योदयदेखि इष्ट घटी छ त्यो जोड़िदनु त्यो भयात भयो। अरु जो साठीमा घटाएको नक्षत्रको घड़ी छ त्यसमा वर्तमान नक्षत्रको घटी जोड़नु भभोग हुन्छ। अब दोस्रा भभोगको क्रम लेखिन्छ—नक्षत्रको अवम भएको छ भने गत नक्षत्र अवमका नक्षत्रमा घटाउँदा भभोग बन्छ तथा नक्षत्रको वृद्धि भयो भने वर्तमानमा जोड़ेर उसैमा वृद्धिको पनि घट्यादि जोड्नु भभोग हुन्छ। अब भयातको दोस्रो क्रम लेखिन्छ, जुन दिनको इष्ट छ उसै दिन सूर्योदयमा जो नक्षत्र छ उसदेखि दोस्रो नक्षत्र इष्ट समयमा भयो भने यस्ता समयमा प्रथम नक्षत्रादि घट्यादि इष्टकालमा घटाउनाले भयात हुन्छ ॥५॥

* अयनांशज्ञानम् *

वेदाब्धिवेदहीनात्तु शकात्खरसभाजितात् ।
अयनांशा भवन्त्येते ब्रह्मपक्षाश्रिताः किल ॥६॥

शालिवाहन शाकेमा चारसय चवालीस ४४४ घटाएर त्यसमा साठी ६० को भाग दिनु जो लब्धि मिल्छ सो अयनांश ब्रह्मसिद्धान्त पक्षका मतले हुन्छ ॥ ६ ॥

* लग्नस्पष्टज्ञानम् *

तत्कालार्कः सायनः स्वोदयघ्ना
भोग्यांशाः खत्र्युद्धृता भोग्यकालः ॥
एवं यातांशैर्भवेद्यातकालो
भोग्यः शोध्योऽभीष्टनाडीपलेभ्यः ॥७॥
तदनु विशोध्य गृहोदयांश्च शेषं
गगनगुणघ्नमशुद्धहृल्लवाढ्यम् ॥

सहितमजादिगृहैरशुद्धपूर्वं
भवति विलग्नमदोऽयनांशहीनम् ॥८॥
भोग्यतोऽल्पेष्टकालात् खरामाहतात्
स्वोदयाप्तांशयुग्भास्करः स्यात्तनुः ॥
अर्कभोग्यस्तनोर्भुक्तकालान्वितो
युक्तमध्योदयोऽभीष्टकालो भवेत् ॥९॥
यदि तनुदिननाथावेकराशौ तदंशा-
न्तरहतउदयःस्यात् खाग्निहृत्त्विष्टकालः ॥
इनत उदय ऊनश्चेत्स शोध्यो द्युरात्रा-
न्निशि तु सरसभार्कात्स्यात्तनूरिष्टकाले ॥१०॥

इष्ट समयका सूर्यमा अयनांश जोडेर तीस अंशमा घटाइदिदा भोग्यांश हुन्छ। फेरि सायनसूर्य जस राशिको छ त्यसलाई उदय मान्नु, त्यसै उदयका पलाले भोग्यांशादिलाई गुणा गर्नु, तीसको भाग दिनु, जो लब्धि मिल्छ त्यो पलात्मक सूर्यको भोग्यकाल हुन्छ। अब सूर्यको भुक्तकाल ल्याउने क्रम लेखिन्छ।

सायनसूर्यका अंशादिलाई उसैका उदयका पलादिले गुणा गर्नु र त्यसमा तीसको भाग दिनु जो लब्धि मिल्छ त्यो पलात्मक सूर्यको भुक्तकाल हुन्छ, फेरि भोग्य कालका पल इष्ट घटीको पला गरेर त्यसमा घटाइ दिनु, अब उस अङ्कमा सायन-सूर्य जुन लग्नको छ त्यसदेखि दोस्रा लग्नका पलाहरु घटाइदिनु। फेरि त्यस अगाडि-का लग्नका पलालाई उसै अङ्कमा हीन गर्नु, उसै प्रकारले जो जो लग्न घट्छन् घटाइदिनु र जुन लग्न घट्तैन त्यसलाई अशुद्ध संज्ञा जान्नु फेरि जो शेषाङ्क बचेको छ त्यसलाई तीसले गुणा गरेर त्यस

अङ्कमा अशुद्ध लग्नका पलाले भाग लिनु, जो लब्धि मिल्छ त्यो अंशादि जान्नु, फेरि मेषादिक लग्नका जुन लग्न अशुद्ध संज्ञक भयो त्यसमा जो प्रथम लग्न आएको छ त्यसका अंशादिकमा जोड़िदिनु अर्थात् अंशादिक त्यसका पछि स्थापित गर्नु त्यो राश्यादि अङ्क अर्थात् राशि, अंश, घटी, पला आउँछ। त्यसमा अयनांश घटाइदिनु र राश्यादिक शुद्ध स्पष्ट लग्न हुन्छ। भोग्यकाल इष्ट घटीका पलादिमा घटेन भने त्यसको क्रिया कहिन्छ। भोग्यका पलादेखि इष्टकालका पला कम भएमा इष्ट कालका पलालाई तीसले गुणा गर्नु र सायन सूर्यका पलादिले भाग दिनु जो लब्धि अंशादि मिल्छ त्यो स्पष्ट सूर्यमा जोड़िदिनु र स्पष्ट लग्न हुन्छ।

* लग्नदेखि इष्टकाल ल्याउने क्रम कहिन्छ *

सूर्यलाई सायन गरेर भोग्यकाल पूर्वोक्त रीतिबाट बनाउनु र त्यसलाई अलग राख्नु फेरि स्पष्ट लग्नलाई सायन गर्नु त्यसका अंशादिलाई उसैका उदयका पलाले गुणा गर्नु त्यसमा तीसको भाग दिनु र पूर्वोक्त रीतिले जो लब्धि अंशादि आउँछ त्यसलाई लग्नको भुक्तकाल जान्नु, दुवै अंक एकमा जोड़ी दिनु। त्यसमा मध्य लग्नहरुका पला जोड़ी दिनु अर्थात् सायन सूर्य जुन लग्नको छ उसैका दोस्रा लग्नदेखि सायन लग्नका पैल्हा लग्न तक जोड़नु, यै मध्यको लग्न हो। यी तीनै अंक जोड्नाले इष्ट-कालको पला निक्लन्छ। पलादिमा साठीको भाग दिनाले इष्टकालको घड़ी हुन्छ अरु शेष पला हुन्छ।

* सूर्य र लग्न एक राशिका भएमा इष्टकाल ल्याउने क्रम *

सूर्य र लग्न एक राशिका भए दुवैको अन्तर गर्नु र त्यसलाई उदयका पलादिले गुणा गरेर त्यसमा तीसको भाग दिंदा लब्धि इष्टकाल पलात्मक हुन्छ। सूर्यदेखि लग्न कम भए लब्धि पलात्मक जो मिलेको छ त्यो साठी घटीमा घटाइ दिंदामा इष्टकाल निक्लन्छ

त्यो घट्यादिक जान्नु । अरु रात्रिको लग्न वा इष्टसाधन गर्नु छ भने सूर्यको राशिमा ६ मिलाउनु र शेष क्रिया पूर्वोक्त प्रकारबाट सम्झनु, तर रात्रिको लग्न साधन गर्नु छ भने इष्टकाल सायंकाल अर्थात् सूर्यास्तदेखि लिनु र पूर्वोक्त प्रकार लग्न बनाउनु ॥७-१०॥

* मासप्रवेशज्ञानम् *

मासार्कस्य तदासन्नपंक्त्यर्केण सहान्तरम् ।
कलीकृत्यार्कगत्याप्तं दिनाद्येन युतोनितम् ॥११॥

वर्ष प्रवेशका सूर्यका निकट जो मास सूर्य छ त्यसको अन्तर गर्नु । जो अंशादि हुन्छ त्यसको कला गरेर सूर्यको गतिको भाग दिनु तीन बार लब्ध वारादि मिल्छ त्यसलाई सूर्यका पंक्तिमा अन्तर गरेको उसै पंक्तिका वारादि मिश्रमानमा जोड्नु वा घटाउनु । त्यो वर्ष-प्रवेशको सूर्य पंक्तिदेखि अधिक भए जोड्दिनु कम भए घटाइदिनु र मास स्पष्ट वार आदि हुन्छ ॥११॥

* त्रिपताकीचक्रम् *

रेखात्रयं तिर्यगधोर्ध्वसंस्थमन्योन्यविद्धाग्रकमीशकोणात् ।
स्मृतं बुधैस्तत्त्रिपताकिचक्रंप्राङ्मध्यरेखाग्रगवर्षलग्नात् १२
न्यसेद्गचक्रं किल तत्र सैकां याताब्दसंख्या विभजेन्नभोगैः ॥
शेषोन्मिते जन्मगचन्द्रराशे स्तुल्ये च राशौ विलिखेच्छशाङ्कम्
परे चतुर्भाजितशेषतुल्ये स्थाने स्वराशेःखचरास्तु लेख्याः ।
स्वर्भानुविद्धे हिमगौ त्वरिष्टं तापोऽर्कविद्धे रुगिणोऽर्किविद्धे ॥
महीजविद्धे तु शरीरपीडा शुभैश्च विद्धे जयसौख्यलाभः।१४।

तीन रेखा सीधा, तीन रेखा खडा गर्नू अरु परस्पर ईशान कोणदेखि रेखाको वेध गर्नु यसलाई पण्डितहरु त्रिपताकी चक्र भन्द-छन् । यसैका पूर्वका मध्यरेखामा वर्षलग्नको न्यास गर्नु, फेरि गत

वर्षमा एक अरु जोडिदिनु उसमा नौको भाग दिनु शेष जो अङ्क रहन्छ त्यो जन्मस्थानदेखि चन्द्रमा लेख्नू। अरु ग्रहमा चारको भाग दिएर शेष अङ्क जन्मस्थानदेखि लेख्नू। अरु राहु केतु जन्मस्थानदेखि पछाडि लेख्नु। त्रिपताकी चक्रमा चन्द्रमा राहुदेखि वेधिएको भए अरिष्ट जान्नु। अरु सूर्यले चन्द्रमाको वेध गरे ताप जान्नु, शनैश्चरको चन्द्रमामा वेध भए रोग जान्नु। मङ्गलले चन्द्रमाको वेध गरे शरीरपीडा जान्नू। अरु चन्द्रमालाई शुभग्रहको वेध भए जय सुख र लाभ हुने जान्नु ॥ १२-१४ ॥

* त्रिपताकीचक्रन्यासः *




* पञ्चाधिकारिज्ञानम् *

मुन्थेशो वर्षलग्नेशस्तथा त्रैराशिनायकः ।
दिवार्कराशिनाथश्च रात्रौ चन्द्रर्क्षनायकः ॥१५॥
जन्मलग्नेश्वरश्चैव वर्षपञ्चाधिकारिणः ।
पञ्चवर्गीबलाधिक्यं लग्नदर्शी च वर्षराट् ॥१६॥

मुन्था लग्नको स्वामी र वर्षलग्नको स्वामी तथा त्रिराशिपति

र दिनमा वर्षप्रवेश भए सूर्य, रात्रिमा वर्ष प्रवेश भए चन्द्रमाका राशिको स्वामी तथा जन्मलग्नको स्वामी यिनलाई पञ्चाधिकारी जान्नु। यी पाँचमध्ये पञ्चवर्गीमा जो अधिक बली छ तथा वर्षलग्नलाई पनि देख्तछ स्यै वर्षेश हुन्छ ॥ १५-१६ ॥

* त्रिराशिपतिज्ञानम् *

त्रिराशिपाः सूर्यसितार्किशुक्रादिने निशीज्येन्दुबुधा महीजः
मेषाच्चतुर्णां हरिभाद्विलोमं नित्यं परेष्वार्किकुजेज्यचन्द्राः १७

मेष आदि बाह्र राशिमा त्रिराशिपति कहिन्छ, दिनका वर्षप्रवेशमा मेषदेखि चार राशिका सूर्य, शुक्र, शनैश्चर र शुक्र यी त्रिराशिपति हुन्छन् । जस्तै दिनमा वर्षप्रवेशका समय मेष लग्न भए सूर्य, वृष लग्न भए शुक्र, मिथुन भए शनैश्चर र कर्क लग्न भए शुक्र त्रिराशिपति हुन्छन् । रात्रिमा वर्ष प्रवेशका समय मेष आदि चार राशिका गुरु, चन्द्र, बुध र मंगल यी त्रिराशिपति हुन्छन् अर्थात् रात्रिमा मेष लग्नको स्वामी गुरु, वृषको चन्द्रमा, मिथुनको बुध, कर्कको मंगल त्रिराशिपति हुन्छ । अरु पूर्वोक्त त्रिराशिपति सिंहदेखि चार राशिहरुको विलोम हुन्छ अर्थात् मेष आदिका जो जो दिनेश हुन् ती रात्रिका ईश हुन्छन् अरु जो मेष आदिका रात्रीश छन् दिनेश हुन्छन् जस्तै दिनमा सिंह लग्नको बृहस्पति, कन्याको चन्द्रमा, तुलाको बुध र वृश्चिकको मंगल तथा रात्रिमा सिंहको सूर्य, कन्याको शुक्र, तुलाको शनैश्चर र वृश्चिकको शुक्र त्रिराशिपति हुन्छन् , अरु धन आदि चार राशिहरुका सदा दिन र रात्रिका वर्ष प्रवेशमा शनैश्चर, मंगल, बृहस्पति र चन्द्रमा यी त्रिराशिपति हुन्छन्, जस्तै धनको शनैश्चर, मकरको मंगल कुम्भको बृहस्पति र मीनको चन्द्रमा त्रिराशिपति हुन्छन् । यी राशिहरुमा र त्रिराशिपतिहरुमा विपर्यास हुँदैन।१७।

* त्रिराशिपचक्रम् *

| मे. | वृ. | मि. | क. | सि. | कं. | तु. | वृ. | ध. | म. | कुं. | मी. | लग्न |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सू. | शु. | श. | शु. | वृ. | चं. | बु. | मं. | श. | मं. | वृ. | चं. | दिने त्रिराशिपाः |
| वृ. | चं. | बु. | मं. | सू. | शु. | श. | शु. | श. | मं. | वृ. | चं. | रात्रि त्रिराशिपाः |

* दृष्टिचक्रम् *

| | | |
|---|---|---|
| स्थान | ३।५।९।११ | मित्रदृष्टि |
| स्थान | ७।१।४।१० | शत्रुदृष्टि |

* पञ्चवर्गीसाधनार्थं क्षेत्रादिबलचक्रम् *

| स्वगृही | मित्रगृ. | समगृ. | शत्रु गृ. | ग्रहस्थान |
|---|---|---|---|---|
| ३०।०० | २२।३० | १५।०० | ७।३० | बलप्रमाणम् |

* स्वगृहसंज्ञाचक्रम् *

| सू. | चं. | मं. | बु. | बृ. | शु. | श. | ग्रह |
|---|---|---|---|---|---|---|---|
| ५ | ४ | १ ८ | ३ ६ | ९ १२ | २ ७ | १० ११ | लग्न |

* मित्रसमशत्रुसंज्ञाचक्रम् *

| | | |
|---|---|---|
| स्थान | ३।५।९।११ | मित्र |
| स्थान | २।६।८।१२ | सम |
| स्थान | १।४।७।१० | शत्रु |

* उच्चबलज्ञानं तथा नवांशज्ञानम् *

सूर्यादितुङ्गर्क्षमजोक्षनक्रं कन्याकुलीरान्त्यतुलालवैःस्युः ।
दिग्भिर्गुणैरष्टयमैःशरैकैर्भूतैर्भसंख्यैर्नखसम्मितैश्च ॥१८॥
तत्सप्तमं नीचमनेन हीनो ग्रहोऽधिकश्चेद्रसभाद्विशोध्य ।
चक्रात्तदंशाङ्कलवोबलं स्यात् क्रियेणतौलीन्दुभतो नवांशाः

सूर्य आदि ग्रहको मेष आदि राशिहरुमा दश आदि अंशले उच्च हुन्छन्, जस्तै मेषराशिको सूर्य, वृषको चन्द्रमा, मकरको मङ्गल, कन्याको बुध, कर्कको बृहस्पति, मीनको शुक्र र तुलाको शनैश्चर उच्च हुन्छ ।

सूर्यादि ग्रहको परमोच्चता—मेषको जब दश १० अंश पूरा हुन्छ तब सूर्य परमोच्च हुन्छ, चन्द्रमा वृष राशिका तीन ३ अंश पूरा तक परमोच्च हुन्छ । मंगल मकरका अट्ठाइस २८ अंशसम्म, बुध कन्याका पन्ध्र १५ अंशसम्म बृहस्पति कर्कका पाँच ५ अंशसम्म,

शुक्र मीनका सत्ताइस २७ अंश सम्म र शनैश्चर तुलाका बीस २० अंशसम्म परमोच्च र यसैका सप्तम राशिमा नीच जान्नु, स्पष्ट ग्रहमा त्यै ग्रहको नीच घटाइदिनु। छः राशिदेखि अधिक भएमा त्यै अङ्क बाह्रमा घटाइदिनू, तीसले गुणा गरेर उस अङ्कमा नौ ९ को भागदिनू। जो लब्धि मिल्छ त्यो उच्च बल जान्नु। परमोच्च भएमा पूरा २० विस्वा उच्चबल जान्नु। नवांश मेष, मकर, तुला र कर्कदेखि मेषादिक तीन आवृत्ति गरेर सम्झनू। तीन अंश बीस कलाको एक्र भाग हुन्छ। यै प्रकारले नौ भाग हुन्छ॥ १८–१९॥

* उच्चनीच-चक्रम् *

| सू. | चं. | मं. | बु. | बृ. | शु. | श. | ग्रह |
|---|---|---|---|---|---|---|---|
| ० | १ | ९ | ७ | ३ | ११ | ६ | उच्चराशि |
| १० | ३ | २८ | १५ | ५ | २७ | २० | परमोच्चांश |
| ६ | ७ | ३ | ११ | ६ | ५ | ० | नीचराशि |
| १० | ३ | २८ | १५ | ५ | २७ | २० | परमनीचांश |

* नवांशचक्रम् *

| मे. | वृ. | मि. | क. | सिं. | कं. | तु. | वृ. | ध. | म. | कुं. | मी. | रा. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| मे. | म. | तु. | कं. | मे. | म. | तु. | क. | मे. | म. | तु. | कं. | रा. गणन |

* नवांशप्रमाण-चक्रम् *

| ३ | ६ | १० | १३ | १६ | २० | २३ | २६ | ३० | अंश |
|---|---|---|---|---|---|---|---|---|---|
| २० | ४० | ०० | २० | ४० | ०० | २० | ४० | ०० | कला |
| प्रथम भाग | द्वितीय भाग | तृतीय भाग | चतुर्थ भाग | पञ्चम भाग | षष्ठ भाग | सप्तम भाग | अष्टम भाग | नवम भाग | भाग |

* पञ्चवर्गीयमध्ये नवांशबल-चक्रम् *

| स्वगृही | मित्रगृही | समगृही | शत्रुगृही | ग्रहस्थान |
|---|---|---|---|---|
| ०५।०० | ०३।४५ | ०२।३० | ०१।१५ | चक्रप्रमाण |

## * पंचवर्गीबलचक्रम् *

| १ | स्वगृ | मित्र | सम | शत्रु |
|---|---|---|---|---|
| गृहेश | ३० <br> ० | २२ <br> ३० | १५ <br> ० | ७ <br> ३० |
| हद्दा | १५ <br> ० | ११ <br> १५ | ७ <br> ३० | ३ <br> ४५ |
| द्रेष्काण | ० <br> १० | ७ <br> ३० | ५ <br> ० | २ <br> ३० |
| नवमांश | ५ <br> ० | ३ <br> ४ | २ <br> ३० | १ <br> १५ |

## * हद्दाप्रमाणचक्रम् *

| मे. | वृ. | मि. | क. | सिं. | कं. | तु. | वृ. | ध. | म. | कुं. | मी | राशयः |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | ८ | ६ | ७ | ६ | ७ | ६ | ७ | १२ | ७ | ७ | १२ | अंशाः |
| बृ. | शु. | बु. | मं. | बृ. | बु. | श. | मं. | बृ. | बु. | बु. | शु. | हद्देश |
| ६ | ६ | ६ | ६ | ५ | १० | ८ | ४ | ५ | ७ | ६ | ४ | अंशाः |
| शु. | बु. | शु. | शु | शु. | शु. | बु. | शु. | शु. | बृ. | शु. | बृ. | हद्देश |
| ८ | ८ | ५ | ६ | ७ | ४ | ७ | ८ | ४ | ८ | ७ | ३ | अंशा |
| बु. | बृ. | बृ. | बु. | श. | बृ. | बृ. | बु. | बु. | शु. | बु. | बु. | हद्देश |
| ५ | ५ | ७ | ७ | ६ | ७ | ७ | ५ | ५ | ४ | ५ | ९ | अंशाः |
| मं. | श. | मं. | बृ. | बु. | मं. | शु. | बृ. | मं. | श. | मं. | मं. | हद्देशाः |
| ५ | ३ | ६ | ४ | ६ | २ | २ | ६ | ४ | ४ | ५ | २ | अंशाः |
| श. | मं. | श. | श. | मं. | श. | मं. | श. | श. | मं. | श. | श. | हद्देशाः |

## * हद्दाबल-चक्रम् *

| स्वगृही | मित्रगृही | समगृही | शत्रुगृही | ग्रहस्थान |
|---|---|---|---|---|
| १५।०० | ११।१५ | ७।३० | ३।४५ | बलप्रमाणम् |

* द्रक्काणचक्रम् *

| मे. | वृ. | मि. | क. | सिं | कं. | तु. | वृ. | ध. | म. | कुं. | मी. | लग्ना: |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १० | १० | १० | १० | १० | १० | १० | १० | १० | १० | १० | १० | अंशा: |
| मं. | बु. | वृ. | शु. | श. | सू. | चं. | मं. | बु. | वृ. | शु. | श. | द्रक्का. |
| १० | १० | १० | १० | १० | १० | १० | १० | १० | १० | १० | १० | अंशा: |
| सू. | चं. | मं. | बु. | वृ. | शु. | श. | सू. | चं. | मं. | बु. | वृ. | द्रक्का. |
| १० | १० | १० | १० | १० | १० | १० | १० | १० | १० | १० | १० | अंशा: |
| शु. | श. | सू. | चं. | मं. | बु | वृ. | शु. | श. | सू. | चं. | मं. | द्रक्का. |

* पञ्चवर्गीमध्ये द्रक्काणबल-चक्रम् *

| स्वगृही | मित्रगृही | समगृही | शत्रुगृही | ग्रहस्थान |
|---|---|---|---|---|
| १०।०० | ०७।३० | ०५।०० | ०२।३० | बलप्रमाणम् |

* वर्षेशफलम् *

## बलपूर्णेऽब्दपे पूर्णं शुभं मध्ये च मध्यमम् ।
## अधमे दुःखरोगारिभयानि विविधाः शुचः ॥२०॥

वर्षको स्वामी पूर्णबली भए अर्थात् १३।२० तेह बीसका उपरान्त बल भएमा वर्ष भर पूर्ण शुभ फल जान्नू। मध्यबल अर्थात् ६।४० छः चालीसका उपरान्त १३।२० तेह बीस मित्र भए मध्यम फल जान्नू। अरु अधमबल अर्थात् ६।४० छः चालीस भित्र भए दुःख, रोग, शत्रुभय र अनेक प्रकारको शोकादि प्राप्त हुन्छ।

वर्षेश निर्णय—पञ्चाधिकारीमा कसै ग्रहको लग्नमा भए जो ग्रह पञ्चवर्गीमा अधिक बली छ त्यही वर्षेश हुन्छ। बल सबैका बराबर भए मुन्थाको स्वामी वर्षेश हुन्छ।

बल निकाल्ने प्रयत्न—पञ्चवर्गीमा पाँच अधिकार अर्थात् क्षेत्र-बल, उच्च बल, हद्दाबल, द्रेष्काणबल, नवमांशबल यी पाँच अङ्कलाई

एकट्ठा जोड़िदिनु र त्यसमा चारको भागदिनु, लब्धि बल हुन्छ ॥२०॥

* मुन्थाज्ञानम् *

**जन्मलग्न गताब्दश्च युक्तं द्वादशहृत्तथा ।**
**शेषराशिं प्रदातव्यं मुन्थहा वर्षमध्यगः ॥२१॥**

जन्मलग्नमा गतवर्ष युक्त गर्नू, त्यसमा बाहको भाग दिनु जो शेष रहन्छ उसै लग्नमा मुन्था हुन्छ ॥२१॥

* मुद्दादशाज्ञानम् *

**जन्मर्क्षसंख्यासहिता गताब्दा द्व्यूनिता नन्दहृतावशेषात् ।**
**आचंकुराजीशबुकेशुपूर्वा भवन्ति मुद्दादशिकाक्रमोऽयम् २२**

जन्मनक्षत्रका संज्ञा अश्विन्यादिदेखि गनेर गतवर्ष जोड़िदिनु, त्यसमा दुइ घटाइ दिनू , फेरि नौको भाग दिनु शेष रहेका अङ्कमा सूर्य आदिको दशा जान्नु । १ बचे सूर्यको दशा, २ बचे चन्द्रमाको, ३ बचे मंगलको, ४ बचे राहुको, ५ बचे बृहस्पतिको, ६ रहे शनिको, ७ रहे बुधको, ८ रहे केतुको, ९ रहे शुक्रको मुद्दादशा जान्नू ॥२२॥

* दशाप्रमाणचक्रम् *

| आ. | चं. | मं. | रा. | बृ. | श. | बु. | के. | शु. | दशा |
|---|---|---|---|---|---|---|---|---|---|
| ०० | १ | ०० | ०१ | ०१ | ०१ | ०१ | ०० | २ | मास |
| १८ | ०० | २१ | २४ | १८ | २७ | २१ | २१ | ०० | दिन |

* लग्नस्थमुन्थहायाःफलम् *

**शत्रुक्षयं मानसुताश्वलाभं प्रतापवृद्धिं नृपतेः प्रसादम् ।**
**शरीरपुष्टिं विविधोद्यमांश्च ददाति वित्तं मुथहा तनुस्था ।२३।**

वर्षलग्नमा मुन्था भए शत्रुको क्षय, मान, सुत, घोड़ाको लाभ, प्रतापको वृद्धि, राजाको प्रसन्नता, शरीरमा पुष्टता, अनेक प्रकारका उद्यमबाट धनादिको वृद्धि हुन्छ ॥२३॥

* धनस्थमुन्थहायाः फलम् *

उत्साहतोऽर्थागमनं यशश्च स्वबन्धुसम्माननृपाश्रयाश्च ।
मिष्टान्नभोगो बलपुष्टिसौख्यं स्यादर्थभावे मुथहा यदाऽब्दे २४

दोस्रो स्थानमा मुन्था भए उत्साहले धनादिको प्राप्ति, कीर्ति, आफ्नाः बन्धुहरुमा सम्मान, राजाको आश्रय, मिष्टान्न भोजन, बल, पुष्टि तथा सुख इत्यादिको लाभ गर्छ ॥२४॥

* सहजस्थमुन्थहायाः फलम् *

पराक्रमाद्वित्तयशः सुखानि स्यादर्थसौख्यं द्विजदेवपूजाः ।
सर्वोपकारस्तनुपुष्टिकीर्तिर्नृपाश्रयश्चेन्मुथहा तृतीये ॥२५॥

तेस्रा स्थानमा मुन्था हुँदा पराक्रमले धन, यश, सुख प्राप्ति होला, तथा मातृ-सुख होला, ब्राह्मण, देवताको पूजन गरे सर्वप्रकारले शरीर पुष्ट कान्ति अनि नृपाश्रय होला ॥ २५ ॥

* सुखभावस्थमुन्थहायाः फलम् *

शरीरपीडा रिपुभीः स्ववर्ग्यवैरं मनस्तापनिरुद्यमत्वे ।
स्यान्मुन्थहायां सुखभावगायां जनापवादामयवृद्धिदुःखम् २६

चौथा स्थानमा मुन्था हुँदा शरीर पीड़ा, शत्रुभय, स्ववर्गदेखि वैर, मनमा सन्ताप, उद्यम रहित, जनापवाद गराउला तथा रोगादि वृद्धि, दुःख यो फल हुन्छ ॥ २६ ॥

* पञ्चमभावस्थमुन्थहायाः फलम् *

यदीन्थिहा पञ्चमगाब्दवेशे सद्बुद्धिसौख्यात्मजवित्तलाभः ।
प्रतापवृद्धिर्विविधा विलासा देवद्विजार्चा नृपतेः प्रसादः ॥२७॥

मुन्था पञ्चम स्थानमा होस्ता उत्तम बुद्धि होला, सुख, पुत्र र धनको लाभ होला, प्रताप वृद्धि होला, नाना प्रकारका विलासादि हुनन्, देवता ब्राह्मणको पूजन राजाको प्रसन्नता होला ॥ २७ ॥

* अरिभावस्थमुन्थहायाः फलम् *

कृशत्वमङ्गेषु रिपूदयश्च भयं रुजस्तस्करजं नृपाद्वा ।
कार्यार्थनाशो मुथहारिगा चेत् दुर्बुद्धिवृद्धिः स्वकृतेऽनुतापः ॥

मुन्था षष्ठ स्थानमा भए शरीर कृश र शत्रुको उदय होला, रोग र चोर तथा राजादेखि भय होला। कर्म र अर्थको नाश होला, दुर्बुद्धिको पनि उदय हुनेछ तथा स्वकृत कार्यले सन्ताप होला ॥ २८ ॥

* सप्तमभावस्थमुन्थहायाः फलम् *

कलत्रबन्धुव्यसनारिभीतिरुत्साहभङ्गो धनधर्मनाशः ।
द्यूनोपगा चेन्मुथहा तनौ स्याद्रुजा मनोमोहविरुद्धचेष्टाः २९

सप्तम स्थानमा मुन्था होस्ता स्त्रीदेखि, बन्धुजनदेखि र व्यसन-देखि, फेरि शत्रुबाट भय होला, अरु उत्साहभङ्ग, धन र धर्मको नाश पनि हुनेछ, मोह र विपरीत चेष्टा पनि होला ॥२९॥

* अष्टमभावस्थमुन्थहा फलम् *

भयं रिपोस्तस्करतो विनाशो धर्मार्थयोर्दुर्व्यसनामयश्च ।
मृत्युस्थिता चेन्मुथहा नराणां बलक्षयः स्याद्गमनं सुदूरे ।३०।

अष्टम स्थानमा मुन्था भए शत्रुभय, चोरभय, धर्म र अर्थको नाश, दुष्ट व्यसन, रोग, बलक्षय र दूर-देशमा गमन होला ॥३०॥

* नवमस्थमुन्थहायाः फलम् *

स्वामित्वमर्थोपगमो नृपेभ्यो धर्मोत्सवः पुत्रकलत्रसौख्यम् ।
देवद्विजार्चा परमं यशश्च भाग्योदयो भाग्यगतेऽन्थिहायाम् ३१

मुन्था नवम स्थानमा भए राजादेखि धनको प्राप्ति होला, धर्मोत्सव होला, पुत्र र स्त्रीदेखि सुख होला, देव ब्राह्मणको पूजन, परम यश र भाग्योदय होला ॥ ३१ ॥

* दशमभावस्थमुन्थहायाः फलम् *

नृपप्रसादं स्वजनोपकारं सत्कर्मसिद्धिं द्विजदेवभक्तिम् ।
यशोऽभिवृद्धिं विविधार्थलाभं दत्तेऽम्बरस्था मुथहा पदाप्तिम्

दशम स्थानमा मुन्था होस् ता राजा प्रसन्न होलान्, स्वजनदेखि उपकार, उत्तम कर्मको सिद्धि, ब्राह्मण तथा देवताको भक्ति, यशको वृद्धि, नानाप्रकारका द्रव्यको लाभ र श्रेष्ठपदको लाभ होला ॥३२॥

* आयस्थमुन्थहायाः फलम् *

यदीन्थिहा लाभगता विलाससौभाग्यनैरुज्यमनः प्रसादाः।
भवन्ति राजाश्रयतो धनानि सन्मित्रपुत्राभिमताक्षयश्च॥३३॥

लाभस्थानमा मुन्था भए विलास, सौभाग्य, नीरोगता र मनमा प्रसन्नता होला। राजाका आश्रयले धन मिल्ला, अरु इच्छित मित्र र पुत्रको प्राप्ति होला ॥ ३३ ॥

* व्ययभावस्थमुन्थहायाः फलम् *

व्ययोऽधिको दुष्टजनैश्च सङ्गोरुजा तनौ विक्रमतोऽर्थसिद्धिः।
धर्मार्थहानिर्मुथहा व्ययस्था यदा तथा स्याज्जनतोऽपि वैरम्॥

बाह्रौं स्थानमा मुन्था भए खर्च बहुत हुन्छ, अरु दुष्ट जनको संगति होला तथा शरीरमा रोग होला, पराक्रमले पनि कार्य सिद्धि नहोला, धर्म अर्थको हानि र सज्जनहरुसँग वैरत्व समेत होला ॥३४॥

* अरिष्टयोगः *

अब्दलग्नं जन्मलग्नराशिभ्यामष्टमं यदा।
कष्टं महाव्याधिभयं मृत्युः पापयुतेक्षणात् ॥३५॥

जन्मलग्न अरु जन्मराशिदेखि वर्षलग्न आठौं होस्ता कष्ट र महाव्याधिको भय छ। त्यो वर्षलग्नमा पापग्रह युक्त होस् किंवा त्यसलाई पापग्रहले देखेमा मृत्यु हुन्छ ॥ ३५ ॥

* अरिष्टभङ्गयोगः *

लग्नाधिपो बलयुतः शुभेक्षितयुतोऽपि वा।
केन्द्रत्रिकोणगोरिष्टं नाशयेत्सुखवित्तदः ॥३६॥

लग्नेश पञ्चवर्गीका बलले बलिष्ठ होस् अरु शुभग्रहको दृष्टि पनि होस अथवा शुभग्रहले युक्त लग्नेश त्रिकोण ९।५ वा केन्द्र १।४।७।१० मा परेको होस्ता अरिष्टको नाश गरेर सुख र धन दिन्छ ॥३६॥

# ग्रहाणां भावफलम्

—:*:—

* लग्नस्थित सकलग्रहफलम् *

सूर्यारमन्दास्तनुगा ज्वरार्तिधनक्षयं पापयुगिन्दुरित्थम् ।
शुभान्वितःपुष्टतनुश्च सौख्यंजीवज्ञशुक्रा धनधान्यलाभम्३७
चन्द्रज्ञजीवास्फुजितो धनस्थाधनागमं राजसुखं च दद्युः ।
पापा धनस्था धनहानिदाःस्युर्नृपाद्भयं कार्यविघातमार्किः

दुश्चिक्यगाः खलखगा धनधर्मराज्य-
लाभप्रदा बलयुताः क्षितिलाभदाः स्युः ।
सौम्याः सुखार्थसुतलाभयशोविलास-
लाभाय हर्षमतुलं किल तत्र चन्द्रः ॥३८॥
चन्द्रः सुखे खलयुतो व्यसनं रुजं च
पुष्टः शुभेन सहितः सुखमातनोति ।
सौम्याः सुखं विविधमत्र खलाः सुखार्थ-
नाशं रुजं व्यसनमप्यतुलं भयं च ॥४०॥

पुत्रवित्तसुखसञ्चयं शुभाः पुत्रगा भृगुसुतोऽतिहर्षदः ।
पुत्रवित्तधनहानिकारकास्तस्कारामयकलिप्रदाः खलाः ४१
षष्ठे पाप वित्तलाभं सुखाप्तिं भौमोऽत्यन्तं हर्षदः शत्रुनाशम्।
सौम्याभीतिं वित्तनाशंकलिंच चन्द्रोरोगंपापयुक्तःकरोति४२

सपापः शशी सप्तमे व्याधिभीतिं
खलाः स्त्रीविनाशं कलिं भृत्यभीतिम् ।
शुभाः कुर्वते वित्तलाभं सुखाप्तिं

यशोमानराज्योदयं बन्धुसौख्यम् ॥४३॥

चन्द्रोऽष्टमे निधनदः खलखेटयुक्तः
पापाश्च तत्र मृतितुल्यफला विचिन्त्याः ।
सौम्याः स्वधातुवशतो रुजमर्थहानिं
मानक्षयं मुथशिलेऽशुभजं शुभं च ॥४४॥

तपसि सोदरभीः पशुपीडनं खलखगेऽतिमुदो रविरत्र चेत् ।
शुभखगा धनधर्मविवृद्धिदाः खलखगे च शुभान्यपरे जगुः ४५

गगनगो रविजः पशुवित्तहा रविकुजौ व्यवसायपराक्रमैः ।
धनसुखानि परे च धनात्मजावनिपसङ्गसुखानि वितन्वते ४६

लाभे धनोपचयसौख्ययशोऽभिवृद्धिः
सन्मित्रसङ्गबलपुष्टिकरास्तु सर्वे ।
क्रूरा बलेन रहिताः सुतवित्तबुद्धि-
नाशं शुभास्तु तनुतां स्वफलस्य कुर्युः ॥४७॥

पापा व्यये नेत्ररुजं विवादं हानिर्धनानां नृपतस्करादेः ।
सौम्या व्यये सद्व्यवहारमार्गे कुर्युः शनिर्हर्षविवृद्धिमत्र ॥४८॥

पापग्रह पापग्रहकासँग भएर चन्द्रमाद्वारा इत्थशाल गर्दछ भने धनक्षय तथा शुभग्रहसँग भएर पापग्रहका लग्नमा परे पुष्ट तनु र सुख तथा आठौं स्थानमा चन्द्रमा पापग्रहसँग होस्ता मृत्यु, शुभग्रह आठौं भएर अन्य शुभग्रहसँग इत्थशाल गरे शुभ जान्नु । अर्थात् जस ग्रहको धेरै गति छ अरु अंशमा कम होस् तथा थोड़ा गतिवाला ग्रहका धेर अंश होस्ता इत्थशाल योग हुन्छ तथा पापग्रहसँग युक्त चन्द्रमा सातौं होस्ता व्याधिभय होला ॥ ३७-४८ ॥

इति ज्योतिःसारे भाषाटीकासहितताजिकनाम प्रकरणं समाप्तम् ॥ ४ ॥

## * भावफलचक्रम् *

| स्थान | सू. | चं. | मं. | बु. | बृ. | शु. | श. रा. के | ग्रहाः |
|---|---|---|---|---|---|---|---|---|
| १ | ज्वरागमः धनक्षयः | पुष्टतनुः सुखम् | ज्वरागमः धनक्षय. | धनराज्य-लाभः | धनराज्य लाभः | धनराज्य लाभः | ज्वरागम धनक्षयः | फलं |
| २ | धन-हानिदः | धनागमः राजसुखं | धनहानिः | धनागमः राजसुखं | धनागमः राजसुखं | धनागमः राजसुखं | धनहानिः कार्यहानिः राजभयं | फलं |
| ३ | धनधर्म राज्यप्रदः | अतुल-हर्षदः | धनधर्म राज्य-लाभः | सुखार्थ सुतलाभः, यशोमान विलासदः | सुखार्थ-सुतलाभः, यशोमान-विलासदः | सुखार्थ-सुतलाभः यशोमान विलासदः | धनधर्म-राज्य-लाभः | फलं |
| ४ | सुखार्थ-नाशः, रोगभयदः | सुख-प्राप्तिः | सुखार्थ-नाशः, रोगभयदः | सुखप्राप्तिः | सुखप्राप्तिः | सुखप्राप्तिः | सुखार्थ-नाशः, रोगभयदः | फलं |
| ५ | पुत्रधन नाशः, कलिप्रदः चौरभयं | पुत्रधन-सुखप्रदः | पुत्रधन-नाशः कलिप्रदः चौरभयं | पुत्रधन-सुखप्रदः | पुत्रधन-सुखप्रदः | अति-हर्षदः | पुत्रधन-नाशः कलिप्रदः चौरभयं | फलं |
| ६ | धनलाभः सुखप्राप्ति | भयं धननाशः कलिप्रदः | अत्यन्त-हर्षः शत्रुनाशः | भयं धन-नाशः, कलिप्रदः | भयं धन-नाशः, कलिप्रदः | भयं धन-नाशः, कलिप्रदः | धनलाभः सुखाप्तिः | फलं |
| ७ | स्त्रीनाशः कलिप्रदः भृत्य-भयम् | वित्तलाभः, सुखाप्तिः, यशोमान राज्योदयः बन्धु-सौख्यं | स्त्रीनाशः कलिप्रदः भृत्य-भयम् | वित्तलाभः, सुखाप्तिः, यशोमान राज्योदयः बन्धु सौख्यं | वित्तलाभः, सुखाप्तिः, यशोमान राज्योदयः बन्धु-सौख्यं | धनलाभः सुखाप्तिः यशोमान-राज्योदयः, बन्धु सौख्यं | स्त्रीनाशः कलिप्रदः मृत्यु-भयम् | फलं |
| ८ | मृत्युः तुल्यः | रोगप्रदः, अर्थहानिः मानक्षयः | मृत्यु-तुल्यः | रोगप्रदः, अर्थहानिः मानक्षयः | रोगप्रदः, अर्थहानिः मानक्षयः | रोगप्रदः, अर्थहानिः मानक्षयः | मृत्यु-तुल्यः | फलं |

* भावफलचक्रम् *

| स्थान | सू. | चं. | मं. | बु. | बृ. | शु. | श.रा.के. | ग्रहाः |
|---|---|---|---|---|---|---|---|---|
| ९ | अत्यानन्ददः | धनधर्मवृद्धिः | भ्रातृ भय पशुपीडनं | धन धर्मवृद्धिः | धन धर्मवृद्धिः | धन धर्मवृद्धिः | भ्रातृ भयं पशुपीडनं | फलं |
| १० | घातः | धन सुखप्राप्तिः | घातः | धन सुखप्राप्तिः | धन सुखप्राप्तिः | धन सुखप्राप्तिः | पशुधनहानिः | फलं |
| ११ | धनदः अत्यन्तसुखम्, यशोवृद्धिदः | धनदः अत्यन्तसुखम् यशोवृद्धिदः | धनदः अत्यन्तसुखम्, यशोवृद्धिदः | धनदः अत्यन्तसुखम्, यशोवृद्धिदः | धनदः अत्यन्तसुखम्, यशोवृद्धिदः | धनदः अत्यन्तसुखम्, यशोवृद्धिदः | धनदः अत्यन्त सुखम्, यशोवृद्धिदः | फलं |
| १२ | नेत्ररुजं विवादः, राजचौराद्धनहानिः | शुभव्यवहारकार्यम् | नेत्ररुजं विवादः, राजचौराद्धनहानिः | शुभव्यवहारकार्यम् | शुभव्यवहारकार्यम् | शुभव्यवहारकार्यम् | हर्षवृद्धिदः | फलं |

# जातकप्रकरणम्

* तत्रादौ दिनेष्टज्ञानम् *

चैत्रे माधवचाश्विने कृतमनुर्मार्गे यमः सप्तभू-
रूर्जे फाल्गुनचाष्टबाणक्षितयः पौषे खऋत्विन्दवः ।
ज्येष्ठे श्रावणभाद्रयोः स्वरत्रिभूराषाढबाणार्कयो-
र्माघे नेत्ररसेन्दुमासध्रुवकाः शंकुश्च सप्तांगुलः ॥१॥

दिनमा इष्ट काल जान्नका लागि सात अँगुलको शंकु समतल बराबर पृथ्वीमा सीधा तरहले खड़ा गर्नु। जति अंगुल छाया छ त्यसमा सात जोड़नु र त्यस अंकलाई महीनाका ध्रुवमा भाग दिनु लब्धिलाई घटी जान्नु। शेषांकलाई साठीले गुणा गरेर फेरि उसै अंकको भाग दिनु। लब्धि इष्टपल जान्नू। तर दोपहरभित्र नापे जो अङ्क आउँछ त्यो इष्ट जान्नु तथा दोपहर उपरान्त नाप्नाले जो लब्धि मिल्छ त्यो

घड़ी पल दिन प्रमाणमा घटाई दिनु जो शेष रहन्छ त्यसैलाई इष्ट जान्नु । मासका ध्रुवा चक्रमा छन् ॥ १ ॥

* इष्टकालज्ञानार्थं मासध्रुवाचक्रम् *

| चै. | वै. | ज्येष्ठ | आ. | श्रा. | भा. | आ. | का. | मा. | पौ. | मा. | फा. | मास |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १४४ | १४४ | १३७ | १२५ | १३७ | १३७ | १४४ | १५८ | १७२ | १६० | १६२ | १५८ | ध्रुवांक |

* रात्रीष्टज्ञानम् *

सूर्यभान्मौलिभं गण्यं सप्तहीनं च शेषकम् ।
द्विगुणं च द्विहीनं च गता रात्रिः स्फुटा भवेत् ॥२॥

रात्रिमा खड़ा भएर आफ्ना शिर ऊपर आकाश तर्फ हेर्नु, शिर-ऊपरको नक्षत्र स्थापित गर्नु । फेरि जुन नक्षत्रमा सूर्य छन्, त्यस नक्षत्रदेखि शिरका नक्षत्रसम्म गन्नु । जो अङ्क छ त्यसमा सात घटाइ दिनु शेषलाई दूना गर्नु,त्यसमा दुइ अरु घटाइ दिनु जो शेष रहन्छ त्यसलाई इष्ट घट्यादिक मान्नु । परंतु अर्द्धरात्रिभित्र होस् ता त्यो अङ्क दिन-मानमा जोड़िदिनु सूर्योदयदेखि इष्टकाल हुन्छ । तथा अर्द्धरात्रि उपरांत होस् ता त्यही अङ्क साठीमा घटाइदिनु त्यो सूर्योदयादि इष्टकाल हुन्छ। २।

* नक्षत्रप्रचारज्ञानम् *

पुनर्वसुमृगश्चार्द्रा ज्येष्ठा मैत्रं करस्तथा ।
पूर्वाषाढोत्तराषाढो मूलं दक्षिणचारिणः ॥३॥
कृत्तिका रोहिणी पुष्यश्चित्राश्लेषा च रेवती ।
शत धनिष्ठा श्रवणो नव मध्यमचारिणः ॥४॥
अश्विनी भरणी स्वातिर्विशाखा फाल्गुनीद्वयम् ।
मघा भाद्रपदायुग्मं नवचोत्तरचारिणः ॥५॥

पुनर्वसु, मृगशिरा, आर्द्रा, ज्येष्ठा, अनुराधा, हस्त, पूर्वाषाढ़ा, उत्तरा-षाढ़ा र मूल यी नक्षत्र दक्षिणचारी हुन् । कृत्तिका, रोहिणी, पुष्य, चित्रा, आश्लेषा, रेवती, शतभिषा, धनिष्ठा, श्रवण यी नौ नक्षत्र मध्यचारी हुन् । अश्विनी, भरणी, स्वाती, विशाखा, पूर्वाफाल्गुनी, उत्तराफाल्गुनी, मघा,

पूर्वाभाद्रपद, उत्तराभाद्रपद यी नवै नक्षत्र उत्तरचारी हुन् ॥ ३–५ ॥

* नक्षत्रप्रचारचक्रम् *

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| पुन. | मृ. | आ. | ज्ये. | अनु. | ह. | पू. षा. | उ. षा. | मू. | दक्षिणचारी |
| कृ. | रो. | पु. | चि. | श्ले. | रे. | श. | ध. | अ. | मध्यमचारी |
| अ. | भ. | स्वा. | वि. | पू.फा. | उ. फा. | म. | पू. भा. | उ. भा. | उत्तरचारी |

* नक्षत्रोदयज्ञानम् *

त्रयं यमेऽश्वे चाग्नौ षड् विधौ पञ्चमृगे त्रयम् ।
एकामार्द्रासु नक्षत्रं चत्वारि च पुनर्वसौ ॥६॥
पुष्ये त्रयं रसः सार्पे मघायां भानि पञ्चकम् ।
द्वयं द्वयं च फाल्गुन्योर्ज्ञेयं हस्ते तु पञ्चकम् ॥७॥
चित्रास्वात्योरेकमेकं चतुष्कं च द्विदैवते ।
त्रयं स्यादनुराधायां ज्येष्ठायां च त्रयं स्मृतम् ॥८॥
मूले रुद्राश्चतुष्कं च पूर्वाषाढे तथोत्तरे ।
त्रयं चाभिजिति प्रोक्ताः श्रवणे च त्रयं तथा ॥९॥
धनिष्ठायां च चत्वारि शतं शतभिषासु च ।
द्वयं द्वयं भाद्रयोश्च द्वात्रिंशदपि चान्तिमे ॥१०॥

तीन नक्षत्रले अश्विनी र भरणी उदय हुन्छन्, कृत्तिका ६ नक्षत्रले रोहिणी पाँचले, मृगशिरा तीन नक्षत्रले, आर्द्रा एकले, पुनर्वसु चार नक्षत्रले, पुष्य तीन नक्षत्रले, आश्लेषा, मघा, पाँच नक्षत्रले, पूर्वाफाल्गुनी र उत्तरा फाल्गुनी दुइ दुइ नक्षत्रले, हस्त पाँचले, चित्रा र स्वाती नक्षत्र एक-एक नक्षत्रले, विशाखा चार नक्षत्रले, अनुराधाको र ज्येष्ठाको पनि तीनै नक्षत्रले, मूल एघार नक्षत्रले, पूर्वाषाढ़ा र उत्तराषाढ़ा चार नक्षत्रले, अभिजित् र श्रवण तीन नक्षत्रले, धनिष्ठा चार नक्षत्रले, शतभिषा सौ नक्षत्रले, पूर्वाभाद्र र उत्तराभाद्र दुइ दुइ नक्षत्रले र रेवती बत्तीस नक्षत्रले उदय हुन्छ ॥ ६–१० ॥

अश्विन्यादि नक्षत्राणां तारा संख्या



तथा स्वरूपचक्रम्


स्वाती १५
प्रबाल
१
विशाखा १६
तोरण
४
अनुराधा १७
बलि
४
ज्येष्ठा १८
कुण्डलाकार
३
मूल १९
११
सिंहपुच्छ
पूर्वाषाढा २०
हस्तीदंत
२
उत्तराषाढा २१
शय्याकार
२
अभिजित् २२
त्रिकोण
३
श्रवण २३
त्रिचरण
३
धनिष्ठा २४
मृदंगाकार
४
शतभिषा २५
वर्तुलाकार
१००
पूर्वाभाद्रपद २६
मंचाकार
२
उत्तराभाद्रपद २७
२
रेवती २८
मृदंगाकार

सजिलोका लागि नक्षत्रको आकार संख्या-स्वरूप चक्रमा स्पष्ट दिएको छ ।

* राशिस्वामिचक्रम् *

| सू. | चं. | मं. | बु. | बृ. | शु. | श. | रा. | के. | स्वामी |
|---|---|---|---|---|---|---|---|---|---|
| ५ | ४ | १ ८ | ३ ६ | ९ १२ | २ ७ | १० ११ | ६ | ३ | राशि |

* उच्चनीचग्रहविचारः *

मेषे रविर्वृषे चन्द्रो मकरे च महीसुतः ।
कन्यायां रोहिणीपुत्रो गुरुः कर्के झषे भृगुः ॥ ११ ॥
शनिस्तुलायामुच्चस्थो मिथुने सिंहिकासुतः ।
उच्चात्सप्तमगो नीचः कथितो गणकोत्तमैः ॥ १२ ॥

मेष राशिको सूर्य, वृषको चन्द्रमा, मकरको मङ्गल, कन्याको बुध, कर्कको बृहस्पति, मीनको शुक्र, तुलाको शनि र मिथुनको राहु उच्च हुन्छ । यी ग्रह उच्चस्थानदेखि सप्तम स्थानमा नीच हुन्छन् । तथा केतु धनको उच्च अनुमानले जान्नु ॥११-१२॥

* उच्चनीचग्रहचक्रम् *

| ग्रह | सू. | चं. | मं. | बु. | बृ. | शु. | श. | रा. | के. |
|---|---|---|---|---|---|---|---|---|---|
| उच्च | मे. | वृ. | म. | कं. | कर्क | मी. | तु. | मि. | ध. |
| नीच | तु. | वृ. | कर्क | मी. | म. | कन्या | मेष. | धन | मि. |

* योगिनीदशाप्रकारः *

स्वकीयंच भं रुद्रनेत्रैर्युतं तद्विधायाष्टभिर्भागमाहार्यशेषात् ।
क्रमान्मङ्गलादिर्दशाशून्यशेषं तदा सङ्कटा प्राणसन्देहकर्त्री ॥

अश्विनी आदि जन्म नक्षत्रमा तीन जोड़ेर आठको भाग दिनु । शेष मंगलादि योगिनी दशा जान्नु । शून्य बचे प्राणसन्देह कारिणी संकटा जान्नु ॥१३॥

### * दशाक्रमज्ञानम् *

अभून्मङ्गला पिङ्गला धान्यका च
तथा भ्रामरी भद्रिका चोल्किका च ।
तथा सिद्धिका सङ्कटाख्या शिवस्तु
शिवायै पुरा योगिनीत्युक्तवांश्च ॥१४॥

मंगला १ पिंगला २ धान्या ३ भ्रामरी ४ भद्रिका ५ उल्का ६ सिद्धा ७ र संकटा ८ यी आठ योगिनी दशा पहिले पार्वतीजीसँग श्रीमहादेवजीले कहेका हुन् ॥१४॥

### * दशास्वामिज्ञानम् *

अथासामधीशाःक्रमान्मङ्गलातोभवेच्चन्द्रभानूगुरुर्भूमिसूनुः
तथासौम्यमन्दौभृगुःसिंहिकायाःसुतःसङ्कटायास्तदंतेचकेतुः

मंगलाको स्वामी चन्द्रमा, पिंगलाको सूर्य, धान्याको बृहस्पति भ्रामरीको मङ्गल, भद्रिकाको बुध, उल्काको शनिश्चर, सिद्धाको शुक्र र संकटाको स्वामी राहु र केतु हो ॥ १५ ॥

### * दशाचक्रम् *

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| मं. | पिं. | धा. | भ्रा. | भ. | उ. | सि. | सं. | दशा |
| चं. | सू. | बृ. | मं. | बु. | श. | शु. | रा. के. | स्वामी |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | वर्षप्रमाण |
| ० | ० | ० | अ. | भ. | कृ. | रो. | मृ. | नक्षत्र |
| आ. | पुन. | पुष्य. | श्ले. | म. | पू. फा. | उ. फा. | ह. | ,, |
| चि. | स्वा. | वि. | अनु. | ज्ये. | मू. | पू. षा. | उ. षा. | ,, |
| श्र. | ध. | श. | पू. भा. | उ. भा. | रे. | × | × | ,, |

* दशाभुक्तभोग्यप्रकारः *

अथो भस्य भुक्ता घटी स्वैर्दशाब्दै-
निहन्यात्तथा सर्वतारा विभक्ता ।
भवेद्वर्षपूर्वं हि भुक्ता दशायां-
स्ववर्षे च पात्या भवेद्भोगसंज्ञा ॥१६॥

शेषादर्कगुणा मासाः शेषात्त्रिंशद्गुणा दिवा ।
शेषात्षष्ठिगुणा नाड्यः शेषात्षष्ठिगुणा पलाः ॥१७॥

जन्म दशाका वर्षले भयातका घटी आदिलाई गुणा गर्नु र त्यसमा भभोगको भाग दिनु । लब्धि त्यस दशाको भुक्त वर्ष जान्नु । शेषांकलाई बाह १२ ले गुणा गरेर भभोगको भाग दिंदा लब्धि दशाको भुक्त महीना हुन्छ । फेरि शेषांकलाई तीस ३० ले गुणा गरेर, भभोगको भाग दिनु लब्धि दशाको भुक्त दिन हुन्छ । शेषांकलाई साठी ६० ले गुणा गरेर भभोगको भाग दिंदा लब्धि दशाको भुक्त घटी जान्नु । शेषांकलाई साठी ६० ले गुणा गरेर भभोगको भाग दिनु लब्धि दशाको भुक्त पला हुन्छ । फेरि त्यो दशाका भुक्त वर्षादिलाई दशाका वर्ष प्रमाणमा घटाइ दिंदा शेष दशाको भोग्य-वर्षादि हुन्छ ॥ १६–१७ ॥

उदाहरण—संवत् १९९५ शके १८३० ज्येष्ठशुक्ल पूर्णमास्यां रविवासरे इष्टम् ५।१० फाल्गुनकृष्णद्वितीयायां चन्द्रे ज्येष्ठा नक्षत्रे भभोगः । ३५।४३ भयातम् ४।५ विंशोत्तरीमध्ये बुधदशायां जन्म । तत्प्रमाणं वर्ष १६ । गणितागत भुक्तवर्षादि १।०।१९।५।५०।१० भोग्यवर्षादि १५।११।१०।९।०।५० एवं सर्वत्र ज्ञेयम् ॥

* अन्तर्दशाप्रकारः *

दशा दशाहता कार्या दशामानेन भाजिता ।
यल्लब्धाऽन्तर्दशा ज्ञेया फलं वर्षादिकं भवेत् ॥१८॥

दशालाई दशाले गुणा गर्नु त्यसमा दशाको जो मान अर्थात् जो अङ्क सबै दशाको प्रमाणको छ, त्यसैले भाग दिनु जो लब्धि मिल्छ त्यसलाई अन्तर्दशाको वर्ष जान्नु। फेरि शेषांकलाई बाह्र १२ ले गुणा गरेर सर्व दशाप्रमाणको भाग लिनाले आएका लब्धिलाई अन्तर्दशाका महीना जान्नु। फेरि शेषांकलाई तीसले गुणा गरेर त्यसमा दशामानको भाग दिनाले लब्धि अन्तर्दशाको दिन जान्नु ॥१८॥

गणितागत उदाहरण—

## ❀ अन्तर्दशाचक्रम् ❀

* मङ्गलान्तर्दशाचक्रम् *

| मं. | पिं. | धा. | भ्रा. | भ. | उ. | सि. | सं. | दशा |
|---|---|---|---|---|---|---|---|---|
| ० | ० | ० | ० | ० | ० | ० | ० | वर्ष |
| ० | ० | १ | १ | १ | २ | २ | २ | मास |
| १० | २० | ० | १० | २० | ० | १० | २० | दिन |

* पिङ्गलान्तर्दशाचक्रम् *

| पिं. | धा. | भ्रा. | भ. | उ. | सि. | सं. | मं. |
|---|---|---|---|---|---|---|---|
| ० | ० | ० | ० | ० | ० | ० | ० |
| १ | २ | २ | ३ | ४ | ४ | ५ | ० |
| १० | ० | २० | १० | ० | २० | १० | २० |

* धान्यान्तर्दशाचक्रम् *

| धा. | भ्रा | भ. | उ. | सि. | स. | मं. | पिं. | दशा |
|---|---|---|---|---|---|---|---|---|
| ० | ० | ० | ० | ० | ० | ० | ० | वर्ष |
| ३ | ४ | ५ | ६ | ७ | ८ | १ | २ | मास |
| ० | ० | ० | ० | ० | ० | ० | ० | दिन |

* भ्रामर्यन्तर्दशाचक्रम् *

| भ्रा. | भ. | उ. | सि. | सं. | म. | पिं. | धा. |
|---|---|---|---|---|---|---|---|
| ० | ० | ० | ० | ० | ० | ० | ० |
| ५ | ६ | ७ | ८ | १० | १ | २ | ४ |
| ० | २० | ० | १० | २० | १० | २० | ० |

❀ भद्रिकान्तर्दशाचक्रम् ❀

| भ. | उ. | सि. | सं. | मं. | पि. | धा. | भ्रा. | दशा |
|---|---|---|---|---|---|---|---|---|
| ० | ० | ० | १ | ० | ० | ० | ० | वर्ष |
| ८ | १० | ११ | १ | १ | ३ | ५ | ६ | मास |
| ० | ० | ० | १० | २० | १० | ० | २० | दिन |

❀ उल्कान्तर्दशाचक्रम् ❀

| उ. | सि. | सं. | मं. | पिं. | धा. | भ्रा. | भ. |
|---|---|---|---|---|---|---|---|
| १ | १ | १ | ० | ० | ० | ० | ० |
| ० | २ | ४ | २ | ४ | ६ | ८ | १० |
| ० | ० | ० | ० | ० | ० | ० | ० |

* सिद्धान्तर्दशाचक्रम् *

| सि. | सं. | मं. | पिं. | धा. | भ्रा. | भ. | उ. | दशा |
|---|---|---|---|---|---|---|---|---|
| १ | १ | ० | ० | ० | ० | ० | १ | वर्ष |
| ४ | ६ | २ | ४ | ७ | ९ | ११ | २ | मास |
| १० | २० | १० | २० | ० | १० | २० | ० | दिन |

* सङ्कटान्तर्दशाचक्रम् *

| सं. | मं. | पिं. | धा. | भ्रा. | भ. | उ. | सि. |
|---|---|---|---|---|---|---|---|
| १ | ० | ० | ० | ० | १ | १ | १ |
| ९ | २ | ५ | ८ | १० | १ | ४ | ६ |
| १० | २० | १० | ० | २० | १० | ० | २० |

* योगिनी दशाफलं तत्रादौ मङ्गलाफलम् *

**वैरिणा विवदनं विनाशनं वाहनस्य बहुरत्नलाभदा ।**
**कामिनीसुतगृहाद्विलासदामङ्गला सकलमङ्गलोदया ॥१९॥**

शत्रुसँग विवाद, वाहनादि विनाश, बहुत रत्नलाभ, स्त्री, पुत्र गृहद्वारा विलास अरु सकल मंगलोदय होला ॥ १९ ॥

* पिङ्गलादशाफलम् *

दुःखशोककुलरोगवृद्धिता व्यग्रता च कलहः स्वजनैश्च।
अन्त्यभागफलदा कथिताऽसौ पिङ्गला च विदुषां सुखदाऽदौ

दुःख, शोक, कुलरोगको वृद्धि, व्यग्रता अरु स्वजनसँग कलह होला। परन्तु अन्त्यभागमा फल जान्नू। फेरि आदिमा सुख हुन्छ ॥

* धान्यादशाफलम् *

धनं धान्यवृद्धिं धरानाथमान्यं सदा युद्धभूमौ जयं धैर्यवन्तम्।
कलत्राङ्गनानां सुखं चित्रवस्त्रैर्युतं धान्यका धातुवृद्धिं करोति।

धन-धान्यको वृद्धि, राजाहरूमा मान अरु युद्धमा जय हुन्छ। धैर्य गर्ला, स्त्रीको सुख दिन्छ अरु चित्र-विचित्र वस्त्र आदिले युक्त हुन्छ तथा धातुको वृद्धि हुन्छ ॥२१॥

* भ्रामरीदशाफलम् *

विदेशे भ्रमं हानिमुद्वेगता च कलत्राङ्गपीडा सुखैर्वर्जितं च।
ऋणं व्याधिवृद्धिं तथा भूपकोपं दशा भ्रामरी भोगभङ्गं करोति

विदेशमा भ्रमण गराउला, हानि होला, उद्वेग होला, स्त्रीका शरीरमा पीड़ा होला, सुख वर्जित, ऋणको वृद्धि, व्याधि आदिको वृद्धि र राजाको क्रोध बढ्ला यो भ्रामरीका दशामा भोग भंग होला।

* भद्रिकादशाफलम् *

धनानां विवृद्धिं गुणानां प्रकाशं समीचीनवस्त्रागमं राजमानम्।
अलङ्कारदिव्याङ्गनाभोगसौख्यं दशा भद्रिका भद्रकार्यं करोति

धनको वृद्धि, गुणको प्रकाश, समीचीन (असल) वस्त्रादिको आगम, राजमान, अलंकार अर्थात् भूषण तथा दिव्य स्त्री आदिको सुख-भोग होला, भद्रिका दशाले सदा कल्याण गर्ला ॥ २३ ॥

* उल्कादशाफलम् *

जनानां विवादं ज्वराणां प्रकोपं धनादिष्टदारादिकानां वियोगम्।
स्वगोत्रे विवादं सुहृद्बन्धुवैरं दशा चोल्किकाऽनर्थकर्त्री सदैव॥

जनसँग विवाद (झगड़ा) गराउला, ज्वरादिको कोप होला, धन वा इष्ट तथा स्त्री आदिसँग वियोग होला अरु आफ्ना गोत्रमा विवाद गराउला। मित्र र बन्धु आदिदेखि वैर होला, सदा अनर्थ गर्ला ॥२४॥

* सिद्धादशाफलम् *

राज्ञोऽधिकारं स्वजनादिसौख्यं धनादिलाभं गुणकीर्तिसिद्धिम्
वामादिलाभं सुतवृद्धिसौख्यं विद्यां च सिद्धा प्रकरोति पुंसाम्॥

राज्यको अधिकार, स्वजनादिसँग सुख, धनादि लाभ, गुण कीर्ति आदिको सिद्धि, स्त्री-लाभ, सुतवृद्धिको सुख र विद्यासिद्धि होला २५

* सङ्कटादशाफलम् *

जनानां विवादं ज्वराणां प्रकोपं कलत्रादिकष्टं पशूनां विनाशम्।
गृहे स्वल्पवासं प्रवासाभिलाषं सदा सङ्कटा सङ्कटे राजपक्षात्॥

जनसँग विवाद, ज्वरादिको कोप, कलत्रादिका शरीरमा कष्ट, घरमा थोड़ा वास होला, विदेशको बहुत इच्छा होला, राजाका पक्षदेखि संकट होला ॥२६॥

* अष्टोत्तरीदशाचक्रम् *

आर्द्राचतुष्के सूर्यस्य दशा षड्वर्षसंमिते।
मघात्रये तु चन्द्रस्य दशा पञ्च च वत्सराः ॥२७॥
हस्ताच्चतुष्के भौमस्य दशा स्यादष्टवत्सराः।
अनुराधात्रये ज्ञस्य दशा सप्त च वत्सराः ॥२८॥
पूर्वाषाढाच्चतुष्के च शनेः स्युर्दशवत्सराः।
वसुत्रये गुरौ प्रोक्ता ऊनविंशतिवत्सराः ॥२९॥

राहोर्द्वादशवर्षैस्तु उत्तराभाद्रापाच्चतुः ।
एकविंशतिवर्षाणि शुक्रस्य कृत्तिकात्रये ॥३०॥

आर्द्रा, पुनर्वसु, पुष्य र आश्लेषा यी नक्षत्रमा जन्म भए सूर्यका दशामा जन्म जान्नू। त्यसको प्रमाण छ वर्षको हुन्छ। मघा, पूर्वाफाल्गुनी र उत्तराफाल्गुनीको जन्म भए चन्द्रमाको दशा पन्ध्र-वर्षको हुन्छ। हस्त, चित्रा, स्वाती र विशाखाको भए मंगलको दशा आठ वर्षको जान्नू। अनुराधा, ज्येष्ठा, मूलको जन्महोस् ता बुधको दशा सत्र वर्षको जान्नु। पूर्वाषाढ़ा, उत्तराषाढा, अभिजित् र श्रवण-को जन्म भएमा शनैश्चरका दशा दश वर्षको जान्नू तथा धनिष्ठा, शतभिषा र पूर्वाभाद्रपदको जन्म होस्ता बृहस्पतिको दशा उन्नाइस वर्षको हुन्छ। उत्तराभाद्रपद, रेवती, अश्विनी र भरणीको जन्म होस् ता राहुको दशा बाह्र वर्षको जान्नू। कृत्तिका, रोहिणी र मृगशिरा-को जन्म होस्ता शुक्रको दशा इकाइस वर्षको जान्नू। यस प्रकारले अष्टोत्तरी दशाको क्रम जान्नु। भुक्त-भोग्य जन्मका दशामा पूर्वोक्त रीतिले जान्नू। परन्तु जस दशामा जति नक्षत्र छन्, उनको भाग जन्मनक्षत्रमा घटित गरेर भुक्त-भोग्य निकाल्नु पर्छ। पूर्वोक्त रीतिले अन्तर्दशा पनि जान्नु अरु फल पनि भावोक्त जान्नू॥२७-३०॥

● अष्टोत्तरीदशाचक्रन्यासः ●

| सू. | चं. | मं. | बु. | श. | बृ. | रा. | शु. | दशा |
|---|---|---|---|---|---|---|---|---|
| ६ | १५ | ८ | १७ | १० | १९ | १२ | २१ | वर्ष |
| आ.<br>पुन.<br>पुष्य<br>श्ले. | म.<br>पू.फा.<br>उ.फा. | ह.<br>चि.<br>स्वा.<br>विशा. | अनु.<br>ज्ये.<br>मू. | पू.षा.<br>उ.षा.<br>अभि.<br>श्रवण | ध.<br>श.<br>पू.भा. | उ.भा.<br>रे.<br>अ.<br>भ. | कृ.<br>रो.<br>मृ. | नक्षत्र |

* विंशोत्तरीदशाप्रकारः *

नवर्क्षेष्वग्निभाद्येषु त्रिरावृत्तेष्वधःस्थिताः ।
रवीन्दुभौमराह्वीज्यशनिज्ञशिखिभार्गवाः ॥३१॥
रसादिशोऽद्रयोऽष्टेन्दुर्मिता भूपा नवेन्दवः ।
सप्तेन्दवोऽद्रयोविंशद्दशावर्षाण्यनुक्रमात् ॥३२॥

कृत्तिका आदि नौ नक्षत्र, तीन आवृत्तिले स्थापित गरेर क्रमैले दशा जान्नू। पहिले दशा सूर्यको, दोस्रा चन्द्रमाको, तेस्रो मङ्गलको, चौथो राहुको, पाँचौं बृहस्पतिको, छैटौं शनिश्चरको, सातौं बुधको, आठौं केतुको र नवौं दशा शुक्रको जान्नू। सूर्यका दशाको प्रमाण छ ६ वर्ष, चन्द्रमाको दश १०, मंगलको सात ७, राहुको अठार १८, बृहस्पतिको सोह्र १६, शनैश्चरको दशा उन्नाइस १९, बुधको सत्र १७, केतुको सात र शुक्रको २० वर्षको प्रमाण जान्नु। भुक्त-भोग्य जन्मका दशामा पूर्वोक्त प्रकार जान्नु। तथा दशाको फल भावफलका समान गर्नू। भावफल अगाड़ि लेखिन्छ ॥३१-३२॥

* विंशोत्तरीमहादशाचक्रम् *

| सू. | चं. | मं. | रा. | बृ. | श. | बु. | के. | शु. | दशा |
|---|---|---|---|---|---|---|---|---|---|
| ६ | १० | ७ | १८ | १६ | १९ | १७ | ७ | २० | वर्ष |
| कृ. | रो. | मृ. | आ. | पु. | पुष्य | श्ले. | म. | पू. फा. | नक्षत्र |
| उ. फा. | ह. | चि. | स्वा. | वि. | अ. | ज्ये. | मू. | पू. षा. | नक्षत्र |
| उ. षा. | श्र. | ध. | श. | पू. भा. | उ. भा. | रे. | अ. | भ. | नक्षत्र |

### ● सूर्यान्तर्दशाचक्रम् ●

| सू. | चं. | मं. | रा. | बृ. | श. | बु. | के. | शु. | दशा |
|---|---|---|---|---|---|---|---|---|---|
| ० | ० | ० | ० | ० | ० | ० | ० | १ | वर्ष |
| ० | ६ | ४ | १० | ९ | ११ | १० | ४ | ० | मास |
| १८ | ० | ६ | २४ | १८ | १२ | ६ | ६ | ० | दिन |

### ● चन्द्रान्तर्दशाचक्रम् ●

| चं | मं. | रा. | बृ. | श. | बु. | के. | शु. | सू. |
|---|---|---|---|---|---|---|---|---|
| ० | ० | १ | १ | १ | १ | ० | १ | ० |
| १० | ७ | ६ | ४ | ७ | ५ | ७ | ८ | ६ |
| ० | ० | ० | ० | ० | ० | ० | ० | ० |

### * भौमान्तर्दशाचक्रम् ●

| मं. | रा. | बृ. | श. | बु. | के. | शु. | सू. | चं. | दशा |
|---|---|---|---|---|---|---|---|---|---|
| ० | १ | ० | १ | ० | ० | १ | ० | ० | वर्ष |
| ४ | ० | ११ | १ | ११ | ४ | २ | ४ | ७ | मास |
| २७ | १८ | ६ | ९ | २७ | २७ | ० | ६ | ० | दिन |

### ● राह्वन्तर्दशाचक्रम् ●

| रा. | बृ. | श. | बु. | के. | शु. | सू. | चं. | मं. |
|---|---|---|---|---|---|---|---|---|
| २ | २ | २ | २ | १ | ३ | ० | १ | १ |
| ८ | ४ | १० | ६ | ० | ० | १० | ६ | ० |
| १२ | २४ | ६ | १८ | १८ | ० | २४ | ० | १८ |

### * गुरोरन्तर्दशाचक्रम् *

| बृ. | श. | बु. | के. | शु. | सू. | चं. | मं. | रा. | दशा |
|---|---|---|---|---|---|---|---|---|---|
| २ | २ | २ | ० | २ | ० | १ | ० | २ | वर्ष |
| १ | ६ | ३ | ११ | ८ | ९ | ४ | ११ | ४ | मास |
| १८ | १२ | ६ | ६ | ० | १८ | ० | ६ | २४ | दिन |

### * शनैश्चरान्तर्दशाचक्रम् *

| श. | बु. | के. | शु. | सू. | चं. | मं. | रा. | बृ. |
|---|---|---|---|---|---|---|---|---|
| ३ | २ | १ | ३ | ० | १ | १ | २ | २ |
| ० | ८ | १ | २ | ११ | ७ | १ | १० | ६ |
| ३ | ९ | ९ | ० | १२ | ० | ९ | ६ | १२ |

### * बुधान्तर्दशाचक्रम् ●

| बु. | के. | शु. | सू. | चं. | मं. | रा. | बृ. | श. | दशा |
|---|---|---|---|---|---|---|---|---|---|
| २ | ० | २ | ० | १ | ० | २ | २ | २ | वर्ष |
| ४ | ११ | १० | १० | ५ | ११ | ६ | ३ | ८ | मास |
| २७ | २७ | ० | ६ | ० | २७ | १८ | ६ | ९ | दिन |

### * केत्वन्तर्दशाचक्रम् ●

| के. | शु. | सू. | चं. | मं. | रा. | बृ. | श. | बु. |
|---|---|---|---|---|---|---|---|---|
| ० | १ | ० | ० | ० | १ | ० | १ | ० |
| ४ | २ | ४ | ७ | ४ | ० | ११ | १ | ११ |
| २७ | ० | ६ | ० | २७ | १८ | ६ | ९ | २७ |

### * शुक्रान्तर्दशाचक्रम् *

| शु. | सू. | चं. | मं. | रा. | बृ. | श. | बु. | के. | दशा |
|---|---|---|---|---|---|---|---|---|---|
| ३ | १ | १ | १ | ३ | २ | ३ | २ | १ | वर्ष |
| ४ | ० | ८ | २ | ० | ८ | २ | १० | २ | मास |
| ० | ० | ० | ० | ० | ० | ० | ० | ० | दिन |

### * दृष्टिचक्रम् *

## चतुर्थे चाष्टमे भौमस्तृतीये दशमे शनिः ।

नवपञ्चगुरोर्दृष्टे संपूर्णे पूर्णसप्तमे ॥३३॥

चौथा र आठौं स्थानमा मंगल पूर्ण दृष्टिले देख्तछ। तेस्रा र दशौंमा शनिश्चरको पूर्ण दृष्टि हुन्छ, नवौं पाँचौं बृहस्पतिको पूर्ण दृष्टि हुन्छ, फेरि सातौं स्थानमा सबै ग्रह पूर्ण दृष्टिले देख्तछन् ॥३३॥

* दृष्टिचक्रम् *

| सू. | चं. | मं. | बु. | बृ. | शु | श. | रा. | के. | ग्रहाः |
|---|---|---|---|---|---|---|---|---|---|
| ७ | ७ | ४<br>७<br>८ | ७ | ५<br>७<br>९ | ७ | ३<br>७<br>१० | ७ | ७ | दृष्टि स्थानानि |

* ग्रहभावफलम् *

लग्ने स्थितो दिनकरः कुरुतेऽङ्गपीडां-
पृथ्वीसुतो वितनुते रुधिरप्रकोपम्।
छायासुतः प्रकुरुते वहुदुःखभाजं
जीवेन्दुभार्गवबुधाःसुखकान्तिदाःस्युः ॥३४॥

दुःखावहा धनविनाशकरप्रतिष्ठा
वित्ते स्थिता रविशनैश्चरभूमिपुत्राः।
चन्द्रो बुधः सुरगुरुर्भृगुनन्दनो वा
नानाविधं धनचयं कुरुते धनस्थः ॥३५॥

भानुः करोति विरुजं रजनीकरोऽपि
कीर्त्या युतं क्षितिसुतः प्रचुरप्रकोपम्।
ऋद्धिं बुधः सुधिषणं सुविनीतवेषं
स्त्रीणां प्रियं गुरुकवी रविजस्तृतीये ॥३६॥

आदित्यभौमशनयः सुखवर्जिताङ्गं
कुर्वन्ति जन्मनि नरं सुचिरं चतुर्थे ।
सोमो बुधः सुरगुरुर्भृगुनन्दनो वा
सौख्यान्वितं च नृपकर्मरतः प्रधानम् ॥३७॥

पुत्रे रविः प्रचुरकोपयुतं बुधश्च
स्वल्पात्मजं शनिधरातनुजावपुत्रम् ।
शुक्रेन्दुदेवगुरवः सुतधामसंस्थाः
कुर्वन्ति पुत्रबहुलं सुखिनं स्वरूपम् ॥३८॥

मार्तण्डभूमितनयो हतशत्रुपक्षं
पंगुर्नरं रिपुगृहेष्वतिपूजनीयम् ।
काव्येन्दुजौ मतिविहीनमनल्परोगं
जीवः करोति विकलं मरणं शशाङ्कः ॥३९॥

तिग्मांशुभौमरविजाः किल सप्तमस्था
जायां कुकर्मनिरतां तनुसन्ततिं च ।
जीवेन्दुभार्गवबुधा बहुपुत्रयुक्तां
रूपान्वितां जनमनोहररूपशीलाम् ॥४०॥

सर्वे ग्रहा दिनकरप्रमुखा नितान्तं
मृत्युस्थितो वितनुते किल दुष्टबुद्धिम् ।

शस्त्राभिघातपरिपीडितगात्रयष्टिं
सौख्यैर्विहीनमतिरोगगुणैरुपेतम् ॥४१॥

धर्मस्थिता रविशनैश्चरभूमिपुत्राः
कुर्वन्ति धर्मरहितं विमतिं कुशीलम् ।
चन्द्रो बुधो भृगुसुतः सुरराजमन्त्री
धर्मक्रियासुनिरतं कुरुते मनुष्यम् ॥४२॥

आदित्यभौमशनयः किल कर्मसंस्थाः
कुर्युर्नरं बहुकुकर्मरतं कुपुत्रम् ।
चन्द्रः सुकीर्तिमुशना बहुवित्तयुक्तं
रूपान्वितं बुधगुरू शुभकर्मभाजम् ॥४३॥

लाभस्थितो दिनकरो नृपलाभयुक्तं
तारापतिर्बहुधनं क्षितिजः क्षितीशम् ।
सौम्यो विवेकसुभगं च धनायुषीज्यः
शुक्रः करोति सगुणं रविजः सुकीर्तिम् ॥४४॥

सूर्यः करोति पुरुषं व्ययगो विशीलं
कामीशशिक्षितिसुतो बहुपापभाजम् ।
चन्द्राङ्गजो गतधनं धिषणः कृशाङ्गं
शुक्रो बहुव्ययकरं रविजः सुतीव्रम् ॥४५॥

जन्म लग्न आदि द्वादश स्थानमा जो २ ग्रह बसेका छन् तिनको अलग अलग फल चक्रमा स्पष्ट छ ।

## ❀ ग्रहभावफलचक्रम् ❀

| भावाः | सू. | चं. | मं. | बु. | बृ. | शु. | श.रा.के. | ग्रहाः |
|---|---|---|---|---|---|---|---|---|
| १ | अङ्गपीडाकारकः | सुखकान्तिदः | रक्तविकारः | सुखकान्तिदः | सुखकान्तिदः | सुखकान्तिदः | बहुसुखदः | फलं |
| २ | अतिदुःख, धननाश | नानाप्रकार धनप्राप्तिः | अतिदुखदः, धननाशः | नानाप्रकार धनप्राप्तिः | नानाप्रकार धनप्राप्तिः | नानाप्रकार धनप्राप्तिः | अतिदुःखदः, धननाशः | फलं |
| ३ | नीरोगः | कीर्तियुतम् | कोपयुक्तम् | ऋद्धियुतम् | सुबुद्धियुतम् | नानाप्रकार वेषधारणम् | स्त्रीणां प्रियम् | फलं |
| ४ | सुखवर्जिताङ्गः | सुखयुतं, नृपकर्मरतः | सुखवर्जिताङ्गः | सुखयुतं, नृपकर्मरत | सुखयुतं, नृपकर्मरत | सुखयुतं, नृपकर्मरत | सुखवर्जिताङ्ग | फलं |
| ५ | पुत्ररोगचिन्ता | बहुपुत्रम् | पुत्ररहितम् | स्वल्पपुत्रम् | बहुपुत्रम् | बहुपुत्रम् | पुत्ररहितम् | फलं |
| ६ | शत्रुनाशः | दुखमरणप्रदः | शत्रुनाशः | बुद्धिहीनः | शरीरविकलः | बुद्धिहीनः | शत्रुगृहपूज्यः | फलं |
| ७ | स्त्रीदुष्टकर्मरताल्पसंततिः | स्त्रीरूपवती पुत्राधिक शीलयुतं मनोहरः | स्त्रीदुष्टकर्मरताल्पसंतति | स्त्रीरूपवती,शीलयुततथा बहुपुत्रयुतं मनोहरः | स्त्रीरूपवती,शीलयुतंतथा बहुपुत्रयुतं मनोहरः | स्त्रीरूपवतीशीलयुतं तथा बहुपुत्रयुतं मनोहरः | स्त्रीदुष्टकर्मरतस्वल्पसंततिः | फलं |
| ८ | नेष्टफलप्रदः,विकलः,दुष्टबुद्धिः,शस्त्रघातसुखमतिहीनः, रोगयुतः | नेष्टफलप्रदः,विकलः दुष्टबुद्धिः,शस्त्रघातसुखमतिहीनः, रोगयुतः | नेष्टफलप्रदः, विकलता,दुष्टबुद्धिःशस्त्रघात,सुखमतिहीनः, रोगयुक्तः | नेष्टफलप्रदः, विकलता, दुष्टबुद्धिःशस्त्रघात,सुखमतिहीनः, रोगयुक्तः | नेष्टफलप्रदः, विकलता, दुष्टबुद्धिःशस्त्रघातःसुखमतिहीनः, रोगयुक्तः | नेष्टफलप्रदः विकलता,दुष्टबुद्धिःशस्त्रघातः, सुखमतिहीनः, रोगयुक्तः | नेष्टफलप्रदः, विकलता, दुष्टबुद्धिः, शस्त्रघातः | फलं |

* ग्रहभावफलचक्रम् *

| स्थान | सू. | चं. | मं. | बु. | बृ. | शु. | श, रा. के. | ग्रहाः |
|---|---|---|---|---|---|---|---|---|
| ९ | अधर्मी दुष्टशीलः | धर्मनिरतः | अधर्मी, दुष्टशीलः | धर्मनिरतः | धर्मनिरतः | धर्मनिरतः | अधर्मी दुष्टशीलः | फलं |
| १० | कुकर्मी | कीर्तिमान् | बहुकुकर्मरतः | रूपाधितं, शुभकर्मभाजनम् | रूपाधितं, शुभकर्मभाजनम् | बहुधनयुतम् | कुपुत्रम् | फलं |
| ११ | नृपलाभयुक्तम् | बहुधन लाभः | राशोलाभः | विवेकयुक्तः | धनायुर्दः | गुणवान् | कीर्तिमान् | फलं |
| १२ | दुष्टस्वभावः | कामी | पापी | धनहीनः | कृपता | बहुव्ययकरः | तीव्रः | फलं |

* द्वादशभावज्ञानम् *

तनुर्धनं च भ्राता च सुहृत्पुत्रो रिपुः स्त्रियः ।
मृत्युश्च धर्मकर्मायो व्ययो भावाः प्रकीर्तिताः ॥४६॥

तनु धन भ्रातृ मित्र पुत्र शत्रु स्त्री मृत्यु धर्म कर्म आय व्यय यी बाह भावका नाम हुन् ॥ ४६ ॥

* शुभयोगः *

मूर्तौ शुक्रबुधौ यस्य केन्द्रे चैव बृहस्पतिः ।
दशमेऽङ्गारको यस्य स ज्ञेयः कुलदीपकः ॥४७॥

जन्मलग्नमा शुक्र, बुध, केन्द्रमा अर्थात् प्रथम, चतुर्थ, सप्तम, दशम यी स्थानमा बृहस्पति होस् अरु दशम स्थानमा मंगल होस्ता त्यो बालक कुलदीप हुन्छ ॥४७॥



* अशुभयोगः *

**नैव शुक्रो बुधो नैव नास्ति केन्द्रे बृहस्पतिः ।**
**दशमेऽङ्गारको नैव स जातः किं करिष्यति ॥४८॥**




बालकका लग्नमा शुक्र, बुध, अथवा केन्द्रमा बृहस्पति किंवा दशम मंगल छैन भने त्यसको जन्म व्यर्थ हो ॥४८॥

* मातापिताभयप्रदयोगः *

**षष्ठे च द्वादशे स्थाने यदा पापग्रहो भवेत् ।**
**तदा मातृभयं विद्याच्चतुर्थे दशमे पितुः ॥४९॥**




छैटौं किंवा बाहौं स्थानमा पापग्रह होस्ता मातालाई र चौथो अथवा दशौं स्थानमा पापग्रह भए पितालाई अशुभ हुन्छ ॥४९॥

* पितानाशयोगः *

**लग्नस्थाने यदा सौरिः षष्ठे भवति चन्द्रमाः ।**
**कुजस्तु सप्तमे स्थाने पिता तस्य न जीवति ॥५०॥**




जन्म लग्नमा शनैश्चर, छैटा स्थानमा चन्द्रमा, सातौं स्थानमा मंगल होस्ता त्यस बालकको पिता बाँच्नेछैन ॥५०॥

* द्वादशवर्षे मृत्युयोगः *

जन्मलग्ने यदा भौमश्चाष्टमे च बृहस्पतिः ।
वर्षे च द्वादशे मृत्युर्यदि रक्षति शङ्करः ॥५१॥
शनिक्षेत्रे यदा सूर्यो भानुक्षेत्रे यदा शनिः ।
वर्षे च द्वादशे मृत्युर्देवो वै रक्षिता यदि ॥५२॥

जन्म लग्नमा मंगल र आठौं स्थानमा बृहस्पति होस्ता शंकरले रक्षा गरेको बालकको पनि बाह्र वर्षमा मृत्यु होला। शनैश्चरका घरमा सूर्य होस् सूर्यका घरमा शनैश्चर होस्ता देवरक्षित बालकको पनि बाह्र वर्षमा मृत्यु होला ॥५१-५२॥




* चतुर्थवर्षे मृत्युयोगः *

षष्ठेऽष्टमे तथा मूर्तौ जन्मकाले यथाः बुधः ।
चतुर्थवर्षे मृत्युश्च यदि रक्षति शङ्करः ॥ ५३ ॥

छैठौं, आठौं र जन्मलग्नमा बुध होस् ता चौथा वर्षमा शंकरले रक्षा गरे ता पनि बालक बाच्नेछैन ॥५३॥




* अष्टमवर्षे मृत्युयोगः *

भौमक्षेत्रे यदा जीवः षष्ठाष्टसु च चन्द्रमाः ।
वर्षेऽष्टमेऽपि मृत्युर्वै ईश्वरो रक्षिता यदि ॥ ५४ ॥




मंगलका घरमा बृहस्पति छैठौं आठौं चन्द्रमा होस् ता आठौं वर्षमा ईश्वररक्षित बालक पनि मृत्युमा प्राप्त होला ॥ ५४ ॥

* षोडशवर्षे मृत्युयोगः *

दशमोऽपि यदा राहुर्जन्मलग्ने यदा भवेत् ।
वर्षे तु षोडशे ज्ञेयो बुधैर्मृत्युर्नरस्य च ॥५५॥




जन्म लग्नदेखि दशौं राहु अथवा जन्मलग्नमा राहु होस् ता सोहौं वर्षमा मृत्यु होला ॥ ५५ ॥

* दारिद्र्ययोगः *

क्रूरश्चतुर्षु केन्द्रेषु तथा क्रूरो धनेऽपि वा ।
दारिद्र्ययोगं जानीयात्स्ववंशस्य क्षयङ्करः ॥५६॥




क्रूरग्रह चारै केन्द्र १ । ४ । ७ । १० स्थानमा अथवा धन स्थानमा क्रूरग्रह बसेको होस् ता दारिद्र्ययोग जान्नु ॥ ५६ ॥

* मृत्युयोगः *

**चतुर्थे च यदा राहुः षष्ठे चन्द्रोऽष्टमेऽपि वा।**
**सद्य एव भवेन्मृत्युः शङ्करो यदि रक्षति ॥ ५७ ॥**




चौथा स्थानमा राहु र छैटा अथवा आठौं स्थानमा चन्द्रमा हुने बालकलाई महादेवजीले स्वयं रक्षा गरे पनि छिटै मृत्यु हुनेछ ॥५७॥

* द्वितीय प्रकारेण मृत्युयोगः *

**क्षीणचन्द्रो व्ययस्थाने पापलग्ने स्मरेऽष्टमे।**
**शुभैश्च रहिते केन्द्रे शीघ्रं नश्यति बालकः ॥ ५८ ॥**




क्षीण चन्द्रमा बाहौं स्थानमा वा पापग्रहका साथमा वा सातौं वा आठौं होस् अरु शुभ ग्रह केन्द्रमा नहुन्ना जन्म हुनेबित्तिकै बालकको मृत्यु हुनेछ ॥ ५८ ॥

* अल्पमृत्युयोगः *

**सप्तमे भवने भौमश्चाष्टमे भार्गवो यदि।**
**नवमे भवने सूर्यः स्वल्पायुष्यः प्रजायते ॥५९॥**




सातौं स्थानमा मंगल, आठौंमा शुक्र र नवौं स्थानमा सूर्य होस् ता अल्पायु हुन्छ ॥ ५९ ॥

* तृतीयप्रकारेण मृत्युयोगः *

**क्षीणचन्द्रो यदा लग्ने पापाश्चाष्टमकेन्द्रगाः ।**
**स्मरे लग्नमतिः पापयुक्तो नश्येत्तदा शिशुः ॥६० ॥**

क्षीण चन्द्रमा लग्नमा होस् पापग्रह आठौं वा केन्द्रमा फेरि लग्नको स्वामी सातौं स्थानमा वा पापग्रह सँग होस् ता बालकको मृत्यु जान्नु ॥ ६० ॥




* वशिष्ठोक्तः क्षीणपूर्णचन्द्रनिर्णयः *

**सम्पूर्णेन्दूभयाष्टम्योर्मध्येन्दुः पूर्णसंज्ञकः ।**
**विनष्टेन्दूभयाष्टम्योर्मध्येऽसौ क्षीणसंज्ञकः ॥६१॥**

शुक्लपक्षका अष्टमीदेखि कृष्णपक्षका सप्तमीसम्म पूर्णचन्द्र हुन्छ, कृष्णपक्षका अष्टमीदेखि शुक्लपक्षका सप्तमीसम्म क्षीणचन्द्रमा हुन्छ, यो क्षीण पूर्णचन्द्रको निर्णय हो ॥ ६१ ॥

* ग्रहबलनिर्बलचक्रम् *

| | | | | |
|---|---|---|---|---|
| उदितः | उच्चस्थः | स्वगृहस्थः | मित्रगेहस्थितः | बलवान् |
| अस्तः | नीचस्थः | शत्रुगेहस्थः | पापपीडितः | निर्बलः |

* अधिभ्रंशकारकयोगः *

**धनस्थाने यदा शौरिः सैंहिकेयो धरात्मजः ।**
**गुरुशुक्रौ सप्तमे च त्वष्टमे चन्द्रभास्करौ ॥६२॥**
**ब्राह्मणस्य पदे वापि वेश्यासु च सदा रतिः ।**
**प्राप्ते विंशतिमे वर्षे म्लेच्छो भवति नान्यथा ॥६३॥**




बालकका दोस्रा घरमा शनैश्चर राहु र मंगल फेरि सातौं घरमा बृहस्पति र शुक्र, आठौं घरमा चन्द्रमा र सूर्य होस्ता यदि ब्राह्मण–जातिमानै जन्म भए पनि वेश्या संग्रही भएर फेरि बीस वर्षका अवस्थामा म्लेच्छ हुन्छ, यसमा कत्ति पनि शंका छैन ॥ ६२-६३ ॥

**❀ अन्यमतेन मृत्युयोगः ❀**

**अष्टमस्थो यदा राहुः केन्द्रस्थाने च चन्द्रमाः ।**
**सद्य एव भवेन्मृत्युर्बालकस्य न संशयः ॥६४॥**

आठौं स्थानमा राहु र केन्द्रस्थानमा वृश्चिक राशिको चन्द्रमा भए बालकको शीघ्रै मृत्यु होला ॥ ६४ ॥

**❀ एकमासे मृत्युयोगः ❀**

**द्वादशस्थो यदा चन्द्रः पापाश्चाष्टमगेहगाः ।**
**मासेनैकेन मृत्युः स्याद्बालकस्य न संशयः ॥६५॥**

बाह्रौं स्थानमा चन्द्रमा र आठौं स्थानमा पापग्रह भए एकै महीनामा बालकको मृत्यु अवश्य हुनेछ ॥६५॥

*** विषदोषेण मृत्युयोगः ***

**षष्ठाष्टमे यदा चन्द्रो बुधयुक्तश्च तिष्ठति ।**
**विषदोषेण बालस्य तदा मृत्युश्च जायते ॥६६॥**

छैटौं वा आठौं स्थानमा चन्द्रमा बुधका साथ बसेको भए बालकको विषदेखि मृत्यु होला ॥६६॥

* एकवर्षे मृत्युयोगः *

अष्टमे च निशानाथः केन्द्रे क्रूरो यदा भवेत्।
चतुर्थे च यदा राहुर्वर्षमेकं स जीवति ॥६७॥

आठौं स्थानमा चन्द्रमा, केन्द्रमा क्रूरग्रह र चौथा स्थानमा राहु होस् ता बालक एकै वर्ष बाँच्छ ॥६७॥

* दशाहे मृत्युयोगः *

लग्नेऽष्टमे यदा राहुश्चन्द्रो युक्तो हि तिष्ठति।
दशाहे जायते तस्य बालस्य मरणं ध्रुवम् ॥६८॥

लग्न वा अष्टमस्थानमा चन्द्रमासहित राहु होस् ता बालकको दशै दिनमा मृत्यु हुन्छ ॥६८॥

* द्वितीयवर्षे मृत्युयोगः *

वक्री शनिर्भौमगेहे केन्द्रे षष्ठेऽष्टमेऽपि वा।
कुजेन बलिना दृष्टो हन्ति वर्षद्वये शिशुम् ॥६९॥

वक्री शनैश्चर, मंगलका घरमा भएर केन्द्र स्थान १।४।७।१० मा होस् अथवा छैठौं आठौं होस् मंगल बली भएर देख्तो होस् ता दुइ वर्षमा बालकको मृत्यु जान्नु ॥ ६९ ॥

* सप्तमदिने सप्तममासे च मृत्युयोगः *

शनिराहुकुजैर्युक्तः सप्तमे नवमे शशी।
सप्तमे दिवसे हन्ति मासे वा सप्तमे शिशुम् ॥७०॥

शनि, राहु र मंगलले युक्त चन्द्रमा सातौं वा नवौं स्थानमा होस् ता सातौं दिन वा सातौं मासमा बालकको मृत्यु होला ।७०॥

* अन्यमतेन द्वादशवर्षे मृत्युयोगः *

भौमक्षेत्रे यदा जीवो जीवक्षेत्रे च भूसुतः।
द्वादशे वत्सरे मृत्युर्बालकस्य न संशयः ॥७१॥

मंगलका घरमा बृहस्पति होस् वा बृहस्पतिका घरमा मंगल होस्ता त्यस बालकको कहौं वर्षमा मृत्यु होला ॥७१॥

* मात्रारिष्टयोगः *

उच्चे वा यदि वा नीचे सप्तमस्थो दिवाकरः ।
तदा जाते निहन्त्याशु मातरं नात्र संशयः ॥७२॥

उच्चको अथवा नीचको सूर्य सातौं होस् ता बालककी माता ( आमा ) लाई अरिष्ट होला ॥७२॥

* भ्रातृनाशकयोगः *

धनस्थाने यदा भौमः शनैश्चरसमन्वितः ।
सहजे च भवेद्राहुर्भ्राता तस्य न जीवति ॥७३॥

दोस्रा स्थानमा शनैश्चरले युक्त मंगल र तेस्रा स्थानमा राहु भए भाई बाँच्दैनन् ॥७३॥

* परमायुर्योगः *

पञ्चमे च निशानाथस्त्रिकोणे यदि वाक्पतिः ।
दशमे च महीसूनुः परमायुः स जीवति ॥७४॥

लग्नदेखि पाँचौं स्थानमा चन्द्रमा र त्रिकोणमा बृहस्पति हुन् फेरि दशौं मङ्गल होस् ता एक सय बीस १२० वर्षको दीर्घायु होला।७४।

* परजातलक्षणम् *

लग्नं शशाङ्कं सुरराजमन्त्री न वीक्षितो नैकगृहस्थितो वा ।
न जीववर्गेण युतं तदानीं जातं वदेदन्यसमागमेन ॥७५॥

लग्न वा चन्द्रमालाई बृहस्पतिले नदेखोस् फेरि यिनका साथ बनि नहोस् , बृहस्पतिको वर्ग अर्थात् षड्वर्गमा पनि चन्द्रमा वा लग्न नहोस् ता यो बालक दोस्रा पुरुषदेखि उत्पन्न जान्नु ॥७५॥

* द्वितीयप्रकारेण परजातलक्षणम् *

स्वाती द्वितीया रविवारयुक्ता सप्तमीसोमजरेवती च ।
सद्वादशी भानुसुते धनिष्ठा चैतेषु जातः परतो वदन्ति॥

जन्मसमयमा द्वितीया, स्वाती र रविवारले युक्त भए, बुधवार र रेवती युक्त सप्तमी वा द्वादशी तिथि, शनिवार र धनिष्ठा नक्षत्र होस्ता अन्य पुरुषदेखि जन्म जान्नु ॥ ७६ ॥

॥ ग्रहदृष्टिज्ञानम् ॥

पादैकदृष्टिर्दशमे तृतीये द्विपाददृष्टिर्नवपञ्चमे वा ॥
त्रिपाददृष्टिश्चतुरष्टके च सम्पूर्णदृष्टिः समसप्तके च ॥७७॥

सबै ग्रह दशौं र तेस्रा स्थानलाई एक पाददृष्टिले देख्छन्, नवौं र पाँचौं स्थानलाई द्विपाददृष्टिले चौथो र आठौं स्थानलाई त्रिपाद-दृष्टिले र सप्तम स्थान र स्वस्थानलाई पूर्णदृष्टिले देख्तछन् ॥७७॥

शनेः[1] त्रिदशपूर्णानि दृष्टिर्जीवस्य कोणके ।
बुधैर्ज्ञेया पूर्णदृष्टिर्भौमस्य चतुरष्टके ॥७८॥

शनैश्चर दशौं र तेस्रा स्थानलाई पूर्ण दृष्टिले देख्तछ । पाँचौं र नवौं स्थानलाई गुरुले तथा चतुर्थ अष्टम स्थानलाई मंगलले पूर्ण दृष्टिले देख्तछ ॥ ७८ ॥

॥ भार्यामरणयोगः ॥

षष्ठे च भवने भौमः सप्तमे सिंहिकासुतः ।
अष्टमे च यदा सौरिस्तस्य भार्या न जीवति ॥७९॥

जन्मलग्नदेखि छैटौं स्थानमा मंगल, सातौंमा राहु, आठौंमा शनैश्चर हुने पुरुषकी स्त्री बाँच्तिन ॥ ७९ ॥

॥ राजयोगः ॥

धर्मकर्माधिनेतारावन्योन्याश्रयसंस्थितौ ।
राजयोगाविति प्रोक्तो विख्यातो विजयी भवेत् ॥८०॥

नवौं स्थानको स्वामी दशौं र दशौंको स्वामी नवौं होस्ता राजयोग हुन्छ, विवादमा त्यसको जीत सदैव हुन्छ ॥८०॥

---

१ शनेस्त्वेकादशेऽपि पाठान्तरम् ।

* अन्यमतम् *

त्रिभिः स्वस्थैर्भवेन्मन्त्री त्रिभिरुच्चैर्नराधिपः ।
त्रिभिर्नीचैर्भवेद्दासस्त्रिभिरस्तंगतैर्जडः ॥८१॥

तीन ग्रह आफ्ना घरका हुन् ता मन्त्री, तीन ग्रह उच्चका हुन् ता राजा, तीन ग्रह नीचका भए दास, तीन ग्रह अस्तगत भए मूर्ख हुन्छ ॥८१॥

* मारकेशस्थानम् *

अष्टमं ह्यायुषः स्थानमष्टमादष्टमं च यत् ।
तयोरपि व्ययस्थानं मारकस्थानमुच्यते ॥८२॥

जन्मलग्नदेखि आठौं स्थान वा अष्टम स्थानदेखि आठौं स्थान आयुष्यको स्थान कहिन्छ । यी* दुवै स्थानको बाह्रौं स्थान अर्थात् लग्नदेखि सप्तम र द्वितीय स्थान मारकको स्थान कहिन्छ । यिनका दशा वा अन्तर्दशा विंशोत्तरी आदिमा मृत्यु र भय जान्नु । तथा अष्टमेशका दशामा मृत्यु सम्भव जान्नु ॥८२॥

* पाराशरोक्तायुर्निर्णयः *

अल्पायुर्दिननाथस्य शत्रौ लग्नाधिपे यदि ।
समत्वे मध्यमायुः स्यान्मित्रे पूर्णायुरादिशेत् ॥८३॥

लग्नेश सूर्यको मित्र वा जन्ममा सिंह लग्न होस्ता पनि पूर्णायु जान्नु । लग्नाधिप सूर्यको समक्षेत्री होस्ता मध्यायु जान्नु । लग्नेश सूर्यको शत्रु होस्ता अल्पायु जान्नु । यी योग ग्रहमैत्रीबाट विचार्नु पर्छ । प्रथम विवाहका विचारमा मुहूर्तप्रकरणमा लेखेको छ । अल्पायु-

*—यी दुवै मारकमा सप्तम मारक बलवान् हो, द्वितीय स्थानको ता व्ययसदेखि पनि बलवान् मान्नु पर्छ । यसनिमित्त द्वितीयेश दशाका अन्तर्दशामा मनुष्यको मरण हुन्छ वा द्वितीय स्थानमा जो पापग्रह रहन्छ ( तृतीयेश, षष्ठेश, एकादशेश र द्वादशेश ) यिनका अन्तर्दशामा मृत्यु हुन्छ । यी मारकेशका दशा वा अन्तर्दशामा मृत्यु नभए व्ययेश ( जन्मलग्नदेखि द्वादश स्थानका स्वामी ) का वा उसका साथी पापग्रहका दशा वा अन्तर्दशामा मृत्यु हुन्छ ।

को बत्तीस ३२ वर्ष, मध्यायुको चौसट्ठी ६४, पूर्णायुको छयानब्बे ९६ वर्षको प्रमाण हो ॥ ८३ ॥

* सूर्यदशाफलम् *

देशान्तरं च निजबन्धुवियोगदुःख-
मुद्वेगरोगभयचौरभवा च पीडा ।
पूर्वस्थितस्य निखिलस्य धनस्य नाशो
भानोर्दशाजननकालदशा भवन्ति ॥८४॥

देशान्तरमा वास, भाईको वियोग, दुःख, मनमा उद्वेग अर्थात् चिन्ता, रोग भय, चौर-पीडा र सञ्चित धनको नाश हुने सूर्यका दशाको फल हुन्छ ॥ ८४ ॥

* चन्द्रदशाफलम् *

हेमादिभूतिवरवाहनयानलाभः
शत्रुप्रतापबलवृद्धिपरम्परा च ।
इष्टान्नदानशमनासनभोजनानि
नूनं सदाशशिदशागमने भवन्ति ॥८५॥

सुवर्णादि ऐश्वर्यको लाभ र घोड़ा, हाती अरु पालकी इत्यादि श्रेष्ठ वाहनको लाभ, शत्रुपराजय, बलको वृद्धि, नाना प्रकारका रस, अन्नदान, शयन, स्थान, आसन उत्तम भोजन यो सबै चन्द्रमाका महादशामा प्राप्त हुन्छ ॥ ८५ ॥

* भौमदशाफलम् *

भूपालचौरभयवह्निकृता च पीडा
सर्वाङ्गरोगभयदुःखसुदुःखिता च ।
चिन्ताज्वरश्च बहुकष्टदरिद्रयुक्तः
स्यात्सर्वदा कुजदशाजनने जनानाम् ॥८६॥

लज्जा र चौरादिदेखि भय अरु अग्निदेखि पीडा, सारा शरीरमा रोग, भय, सदा दुःखी, अनेक प्रकारको चिन्ता ज्वर, बहुत कष्ट, दरिद्रयुक्त फल मङ्गलका महादशामा जान्नु ॥८६॥

* राहुदशाफलम् *

दीनो नरो भवति बुद्धिविहीनचिन्ता

सर्वाङ्गरोगभयदुःखसदुःखिता च ।

पापानि बन्धुबहुकष्टदरिद्रयुक्तं

राहोर्दशाजननकालदशा भवन्ति ॥८७॥

मनुष्य बुद्धिहीन र दीन होला फेरि चिन्तायुक्त सर्वाङ्गरोगी, भय, बहुत दुःखी, पापकर्मदेखि बन्धन, बहुत कष्ट दरिद्रता यो राहुका महादशाको फल जान्नु ॥८७॥

* गुरुदशाफलम् *

राज्याधिकारपरिवर्द्धितचित्तवृत्तिं

धर्माधिकारपरिपालनसिद्धिबुद्धिम् ।

सद्विग्रहोऽपि धनधान्यसमृद्धिता च

स्याद्देवतागुरुदशागमने भवन्ति ॥८८॥

राज्याधिकार, चित्त स्वस्थ, धर्ममा उत्तम प्रकारको बुद्धि, शरीरको आरोग्यता, सत् विचारवान्, धनधान्यको वृद्धि यो फल बृहस्पतिका महादशामा हुने जान्नु ॥८८॥

* शनिदशाफलम् *

मिथ्याविवादवधबन्धनमर्थहानि

र्मित्रे च बन्धुवचनेषु च युद्धबुद्धिः ।

सिद्धं च कार्यमपि यत्र सदा विनष्टं

स्यात्सर्वदा शनिदशागमने नराणम् ॥८९॥

मिथ्या अपवाद, दोस्ताको हनन, बन्धन, द्रव्यको नाश, मित्र तथा बान्धवादिसँग कलहको वृद्धि, सिद्ध कार्य पनि नहुने यो शनिका महादशाको फल जान्नु ॥८९॥

* बुधदशाफलम् *

दिव्याङ्गनामदनसङ्गमकेलिसौख्यं
नानाविधैः समभिरागमनोऽभिरामैः ।
हेमादिरत्नविभवागमकोशधान्यं
स्यात्सर्वदा बुधदशागमने नराणाम् ॥९०॥

सुन्दरी-स्त्रीको सुख, अनेक प्रकारको भोगविलास, सुवर्ण र अरू रत्नादिको प्राप्ति विभवयुक्त खजाना धान्य यो फल बुधका महादशामा जान्नु ॥९०॥

* केतुदशाफलम् *

भार्यावियोगजनितं च शरीरदुःखं
द्रव्यस्य हानिरतिकष्टपरंपरा च ।
रोगाश्च बन्धुकलहश्च विदेशता च
केतोर्दशाजननकालदशा भवन्ति ॥९१॥

स्त्री-वियोगले शरीरमा दुःख, द्रव्यको हानि, बहुत कष्ट, रोग, बंधुहरूमा कलह, विदेशवास यो केतुका महादशाको फल जान्नु ॥९१॥

* शुक्रदशाफलम् *

आरामवृद्धिपरिसर्वशरीरवृद्धिं
श्वेतातपत्रधनधान्यसमाकुलं च ।
आयुः शरीरसुतपौत्रसुखं नराणां
द्रव्यञ्च भार्गवदशागमने भवन्ति ॥ ९२ ॥

बगैंचा इत्यादि स्थानको प्राप्ति, शरीर पुष्टि, श्वेतच्छत्रको प्राप्ति

धनधान्यादिको वृद्धि, आयु, पुत्रपौत्रादिको वृद्धि, द्रव्यप्राप्ति यो फल शुक्रका महादशाको जान्नु ॥९२॥

* डिम्भाख्यचक्रम् *

नराकारं लिखेच्चक्रं सूर्यो यत्र व्यवस्थितः ।
तन्नक्षत्रादिकं कृत्वा त्रयं दद्याच्च मस्तके ॥९३॥
वदने च त्रयं दद्यादेकैकं स्कन्धयोर्द्वयोः ।
बाहुयुग्मे तथैकैकं पाण्योरेकैकमेव च ॥९४॥
ऋक्षाणि हृदये पञ्च नाभौ स्यादेकमेव हि ।
ऋक्षं गुह्ये वदेदेकमेकैकं जानुगोद्वये ॥९५॥
नक्षत्राणि षडन्यानि दद्यादंघ्रिद्वयं बुधः ।
पादस्थिते च नक्षत्रे निर्धनोऽल्पायुरेव च ॥९६॥
विदेशगमनं जानौ गुह्ये स्यात्परदारकः ।
अल्पतोषी भवेन्नाभौ हृदयेऽतीश्वरस्तथा ॥९७॥
तस्करः पाणियुग्मे च बाहुस्थानेऽच्युतो भवेत् ।
स्कन्धे गजस्कन्धगामी मुखे मिष्टान्नभोजनम् ॥९८॥
मस्तकस्थे च नक्षत्रे पटबन्धी भवेन्नरः ।
सूर्यनक्षत्रतो जन्मनक्षत्रावधि गण्यते ॥९९॥

नराकार चक्र लेख्नु । सूर्यका नक्षत्रदेखि जन्म नक्षत्र पर्यन्त गनेर तीन नक्षत्र मस्तकमा, तीन मुखमा, एक स्कन्धमा, एक-एक बाहुमा, एक-एक हातमा, पाँच हृदयमा, एक नाभिमा, एक-एक नक्षत्र जंघामा र छः नक्षत्र दुवै चरणमा दिनू ।

फल-जन्मको नक्षत्र चरणमा परे निर्धनी अल्पायु होला । जंघामा परे विदेशगमन, गुदामा परे अर्काकी स्त्री सँग भोग, नाभिमा परे

अल्पतोषी अर्थात् थोरैमा सन्तोष गर्ने, हृदयमा परे बड़ो ऐश्वर्यवान्, हातमा परे चोर, बाहुमा परे स्थान छुट्ने, स्कन्धमा परे हात्तीको सवारी, मुखमा परे मिष्टान्न भोजन, मस्तकमा परे पटबन्धी अर्थात् उन्नति होला । यसमा सूर्यका नक्षत्रदेखि जन्म-नक्षत्रसम्म गन्नु ।

* डिम्भाख्यचक्रन्यासः *

| मस्तक | मुख | स्कन्ध | बाहु | हस्त | हृदय | नाभि | गुदा | जानु | चरण | अंग |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | ३ | २ | २ | २ | ५ | १ | १ | २ | ६ | नक्षत्र |
| पटबंधी | मिष्ठान्नभोजन | गजगामी | स्थानच्युत | चौर | ऐश्वर्य | अल्पतोषी | परदाररत | विदेशागमन | अल्पायुर्निर्धन | फल |

* मूलवृक्षचक्रम् *

मूलेऽष्टौ मूलवृक्षस्य घटिकाः परिकीर्तिताः ।
स्तम्भेषु षट्कघटिकास्त्वचि चैकादश स्मृताः ॥१००॥
शाखायां च नव प्रोक्ताः पत्रे प्रोक्ताश्चतुर्दश ।
पुष्पे पञ्च फले वेदाः शिखायां च त्रयः स्मृताः ॥१०१॥

मूलवृक्षका जरामा आठ घड़ी, स्तम्भमा छ, त्वचामा एघार, शाखामा नौ, पत्रमा चौध, पुष्पमा पाँच, फलमा चार शिखामा तीन घड़ी स्थापित गर्नु ॥ १००-१०१ ॥

* फलम् *

मूले नाशो हि मूलस्य स्तम्भे हानिर्धनक्षयः ।
त्वचि भ्रातुर्विनाशश्च शाखायां मातृपीडनम् ॥१०२॥
परिवारक्षयः पत्रे पुष्पे मन्त्री च भूपतेः ।
फले राज्यं शिखायां चेदल्पजीवी च बालकः ॥१०३॥

* मूलवृक्षचक्रफलम् *

| वृक्षाङ्ग | घटी | फल |
|---|---|---|
| मूल | ८ | मूलनाश |
| स्तम्भ | ६ | हानि-धनक्षय |
| त्वचा | ११ | भ्रातृनाश |
| शाखा | ९ | मातृपीडा |
| पत्र | १४ | परिवार क्षय |
| पुष्प (फूल) | ५ | राजमन्त्री |
| फल | ४ | राजा |
| शिखा | ३ | अल्पायु |

मूलमा जन्मको इष्टकाल परेमा मूलैको नाश गर्ला, स्तम्भमा परे हानि र धनको क्षय, त्वचा (बोक्रा) मा परे भाईको नाश, शाखामा परे मातालाई पीडा, पत्रमा परे परिवार को क्षय, फूलमा परे राजाको मन्त्री, फलमा परे राजा, शिखामा परे बालक अल्पजीवी होला ॥

* स्त्रीजातकविचार *

लग्ने च सप्तमे पापे सप्तमे वत्सरे पतिः ।
म्रियते चाष्टमे वर्षे चन्द्रे षष्ठेऽष्टमे यदा ॥१०४॥
गुरौ शुक्रे मृतापत्या मृतगर्भा च मङ्गले ।
अष्टमस्थो ग्रहो नैनं न स्त्रियाः शोभनो मतः॥१०५॥

लग्नमा सातौं स्थानमा पापग्रह भए पति सात वर्षमा मर्छ चन्द्रमा छैटौं या आठौं भए आठ वर्षमा मर्छ। बृहस्पति शुक्र छैठा वा आठौं हुन् ता बालक बाँच्तैन। मङ्गल, छैठौं आठौं होस्ता गर्भ नष्ट होला। स्त्रीको आठौं स्थानमा कोही पनि ग्रह शुभ हुँदैन।१०४–१०५।

एकः पुत्रो भवेद्राजा पञ्चमस्थो यदा रविः ।
मङ्गले च त्रयः पुत्रा गुरौ पञ्च प्रकीर्तिताः ॥१०६॥

लग्नदेखि पाँचौं सूर्य भए एकै बालक होला, तर त्यो राजा होला। मङ्गल पाचौं भए तीन पुत्र होलान्, बृहस्पति पाचौं भए पाँच पुत्र होलान् ॥ १०६ ॥

पञ्चमस्थे निशानाथे स्त्रियाः कन्याद्वयं भवेत् ।
बुधे कन्याश्चतस्रश्च शुक्रे सप्त च कन्यकाः ॥१०७॥

स्त्रीको पाँचौं चन्द्रमा भए दुइ कन्या होलान्, बुध पाँचौं भए चार तथा शुक्र पाँचौं भए सात कन्या होलान् ॥ १०७ ॥

षडेव कन्या जायन्ते धर्मस्थाने यदा सितः ।
सप्तमे च यदा राहुः स्त्रियाः पुत्रस्तदा भवेत् ॥१०८॥

स्त्रीको शुक्र नवौं स्थानमा भए छ कन्या हुन्छन्, सातौं राहु भए एक पुत्र होला ॥ १०८ ॥

पापयोरन्तरे लग्ने चन्द्रे वा यदि कन्यका ।
जायते च तदा हन्ति पितृश्वशुरयोः कुलम् ॥१०९॥

लग्नमा पापग्रहका बीच चन्द्रमा हुने कन्याले पिता र श्वसुर दुवै कुलको नाश गर्छे ॥ १०९ ॥

द्वादशे चाष्टमे भौमे क्रूरे तत्रैव संस्थिते ।
लग्ने च सिंहिकापुत्रे रण्डा भवति कन्यका ॥११०॥

बाह्रौं वा आठौं स्थानमा क्रूरग्रहका साथ मङ्गल होस् फेरि लग्नमा राहु पनि होस्ता त्यो कन्या विधवा होली ॥ ११० ॥

सप्तमे भार्गवे जाता कुलदोषकरी भवेत् ।
कर्कराशिस्थिते भौमे स्वैरं भ्रमति वेश्मसु ॥१११॥

सातौं शुक्र भए कुलदोष (कलंक) गर्ने तथा कर्कराशिमा मङ्गल भए इच्छापूर्वक घरघर घुम्ने हुन्छे ॥ १११ ॥

लग्नात्सप्तमगः पापश्चन्द्रात्सप्तमगोऽपि वा ।
सद्यो निहन्ति दम्पत्योरेको नास्त्यत्र संशयः ॥११२॥

लग्नदेखि सातौं पापग्रह होस् चन्द्रमादेखि सातौं पनि पाप ग्रहै होस्ता एकै वा स्त्री-पुरुष दुवैको नाश हुन्छ ॥ ११२ ॥

लग्ने वा मेषगः सूर्यश्चन्द्रात्सप्तमगोऽपि वा ।
सद्यो निहन्ति दम्पत्योः कन्या तत्र न संशयः ॥११३॥

कन्याका लग्नमा वा मेषराशिको सूर्य चन्द्रमादेखि सातौं भए निःसन्देह स्त्री पुरुष दुवैको नाश होला ॥ ११३ ॥

* स्त्रीराजयोगः *

कर्मोदये सप्तमगे पतंगे जीवेन दृष्टे परिपूर्णदेहे ।
विद्याधरी चात्र भवेत्प्रधाना राज्ञी गतारिर्बहुपुत्रपौत्रा ॥

कर्कलग्नमा जन्म होस् सातौं सूर्य होस् अरु लग्नमा बृहस्पतिको पूर्ण दृष्टि भए स्त्री विद्यावती होली तथा रानी पनि होली, त्यसका कोही शत्रु पनि हवैनन्, अरू पुत्र-पौत्रादि पनि धेरै हुनन् ॥११४॥

* स्त्रीडिम्भाख्यचक्रम् *

मौलौ त्रयं मुखे सप्त स्तनयोरष्टभानि च ।
हृदि त्रयं त्रयं नाभौ त्रयं गुह्ये च विन्यसेत् ॥११५॥
मौलौ संतापकः सूर्यो मुखे मिष्टान्नदो भवेत् ।
स्तनयोः कामदः प्रोक्तो हृदये सुखदःस्त्रियः ॥११६॥
नाभौ पतिसुखं दत्ते गुह्ये कामप्रदः सदा ।
सूर्यडिम्भाख्यचक्रं तु स्त्रीणां प्रोक्तं विशेषतः ॥११७॥

सूर्यका नक्षत्रदेखि तीन नक्षत्र मस्तकमा, सात मुखमा, आठ स्तनमा र हृदय, नाभि तथा गुह्यमा तीन-तीन नक्षत्र दिनु । मस्तकमा जन्म नक्षत्र परे संताप, मुखमा परे मिष्टान्न दिने, स्तनमा काम दिने अरु हृदयमा स्त्रीलाई दुख, नाभिमा परे पतिलाई सुख अरु गुदामा परोस्ता सदा कामना पूर्ण गर्ला। यो सूर्यडिम्भाख्य चक्र स्त्रीका लागिनै कहियो।

* डिम्भाख्यचक्रन्यासः *

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | ७ | ८ | ३ | ३ | ३ | नक्षत्र |
| मस्तक | मुख | स्तन | हृदय | नाभि | गुह्य | अङ्ग |
| सन्ताप | मिष्टान्नद | कामद | सुखद | पतिसुख | कामप्रद | फल |

# स्त्रीभावस्थग्रहफलम्

* तनुस्थानगतग्रहफलम् *

मूर्तौ करोति विधवां दिनकृत्कुजश्च
राहुर्विनष्टतनयां रविजो दरिद्राम् ।
शुक्रः शशाङ्कतनयश्च गुरुश्च साध्वी-
मायुः क्षयं च कुरुतेऽत्र च शर्वरीशः ॥११८॥

* धनस्थानगतग्रहफलम् *

कुर्वन्ति भास्करशनैश्चरराहुभौमा
दारिद्र्यदुःखमतुलं नियतं द्वितीये ।
वित्तेश्वरीमविधवां गुरुशुक्रसौम्या
नारीं प्रभूततनयां कुरुते शशाङ्कः ॥११९॥

* सहजस्थानगतग्रहफलम् *

सूर्येन्दुभौमगुरुशुक्रबुधास्तृतीये
कुर्युः स्त्रियं बहुसुतां धनभागिनीं च ।
सत्यं दिवाकरसुतः कुरुते धनाढ्यां
लक्ष्मीं ददाति नियतं किल सैंहिकेयः ॥१२०॥

* सुहृत्स्थानगतग्रहफलम् *

स्वल्पं पयो भवति सूर्यसुते चतुर्थे
दौर्भाग्यमुष्णकिरणः कुरुते शशी च ।

राहुर्विनष्टतनयां क्षितिजोऽल्पबीजां
सौख्यान्वितां भृगुसुरेज्यबुधाश्च कुर्युः ॥१२१॥

* सुतस्थानगतग्रहफलम् *

नष्टात्मजां रविकुजौ खलु पञ्चमस्थौ
चन्द्रात्मजां बहुसुतां गुरुभार्गवौ च ।
राहुर्ददाति मरणं रविजस्तु रोगं-
कन्याप्रसूतिनिरतां कुरुते शशाङ्कः ॥१२२॥

* रिपुस्थानगतग्रहफलम् *

षष्ठस्थिताः शनिदिवाकरराहुभौमा
जीवस्तथा बहुसुतां धनभागिनीं च ।
चन्द्रः करोति विधवामुशना दरिद्रां
वेश्यां शशाङ्कतनयः कलहप्रियां च ॥१२३॥

* जायास्थानगतग्रहफलम् *

सौरारजीवबुधराहुरवीन्दुशुक्रा
दद्युः प्रसह्य मरणं खलु सप्तमस्थाः ।
वैधव्यबन्धनभयं क्षयवित्तनाशं
व्याधिप्रवासमरणं नियतं क्रमेण ॥१२४॥

* मृत्युस्थानगतग्रहफलम् *

स्थानेऽष्टमे गुरुबुधौ नियतं वियोगं
मृत्युं शशी भृगुसुतश्च तथैव राहुः ।
सूर्यः करोति विधवां धनिनीं कुजश्च
सूर्यात्मजो बहुसुतां पतिवल्लभां च ॥१२५॥

* धर्मस्थानगतग्रहफलम् *

धर्मस्थिता भृगुदिवाकरभूमिपुत्र-
  जीवाः सुधर्मनिरतां शशिजः सुभोगाम् ।
राहुश्च सूर्यतनयश्च करोति वन्ध्यां
  नारीं प्रसूततनयां कुरुते शशाङ्कः ॥१२६॥

* कर्मस्थानगतग्रहफलम् *

राहुर्नभःस्थलगतो विधवां करोति
  पापे परां दिनकरश्च शनैश्चरश्च ।
मृत्युं कुजोऽर्थरहितां कुटिलां च वन्ध्यां
  शेषा ग्रहा धनवतीं बहुवल्लभां च ॥१२७॥

* आयस्थानगतग्रहफलम् *

आये रविर्बहुसुतां धनिनीं शशाङ्कः
  पुत्रान्वितां क्षितिसुतो रविजो धनाढ्याम् ।
आयुष्मतीं सुरगुरुर्भृगुजः सुपुत्रीं
  राहुः करोति सुभगां सुखिनीं बुधश्च ॥१२८॥

* व्ययस्थानगतग्रहफलम् *

अन्त्ये धनव्ययवतीं दिनकृद्दरिद्रां
  वन्ध्यां कुजः पररतां कुटिलां च राहुः ।
साध्वीं सितेज्यशशिजा बहुपुत्रपौत्र-
  युक्तां विधुः प्रकुरुते व्ययगो दिनान्धाम् ॥१२९॥

## * भावफलचक्रम् *

| स्थान | नाम | सू. | चं. | मं. | बु. | गु. | शु. | श. | रा.के. |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | तनु | विधवा | आयु· नाश | विधवा | पतिव्रता | पतिव्रता | पति-व्रता | दरिद्रा | पुत्र-नाश |
| २ | धन | दरिद्र दुःख | ब.पुत्रवती | दरिद्रदुःख | सौभाग्य | सौभाग्य | सौभा-ग्य | दुःख दरिद्र | दरिद्र दुःख |
| ३ | सहज | पुत्रवती धनाढ्य | धनपुत्र युक्ता | धनपुत्र युक्ता | धनपुत्र युक्ता | धनपुत्र युक्ता | धनपुत्र युक्ता | बहुधन | धन-लाभ |
| ४ | सुहृद् | दरिद्रता | दुर्भगा | अल्पवीर्य | बहुसौख्य | बहुसौख्य-शालिनी | बहु-सौख्य | अल्प-दुग्ध | पुत्र नाश |
| ५ | सुत | पुत्रनाश | बहुकन्या युक्ता | पुत्रनाश | बहुपुत्र | बहुपुत्र | बहुपुत्र | रोग युक्ता | मृत्यु |
| ६ | रिपु. | धनवती | विधवा | धनयुक्ता | कलह-कारिणी | धनयुक्ता | दरिद्र-वेश्या | धन युक्ता | धन-वती |
| ७ | जाया | रोगिणी | प्रवासिनी | विधवा | क्षय | मृत्युभय | मृत्यु | वैधव्य मृत्यु | धन नाश |
| ८ | मृत्यु | विधवा | मरण | धनवती | स्वजन वियोगी | स्वजन वियोगी | मरण | पति व-ल्लभा बहुपु. | मरण |
| ९ | धर्म | धर्मबुद्धि | पुत्रयुक्ता | धर्मकर्मा | उत्तरभोग | धर्मबुद्धि | धर्म-बुद्धि | वन्ध्या | वन्ध्या |
| १० | कर्म | पाप कारिणी | पापकर्मा | मृत्यु,अर्थ नाश कुटि-ला, वन्ध्या | धनयुक्ता पतिव्रता | धनयुक्ता पतिव्रता | धन युक्ता पति-व्रता | पाप कर्मा | वैधव्य |
| ११ | आय | बहुपुत्र | धनयुक्ता | पुत्रयुक्ता | सुखिनी | दीर्घायु | पुत्र युक्ता | धन युक्ता | सौभा-ग्यवती |
| १२ | व्यय | धनव्यय वती | दिनान्धा | वन्ध्या व्यभि-चारिणी | सुपुत्रा | सुशीला | पति व्रता | दरिद्रा | कुटि लाव्य भिचा-रिणी |

इति जातकनाम प्रकरणम् ॥५॥

# मिश्रप्रकरणम्

## गोचरफलम्

### * सूर्यफलम् *

गतिर्भयं श्रीर्व्यसनं च दैन्यं शत्रुक्षयो यानमतीव पीडा।
कान्तिक्षयोऽभीष्टविशिष्टसिद्धिर्लब्धिर्व्ययोऽर्कस्य फलं क्रमेण।

जन्मको सूर्यमा यात्रा, दोस्रामा भय, तेस्रामा लक्ष्मी, चौथामा व्यसन, पाँचौंमा दीनता, छैटौंमा शत्रुनाश, सातौंमा वाहन नाश, आठौंमा पीडा, नवौंमा कान्तिनाश, दशौंमा अभीष्टसिद्धि, एघारौंमा लाभ, बाह्रौंमा व्यय हुन्छ ॥ १ ॥

### * चन्द्रफलम् *

सदन्नमर्थक्षयमर्थलाभं कुक्षिव्यथां कार्यविघातलाभम्।
वित्तं रुजं राजभयं सुखं च लाभं च शोकं कुरुते मृगाङ्कः ॥२॥

जन्मका चन्द्रमा उत्तम भोजन, दोस्रामा धनक्षय, तेस्रामा धनलाभ, चौथामा कुक्षिपीडा, पाँचौंमा कार्यनाश, छैटौंमा लाभ, सातौंमा धन, आठौंमा रोग, नवौंमा राजभय, दशौंमा सुख, एघारौंमा लाभ, बाह्रौं चन्द्रमामा शोक हुन्छ ॥ २ ॥

### * भौमफलम् *

भीतिं क्षतिं वित्तमरिप्रवृद्धिमर्थप्रणाशं धनमर्थनाशम्।
शस्त्रो[illegible] च रुजं च शोकं लाभं व्ययं भूतनयस्तनोति ।३।

जन्मका मंगलमा भय, दोस्रामा क्षय, तेस्रामा धन, चौथामा शत्रुवृद्धि, पाँचौंमा धननाश, छैठौंमा धनको हानि, सातौंमा शत्रुनाश, आठौंमा रोग, नवौंमा शोक, दशौं वा एघारौंमा लाभ, बाह्रौं मंगलमा व्यय हुन्छ ॥ ३ ॥

### * बुधफलम् *

[illegible]न्धं धनं वैरिभयं धनाप्तिं पीडां स्थितिं पीडनमर्थलाभम्।

खेदं सुखं लाभमथार्थनाशं क्रमात्फलं यच्छति सोमसूनुः ।४।

जन्म राशिका बुधमा बन्धन, दोस्रामा धन, तेस्रामा शत्रुदेखि भय, चौथामा धनको प्राप्ति, पाँचौंमा पीड़ा, छैटामा स्थिति, सातौंमा पीड़ा, आठौंमा धनलाभ, नवौंमा खेद, दशौंमा सुख, एघारौंमा लाभ र बाह्रौंमा धनको हानि हुन्छ ॥ ४ ॥

* गुरुफलम् *

भीतिं वित्तं पीडनं वैरिवृद्धिं सौख्यं शोकं राजमानं च रोगम् ।
सौख्यं दैन्यं मानवित्तं च पीडां दत्ते जीवो जन्मराशेःसकाशात् ।

जन्मराशिका बृहस्पतिमा भय, दोस्रामा धन, तेस्रामा पीड़ा, चौथामा शत्रुको वृद्धि, पाँचौंमा सुख, छैटौंमा शोक, सातौंमा राजमान, आठौंमा रोग, नवौंमा सुख, दसौंमा दीनता, एघारौंमा मान, बाह्रौं बृहस्पतिमा पीड़ा होला ॥ ५ ॥

* शुक्रफलम् *

रिपुक्षयं चित्तमतीव सौख्यं वित्तं सुतप्रीतिमरातिवृद्धिम् ।
शोकं धनाप्तिं वरवस्त्रलाभं पीडां स्वमर्थञ्च ददाति शुक्रः।६।

जन्मराशिका शुक्रमा शत्रुको नाश, दोस्रामा धनलाभ, तेस्रामा बहुसुख, चौथामा धन, पाँचौंमा पुत्र, छैटौंमा शत्रुवृद्धि, सातौंमा शोक, आठौंमा धनप्राप्ति, नवौंमा उत्तम वस्त्रको लाभ, दशौंमा पीड़ा, एघारौंमा धनवृद्धि, बाह्रौं शुक्रमा धनको लाभ हुन्छ ॥ ६ ॥

* शनिफलम् *

भ्रंशं क्लेशं शं च शत्रुप्रवृद्धिं पुत्रात्सौख्यं सौख्यवृद्धिं च दोषम् ।
पीडां सौख्यं निर्धनत्वं धनाप्तिं नानानर्थं भानुसूनुस्तनोति ।७।

जन्मराशिका शनैश्चरमा बुद्धिनाश, दोस्रामा क्लेश, तेस्रामा सुख, चौथामा शत्रुवृद्धि, पाँचौंमा पुत्रदेखि सुख, छैटौंमा शारीरिक सुख, सातौंमा दोष, आठौंमा पीड़ा, नवौंमा सुख, दशौंमा निर्धनता, एघारौं-मा धनलाभ, बाह्रौं शनैश्चरमा अनेक प्रकारको अनर्थ हुन्छ ॥ ७ ॥

* राहुकेतुफलम् *

हानिं नैःस्वं स्वं च वैरं च शोकं वित्तं वादं पीडनं चापि पापम्।
वैरं सौख्यं द्रव्यहानिं प्रकुर्याद्राहुः पुंसां गोचरे केतुरेवम्॥८॥

जन्मराशिका राहु केतुमा हानि, २मा निर्धनता, ३मा धन, ४मा वैर, ५मा शोक, ६मा धन, ७मा कलह, ८मा पीडा, ९मा पाप, १०मा वैर, ११मा सुख, १२ राहु-केतुमा धन हानि हुन्छ॥ ८॥

* गोचरचक्रम् *

| स्थान | सू. | चं. | मं. | बु. | बृ. | शु. | श. | रा.के. | ग्रहाः |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | स्थान-हानिः | अन्नप्रदः | भय-प्रदः | बध-कृत् | भयकृत् | शत्रुक्षयः | नाशकरः | हानि-करः | फलं |
| २ | भयप्रदः | वित्तक्षयः | क्षति-प्रदः | द्रव्य-प्रदः | द्रव्यप्रदः | द्रव्यप्रदः | क्लेशकर्ता | नैः-स्वम् | फलं |
| ३ | धनप्रदः | द्रव्यप्रदः | धन-प्रदः | शत्रु-प्रदः | क्लेशकृत् | सुखकरः | सुखकरः | धनम् | फलं |
| ४ | कष्टप्रदः | कुक्षिरो-गदः | शत्रु-प्रदः | धन प्रदः | शत्रुवृद्धि-कृत् | द्रव्यलाभः | शत्रुवृद्धि | वैरकृत् | फलं |
| ५ | दैन्यप्रदः | कार्यभङ्ग करः | द्रव्यः प्रदः | पीडा-करः | सौख्य-करः | सुतप्रीति करः | पुत्रसुखम् | शोक कृत् | फलं |
| ६ | शत्रुक्षयः | द्रव्यलाभः | धन-प्रदः | स्थिति करः | शोककरः | शत्रुवृद्धि करः | सुखम् | वित्तम् | फलं |
| ७ | मार्गप्रदः | धनप्रदः | अर्थ-नाशः | पीडा-करः | राजमानः | शोकप्रदः | दोषम् | वादम् | फलं |
| ८ | पीडाप्रदः | रोगप्रदः | शस्त्र-भय | द्रव्य-प्रदः | रोगप्रदः | द्रव्यप्राप्ति | पीडाकरः | पीड-नम् | फलं |
| ९ | कान्ति-क्षयः | राजभयः | रोग-प्रदः | पीडा-करः | सौख्यकरः | वस्त्रप्रदः | अर्थव्ययः | पाप-कृत् | फलं |
| १० | कार्य-सिद्धिः | सौख्य-प्रदः | शोक-प्रदः | सुख-प्रदः | दैन्यम् | पीडाकरः | दौर्मन-स्यम् | वैरकृत् | फलं |
| ११ | द्रव्यप्रदः | लाभप्रदः | लाभ-प्रदः | लाभ-प्रदः | मानकृत् | द्रव्यप्रदः | धनाप्ति-करः | सौख्य करः | फलं |
| १२ | व्ययकृत् | शोकप्रदः | व्यय-कृत् | द्रव्यक्ष यकरः | विज्ञानं तथा पीडा-करः | द्रव्यप्रदः | नानाप्रका रानर्थकर | द्रव्य हानिः | फलं |

# ग्रहाणां दानानि

* सूर्यदानम् *

माणिक्यगोधूमसवत्सधेनुः कौसुम्भवासो गुडहेमताम्रम् ।
आरक्तकं चन्दनमम्बुजं च वदन्ति दानं हि विरोचनाय ।९।

* चन्द्रदानम् *

सद्वंशपात्रस्थिततण्डुलांश्च कर्पूरमुक्तादधिशुभ्रवस्त्रम् ।
युगोपयुक्तं वृषभं च रौप्यं चन्द्राय दद्याद् घृतपूर्णकुम्भम् १०

* भौमदानम् *

प्रवालगोधूममसूरिकाश्च वृषोऽरुणश्चापि गुडः सुवर्णम् ।
आरक्तवस्त्रं करवीरपुष्पं ताम्रं च भौमाय वदन्ति दानम् ।११।

* बुधदानम् *

वृषं च नीलं किल धौतकांस्यं मुद्गाज्यगारुत्मतसर्वपुष्पम् ।
दासी च दन्तं द्विरदस्य नूनं वदन्ति दानं विधुनन्दनाय १२

* गुरुदानम् *

शर्करा च रजनी तुरङ्गमः पीतधान्यमपि पीतमम्बरम् ।
पुष्परागलवणं सकाञ्चनं प्रीतये सुरगुरोः प्रदीयताम् ॥१३॥

* शुक्रदानम् *

चित्राम्बरं शुभ्रतरस्तुरङ्गा धेनुश्च वज्रं रजतं सुवर्णम् ।
सतण्डुलानुत्तमगन्धयुक्तं वदन्ति दानं भृगुनन्दनाय ।१४।

* शनिदानम् *

माषाश्च तैलं विमलेन्द्रनीलं तिलाःकुलत्था महिषी च लोहम् ।
कृष्णा च धेनुः खलु दुःखशान्त्यै वदन्ति दानं रविनन्दनाय ।

* राहुदानम् *

गोमेदरत्नं च तुरङ्गमश्च सुनीलचैलामलकम्बलं च ।
तिलाश्च तैलं खलु लोहमिश्रं स्वर्भानवे दानमिदं वदन्ति ॥ १६ ॥

* केतुदानम् *

वैदूर्यरत्नं सतिलं च तैलं सुकम्बलश्चापि मदो मृगस्य ।
शस्त्रं च केतोः परितोषहेतोश्छागस्य दानं कथितं मुनीन्द्रैः ॥

अर्थ चक्रमा स्पष्ट छ ॥ ९-१७ ॥

* नवग्रहदानचक्रम् *

| सू. | चं. | मं. | बु. | बृ. | शु. | श. | रा. | के. | ग्रहाः |
|---|---|---|---|---|---|---|---|---|---|
| माणिक्य | कांस्यपात्र | मूंगा | कृष्ण बैल | शक्कर | चित्र वस्त्र | माष | गोमेद | वैदूर्य मणि | दानम् |
| गहूं | चामल | गहूं | कांसो | वेसार | सेतो घोड़ा | तेल | घोड़ा | तिल | दानम् |
| गाइबाछो | कर्पूर | मसूर | मूंग | घोड़ा | गाइ | नीलम | सेतो वस्त्र | तेल | दानम् |
| रातोवस्त्र | मोती | रातो बैल | घृत | पीत अन्न | हीरा | तिल | कम्बल | कम्बल | दानम् |
| गुड़ | दही | गुड़ | पन्ना | पीत वस्त्र | चांदी | गहुत | तिल | कस्तूरी | दानम् |
| सुन | सेतो वस्त्र | सुन | सर्वफूल | पुष्प राज | सुन | भैंसी | तेल | शस्त्र | दानम् |
| तांबो | सेतो गाई बाछो | रक्त वस्त्र | दासी | नून | चामल | लोह | लोह | छाग | दानम् |
| रक्त चंदन | चांदी | रातोकनेर को फूल | हातीको दांत | सुन | चंदन | श्यामा गो | दक्षिणा | दक्षिणा | दानम् |
| कमल | घृत पूर्ण कुम्भ | तांबो | हरियोवस्त्र | दक्षिणा | दक्षिणा | दक्षिणा | ०० | ०० | दानम् |
| दक्षिणा | दक्षिणा | दक्षिणा | दक्षिणा | ०० | ०० | ०० | ०० | ०० | दानम् |

* ग्रहाणां जपसंख्याज्ञानम् *

रवे सप्तसहस्राणि चन्द्रस्यैकादश स्मृताः ।

भौमे दशसहस्राणि बुधे चाष्टसहस्रकम् ॥१८॥
एकोनविंशतिर्जीवे भृगोर्नृपसहस्रकम्
त्रयोविंशति मन्दे च राहोरष्टादश स्मृताः ॥१९॥
केतोरस्त्यष्टिसाहस्रं जपसंख्या प्रकीर्तिताः

अर्थ चक्रमा सुगम छ ॥ १८–१९ ॥

* जपसंख्याचक्रम् *

| सू. | चं. | मं. | बु. | बृ. | शु. | श. | रा. | के. | ग्रहाः |
|---|---|---|---|---|---|---|---|---|---|
| ६००० | ११००० | १०००० | ८००० | १९००० | १६००० | २३००० | १८००० | १७००० | जपसंख्या |

* ग्रहराशिप्रमाणम् *

मासं शुक्रबुधादित्याश्चन्द्रः पाददिनद्वयम् ॥२०॥
भौमस्त्रिपक्षं जीवोऽब्दं सार्धवर्षद्वयं शनिः ।
राहुः केतुः सदा भुंक्ते सार्धमेकं तु वत्सरम् ॥२१॥

एक राशिमा एक महीना सूर्य, बुध, शुक्रले भोग गर्दछन् , चन्द्रमा एक राशिमा अढाई दिन, मंगल एक राशिमा डेढ़महीना, बृहस्पति एक राशिमा एक वर्ष, शनैश्चर एक राशिमा ढाई वर्ष, राहु र केतु एक राशिमा डेढ़ वर्ष भोग गर्दछन् ॥ २० ॥

* दिनदशाज्ञानम् *

रविदिननखसंख्या चन्द्रमा व्योमबाणैः
क्षितितनयगजाश्वैश्चन्द्रजः षट्शराश्च ॥
शनिरसगुणसंख्या वाक्पतिर्नागबाणै-
र्नयनयुगकराहुः सप्ततिः शुक्रसंख्या ॥२२॥

* दिनदशाचक्रम् *




सूर्यको दशा २० बीस दिन, चन्द्रमाको ५० पचास दिन, मङ्गलको २८ अट्ठाइस दिन, बुधको ५६ छप्पन दिन, शनैश्चरका ३६ छत्तीस दिन, बृहस्पतिको ५८ अठाउन्न दिन, राहुको ४२ बयालिस दिन, शुक्रको दशा ७० सत्तरी दिनको जान्नु यसको फल गोचरका अनुसार ग्रहहरूबाट र सूर्यबाट जान्नु । फेरि आफ्ना राशिदेखि जुन घरमा सूर्य छ, उसै घरमा दशा हेर्नु । एक-एक घरमा तीस-तीस दिनको दशा हुन्छ चक्रबाट सम्झनु ॥ २१ ॥

* समयफलदा ग्रहाः कथ्यन्ते *

ऋक्षन्तु कालफलदत्त्वमतीव रम्य-
माचार्यवर्यकथितं मतमत्र वक्ष्ये ॥
राश्यादिगौ रविकुजौ फलदौ सितेज्यौ
मध्ये सदा शशिसुतश्चरमेऽब्जमन्दौ ॥२२॥

सूर्य मंगल राशिका आदिमा फल दिन्छन्, शुक्र र बृहस्पति राशिका अन्त्यमा फल दिन्छन्, बुध सदा फल दिन्छ, चन्द्रमा शनैश्चर अन्तमा फल दिन्छन् ॥२२॥

* ग्रहाणां राशिमध्ये पूर्वफलप्रमाणम् *

सूर्यारसौम्यास्फुजितोक्षनाग सप्ताद्रिघस्रान्विधुरग्निनाडीः ।
तमोयमेज्यास्त्रिरसाश्विमासान् गन्तव्यराशेःफलदाःपुरस्तात्

सूर्य जुन राशिमा जाने हुन्छन्, उसका पाँच दिन प्रथम, मंगल आठ दिन प्रथम, बुध सात दिन प्रथम, शुक्र सात दिन प्रथम, चन्द्रमा

तीन घड़ी पहिले फल दिन्छन् । राहु तीन महिना पूर्व, शनैश्चर छः महीना प्रथम, बृहस्पति दुइ मास प्रथम फल दिन्छन् । यस प्रकारले जुन राशिमा ग्रह जाने हुन्छ उसका पूर्व यसै प्रकारले फल दिन्छन् २३

* स्वराशेः ग्रहणफलम् *

जन्मर्क्षे निधनं ग्रहे जनिभतो घातः क्षतिः श्रीर्व्यथा ।
चिन्तासौख्यकलत्रदौस्थ्यमृतयः स्युर्माननाशः सुखम् ॥
लाभोऽपाय इति क्रमात्तदशुभध्वस्त्यै जपः स्वर्णगो-
दानं शान्तिरथो ग्रहं त्वशुभदं नो वीक्ष्यमाहुः परे ॥२४॥

जन्मका नक्षत्रमा ग्रहण परे मृत्यु र जन्मका राशिमा परे घात होला । दोश्रामा धननाश, तेस्रामा द्रव्य मिल्ला । चौथामा व्यथा, पाँचौंमा चिन्ता, छैटौंमा सुख,सातौंमा स्त्रीको पीड़ा,आठौंमा मृत्यु, नवौंमा माननाश, दशौंमा सुख, एघारौंमा लाभ, बाह्रौंमा मृत्यु होला । यस कारण अशुभ ग्रहणको शान्तिका लागि सुवर्णदान तथा गोदान गर्नु । फेरि कसै आचार्यको यो मत छ कि जसका राशिदेखि ग्रहण अशुभ छ, त्यस पुरुषले ग्रहण नहेर्नु ॥२४॥

* स्वशरीरे शनिवासफलम् *

राशौ द्वादशजन्मशीर्षहृदये पादे द्वितीये शनिः ।
नानाक्लेशकरोऽतिदुर्जनजनात्पुत्रान्पशून्पीडयेत् ॥२५॥

जन्मराशिदेखि बाह्रौं शनैश्चर भए शिरमा वास गर्छ, जन्मको होस्ता हृदयमा वास गर्छ, दोश्रामा होस्ता चरणमा वास गर्छ, त्यो नानाप्रकारको क्लेश दिने हुन्छ । फेरि शत्रु जनदेखि पुत्र तथा पशु आदिमा पीड़ा होला । चौथा आठौं होस्ता अढ़ाई वर्षसम्म सबै शरीरमा वास गर्छ । यसैलाई अढ़ैया पनि भन्दछन् । यो पुराणका मतले जान्नु ॥२५॥

* शनिवाहनविचारः *

येषां जन्मनि तारकादिगणयेत्सूर्यात्मजो भावधिं
चन्द्राङ्केन युतं पुनस्त्रिगुणितं पश्चाद्युगैर्भाजितम् ॥
शेषे कुञ्जरवाजिनोत्तमरथः स्याद्वाहनं शैविका
श्वेतं पीतमरक्तश्यामशुभदं सौख्यं च शोकक्षयम् ॥२६॥

जन्मनक्षत्रदेखि शनैश्चरका नक्षत्रसम्म गन्नु त्यस अङ्कमा अरु एक जोड़िदिनु फेरि तेस अङ्कलाई तीनले गुणा गर्नु र ४ को भाग दिनु। शेषाङ्क एक बचे हात्तिको वाहन जान्नु, दुइ बचे घोड़ाको वाहन, ३ बचे रथको वाहन, चार बचे पालकीको वाहन जान्नु। यसै क्रमले वस्त्र पनि जान्नु अर्थात् एक बचे श्वेतवस्त्र, दुइ बचे पीतवस्त्र, तीन बचेमा लाल वस्त्र, शून्य रहेमा श्याम वस्त्र जान्नु। अब फल कहिन्छ। हात्तीको वाहन शुभ हो, घोड़ा सुख र रथ शोककारक हो, अरु पालकीको वाहन क्षयकारक जान्नु ॥ २६ ॥

* द्वितीयप्रकारेण शनिवाहनविचारः *

मन्दर्क्षाच्छशिवेदतर्कविशिखाऽब्ध्यग्निद्विपक्षक्रमा-
च्छागोऽश्वो भषणो गजो हयरिपुर्हंसो वृषो वायसः।
हानिर्वारिजयो भ्रमो धनचयो मानाल्पता भूपता
सौख्यं रोगचयो नरर्क्षवसतो मन्दस्य वाहा अमी ॥२७॥

शनैश्चरको नक्षत्रदेखि १ एक, ४ चार, ६ छः, ५ पाँच, ४ चार, ३ तीन, २ दुइ, फेरि २ दुइ यी नक्षत्रलाई स्थापित गर्नु यसमा पछि आफ्ना जन्मको नक्षत्र हेर्नु। उसै क्रमले वाहन जानेर चक्रका क्रमले विचार गर्नु। छाग १ घोड़ा २ कुत्ता ३ हात्ती ४ भैंसी ५ हंस ६ बैल ७ कौवा ८, यी आठ वाहन जान्नु।

फल— छागमा हानि होला, घोड़ामा शत्रु सँग जीत होला,

कुत्तामा भ्रम होला, हातिमा धनको वृद्धि होला, भैंसीमा मान कम होला, हंसमा राज्यपदवीको प्राप्ति होला, बैल [ गोरु ] मा सुख प्राप्ति होला, कौवा [ काग ] मा रोगको वृद्धि होला ॥ २७ ॥

* शनिभाद्वाहनचक्रम् *

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | ४ | ६ | ५ | ४ | ३ | २ | ३ | नक्षत्र |
| छाग | घोडा | कुत्ता | हात्ती | भैंसी | हंस | बैल | कौआ | वाहन |
| हानि | शत्रुक्षय | भ्रम | धन वृद्धि | मानाल्पता | भूपती | सौख्य | रोगवृद्धि | फल |

* तृतीयप्रकारेण शनिवाहनविचारः *

ऋक्षे शनिर्यत्र नरस्य ऋक्षः माघादिमासैर्मुनिभिर्विभक्तः।
एके च शुण्डी द्वयोर्जम्बुकश्च अश्वस्त्रिषु श्वा गदितश्चतुर्थः॥
सिंहः शरः षष्ठ च गर्दभश्च मृगोऽपरः सप्त शनेर्हि वाहनाः।
संक्षेपतश्चात्र मया बुधानां सम्यङ्मतं छात्रसुबोधहेतोः ॥

फलम्

गजश्च लभते लक्ष्मीं जम्बुके बुद्धिनाशनम् ।
अश्वश्च कनकप्राप्तिः श्वाश्च चौरगृहे गृहे ॥३०॥
सिंहे च जायते सिद्धिर्गर्दभे हानिरेव च ।
मृगे च प्राणसन्देहो वाहनानां फलं दिशेत् ॥३१॥

शनैश्चर भएको नक्षत्रमा जन्म नक्षत्र जोड़िदिनु । त्यसमा माघदेखि लियेर जुन महीना छ शनि नक्षत्रसम्म त्यसलाई पनि उसै नक्षत्रका अङ्कमा जोड़नु त्यस अङ्कमा ( ७ ) सातको भाग दिनु, क्रमैले वाहन जान्नु । अर्थात् एक बचे हात्तीको वाहन, दुइ बचे स्याल, तीन बचे घोड़ा, चार बचे कुकूर, पाँचमा सिंह, छमा गदहा, सात बचेमा मृगको वाहन जान्नु ।

फल—हात्तीका वाहनमा लक्ष्मीप्राप्ति होला, स्यालमा बुद्धिनाश, घोड़ामा सुवर्ण लाभ, कुत्ता [ कुकूर ] मा घरमा चोरी, सिंहमा सिद्धि, गदाहामा हानि होला, मृगमा प्राणसंदेह जान्नु ॥ २८–३१ ॥

* शनैश्चरणविचारः *

जन्माङ्करुद्रेषु सुवर्णपादं द्विपञ्चनन्दे रजतस्य पादम् ।
त्रिसप्तदिक्ताम्रपादं वदन्ति वेदाष्टसार्केष्विह लोहपादम् ३२

* पादफलम् *

लोहे धनविनाशः स्यात्सर्वसौख्यं च काञ्चने ।
ताम्रे च समता ज्ञेया सौभाग्यं रजते भवेत् ॥३३॥

जन्मको चन्द्रमा होस् वा छैठौं एघारौं होस्ता शनिश्चरको चरण सुनको जान्नु। दोस्रा, पाचौं नवौं होस्ता चाँदीको पाद जान्नु। तेस्रो सातौं दशौं चन्द्रमा होस्ता ताम्रको पाद जान्नु। चौथा आठौं बाहौं चन्द्रमा होस्ता फलामको पाउ जान्नु।

फल—फलामको पाउमा धनको नाश, सुनका पाउमा सर्व सुखकारक, तामाको पाउ सम, चाँदीका पाउमा सौभाग्यकारक हुन्छ ३३

* एकपक्षे त्रयोदशतिथिफलम् *

एकपक्षे यदा यान्ति तिथयश्च त्रयोदश ।
त्रयस्तत्र क्षयं यान्ति वाजिनो मनुजा गजाः ॥३४॥

एक पक्षमा तेह तिथि परे घोड़ा, मनुष्य, हात्ती आदिको नाश गर्छ ॥३४॥

* केतूदयफलम् *

ग्रहयुद्धे राजयुद्धं केतुदृष्टे तथैव च ।
धूम्राकारः सपुच्छश्च केतुर्विश्वस्य पीडकः ॥३५॥

दुइ ग्रह एक राशिमा आएर केतुको उदय भए राजाहरूका युद्ध हुन्छ। धूम्राकार सहित पुच्छरवाला केतु होस्ता संसार भरमा पीड़ा गर्दछ।

* इन्द्रधनुषादिफलम् *

धूम्रकेतुः शक्रचापो ग्रहणे बहुधा तथा ।
तदाऽसौ सर्ववस्तूनां जायते च महर्घता ।।३६।।

धूम्राकार केतुको उदय भए तथा इन्द्र धनुष देखिए वेरै ग्रहण परे सबै वस्तु महँगा होलान् ।।३६।।

* केतूदयनक्षत्रफलम् *

अश्विन्यामुदिते केतौ स हन्याल्लङ्कपालकम् ।
भरण्यां च किरातेशं कृत्तिकायां कलिङ्गकम् ।।३७।।
रोहिण्यां शूरसेनेशं मृगे काशिनराधिपम् ।
आर्द्रायां जलदाधीशं भस्मकेशं पुनर्वसौ ।।३८।।
पुष्ये च मगधाधीशं सार्पस्थं काशिकाधिपम् ।
मघायां बङ्गनाथं च पूर्वायां पाण्डुनायकम् ।।३९।।
उज्जयिन्यां नृपं हन्ति उत्तराफाल्गुनीगतः ।
गण्डकाधिपतिं हस्ते चित्रायां कुरुभूभुजाम् ।।४०।।
स्वात्यां काश्मीरकाम्बोजभूपतीनां विनाशकः ।
इक्ष्वाकुकुरुदेशानां विशाखायां विनाशकः ।।४१।।
मैत्रे चोग्रस्य नाथं च सार्वभौमं तथैन्द्रकम् ।
आन्ध्रमद्रकनाथं च मूलस्थो हन्ति निश्चितम् ।।४२।।
पूर्वाषाढे काशिराजमुत्तराषाढके तथा ।
पौण्ड्रयशैलवैदेहान् श्रवणे कैकयेश्वरम् ।।४३।।

वसौ पञ्चनदाधीशं वरुणे सिंहलेश्वरम् ।
पूर्वभाद्रपदे बङ्गं नैमिषेशं तथोत्तरे ॥४४॥
रेवत्यामुदिते केतौ किराताधिपतेर्वधः ।
धूम्राकारः सपुच्छश्च केतुर्विश्वस्य पीडकः ॥४५॥

अश्विनी आदि सत्ताइसै नक्षत्रको फल केतूदयका चक्रबाट सम्झनु । चरम धूम्राकार सहित पुच्छको उदय भए संसारै भरि पीड़ा गर्दछ ॥ ३७–४५ ॥

* केतूदयनक्षत्र *

| नक्षत्र | फल | ०० | ०० |
|---|---|---|---|
| चि. | कुरुक्षेत्रका राजालाइ हान्छ | नक्षत्र | फल |
| ह. | दण्डक देशका राजालाइ हान्छ | रे. | किरातदेशका राजालाई हान्छ |
| उ.भा. | उज्जयिनीका राजालाइ हान्छ | उ. भा. | नैमिषदेशका राजालाइ हान्छ |
| पू.भा. | पाण्डुदेशका राजालाइ हान्ला | पू.भा. | बङ्गदेशका राजालाइ हान्छ |
| म. | बङ्गदेशका राजालाइ हान्ला | श. | सिंहलदेशका राजालइ हान्छ |
| श्ले. | काशीराजालाइ हान्ला | ध. | पंजाबदेशका राजालाइ हान्छ |
| पु. | मगधदेशका राजालाइ हान्ला | थ, | केकयदेशका राजालाइ हान्छ |
| पु. | अस्मक देशका राजालाइ हान्ला | उ.षा. | पौण्ड्रदेश, शैलदेश, मैथिलदेशका राजाहरुलाइ हान्छ |
| आ. | जलददेशका राजालाइ हान्ला | पू.षा. | काशीराजालाइ हान्छ |
| 'मृ. | काशीका राजालाइ हान्छ | मू. | आन्ध्रदेशका र मद्रदेशका राजा हरुलाइ हान्छ |
| रो. | शूरसेन देशका राजालाइ हान्ला | ज्ये. | सब राजाहरुलाइ हान्छ |
| कृ. | कलिङ्गदेशका राजालाइ हान्ला | अ. | उग्रदेशका राजालाइ हान्छ |
| भ. | किरातदेशका राजालाइ हान्छ | वि. | इक्ष्वाकुतथाकुरुदेशका राजालाइ हान्छ |
| अ. | लङ्कापतिलाइ हान्छ | स्वा. | काश्मीर र काम्बोजका राजालाइ हान्छ |

### * लग्नवर्णचक्रम् *

| मे. | वृ. | मि. | क. | सि. | कं. | तु. | वृ. | ध. | म. | कु. | मी. | ल. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| रक्त | श्वेत | हरित | श्वेत | धूम्र | पाण्डुर | विभ्रवर्ण | बहुसितवर्ण | स्वर्णसदृश | कृष्ण | कृष्ण | पीत | वर्ण |

### * ग्रहाणां संज्ञाचक्रम् *

| सू. | चं. | मं. | बु. | बृ. | शु. | श. | ग्रह |
|---|---|---|---|---|---|---|---|
| पुरुष | स्त्री. | पुरुष | नपुंसक | पुरुष | स्त्री | नपुंसक | पुरुषादिसंज्ञा |
| वृद्ध | मध्य | युवा | बाल | वृद्ध | मध्य | वृद्ध | अवस्था संज्ञा |
| क्षत्रिय | वैश्य | क्षत्रिय | शूद्र | ब्राह्मण | ब्राह्मण | अन्त्यज | वर्ण |

### * बालकजन्मसमये लग्ननिर्णयः *

शब्दं मेषे वृषे सिंहे मिथुने च धने तुले ।
शुद्धशब्दं घटे कन्या शेषे शब्दं विवर्जयेत् ॥४६॥
शशिलग्नान्तरेणैव ग्रहाश्चापि दिगन्तरम् ।
तस्यैव मन्दिरे नार्यो वृद्धा युवा कुमारिका ॥४७॥
पापैश्च विधवा नार्यः सौम्यैः सौभाग्यसंज्ञकाः ।
क्रूरे कुमारिका ज्ञेया एवं लग्नस्य लक्षणम् ॥४८॥
पापा राहुः शनिर्भौमः क्रूराः केतू रविर्गुरुः ।
सौम्याश्चन्द्रो बुधःशुक्रो ग्रहाणां लक्षणं स्मृतम् ॥४९॥
यत्र राहुः शिरस्तत्र शय्या भौमः प्रकीर्तितः ।
यत्र सूर्यस्तत्र दीपो मन्दो लोहं निगद्यते ॥५०॥

चन्द्रस्थाने जलं विद्याद्गुरोश्च कांस्यपात्रकम् ।
भृगोः सुते शुक्लवस्त्रं लग्नचिह्नमुदाहृतम् ॥५१॥
अजझषद्विमिता वृषकुम्भयोः श्रुतिमिता हयकर्कटकेशराः।
मकरयुग्मतुलाधरकन्यकास्त्वलहरौ त्रिमिता ह्युपसूतकाः॥

मेष, वृष, सिंह, मिथुन, धन र तुला यी लग्नमा जन्म भए बालक उसै समय जोरसँग रोला, कन्या लग्न होस् ता बिस्तारो रुन्छ, अरु शेष लग्नमा केही बेरपछि बालक रोला ।

चन्द्रमाका वा लग्नका अन्तमा जति ग्रह छन् उति स्त्री बालक जन्मका समय जान्नु । वृद्ध, युवा वा कुमार ग्रहका क्रमले जान्नु ।

पापग्रह हुन् ता विधवा स्त्री, सौम्यग्रहमा सौभाग्यवती स्त्री र क्रूर ग्रहमा कुमारी उपसूतिका ( सुढिनी ) बताउनू ।

राहु, शनैश्चर, मङ्गल यी पापग्रह हुन् । केतु, सूर्य र बृहस्पतिको क्रूर संज्ञा हो । चन्द्रमा, बुध र शुक्रको सौम्यसंज्ञा हो । अरु प्रसूती-को भोजन वस्त्र पूर्वोक्त लग्नका वर्णचक्रदेखि जान्नु ।

जन्मकुण्डलीमा जुन दिशामा राहु छ उसै दिशामा जन्म समयमा बालकको शिर जान्नु अर्थात् जन्मलग्नदेखि लिएर बाहौं घरको पूर्व आदि दिशा जान्नु, अगाडि चक्रद्वारा क्रम लेखिन्छ, फेरि जुन दिशामा मङ्गल छ उसै दिशामा दीपक ( दीयो ), अनि जुन दिशामा शनि छ उसै दिशामा बालकको नाल जान्नु । जुन दिशामा बृहस्पति छ उसै दिशामा कांस्यपात्र बताउनु, जुन दिशामा शुक्र छ उसै दिशामा श्वेत ( सेतो ) वस्त्रको वास जान्नु ।

अब अन्य मतले लग्नका अधीन प्रसूताका पासका स्त्रीहरूको प्रमाण लेखिन्छ । मेष अथवा मीन यी लग्नमा स्त्रीको प्रसव भए त्यस प्रसूता स्त्रीका समीप दुइ स्त्रीहरू जान्नू, तथा वृष कुम्भ लग्न होस्

ता चार स्त्री जान्नू। धन र कर्कमा पाँच स्त्री जान्नू। फेरि मकर मिथुन, कन्या, तुला, वृश्चिक र सिंह लग्नमा तीन स्त्री जान्नू॥५१-५२॥

* ग्रहाणां द्वादशभावस्थितदिशाचक्रम् *

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | भाव |
| पू० | द० | प० | उ० | पू० | द० | प० | उ० | पू० | द० | प० | उ० | दिशा |

* संक्रान्तिविचारः *

घोरार्कसंक्रमणमुग्ररवौ हि शूद्रान्
ध्वांक्षी विशो लघुविधौ च चरर्क्षं भौमे ॥
चौराम्महोदरयुता नृपतीन् ज्ञमैत्रे
मन्दाकिनी स्थिरगुरौ सुखयेच्च मन्दा ॥५३॥
विप्रांश्च मिश्रभभृगौ तु पशूंश्च मिश्रा
तीक्ष्णार्कजेऽन्त्यजसुखा खलु राक्षसी च ॥
त्र्यंशे दिनस्य नृपतीन् प्रथमे निहन्ति
मध्ये द्विजानपि विशोऽपरके च शूद्रान् ॥५४॥
अस्ते निशाप्रहरकेषु पिशाचकादीन्
नक्तंचरानपि नटान् पशुपालकांश्च ।
सूर्योदये सकललिङ्गिजनं च सौम्य-
याम्यायनं मकरकर्कटयोर्निरुक्तम् ॥५५॥

रविवारका दिन उग्रसंज्ञक नक्षत्रमा सङ्क्रान्ति लागे घोरा नामको संक्रान्ति हुन्छ, त्यो शूद्रहरूलाई सुख दिन्छ। सोमवारका १६ घटीसम्म पुण्यकाल हुन्छ, आधी रातदेखि पहिलेका दिन लघु-संज्ञक नक्षत्रमा संक्रान्ति लागे ध्वांक्षीसंज्ञक जान्नू, त्यो वैश्यहरूलाई सुख दिन्छ। मङ्गलवारका दिन चरसंज्ञक नक्षत्रमा संक्रान्ति लागे

त्यसको महोदरी नाम हुन्छ, त्यो चोरहरूलाई सुख दिन्छ। बुधवारका दिन मैत्रसंज्ञक नक्षत्रमा संक्रान्ति लागे उसको मन्दाकिनी नाम हुन्छ, त्यो राजाहरूलाई सुख दिने हुन्छ, बृहस्पतिवारका दिन स्थिर संज्ञक नक्षत्रमा संक्रान्ति परे त्यसको मन्दा नाम हुन्छ, त्यो ब्राह्मण-हरूलाई सुख दिने हुन्छ। शुक्रवारको दिन मिश्र संज्ञक नक्षत्रमा लागे त्यसको राक्षसी नाम हो, त्यो चाण्डालहरूलाई, सुख दिने हुन्छ। दिनमानको तीन भाग गर्नू। प्रथम भागमा संक्रान्ति लागेमा

* संक्रान्तिचक्रम् *

| सू. | चं. | मं. | बु | बृ | शु. | श. | वार |
|---|---|---|---|---|---|---|---|
| उग्र | लघु | चर | मैत्र | स्थिर | मिश्र | तीक्ष्ण | नक्षत्र |
| घोरा | ध्वांक्षी | महोदरी | मंदाकिनी | मन्दा | मिश्रा | राक्षसी | नाम |
| शूद्रसुख | वैश्य | चौरसुख | राजसुख | ब्राह्मणसुख | पशुसुख | चांडालसु. | फल |

* पुनः संक्रान्ति चक्रम् *

| यामे | हन्ति |
|---|---|
| सूर्योदये | लिंगिजनान् |
| रात्रिचतुर्थे | पशुपालकान् |
| रात्रितृतीये | नटान् |
| रात्रिद्वितीये | राक्षसान् |
| रात्रिप्रथमे | पिशाचकान् |
| सूर्यास्तकाले | शूद्रान् |
| दिनस्यतृतीये | वश्यान् |
| दिनस्य मध्ये | द्विजान् |
| दिनस्य प्रथमे | नृपान् |

राजाहरूलाई, दोस्रा भागमा ब्राह्मण-हरूलाई, तेस्रा भागमा वैश्यहरूलाई र सूर्यास्तकालमा लागे शूद्रहरूलाई विनाश गर्दा। फेरि रात्रिका प्रथम प्रहरमा नट-हरूलाई, चौथा प्रहरमा पशु पाल्नेलाई र सूर्योदयमा लागे पाखण्डी संन्यासी-हरूलाई विनाश गर्दा। मकर संक्रान्ति-देखि उत्तरायण र कर्क संक्रान्तिदेखि दक्षिणायन कहिन्छ ॥ ५३-५५ ॥

* संक्रान्तिनिर्णयः *

षडशीत्याननं चापनृयुक् कन्याझषो भवेत् ।
तुलाजौ विषुवद्विष्णुपदं सिंहालिगोघटे ॥५६॥

संक्रान्तिकालादुभयत्र नाडिकाः
पुण्या मताः षोडशषोडशोष्णगोः ।
निशीथतोऽर्वागपरत्र संक्रमे
पूर्वापराह्नान्तिमपूर्वभागयोः ॥५७॥

धन, मिथुन, कन्या र मीन यी संक्रान्तिको षडशीतिमुखी संज्ञा हो । तुला र मेषको विषुवद् संज्ञा हो । अरु सिंह, वृश्चिक, वृष र कुम्भको विष्णुपदा संज्ञा हो । जुन समय सूर्यको संक्रान्ति छ, उस समय ठीक पहिलेको १६ घटीदेखि संक्रान्ति कालका पछि संक्रान्ति होस् ता पूर्व दिनको उत्तरार्ध र आधी रातका पछि संक्रान्ति होस् ता पर दिनको पूर्वार्ध पुण्यकाल हुन्छ ॥५६-५७॥

* चक्रम् *

| अर्धरात्रात्पूर्वं संक्रान्तिः | अर्धरात्रात्परं संक्रान्तिः | समयः |
|---|---|---|
| पूर्वदिने पुण्यकालः | परदिने पुण्यकालः | पुण्यदिनम् |
| अन्तभागे पुण्यकालः | पूर्वभागे पुण्यकालः | पुण्यभागदिनम् |

* द्वितीयप्रकारेण संक्रान्तिनिर्णयः *

पूर्णे निशीथे यदि संक्रमः स्याद्दिनद्वयं पुण्यमथोदयास्तात् ।
पूर्वं परस्ताद्यदि याम्यसौम्यायने दिने पूर्वपरे तु पुण्ये ॥५८॥

पूरा आधीरातमा संक्रान्ति लागे पूर्व वा पर दुवै दिन पुण्यकाल हुन्छ । फेरि सूर्योदयका पूर्व, कर्क संक्रान्ति होस् ता पूर्व दिन पुण्यकाल र सूर्यास्तको पछि मकर संक्रान्ति भए पर दिन पुण्यकाल हुन्छ ॥५८॥

* चक्रम् *

| पूर्णार्द्धरात्रौ संक्रान्तिः | सूर्योदयात्पूर्वं याम्यायनम् | सूर्यास्तात्परं सौम्यायनम् |
|---|---|---|
| पूर्वपरदिने पुण्यकालः | पूर्वदिने पुण्यकालः | परदिने पुण्यकालः |

* तृतीयप्रकारेण संक्रान्तिनिर्णयः *

सन्ध्यात्रिनाडीप्रमितार्कबिम्बामधोंदितास्तादध ऊर्ध्वमत्र।
चेद्याम्यसौम्ये ह्ययने क्रमात्स्तः पुण्यौ तदानीं परपूर्वघस्रौ॥

जुन कालमा सूर्यको अर्धबिम्ब उदित हुन्छ, उसै कालमा पूर्वको तीन घडी प्रातः संन्ध्या संज्ञक र जस कालमा सूर्यको अर्धबिम्ब अस्त हुन्छ, त्यसकालका पछिको तीन घड़ी सायं सन्ध्या संज्ञक हुन्छ। प्रातः सन्ध्यामा कर्क संक्रान्ति होस्ता सूर्योदयका पछि, सम्पूर्ण दिन र सायं सन्ध्यामा मकर संक्रान्ति होस् ता सूर्यास्तकालदेखि पूर्व, सम्पूर्ण दिन पुण्यकाल हुन्छ ॥५९॥

* चतुर्थप्रकारेण संक्रान्तिनिर्णयः *

याम्यायने विष्णुपदे चाद्या मध्या तुलाजयोः।
षडशीत्याननने सौम्ये परा नाड्योऽतिपुण्यदाः ॥६०॥
गोकुम्भालिमृगाधिपेषु घटिकाः पूर्वानृपैः संमिता
द्वन्द्वं स्त्रीधनुरण्डजेषु च परास्तावन्त्य एवानघाः॥
मेषे तौलिनि दिङ्मिता उभयतस्त्रिंशत्सुपूर्वाः स्मृताः
कर्कोऽन्त्यास्तु नखा मृगे द्विगुणिताः कैश्चित्स्मृताःसूरिभिः

याम्यायन अर्थात् कर्कको संक्रान्ति र विष्णुपद अर्थात् वृष, सिंह, वृश्चिक र कुम्भ यी संक्रान्ति जुन कालमा होला उसै संक्रान्तिका पूर्वको १६ घटी पुण्यकालको हुन्छ। त्यसपछि पुण्य-काल हुँदैन। अरु तुला वा मेषको संक्रान्ति जुन कालमा होला, उस कालदेखि पूर्वको सोह घड़ी र परको सोह घड़ी, सब मिलेर बत्तीस अथवा पूर्व-पर मिलेर १६ घड़ी नै पुण्यकाल हुन्छ। अरू षड़शीत्यानन संज्ञक अर्थात् मिथुन, कन्या, धन र मीन तथा सौम्यायन अर्थात् मकर, यी संक्रान्तिहरू जुन कालमा होलान्, उस कालका बादको सोह घटी

पुण्यकालको हुन्छ पहिलेको हुँदैन । वृष, कुम्भ र सिंहका संक्रान्तिको पूर्वै सोह घड़ी पुण्यकाल हुन्छ। मिथुन, कन्या, धन र मीनका संक्रान्तिमा पर सोह घड़ी पुण्यकाल हुन्छ। मेष र तुला संक्रान्तिका दुवै तर्फ दश दश घड़ी पुण्यकाल हुन्छ। कर्कका संक्रान्तिमा पूर्वै तीस घड़ी पुण्यकाल हुन्छ, वृश्चिकका संक्रान्तिमा तीस घड़ी पुण्यकाल हुन्छ। फेरि मकरका संक्रान्तिमा चालीस घड़ी पर पूर्व दिन पुण्य-काल हुन्छ भन्ने यो पनि कुनै आचार्यको मत छ ॥६८-६१॥

* जघन्यबृहत्समनक्षत्रज्ञानम् *

समं मृदुक्षिप्रवसुश्रवोऽग्निमघात्रिपूर्वासृपभं बृहत्स्यात् ।
ध्रुवद्विदेवादितिभं जघन्यंसार्पाम्बुपार्द्रानिलशाक्रयाम्यम् ॥
जघन्यभे संक्रमणे मुहूर्ताः शरेन्दवो बाणकृता बृहत्सु ।
खराभ्रसंख्याः समभे महर्घसमर्घसाम्यं विधुदर्शनेऽपि।६३।

मृदुसंज्ञक ( मृगशिरा, रेवती, अनुराधा र चित्रा ), क्षिप्रसंज्ञक (अश्विनी, अभिजित् , पुष्य र हस्त ), धनिष्ठा, श्रवण, कृत्तिका, मघा, तीनै पूर्वा र मूल यी १५ नक्षत्र समसंज्ञक हुन्। अरु ध्रुवसंज्ञक ( रोहिणी र तीनै उत्तरा ) विशाखा पुनर्वसु यी छ नक्षत्रको बृहत्संज्ञा हो तथा आश्लेषा, शतभिषा, आर्द्रा, स्वाती, ज्येष्ठा, भरणी यी छ नक्षत्रको जघन्यसंज्ञा हो।

जघन्यसंज्ञक नक्षत्रमा संक्रान्ति लागे पन्द्रह मुहूर्त, बृहत्संज्ञक नक्षत्रमा संक्रान्ति लागे पैंतालिस मुहूर्त र समसंज्ञक नक्षत्रमा संक्रान्ति लागे तीस मुहूर्त हुन्छ।

फल—जुन महीनाका संक्रान्तिमा पन्ध्र मुहूर्त हुन्छ, त्यस महीनामा अन्न महँगो र जस महीनाका संक्रान्तिमा पैंतालिस मुहूर्त हुन्छ, त्यस महीनामा अन्न सस्तो र जस महीनाको संक्रान्तिमा तीस मुहूर्त हुन्छ उस महीनामा अन्नको सम भाउ हुन्छ। यसै प्रकार चन्द्रोदय-

मा पनि अन्नको भाउ जान्नु । अर्थात् जघन्य संज्ञक नक्षत्रमा चन्द्रोदय होस् ता उस मासमा अन्नको महर्घता ( महँगो ), बृहत्संज्ञक नक्षत्रमा चन्द्रोदय होस् ता उस महीनामा अन्न सस्तो र समसंज्ञक नक्षत्रमा चन्द्रमाको उदय होस् ता समभाउ जान्नु ॥६२-६३॥

* अर्घज्ञानं मतान्तरेण *

संक्रान्तिऋक्षं तिथिवारयुक्तं धान्याक्षरामिश्रितरामभक्तम् ।
एकेन वृद्धिःसमताद्वितीयेशून्येन हानिः स्फुटमर्घकाण्डम् ॥

संक्रान्तिका नक्षत्रमा तिथि र वार जोड़ी दिनु फेरि धान्यका जति अक्षर छन् उति अङ्क उसैमा जोड़ी दिनु । फेरि तीनको भाग दिनु । एक शेष बचे मन्दा जान्नु । दुइ बचे सामान्य जान्नु, तीन बचे महँगो जान्नु, यो अर्घकाण्डको स्पष्ट विचार हो ॥६४॥

* अर्घवर्षणविचारो ग्रन्थान्तरे *

स्यात्तैतिले नागचतुष्पदे रविः
सुप्तो निविष्टस्तु गरादिपञ्चके ।
किंस्तुघ्न ऊर्ध्वः शकुनौ सकौलवे-
ऽनिष्टः समः श्रेष्ठ इहार्घवर्षणे ॥६५॥

तैतिल, नाग, चतुष्पद यी करणमा सुतेका गर, वणिज, विष्टि बालव यी करणमा बसेका अरु किंस्तुघ्न शकुनि कौलव यी करणमा ऊर्ध्व स्थित भएका अर्थात् खड़ा भएको सूर्य संक्रान्ति हुन्छ । सुतेका सूर्यमा अन्नादिको महर्घता वर्षाको विनाश हुन्छ । बसेका सूर्यमा सम, खड़ा भएका सूर्यमा अन्नादिको भाउ राम्रो वृष्टिकारक हुन्छ ॥ ६५ ॥

* शुभकृत्ये संक्रान्तिवर्ज्यः *

विषुवायनेषु परपूर्वमध्यमान्
दिवसांस्त्यजेदितरसंक्रमेषु हि ।

घटिकास्तु षोडश शुभक्रियाविधौ
परतोऽपि पूर्वमपि संत्यजेद्बुधः ॥६६॥

तुला, मेष, कर्क र मकरका संक्रान्तिमा पर पूर्व र मध्य यी तीनै दिन शुभकार्यमा वर्जित छन्, जो संक्रान्ति बाकी रहे उनमा पर र पूर्व सोह्र सोह्र घड़ी वर्जित छ ॥ ६६ ॥

* स्वराशेः संक्रान्तिबलाबलविचारः *

संक्रान्तिधिष्ण्याधरधिष्ण्यतस्त्रिभे
स्वभे निरुक्तं गमनं ततोऽङ्गभे ।
सुखं त्रिभे पीडनमङ्गभेंऽशुकं
त्रिभेऽर्थहानी रसभे धनागमः ॥६७॥

संक्रान्ति जुन नक्षत्रमा लाग्छ उसका पूर्व नक्षत्रदेखि आफ्ना जन्म-नक्षत्रसम्म गन्नु । प्रथम तीन नक्षत्रमा आफ्नु नक्षत्र परे कहीं जानु पर्ला । फेरि छ नक्षत्रमा सुख हुन्छ । फेरि तीन नक्षत्रमा पीड़ा हुन्छ, फेरि छ नक्षत्रमा वस्त्रप्राप्ति हुन्छ फेरि तीन नक्षत्रमा अर्थ होला, फेरि छ नक्षत्रमा धन मिल्छ ॥ ६७ ॥

* संक्रान्तिनक्षत्रचक्रम् *

| ३ | ६ | ३ | ६ | ३ | ६ | नक्षत्र |
|---|---|---|---|---|---|---|
| गमनम् | सुखम् | पीड़ा | वस्त्रम् | अर्थहानि | धनगमः | फलम् |

* संक्रान्तिवाहनवस्त्रायुधभक्ष्यलेपनादिविचारः *

सिंहव्याघ्रवराहरासभगजावाहद्विषड्घोटकाः
श्वाजो गोश्चरणायुधश्च बवतो वाहा रवेःसंक्रमे ।
वस्त्रं श्वेतसुपीतहारितकपाण्डुवारक्तकालासितं
चित्रं कम्बलदिग्घनाभमथशस्त्रंस्याद्भुशुण्डीगदा ॥६८॥

खड्गो दण्डशरासतोमरमथो कुन्तश्च पाशोऽङ्कुशो-
ऽस्त्रंबाणस्त्वथ भक्ष्यमन्नपरमान्नं भैक्ष्यपक्वान्नकम्।
दुग्धं दध्यपि चित्रितान्नगुडमध्वाज्यं तथा शर्कराऽ
थोलेपो  मृगनाभिकुंकुममथोपाटीरमृद्रोचनम् ॥६८॥
यावश्चोतुमदो निशाञ्जनमथो कालागुरुश्चन्द्रको-
जातिर्दैवतभूतसर्पविहगाः पश्वेणविप्रास्ततः ।
क्षत्रोवैश्यकशूद्रसंकरभवाः पुष्पं च पुन्नागकं
जातीबाकुलकेतकानि च तथा बिल्वार्कदूर्वाम्बुजम्।७०।
स्यान्मल्लिका पाटलिका जपा च संक्रांतिवस्त्राशनवाहनादेः
नाशश्चतद्वृत्त्युपजीविनां च स्थितोपविष्टस्वपतांचनाशः।

बव आदि सात चर र शकुन आदि चार स्थिर करणमा हुने सूर्य संक्रान्तिको क्रमैले सिंह आदि वाहन श्वेत आदि लेपन भुशुण्डी आदि आयुध, अन्न आदि भक्ष्य, कस्तूरी आदि लेपन, देवता आदि जाति, पुन्नाग आदि पुष्प हुन्छ ।

क्रम —बव करणमा हुने संक्रान्ति सिंहमा सवार, सेतो वस्त्र धारण गरेकी, भुशुण्डी हातमा लिएकी, अन्न भक्षण गर्दिछँदी, कस्तूरीको लेप देहमा लगाएकी, देवता जातिवाली र नाग-केशरको फूल हातमा लिएकी हुन्छिन्। यसै प्रकार बालव आदि करणमा हुने संक्रान्तिका वाहन आदि चक्रबाट सम्झनु । विशेष यो हो कि जस महीनाका संक्रान्तिका जो वाहन, वस्त्र र भक्षण आदि कहिएको छ उस महीनामा उन सबको नाश अथवा उन वस्तुहरूदेखि जीविका गर्नेको नाश हुन्छ । अरु संक्रान्ति गर्दाका समयमा जो सूर्यको सुप्त उपविष्ट र ऊर्ध्वस्थित भी तीन अवस्थाहरू कहिएका छन् उन अवस्थामा

वर्तमान अर्थात् सुत्ने, बस्ने र खडा रहने (उभिने) प्राणीहरूको पनि नाश हुन्छ ॥ ६८-७१ ॥

* संक्रान्तिवाहनादिचक्रम् *

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| बव | बालव | कौलव | तैतिल | गर | वणिज | विष्टि | शकुनि | चतुष्पद | नाग | किंस्तुघ्न | करण |
| सिंह | व्याघ्र | शूकर | खर | हात्ती | महिष | घोड़ा | श्वान | मेष | गौ | कुखुरा | वाहन |
| श्वेत | पीत | हरित | पाण्डु | रक्त | श्याम | असित | चित्र | कम्बल | दिशा | मेघ-सदृश | वस्त्र |
| भुशु-ण्डी | गदा | खड्ग | दण्ड | धनुष | तोमर | भाला | पाश | अंकुश | अस्त्र | बाण | शस्त्र |
| अन्न | पर-मान्न | भिक्षा | पक्वान्न | दुग्ध | दही | विचि-त्रान्न | शक्खर (गुड़) | (मह) सहत | घृत | शक्कर | भोजन |
| कस्तूरी | केशर | चंदन | माटी | गोरो-चन | महा-वर | बिलार-मद | हरिद्रा | सुरमा | अगर | कपूर | लेप |
| देवता | भूत | सर्प | पक्षी | पशु | मृग | विप्र | क्षत्री | वैश्य | शूद्र | सङ्कर वर्ण | जाति |
| नाग-केसर | चमेली | बकुल | केतकी | बेल | मदार | दूबो | कमल | मल्लि का | पाडर | दुपह-रिया | पुरुष |

* भौमवत्यमावस्यापर्वयोगः *

अमावस्यां भवेद्वारो यदा भूमिसुतस्य वै ।
जाह्नवीस्नानमात्रेण गोसहस्रफलं लभेत् ॥७२॥

मङ्गलवार अमावस्या परे भौमवती नाम हुन्छ । त्यसमा केवल गङ्गा-स्नानले मात्र एक हज्जार गोदान गरेको फल हुन्छ । अरु सोमवार युक्त सोमवती अमावस्यामा उसदेखि पनि अधिक शुभफल हुन्छ ।७२।

* पुष्करपर्वयोगः *

विशाखास्थो यदा भानुः कृत्तिकासु च चन्द्रमाः ।
स योगः पुष्करो नाम पुष्करेष्वतिदुर्लभः ॥७३॥

विशाखा नक्षत्रमा जब सूर्य होलान् त्यसवेला दिनका नक्षत्र कृत्तिका होस्ता पुष्करसंज्ञक योग हुन्छ। यसमा पुष्कर-क्षेत्रमा स्नान दुर्लभ हुन्छ अर्थात् बड़ो लाभदायक हुन्छ ॥ ७३ ॥

* गोविन्दद्वादशीपर्वयोगः *

यदा चापे जीवो भवति घटराशौ दिनमणि-
स्तथा तारानाथः स्वभवनगतः फाल्गुनसिते।
यदार्को द्वादश्यामदितिभयुतः शोभनयुत-
स्तदा गोविन्दाख्यं हरिदिवसमस्मिन्क्षितितले ॥७४॥

धनको बृहस्पति, कुम्भको सूर्य, कर्कको चन्द्रमा फाल्गुन शुक्ल-पक्षको द्वादशी, रविवार, पुष्य नक्षत्र र शोभन योग होस्ता गोविन्द-द्वादशी पर्व हुन्छ। सूर्योदयको तिथिमा सबै योग परे पूर्वोक्त पर्व जान्नु यसमा अयोध्याजीका स्नानको बड़ो माहात्म्य छ ॥ ७४ ॥

* कपिलाषष्ठी *

आश्विने कृष्णपक्षे च षष्ठ्यां भौमोऽथ रोहिणी।
व्यतीपातस्तदा षष्ठी कपिलानन्तपुण्यदा ॥७५॥

आश्विनकृष्णपक्षको षष्ठी तिथि मङ्गलवार रोहिणीनक्षत्र व्यती-पातयोग समेत पऱ्यो भने कपिलाषष्ठी हुन्छ त्यसलाई अनन्त पुण्य-दायक जान्नु ॥७५॥

* वारुणीयोग: *

वारुणेन समायुक्ता मधौ कृष्णात्रयोदशी।
गङ्गायां यदि लभ्येत सूर्य्यग्रहशतैः समा ॥७६॥
शनिवारसमायुक्ता सा महावारुणी स्मृता।
शुभयोगसमायुक्ता शनौ शतभिषा यदि।
महामहेति विख्याता त्रिकोटिकुलमुद्धरेत् ॥७७॥

चैत्रकृष्ण त्रयोदशी तिथि शततारकाले युक्त भो भने त्यसदिन गङ्गाजीको स्नान गरे अथवा गङ्गा प्राप्ति मात्र भो भने पनि १०० सूर्य-ग्रहणको समान फल दिन्छ। शनिवारले युक्त भो भने महावारुणी जान्नु। शुभयोग युक्त शनिश्चरवार शतभिषा नक्षत्रमा पर्‍यो भने त्यसलाई महामहावारुणीयोग जान्नु त्यस दिन गङ्गास्नान गर्नाले तीन कोटि कुलको उद्धार हुन्छ ॥७६-७७।

* युगादयः *

नवमी कार्तिके शुक्ला वैशाखे च तृतीयका।
त्रयोदश्याश्विने कृष्णा अथोदर्शश्च फाल्गुने ॥७८॥
कार्तिकेऽभूत्कृतारम्भस्त्रेतारम्भस्तु माधवे।
फाल्गुने द्वापरारम्भ आरम्भश्चाश्विने कलेः ॥७९॥

कार्तिकशुक्लनवमी, वैशाखशुक्ल तृतीया, आश्विनकृष्ण त्रयोदशी, फाल्गुनकृष्ण औंसी यी तिथि युगादि जान्नु। कार्तिकमा कृत युगको प्रारम्भ, वैशाखमा त्रेतायुगको, फाल्गुनमा द्वापरको, आश्विनमा कलियुगको प्रारम्भ हुन्छ ॥७८-७९॥

* युगादिस्वामी *

क्रमाच्छम्भुर्हरिर्वेधाः पितरस्तत्रदेवताः।
तिलान्लवणसौवर्णगाश्चदद्याद्युगादिषु ॥८०॥
एताः युगादयः पुण्याः शुभे वर्ज्या मनीषिभिः।
तत्राक्षय्यतृतीया तु सर्वकार्ये सुशोभना ॥८१॥

चार युगका देवता क्रमैले शम्भु, हरि, ब्रह्मा, पितृ यी चार जान्नु, चार युगादिमा तिल नून सुवर्ण गाई दान गर्नु। युगादिमा पंडितले शुभ कार्य वर्ज्य गर्नु परन्तु त्यसमा अक्षय तृतीया सर्वकार्यमा शुभ जान्नु ॥८०-८१।

* मन्वादयः *

आश्विने नवमी शुक्ला माघमासे तु सप्तमी ।
भाद्रे चैत्रे तृतीया च कार्तिके द्वादशी तथा ॥८२॥
आषाढे दशमी प्रोक्ता ज्येष्ठमासे तु पौर्णिमा ।
आषाढी फाल्गुनी चैत्री कार्तिकी पौर्णिमा तथा ॥८३॥
भाद्रे कृष्णाष्टमी प्रोक्ता पौषे त्वेकादशी सिता ।
अमा भाद्रपदे मासि मन्वाद्यास्तिथयस्त्विमाः ॥
अत्र मासास्तु एकान्ताः विज्ञेयाः परिकीर्तिताः ॥८४॥

आश्विनशुक्ल नवमी, माघशुक्ल सप्तमी, भाद्रशुक्ल तृतीया, चैत्रशुक्ल तृतीया, कार्तिकशुक्ल द्वादशी, आषाढशुक्ल दशमी; जेष्ठ, आषाढ, फाल्गुन र चैतको पूर्णिमा; भाद्रकृष्ण अष्टमी, पौषशुक्ल एकादशी, भाद्रको औंसी यी तिथि मन्वादि जान्नु। यसमा पौर्णिमान्त महीना कहिएको छ ॥८२-८४॥

* अर्द्धोदयमहोदयपर्वयोगः *

माघे मासि रवौ दर्शे व्यतीपाते श्रवान्विते ।
अर्द्धोदयाभिधो योगः सूर्यपर्वशताधिकः ॥८५॥
अयमुक्तो दिवा योगः किञ्चिन्न्यूनं महोदयः ॥८६॥

माघ महीनामा आइतबार औंसी तिथि व्यतीपात योग श्रवण नक्षत्रले युक्त भयो भने अर्द्धोदय योग हुन्छ त्यो योग सय सूर्य-ग्रहण-भन्दा पनि अधिक फल दिने हुन्छ। यो योग दिनमा पर्छ। यस योगमा कुनै एक योगको कमी भयो भने महोदय योग हुन्छ ॥८६॥

* अन्यच्च *

श्रुतिव्यतीपातदिने सदर्शे सुतिर्यदा कृष्णदले तु माघे ।
पौषे तथार्धोदयसंज्ञकोऽयं किञ्चिद्विहीने तु महोदयः स्यात्॥

अर्धोदये तु संप्राप्ते सर्वं गङ्गासमं जलम् ।
शुद्धात्मानो द्विजा सर्वे भवेयुर्ब्रह्मसन्निभाः ॥८८॥
यत्किञ्चिद्दीयते दानं तद्दानं मेरुसन्निभम् ।
एवमेव फलं ज्ञेयं योगेऽपि च 'महोदये ॥८९॥

माघ पूसको अमावस्यामा श्रवण नक्षत्र र व्यतीपात योग होस् ता अर्धोदय नामको योग हुन्छ फेरि यो योग मध्यमा कोही हीन (कम्ति) होस् ता महोदय संज्ञक योग जान्नु । अर्धोदय योगमा सबै जल गङ्गाका समान हुन्छन्, अरु शुद्धात्मा ब्राह्मण ब्रह्मजीका समान हुन्छन् । जो कुछ किञ्चिन्मात्र दान दिंदा पनि त्यो दान सुमेरुका बराबर हुन्छ यै फल महोदयको पनि जान्नु ॥८७-८९॥

* वृष्टिविचारः *

दशार्द्राद्याः स्त्रियस्तारा विशाखाद्या नपुंसकाः ।
तिस्रस्ततश्च मूलाद्याः पुरुषाश्च चतुर्दश ॥९०॥
स्त्रीपुंसयोर्महावृष्टिः स्त्रीनपुंसकयोः क्वचित् ।
स्त्रीस्त्रियोः शीतलच्छाया योगः पुरुषयोर्न च ॥९१॥

आर्द्रा आदि दश नक्षत्र स्त्रीसंज्ञक हुन्, विशाखा आदि तीन नक्षत्र नपुंसकसंज्ञक, मूल आदि चौध नक्षत्र पुरुषसंज्ञक हुन् ॥९०॥

फल–सूर्य चन्द्रमा स्त्री पुरुषसंज्ञक भएमा महावृष्टि होला । अरु स्त्री नपुंसक होस् ता कहीं-कहीं वृष्टि होला, अरु स्त्री स्त्री होस् ता शीतल छाया अर्थात् बादल होला, यसरी पुरुष पुरुष होस् ता वर्षा हुँदैन ९१

* द्वितीयप्रकारेण वृष्टिविचारः *

दस्रादितस्त्रीणि शिवादिपञ्च तोयादिवेदोत्तररेवती च ।
एतानि धिष्ण्यानि निशाकरस्य शेषानि भानोर्भमुकीर्तितानि

चन्द्रेऽस्ति चन्द्रः कुरुते न वृष्टिः सूर्येऽपि सूर्यः कुरुते च वातम्।
चन्द्रेऽपि सूर्यः कुरुते सुवृष्टिः सूर्येऽपि चन्द्रः कुरुते तथैव॥

अश्विनी, भरणी, कृत्तिका, आर्द्रा, पुनर्वसु, पुष्य, आश्लेषा मघा, पूर्वाषाढा, श्रवण, धनिष्ठा, रेवती यी नक्षत्र चन्द्रमाका हुन् अरु बाँकी रहेका सूर्यका नक्षत्र जान्नु ।

फल—दुवै नक्षत्र चन्द्रमाको भए वृष्टि नहोला, दुवै सूर्य-सूर्य होस्ता हावा चल्ला । अरू चन्द्र सूर्य होस्ता सुन्दर वृष्टि होला तथा सूर्य चन्द्रमाको पनि यही फल जान्नु ॥ ९२-९३ ॥

* वृष्टिवाहनविचारः *

सूर्यभाच्चन्द्रभं गण्यं सप्तभिर्भागमाहरेत् ।
शेषाङ्कं वाहनं ज्ञेयमश्वादीनां क्रमाद्भवेत् ॥९४॥
अश्वः शशो वराहश्च शचानो वृषभस्तथा ।
दर्दुरो महिषश्चैव सप्तैते वृष्टिवाहनाः ॥९५॥

सूर्यका नक्षत्रदेखि चन्द्रमाका नक्षत्रसम्म गन्नु त्यसमा सातको भाग दिनु शेष अश्वादि वाहन जान्नु । अश्व १, शश २, वराह ३, शचान ४, वृषभ ५, दर्दुर ६, महिष ७, यी सात वाहन वर्षाका हुन् फल अनुमानले जान्नु ॥ ९४-९५ ॥

* ग्रहपरत्वेन वृष्टिविचारः *

उदयास्तं गतः शुक्रो बुधश्च वृष्टिकारकः ।
जलराशिस्थिते चन्द्रे पक्षान्ते संक्रमे तथा ॥९६॥
बुधशुक्रसमीपस्थः करोत्येकार्णवां महीम् ।
तयोरन्तर्गतो भानुः समुद्रमपि शोषयेत् ॥९७॥
चलत्यङ्गारके वृष्टिस्त्रिधा वृष्टिः शनैश्चरे ।

वारिपूर्णां महीं कृत्वा पश्चात्संचरते गुरुः ॥९८॥
भानोरग्रे महीपुत्रे जलशोषः प्रजायते ।
भानोः पश्चाद्धरासूनौवृष्टिर्भवति भूयसी ॥९९॥

शुक्र बुधका उदय अस्त समयमा वर्षा होला, अरु जलराशिको चन्द्रमा अर्थात् कुम्भ मीनको होस्ता वृष्टि होला, फेरि पक्षका अन्तमा संक्रान्ति परेमा वर्षा होला। बुध शुक्र समीपमा भएको बेला वर्षा बहुतै होला, अरु यी दुवैको बीच सूर्य होस्ता समुद्र पनि सुक्नेछ। मंगल एक राशिदेखि दोस्रा राशिमा चलेका बेलामा वर्षा होला, शनैश्चरका उदय अस्त राशि परिवर्तनमा यताउता कहीं कहीं वृष्टि होला, फेरि बृहस्पति पछाडि चलेमा पृथ्वी वर्षाले पूरित होला। सूर्यका अगाड़ि मङ्गल होस्ता जल सुक्नेछ। अरु सूर्यका पछाडि मंगल होस्ता पृथ्वीमा वर्षा होला ॥ ९६-९९ ॥

* अवर्षणयोगः *

पौषे मूलभरण्यन्ते चन्द्रऋक्षे न गर्जति ।
आर्द्रादितो विशाखायां सूर्यर्क्षे चेन्न वर्षति ॥१००॥

पौष महीनामा मूलदेखि भरणी नक्षत्र पर्यन्त चन्द्र नक्षत्रमा बादल भएन र मेघ गर्जेन भने आर्द्रादेखि विशाखा पर्यन्त सूर्य नक्षत्रमा वर्षा हुँदैन ॥ १०० ॥

* अंगस्फुरणविचारः *

नेत्रे नेत्रप्रियाः प्राप्ताः कर्णे कर्णसुखं भवेत् ।
नासिकायां सुगन्धाप्तिः कपोलेतु वराङ्गना ॥१०१॥
ओष्ठे कलहो ज्ञेयो जिह्वायां मिष्टभोजनम् ।
भुजेषु भुवनक्रीडा जानुदेशे महद्भयम् ॥१०२॥

कण्ठस्थं भूषणं कण्ठे ग्रीवायां जागरा भवेत् ।
पृष्ठे परोक्षवार्ता च स्कन्धयोश्च धनागमः ॥१०३॥
हृदये वाञ्छिता सिद्धिर्जठरे भाग्यसम्पदः ।
वाहनाप्तिः कटेर्देशे गुह्ये परवधूरतः ।
ऊरुयुग्मेऽतिवस्त्राप्तिः पादयोर्गमनं भवेत् ॥१०४॥

नेत्र[1] फुरे नेत्र-प्रिय प्राप्ति होला। कान फुरे कर्णसुख होला अर्थात् कुनै राम्रो बात सुनिएला। नाक फुरे सुगन्ध मिल्ला, गाला फुरे वाराङ्गना स्त्री मिल्ली, ओठ फुरे कलह, जीभ्रो फुरे मिष्टान्न भोजन, भुजा फुरे भुवनमा विहार, अरु ग्रीवा फुरे जागरण, पीठ फुरे परोक्ष वार्ता, स्कन्ध फुरे धनागम, हृदय फुरे वाञ्छित सिद्धि, उदर (पेट) फुरे भाग्यसम्पदा होला। कमर फुरेमा सवारी मिल्ला। गुदा फुरेमा परस्त्री सँग भोग होला। दुवै घुँडा फुरेमा वस्त्र मिल्ला। दुवै चरण फुरेमा यात्रा गर्नु पर्ला ॥१०१-१०४॥

* खञ्जनदर्शनफलम् *

अपां समीपे गजमस्तके वा देवालये ब्राह्मणसन्निधौ वा ।
आकाशमार्गे गहने वने वा धन्यो नरः पश्यति खञ्जरीटम् ॥
वित्तं ब्रह्मणि कार्यसिद्धिरतुला शङ्के हुताशे भयं ।
याम्ये रोगभयं सुरारिकलहं लक्ष्मीः समुद्रालये ॥

---

१—यो अंगस्फुरण विचारमा धेरै प्रमाणमा स्त्रीको बायाँ, पुरुषका दाहिने शुभ हुन्छ भन्ने पाइन्छ। तर त्यो धेरै जसामा ठीकसंग मिल्दैन, किनभने त्यो बात शरीर लक्षणबाटनै विशेष घट्छ। कसै स्त्रीका दाहिना अंग फुर्दा शुभ र बायाँ फुर्दा अशुभ भएको देखिन्छ। त्यस्तै पुरुषको पनि दाहिने अशुभ र बायाँ शुभ भएको हुनाले यसका दुइ कारण छन्, एकता शरीर लक्षण दोस्रो रात्रिमा जन्म हुनेको बायाँ शुभ र दिनमा जन्म हुनेको दाहिने शुभ हुन्छ।

वायव्ये वरवस्त्रलाभमखिलं दिव्याङ्गना चोत्तरे ।
हीशान्ये मरणं ध्रुवं निगदितं दिग्लभ्यते खञ्जरीम् ॥

जलका पास, हात्तीका मस्तकमा, देवस्थानमा, ब्राह्मणका समीप, आकाशमा अथवा भारी जङ्गलमा खञ्जन देखिए शुभ जान्नु । पूर्व-दिशामा देखिए धन मिल्ला, अरु फेरि कार्य-सिद्धि होला । आग्नेयमा देखिए अग्निभय होला, दक्षिणमा देखिए रोग होला, नैर्ऋत्यमा कलह होला, पश्चिममा लक्ष्मीप्राप्ति होला, वायव्यमा देखे वस्त्रलाभ होला, उत्तरमा देखिएमा दिव्याङ्गना मिल्ली, ईशानमा देखे मरण होला, यही प्रकारले दिशाहरुमा खड्रैचाको विचार गर्नु ॥१०५-१०६॥

* राजभङ्गादियोगः *

यदि भवति कदाचित्कार्त्तिके नष्टचन्द्रः ।
शनिरविकुजवारे स्वातिरायुष्मयोगे ॥
गगनचरपशूनां जङ्गमस्थावराणां ।
नृपतिजनविनाशो राज्यभङ्गस्तु चोक्तः ॥१०७॥

कदाचित् कार्तिकको अमावस्या शनि, रवि र भौमवार स्वाती नक्षत्र आयुष्मान् योगले युक्त होस् ता पक्षी, पशु, जंगम, राजा र मनुष्यको नाश र अनि राज्यभंग होला ॥१०७॥

* प्रश्नाः तत्रादौ रामादिप्रश्नमाह *

स्थाननाशश्च रामे स्यात्सीतायां दुःखमेव च ।
लक्ष्मणे कार्यसिद्धिः स्यात्सर्वलाभो विभीषणे ॥१०८॥
मरणं कुम्भकर्णे च रावणे च धनक्षयः ।
अङ्गदे च ध्रुवं राज्यं सुग्रीवे बन्धुदर्शनम् ॥१०९॥
कैकेय्यां कार्यहानिश्च भरते त्वभिषेचनम् ।

कल्याणमिन्द्रतनये कार्यनाशश्च शूलिनि ॥११०॥
हनुमान्सर्वकार्यञ्च दीर्घमायुश्च जाम्बवान् ।
नारदः कलहश्चैव गुहश्च प्रियदर्शनम् ॥१११॥

प्रश्नकर्ताका हातदेखि प्रश्नचक्रमा अंगुली रखाउनु र त्यसैका मुताबिक शुभाशुभ फल जान्नु । रामका कोठामा परेमा स्थानहानि होला । सीतामा परे दुःख, लक्ष्मणमा कार्यसिद्धि, विभीषणमा सर्वलाभ, कुम्भकर्णमा मरण, रावणमा धनक्षय, अङ्गदमा शीघ्र राज्य प्राप्ति, सुग्रीवमा बन्धुदर्शन, कैकेयीमा हानि, भरतमा राजगद्दी, अर्जुनमा कल्याण, महादेवमा कार्यनाश, हनुमानमा सबै कार्यसिद्धि, जाम्बवान्मा दीर्घायु, नारदमा कलह, निषादमा प्रियदर्शन होला ।

* रामादिप्रश्नचक्रम् *

| | | | |
|---|---|---|---|
| राम | सीता | लक्ष्मण | विभीषण |
| कुम्भकर्ण | रावण | अङ्गद | सुग्रीव |
| कैकेयी | भरत | अर्जुन | महादेव |
| हनुमान् | जाम्बवान् | नारद | निषाद |

* पञ्चदशीयन्त्रप्रश्नः *

नवैकपञ्चत्वरितं वदन्ति ह्यष्टौद्वितीयेन च कार्यसिद्धिः।
रसश्च वेदो घटिकात्रयं च सप्त त्रयं वै कथितं च वार्ता॥

नौ एक पाँच यी अंकमा प्रश्नकर्तोले स्पर्श गरे कार्य शीघ्र ( छीटो ) सिद्धि होला । आठ वा दुइमा सिद्ध हुँदैन । छः वा चारमा

परेमा तीनै घड़ीमा कार्य सिद्ध होला। सात वा तीनमा कार्यको वार्ता होला तर कार्य सिद्ध हुँदैन ॥ ११३ ॥

* पञ्चदशीयन्त्रचक्रम् *

| | | |
|---|---|---|
| ८ | १ | ६ |
| ३ | ५ | ७ |
| ४ | ९ | २ |

* पल्लीपतनविचारः *

यदि पतति च पल्ली दक्षिणाङ्गे नराणां
स्वजनजनविरोधो वामभागे च लाभम् ॥
उदरशिरसि कण्ठे पृष्ठभागे च मृत्युं
करचरणहृदिस्थे सर्वसौख्यं मनुष्यः ॥११४॥

दाहिने अङ्गमा पल्लीपतन होस् ता आत्मीय जनमा विरोध होला, वाम अङ्गमा लाभ; पेट, शिर, कण्ठ वा पीठमा मृत्यु; हात, पाउ र छातीमा परेमा सबै सुख मिल्ला ॥११४॥

* छि पल्लीजम्बुकप्रश्नः *

तिथिप्रहरसंयुक्ता तारकावारमिश्रिता ।
नवभिस्तु हरेद्भागं शेषं ज्ञेयं फलाफलम् ॥११५॥
घातो नाशस्तथा लाभः कल्याणं जयमङ्गले ।
उत्साहहानी मृत्युश्च छिकापल्ली च जाम्बुकः ॥११६॥
आसने शयने चैव दाने च भोजने तथा ।
वामभागे पृष्ठभागे पट्सु छिकाः शुभावहाः ॥११७॥

तिथि प्रहर र नक्षत्र जोडी नौको भाग दिएर शेष फल जान्नु। एक बचे घात, दुइ बचे नाश, तीन बचे लाभ, चार बचे कल्याण, पाँच बचे जय, छः बचे मङ्गल, सात बचे उत्साह, आठ बचे हानि र नौ बचे मृत्यु होला। यसै प्रकार छिक्का, पल्ली र स्याल-शब्दको विचार गर्नु। आसनमा बस्ने बेला वा शयन, दान वा भोजनका समय वाम भागमा अथवा पृष्ठ भागमा छींक शुभ हुन्छ ॥११५-११७॥

* अन्यमते छिक्काकाकशृगालविचारः *

छिकायां वचनं श्रुत्वा गृहीत्वा तृणमुत्तमम्।
सप्ताङ्गुलकशेषेण ज्ञातव्यं प्रश्नलक्षणम् ॥११८॥
लाभो हानिस्तथा सौख्यमानन्दः प्रियदर्शनम्।
भोजनं कलहश्चैव छिकाकाकशृगालकम् ॥११९॥

छींक, कौवा (काग) वा स्यालको शब्द सुनेर एक तृण उठाउनु, त्यसलाई ७ अंगुलले शेषगर्दा शेष एक बचे लाभ, दुइ बचे हानि, तीन बचे सुख, चार बचे आनन्द, पाँच बचे प्रियदर्शन, छ बचे भोजन र सात बचे कलह होला ॥११८-११९॥

* गर्भिणीप्रश्नः *

सूर्यभौमगुरुस्पर्शे पुत्रो भवति निश्चितम्।
चन्द्रशुक्रबुधस्पर्शे कन्या तत्र प्रजायते ॥१२०॥
शनिस्पर्शे गर्भपातो राहुस्पर्शे सुतासुतौ।
केतुस्पर्शे भवेत्क्लीबो विचार्येत्थं वदेत्सुधीः ॥१२१॥

* गर्भप्रश्नचक्रम् *

| | | |
|---|---|---|
| बु. | शु. | चं. |
| बृ. | सू. | मं. |
| रा. | श. | के. |

प्रश्नकर्तालाई गर्भचक्रमा अंगुली रखाउनु। सूर्य, मंगल र बृहस्पतिमा अंगुली राखे पुत्र जन्म निश्चय होला। चन्द्र, बुध र शुक्रमा परे कन्या होली। शनैश्चरमा परे गर्भपात होला। राहुमा हात राखे कन्या, पुत्र दुवै होलान्। केतुमा हात परे नपुंसक होला ॥ १२०-१२१ ॥

* चौरप्रश्नज्ञानम् *

अन्धाक्षं वसुपुष्यधातृजलभद्वीशार्यमान्त्याभिधं
मन्दाक्षं रविविश्वमैत्रजलपाश्लेषाश्विचान्द्रं भवेत् ॥
मध्याक्षं शिवपितृजैकचरणत्वाष्ट्रेन्द्रविध्यन्तकं ।
स्वक्षंस्वात्यदितिश्रवोदहनभाहिर्बुध्न्यरक्षोभगम् ॥१२२॥
विनष्टार्थस्य लाभोऽन्धे शीघ्रं मन्दे प्रयत्नतः ।
स्याद्दूरे श्रवणं मध्ये श्रुत्याप्ती न सुलोचने ॥१२३॥
अन्धके पूर्वतो याति मन्दके याति दक्षिणे ।
मध्ये च पश्चिमे याति सुनेत्रे याति चोत्तरे ॥१२४॥

धनिष्ठा, पुष्य, रोहिणी, पूर्वाषाढ़ा, विशाखा, उत्तराफाल्गुनी, रेवती यी नक्षत्र अन्धाक्ष हुन्। हस्त, उत्तराषाढ़ा, अनुराधा शतभिषा, आश्लेषा, अश्विनी र मृगशिरा यी नक्षत्र मन्दाक्ष हुन्। आर्द्रा, मघा, पूर्वाभाद्रपद, चित्रा, ज्येष्ठा, अभिजित् र भरणी यिनको मध्याक्षसंज्ञा हो। स्वाती, पुनर्वसु, श्रवण, कृत्तिका, उत्तराभाद्रपद, मूल, पूर्वाफाल्गुनी यिनको सुलोचनसंज्ञा हो। अन्ध नक्षत्रमा धन चोरी भएमा जल्दी लाभ होला, मन्दाक्षमा चोरी भएमा यत्नले मिल्ला, मध्याक्षमा चोरिए दूरैबाट सुनिएला, मिल्ने छैन। अंधसंज्ञक नक्षत्रमा धन

* अन्धादिनक्षत्रचक्रम् *

| अन्धाक्ष | मन्दाक्ष | मध्याक्ष | सुलोचन |
|---|---|---|---|
| रो० | मृ० | आ० | पुन० |
| पुष्य | आश्ले० | म० | पू० फा० |
| उ० फा० | ह० | चि० | स्वा० |
| वि० | अनु० | ज्ये० | मू० |
| पू० षा० | उ० षा० | अभिजित् | श्र० |
| ध० | श० | पू० भा० | उ० भा० |
| रे० | अ० | भ० | कृ० |

गएमा पूर्वदिशामा गयो भन्नु, मन्दसंज्ञामा दक्षिण दिशामा गयो भन्नु, मध्यसंज्ञामा पश्चिम दिशा जान्नु, सुनेत्रमा चोरी भए उत्तर दिशामा जान्नु ॥१२२-१२४॥

❀ नष्टलाभज्ञानम् ❀

**पूर्णः शशी लग्नगतः शुभो वा शीर्षोदये सौम्यनिरीक्षितश्च।**
**नष्टस्य लाभं कुरुते तथाशु लाभोपयातो बलवाञ्छुभश्च॥**

प्रश्न लग्नमा शीर्षोदय लग्न होस् अर्थात् मिथुन, कन्या, तुला, कुम्भ, वृश्चिक यी शीर्षोदय लग्न हुन्, फेरि पूर्णचन्द्रमा वा अरु कोही शुभग्रह लग्नमा बसेका हुन् अरु शुभग्रहको दृष्टि पनि होस्ता नष्ट वस्तु शीघ्र लाभ होला, अथवा शुभग्रह बलवान् भएर एघारौं स्थानमा बसेका भए पनि नष्ट वस्तुको लाभ हुने जान्नु ॥१२५॥

❀ लाभालाभ प्रश्नज्ञानम् ❀

**त्रिपञ्चलाभास्तमयेषु सौम्यालाभप्रदा नेष्टफलाश्च पापाः ।**
**तुलाऽथ कन्या मिथुनं घटश्च नराशयस्तेषु शुभं वदन्ति ॥**

प्रश्न समयमा लग्नदेखि तेस्रो, पाँचौं, एघारौं, सातौं स्थानमा शुभग्रह हुन्ता लाभ कहिदिनु । अथवा यिनै स्थानमा पापग्रह हुन्ता अनिष्ट फल अर्थ-हानि कहिदिनु, अरु तात्कालिक लग्नमा तुला, कन्या, मिथुन र कुम्भ लग्न होस् फेरि शुभग्रहको दृष्टियुक्त होस् ता शुभफल र लाभ होला ॥१२६॥

* प्रश्नकाले लाभालाभशुभाशुभज्ञानम् *

**सौम्यो विलग्ने यदि वा स्ववर्गे शीर्षोदये सिद्धिमुपैति कार्यम् ।**
**अतो विपर्यस्तमसिद्धिहेतुः कृच्छ्रेण संसिद्धिकरं विमिश्रम् ॥**

प्रश्न समयका लग्नमा शुभग्रह बसेका हुन् अथवा शुभग्रहको घर होस् वा स्ववर्गीय होस् अर्थात् द्रेष्काण, द्वादशांश तथा त्रिशांश लग्नकै होस् वा शीर्षोदय लग्न होस् अर्थात् मिथुन, सिंह, कन्या,

तुला, वृश्चिक र कुम्भको शीर्षोदय संज्ञा हो यस्ता लग्नमा प्रश्नकर्ताको सबै कार्य सिद्धि होला। यीदेखि विपरीत लग्नमा पापग्रह बसेका हुन् वा दृष्टि होस् अथवा क्रूरग्रहको दृष्टि होस् अरु पृष्ठोदय मेष, वृष, कर्क, धन र मकर यी लग्न भए कार्य सिद्धि हुँदैन अथवा शुभग्रह, पापग्रह मिलेर सौम्यलग्नमा पृष्ठोदय होस्ता कष्ट गरेर विलम्बसँग कार्यसिद्धि होला अथवा शुभग्रहको आधिक्यता देखेर फल कहनू॥१२७॥

* विदेशिप्रश्नज्ञानम् *

प्रश्नाक्षरं द्विगुणितं त्रयोदशसमन्वितम् ।
अष्टभिस्तु हरेद्भागं शेषं प्रश्नस्य लक्षणम् ॥१२८॥
एकेनागमनं कुर्याद्द्वितीये मार्गमेव च ।
तृतीये चार्धमार्गं च चतुर्थे द्वारमागतः ॥१२९॥
पञ्चमे पुनरावृत्तिः षष्ठे व्याधिसमन्वितः ।
सप्तमे शून्यतावृत्तिरष्टमे मरणं ध्रुवम् ॥१३०॥

प्रश्नका अक्षर दूना गर्नु त्यसमा तेह जोडिदिनु र आठको भाग दिनु, शेषाङ्क फल जान्नु। एक बचे विदेशी आफ्ना स्थानदेखि चल्यो, दुइ बचे रस्तामा, तीन बचे आधा मार्गमा, चार बचे द्वार-पर्यन्त, पाँच बचे यो जान्नु कि एकबार चलेर फिर्‍यो अब फेरि आउँछ। छ बचे रोगयुक्त, सात बचे शून्यता, आठ बचे मरण जान्नु अर्थात् प्रवासी मर्‍यो भन्नु॥ १२८-१३०॥

* तिथ्यादिप्रयुक्तप्रश्नज्ञानम् *

तिथिप्रहरसंयुक्ता तारकावारमिश्रिता ।
अग्निभिस्तु हरेद्भागं शेषाः सत्त्वं रजस्तमः ॥१३१॥

फलम्

सिद्धिस्तात्कालिकी सत्त्वे रजसा तु विलम्बिता ।
तमसा निष्फलं कार्यं ज्ञातव्यं प्रश्नकोविदैः ॥१३२॥

प्रश्नलग्नका समयमा जो तिथि, वार, नक्षत्र, प्रहर छ त्यो जोड्नु, त्यसमा तीनको भाग दिनु, जो शेष रहन्छ उसमा क्रमले सत्व, रज र तमको फल जान्नु। सत्वमा तत्काल सिद्धि होला, रजमा विलम्बले कार्य होला, तममा कार्यको निष्फलता जान्नु ॥१२१-१२२॥

* कार्याकार्यप्रश्नज्ञानम् *

दिशाप्रहरसंयुक्ता तारकावारमिश्रिता ।
अष्टभिस्तु हरेद्भागं शेषे प्रश्नस्य लक्षणम् ॥१२३॥

* फलम् *

पञ्चैके त्वरिता सिद्धिः षट् तुर्ये च दिनत्रये ।
त्रिसप्तके विलम्बश्च द्वौ चाष्टौ न च सिद्धिदौ ॥१२४॥

प्रश्न गर्नेको मुख जुन दिशामा छ त्यो दिशा, प्रहर, नक्षत्र, वार जोड़ेर आठको भाग दिनु, शेष शुभाशुभ फल जान्नु। पाँच र एक बचे शीघ्र कार्य सिद्धि होला, छ वा चार बचे तीन दिनमा कार्यको सिद्धि, तीन वा सात बचे विलम्बमा कार्य सिद्धि होला। दुइ वा आठ बचेमा कार्यसिद्धि हुँदैन ॥ १२३-१२४ ॥

* वारनक्षत्रयुक्तपन्थाप्रश्नः *

बुधे चन्द्रे तथा मार्गे समीपे गुरुशुक्रयोः ।
रवौ भौमे तथा दूरे शनौ च परिपीड्यते ॥१२५॥
निर्जीवः सप्तऋक्षाणि सजीवो द्वादशे भवेत् ।
व्याधितो नवऋक्षाणि सूर्यधिष्ण्यात्तु चान्द्रभम् ॥१२६॥

बुध र चन्द्रवारमा प्रश्न गरे विदेशीलाई मार्गमा चल्दैछ भन्नु। गुरु वा शुक्रमा प्रश्न गरे समीप आयो भन्नु, सूर्य तथा मङ्गलमा प्रश्न गरे दूर जान्नु, शनैश्चरमा पीड़ा युक्त जान्नू। सूर्य-नक्षत्रदेखि

दिनका नक्षत्रसम्म गन्नू। प्रथम सात नक्षत्र पर्यन्त चन्द्रमा आएमा निर्जीव जान्नू। फेरि बाह नक्षत्रसम्म चन्द्रमा आएमा जीवयुक्त जान्नू। फेरि नव नक्षत्रसम्म चन्द्र आयेमा रोगको उत्पति जान्नू। त्यस्तै प्रकार पन्था प्रश्न जान्नू ॥ १३५–१३६ ॥

* प्रश्नलग्नान्मनश्चिन्तितप्रश्नज्ञानम् *

मेषे च द्विपदां चिन्ता वृषे चिन्ता चतुष्पदाम् ।
मिथुने गर्भचिन्ता च व्यवसायस्य कर्कटे ॥१३७॥
सिंहे च जीवचिन्ता स्यात्कन्यायाञ्च स्त्रियस्तथा ।
तुले च धनचिन्ता च व्याधिचिन्ता च वृश्चिके ॥१३८॥
चापे च धनचिन्ता स्यान्मकरे शत्रुचिन्तनम् ।
कुम्भे स्थानस्य चिन्ता स्यान्मीने चिन्ता च दैविकी ॥

मेष लग्नमा प्रश्न गरे मनुष्यहरुको चिन्ता, वृषमा गाई भैंसी आदि चतुष्पदको चिन्ता, मिथुनमा गर्भचिन्ता र कर्कमा व्यापार चिन्ता, सिंहमा जीवको चिन्ता, कन्यामा स्त्रीको चिन्ता, तुलामा धनको चिन्ता, वृश्चिकमा रोगको चिन्ता, धनमा धनको चिन्ता, मकरमा शत्रुचिन्ता, कुम्भमा स्थानको चिन्ता, मीनमा भूत-पिशाच आदि बाहिरी बाधाहरुको चिन्ता जान्नु ॥ १३७–१३९ ॥

* धातुमूलजीवज्ञानम् *

धातुर्मूलञ्च जीवश्चरस्थिरद्विस्वभावगाः ।
मेषादयः क्रमेणैव ज्ञातव्याः प्रश्नकोविदैः ॥१४०॥

मेष आदि बाह लग्नका नामको दुइ-दुइ संज्ञा कहिएको छ। धातु-चर मेषलग्नको संज्ञा, मूल-स्थिर वृषको, जीव द्विस्वभाव मिथुनको, धातु-चर कर्कको, मूल स्थिर सिंहको, जीव-द्विस्वभाव कन्याको, धातु-चर तुलाको, मूल-स्थिर वृश्चिकको, जीव द्विस्वभाव धनको, धातु-

* संज्ञानुसारेण लग्ननामानि *

| संज्ञा | राशिनाम | | | | संज्ञा |
|---|---|---|---|---|---|
| धातु | मे. | क. | तु. | म | चर |
| मूल | वृष | सिं. | वृ. | कु. | स्थिर |
| जीव | मि. | कन्या | ध. | मी. | द्विस्वभाव |

चर मकरको, मूल-स्थिर कुम्भको र जीव-द्विस्वभाव मीनको यस प्रकार बाह्र लग्नको दुइ दुइ संज्ञा जान्नु ॥ १४० ॥

* नष्टपशुप्रश्नः *

द्युमणिभान्नवभेषु वने स्थितं तदनु षट्सु च कर्णपथे स्थितम्।
अँचलभेषु गतं गृहमागतं द्वयगतं गतमेव मृतं त्रिषु॥१४१॥

सूर्यका नक्षत्रदेखि नौ नक्षत्रसम्म होसता पशु वनमा छ। उसपछि छः नक्षत्रसम्म मार्गमा छ। फेरि सात नक्षत्रसम्म घर आउनेछ। फेरि दुइ नक्षत्रमा होसता मिल्दैन। फेरि तीन नक्षत्र-सम्म पशुको मृत्यु जान्नू ॥ १४१ ॥

* संक्रान्तिवारफलम् *

संक्रान्तिर्जायते तत्र भास्करे भूसुते शनौ ।
तस्मिन्मासे भयं घोरं दुर्भिक्षं वृष्टिचौरजम् ॥१४२॥

सूर्यसंक्रान्ति रविवार, मङ्गल र शनैश्चरवार परे त्यस मासमा भय, भयंकर दुर्भिक्ष, अतिवृष्टि र चोर-भय हुन्छ ॥ १४२ ॥

* रविचन्द्रमण्डलविचारः *

रविशशिपरिवेषे पूर्वयामे च पीडा
रविशशिपरिवेषे मध्ययामे च वृष्टिः ।
रविशशिपरिवेषे धान्यनाशस्तृतीये
रविशशिपरिवेषे राज्यभङ्गश्चतुर्थे ॥१४३॥

सूर्य र चन्द्रमाका प्रथम प्रहरमा मण्डल परे पीडा दोस्रा प्रहरमा वर्षा, तेस्रा प्रहरमा धान्यनाश र चौथा प्रहरमा राज्यभङ्ग होला ॥१४३॥

* इन्द्रधनुषादियोगः *

रात्रौ धनुर्दिने ह्युल्का तारा चैव दिने तथा ।
रात्रौ तु धूम्रकेतुश्च भूकम्पश्च तथैव हि
एतानि दुष्टचिन्हानि देशक्षयकराणि च ॥१४४॥

रात्रिमा इन्द्रधनुष निक्ले, दिनमा उल्कापात भए तारा टुटे र रात्रिमा धूम्रकेतुको उदय भए, भूकम्प अर्थात् पृथ्वी काँप्नेछन्, यस्ता दुष्टचिन्ह होसता देश क्षय होला ॥ १४४ ॥

* कार्यभेदेन सूर्यादिबलक्षानम् *

नृपेक्षणं सर्वकृतिश्च सङ्गरः
शास्त्रं विवाहो गमदीक्षणे रवेः ।
वीर्येऽथ ताराबलतः शुभो विधु-
र्विधोर्बलेऽर्कोऽर्कबले कुजादयः ॥१४५॥

सूर्यका बलले राजदर्शन गर्नु, चन्द्रमाका बलले सर्व कृत्य गर्नु, मङ्गलका बलले युद्ध गर्नु, बुधका बलले शास्त्र पढ्नु, बृहस्पतिका बलले विवाह गर्नु, शुक्रका बलले यात्रा गर्नु, शनैश्चरका बलले दीक्षा लिनु, तारा बली हुनाले शुभ चन्द्रमा बली जान्नु, अरु चन्द्रमाका बलले सूर्य बली जान्नु, अरु सूर्यका बलले मङ्गलादि ग्रह बली जान्नु।

* स्वप्नविचारः *

स्वप्नस्तु प्रथमे यामे संवत्सरफलप्रदः ।
द्वितीये चाष्टभिर्मासैस्त्रिभिर्मासैस्तृतीयके ॥१४६॥
चतुर्थे चार्धमासेन स्वप्नः स्यात्तत्फलप्रदः।
दशाहे फलदः स्वप्नोऽप्यरुणोदयदर्शने ॥१४७॥

पहिले प्रहरमा देखिएको स्वप्न एक वर्षमा फलदायक हुन्छ । अरु दोस्रा प्रहरको आठ महीनामा, तेस्रा प्रहरको आधा महीनासा

र अरु सूर्योदयमा देखेको स्वप्न, दश दिनमा फल दिन्छ ॥१४६-१४७॥

वातिकं पैत्तिकं चैव श्लेष्मजं चिन्तयान्वितम् ।
पुरुषैर्दृश्यते स्वप्नः शुभाशुभफलं न च ॥१४८॥

वात, पित्त, कफका विकार, चिन्ता-युक्त हुनेको स्वप्नको शुभाशुभफल क्यै पनि हुँदैन ॥ १४८ ॥

पत्रं पुष्पं फलं तोयं स्वप्नान्ते यो लभेन्नरः ।
सर्वसिद्धिमवाप्नोति जीवेद्वर्षशतं नरः ॥१४९॥

पत्र, फूल, फल, जलको स्वप्नका अन्तमा लाभ देखिए सर्वसिद्धि प्राप्त होला, त्यो मनुष्य सौ वर्षसम्म जीवित रहला ॥ १४९ ॥

प्रासादस्थस्तु यो भुंक्ते समुद्रं तरते नरः ।
अपि दासकुले जातः सोऽपि राजा भविष्यति ॥१५०॥

प्रासाद ( महल ) मा बसेर भोजन गरोस् अरु समुद्र तरे, दासकुलमा जन्म भए पनि स्वप्नका प्रभावले राजा होला ॥ १५० ॥

यस्तु पश्यति स्वप्नान्ते गङ्गां वाक् चैव यामुनाम् ।
अरुन्धतीं तथासीनस्तस्य सौख्यं निरन्तरम् ॥१५१॥

स्वप्नका अन्तमा गङ्गा, यमुना, सरस्वती नदी देखे वा अरुन्धती देखे सुख प्राप्ति होला ॥ १५१ ॥

ताम्बूलं दधि वस्त्रं च शङ्खदुन्दुभिमौक्तिकम् ।
जातीबकुलकुन्दं च नीलोत्पलधनागमम् ॥१५२॥

पान, दही, वस्त्र, शंख, नगाड़ा (नगरा) वा मोती वा चमेलीको फूल अथवा वृक्ष वा बकुल, कुन्द वा कमल देखे धन मिल्ला ॥१५२॥

दीपमन्नं घृतं पद्मं कन्याञ्छत्रं तथा ध्वजम् ।
स्वप्नान्ते यो लभेन्मन्त्रं चिन्तितं च भवेद्ध्रुवम् ॥१५३॥

दीप, अन्न, घीउ, कमल, कन्या, छत्र वा पताका देखे वा स्वप्नका अन्तमा मन्त्रलाभ भए चिन्तित मनोरथ सिद्ध होला ॥ १५३ ॥

नावमारोहयेद्यस्तु नदीं वा विमलां तरेत् ।
प्रवासं वा दिने तस्य शीघ्रं च पुनरागमः ॥१५४॥

नाउमा सवार भएर नदी पार गए यात्रा होला, परन्तु उसै दिन जल्दी आउनु पर्ला ॥ १५४ ॥

* अशुभस्वप्नफलम् *

अमून्पश्यति यः स्वप्ने शृङ्गिणो दंष्ट्रिणोऽपि वा ।
वानरो वा वराहो वा भवेद्राजकुलाद्भयम् ॥१५५॥

स्वप्नमा सींग वा दाँतवाला जीव, वानर वा सुँगूर देखेस्ता राजकुलदेखि भय होला ॥ १५५ ॥

करालो विकटो मुण्डी पुरुषः कृष्णपिङ्गलः ।
स्वप्नान्ते संमुखं दृष्ट्वा तं च कालं विनिर्दिशेत् ॥१५६॥

कराल, विरूप, मूँड़ मुड़ायेको, विकट श्याम पिंगल रूपवाला पुरुष स्वप्नान्तमा संमुख देखे त्यस मनुष्यको काल आयो भन्ने जान्नु।

नगरग्रामदहनं देशदाहं तथैव च ।
चत्वारि तस्य नश्यन्ति आयुः प्रज्ञा यशोबलम् ॥१५७॥

नगर, गाउँ वा देश जलेको देखे आयु, ज्ञान, यश, बल, यिनको नाश गर्ला ॥ १५७ ॥

क्षुधा पिपासा निद्रा च ह्यालस्यं चापि निष्ठुरम् ।
यदि पश्यति स्वप्नान्ते दुर्भिक्षं दारुणं भवेत् ॥१५८॥

भोक, प्यास, निद्रा, आलस्य, निष्ठुरता यी स्वप्नान्तमा देखा परे दारुण दुर्भिक्ष पर्ला ॥ १५८ ॥

यस्तु पश्यति स्वप्नान्ते विवाहं मुण्डनं तथा ।
प्रियमृत्युर्ध्रुवं तस्य द्रव्यपुत्रविनाशनम् ॥१५९॥

स्वप्नका अन्तमा विवाह-मुण्डन देखे प्रिय-मृत्यु तथा द्रव्य वा पुत्रको विनाश होला ॥ १५९ ॥

कुक्कुरं स च मार्जारो गोधा नकुलमेव च ।
यदि पश्यति स्वप्नान्ते विघ्नस्तस्य भविष्यति ॥१६०॥

कुक्कुर, बिरालो, गोहोरो, न्याउरी स्वप्नका अन्तमा देखियोस्ता विघ्न पर्ला ॥ १६० ॥

गर्जिवृष्टिः समुत्पन्ना अग्निदाहं च विग्रहम् ।
यदि पश्यति स्वप्नान्ते भवेद्राजकुलाद्भयम् ॥१६१॥

गर्जित वर्षा, अग्निदाह र विग्रह यी स्वप्नका अन्तमा देखे राजकुलदेखि भय होला ॥ १६१ ॥

* पुनश्च शुभफलम् *

आदित्यमण्डलं स्वप्ने चन्द्रं वा यदि पश्यति ।
व्याधितो मुच्यते रोगी श्रीयशस्त्वमवाप्नुयात् ॥१६२॥

सूर्य, चन्द्रमाको मण्डल स्वप्नमा देखे व्याधि नाश भै लक्ष्मी र यशको प्राप्ति होला ॥ १६२ ॥

यस्य श्वेतेन सर्पेण दंश्यते दक्षिणे भुजे ।
शस्त्रलाभो भवेत्तस्य संपूर्णे दशमे दिने ॥१६३॥

दाहिने भुजामा सेतो सर्पले टोके दशौं दिनमा शस्त्र लाभ होला।

उरगो वृश्चिको वापि जलौका दृश्यते यदि ।
विजयश्चार्थलाभश्च क्षिप्रमेव भविष्यति ॥१६४॥

सर्प, बिच्छी र जुका देखे विजय, धन-अर्थ लाभ शीघ्रै होला ।

दधि दृष्ट्वा भवेदायुर्गोधूमैश्च धनागमः ।
यवैर्यज्ञागमं विद्यात्सिद्धार्थं च प्रदर्शयेत् ॥१६५॥

दही देखे आयु-वृद्धि र गहुँ देखे धनागम होला । जौ देखे यज्ञ र सस्यूँ देखे विद्या-प्राप्ति होला ॥ १६५ ॥

देवता ये तु पश्यन्ति गणगन्धर्वकिन्नरान् ।
सिद्धान् वा यदि पश्यन्ति तेषां सिद्धिर्निरन्तरम्॥१६६॥

देवता-गन्धर्व समूह, किन्नर वा सिद्ध देखे कार्य सिद्ध होला।१६६।

वापीकूपतडागानि ग्रामं नगरमेव च ।
यदि पश्यति स्वप्नान्ते मङ्गलानि महोत्सवः ॥१६७॥

बावली ( हीटि ) कूवा तलाउ देखे वा गाउँ र नगर स्वप्नाका अन्तमा देखे मङ्गल र बडो उत्सव होला ॥ १६७ ॥

कन्यासमूहाःस्थितमण्डलानां वेदाःसमूहाःद्विजशोभनानाम्
शास्त्रासमूहाःस्थितमुत्तमानामेतानि पश्येच्छुभमङ्गलानि॥

कन्याको समूह मण्डलमा स्थित वा वेदका ब्राह्मण देखे वा शास्त्रको समूहमा स्थित देखे शुभ मङ्गल प्राप्ति होला ॥ १६८ ॥

व्याधितेन सशोकेन चिन्ताग्रस्तेन चैव हि ।
कामकामार्तकैश्चैव दृष्टःस्वप्नो न विद्यते ॥१६९॥

व्याधिले युक्त मनुष्य होस् वा शोकले युक्त होस् अथवा चिन्ता-ग्रस्त होस् वा कामार्त होस्ता शुभाशुभ स्वप्नाको फल केही पनि हुँदैन ।

यश्चैव स्वप्नं दृष्ट्वा तु पुनः सुप्तो हि मानवः ।
दुःस्वप्नं वा सुस्वप्नं वा निष्फलं जायते ध्रुवम्॥१७०॥
दुःस्वप्नो दृश्यते यैस्तु तेषां निद्रां च कारयेत् ।
ततो नाशाशुभं तत्र शुभमेव भविष्यति ॥१७१॥

स्वप्न देखेर सुत्यो भने शुभाशुभ फल हुँदैन, फेरि अशुभ स्वप्न देखेर सुते स्वप्नको अशुभ फल नष्ट हुन्छ ॥ १७०-१७१ ॥

रक्तचन्दनकाष्ठानि घृतयुक्तानि होमयेत् ।
गायत्र्यष्टसहस्राणि यस्य निद्रा न तिष्ठति ॥१७२॥

मनुष्यले अशुभ स्वप्ना देखेर निद्रा परेन भने आठ हज्जार गायत्री मन्त्रले होम घृत-युक्त रक्त-चन्दन काष्ठले गरे अशुभ स्वप्नको फल नष्ट हुन्छ ॥ १७२ ॥

कश्यपात्रिवशिष्ठेन शाण्डिल्योभगगौतमैः ।
देवलेन भरद्वाजमाण्डव्येन सनातनैः ॥१७३॥
पराशरेण मुनिना विश्वामित्रेण भार्गवैः ।
ऋषिप्रणीतशास्त्राणि बृहस्पतिसमीरिताम् ॥१७४॥
बृहस्पतिमतं पुण्यं पवित्रं पापनाशनम् ।
यः पठेत्परया भक्त्या दुःस्वप्नं नश्यति ध्रुवम् ॥१७५॥

कश्यप, अत्रि, वशिष्ठ, शाण्डिल्य, भृगु, गौतम, देवल, भरद्वाज, माण्डव्य, सनातन, पराशर, विश्वामित्र, बृहस्पति यिनलाई स्मरण वा पाठ गर्नाले दुःस्वप्नको फल नष्ट हुन्छ । यो बृहस्पतिको मत पुण्यदायक पवित्र पापनाशक हो । यसको पाठ गर्नाले शीघ्र दुःस्वप्नको फल नष्ट हुन्छ ॥ १७३ १७५ ॥

* व्रतादिनिर्णयः कथ्यते *

* तत्रादौ चैत्राश्विन-शुक्लप्रतिपदा-नवरात्र निर्णयः *

नष्टेन्दुविद्धाप्रतिपत्सुधीभिस्तत्त्याज्यकार्याखलुचण्डिकायाः।
सम्पूजने तुसविधुप्रवेधो भृशं मुहूर्तत्रयसम्मितश्च ॥१७६॥

अमावस्या वेधी प्रतिपदालाई नवरात्र व्रत वर्जित गर्नु जुन दिन उदयमा प्रतिपदा तीन मुहूर्त छ, त्यो व्रतको योग्य हो ॥ १७६ ॥

* हरितालिकानिर्णयः *

बलक्षपक्षस्य च या तृतीया भाद्रस्य गौरीव्रतमाहुरार्याः ।
मुहूर्तमात्रापि परा विधेया विनिश्चयोऽयं विदुषामभीष्टः ।।

भाद्रमासका शुक्लपक्षका तृतीयालाई गौरीव्रत भन्दछन्, त्यो एकै मुहूर्त पनि सूर्योदयमा परे त्यै व्रतको योग्य हो ।।१७७।।

* अथान्यमतेन गौरीव्रतनिर्णयः *

मुहूर्तमात्रसत्वेऽपि दिने गौरीव्रतं चरेत् ।
शुद्धाधिकायामप्येवं गणयोगः प्रशंसताम् ।।१७८।।

उदय कालमा एकै मुहूर्तमात्र पनि तीज मिले उसै दिन गौरी-व्रत गर्नु, अरु जो शुद्धाधिक मिले अर्थात् साठी घड़ीदेखि अधिक जुन तिथि वृद्धि कहन्छन् त्यो जस दिन मिल्ला उसको गणयोग संज्ञा हो, त्यो व्रतको योग्य पनि हो ।।१७८।।

* नागपञ्चमीनिर्णयः *

पञ्चमी नागपूजायां कार्या षष्ठी समन्विता ।
तस्यां तु तुषिता नागा इतरासु चतुर्थिका ।।१७९।।

श्रावणशुक्लपक्षको पञ्चमी नागपञ्चमी हो, त्यो जब षष्ठीले युक्त हुन्छ तबै नागपूजा गर्नु पर्छ, अर्थात् सूर्योदयका पञ्चमीमा गर्नुपर्छ। त्यसमा नाग प्रसन्न हुन्छन् । अरु पञ्चमी चतुर्थीविद्धा गर्नू ।।१७९।।

* द्वितीयप्रकारेण नागपञ्चमीनिर्णयः *

नभोबलक्षाभिधपक्षगा या वै पञ्चमी सा फणिनां विचिन्त्य।
मध्याह्नगा सा नितरां विधेया पूर्वाह्णगामिन्यपदैः प्रशस्ता ।।

नागपञ्चमी मध्याह्नव्यापिनी पूजामा योग्य हुन्छ, परन्तु पूर्वाह्ण गामिनी मोक्षलाई दिनेवाला हो। यो मत अरु आचार्यहरूको हो ।

* बहुलाव्रतनिर्णयः *

तस्यां चतुर्थ्यां बहुलाव्रतं स्याद्या गीयते भाद्रपदस्य कृष्णा।
उदाहृता सा मुनिभिश्च पूर्वैर्या भाषिता शीतकरोदयेन ॥

भाद्रमासका कृष्ण पक्षका चतुर्थीको नाम बहुला व्रत हो। यो चतुर्थी चन्द्रोदयमा पूर्व वा पर मिले उसै दिन व्रतको योग जान्नु यस्तो मुनिको कथन छ ॥१८१॥

* दूर्वाष्टमीनिर्णयः *

दूर्वाष्टमी भाद्रपदस्य शुक्ला सदैव पूर्वा नितरां विधेया।
शुक्लाष्टमी स्यान्नवमीसमेता कृष्णाष्टमी पूर्वयुतावगम्या ॥

भाद्रपदशुक्लपक्षका अष्टमीको नाम दूर्वाष्टमी हो, त्यो व्रत पूर्वव्यापिनी ग्राह्य हो। फेरि अरु आचार्यको यो मत छ कि शुक्लपक्षको अष्टमी नवमी समेत गर्नू अरु कृष्णपक्षको अष्टमी पूर्वविद्धा गर्नु उचित हो।

* श्रीकृष्णजन्माष्टमीनिर्णयः *

नभस्यमासे त्वसिताष्टमी या जन्माष्टमी तां समुदाहरन्ति।
सा चाधरात्राभिगता विधेया निशीथयोगादुभयोः परैव ॥

भाद्रपद कृष्णपक्षका अष्टमीको नाम जन्माष्टमी कहिएको छ, त्यो व्रत अर्धरात्रिव्यापिनी ग्राह्य हो। अरु दुवै दिन अर्धरात्रिव्यापिनी मिले दोस्रा दिन व्रत गर्नु उचित हुन्छ ॥ १८३ ॥

* ऋषिपञ्चमीनिर्णयः *

भाद्रस्य शुक्ला किल पञ्चमी या ऋषिव्रतं तत्र जगुर्मुनीन्द्राः।
मध्याह्नगा सापि च मोक्षदात्री हस्तोद्भवान्नाशनवर्जितानाम्॥

भाद्रपद शुक्लपक्षको पञ्चमीको नाम ऋषिपञ्चमी व्रत हो। मुनीन्द्र भन्दछन् कि मध्याह्नगत व्रतको योग्य हो, अरु हस्तोद्भत भोजन वर्जित हो ॥ १८४ ॥

* अनन्तचतुर्दशी-नृसिंहचतुर्दशी-शिवरात्रीचतुर्दशी व्रत-निर्णय। *

समस्तमासेषु चतुर्दशी या कृष्णा ह्युपोष्या तु निशीथगा सा।
भाद्रस्य शुक्लापि मुहूर्तमात्रा परैव सायाह्नगता तु राधे॥

सबै महीनामा कृष्णपक्षको चतुर्दशी अर्थात् शिवरात्रि आदि व्रत अर्धरात्रिव्यापिनी ग्राह्य हुन्। फेरि भाद्रशुक्लमा अनन्तचतुर्दशी व्रत हुन्छ, त्यो एकै मुहूर्तसम्म पर मिले पनि व्रत योग्य हो। तथा वैशाख शुक्ल चतुर्दशीमा नृसिंहव्रत हुन्छ, त्यो सायङ्काल युक्त लिनु॥१८५॥

* महालक्ष्मीव्रतनिर्णयः *

इषस्य कृष्णा खलु चाष्टमी या महारमायां मुनिभिः प्रदिष्टा।
त्रिभिर्मुहूर्तैः प्रमिता विदध्याच्चन्द्रोदयादेव धनाभिलाषी॥

आश्विन कृष्णपक्षका अष्टमीको नाम महालक्ष्मीव्रत हो। मुनीन्द्र कहन्छन् कि तीन मुहूर्तसम्म पर मिले, त्यै व्रत योग्य हुन्छ। परंतु धनलाभको अभिलाषाले व्रत गरे, चन्द्रोदयव्यापिनी व्रत गर्नु॥१८६॥

* कर्कचतुर्थीनिर्णयः *

ऊर्जस्य कृष्णा खलु या चतुर्थी चन्द्रोदयासन्नगता विधेया।
गौरीव्रतं चेदमपि प्रदिष्टं वैधव्यनाशस्य विधौ समर्थम्॥

कार्त्तिक मासका कृष्णपक्षका चतुर्थीको नाम कर्कचतुर्थी (करवा-चौथी) कहिन्छ। यो व्रत चन्द्रोदयव्यापिनी चतुर्थी गर्नु पर्छ। व्रत गर्नाले वैधव्यको नाश हुन्छ॥ १८७॥

* विजयादशमीनिर्णयः *

सैष्यां दशम्यां विजया विधेया पूर्वान्वितायामपराह्णकाले।
पूज्या विदध्यान्नृपतिप्रशस्ते पूर्वापराह्णं श्रुतियोगतश्च॥

आश्विन शुक्लपक्षका दशमीको नाम विजयादशमी हो। त्यो पूर्वयुत अपराह्णकालमा लिनु पर्छ, अर्थात् त्यस समय पूजन गर्नु असल हुन्छ। अरु श्रवणका योगले पर पूर्व लिनुपर्छ अर्थात् श्रवण पूर्व

मिलेमा पूर्वको लिनु पर मिले पर-युक्त ग्रहण गर्नु ॥१८८॥

* एकादशीनिर्णयः *

एकादशी यदा नष्टा द्वादशी सकला भवेत् ।
उपोष्या द्वादशी शुद्धा त्रयोदश्यां तु पारणम् ॥१८९॥
उदयैकादशी स्वल्पा अन्ते चैव त्रयोदशी ।
मध्ये तु द्वादशी पूर्णा त्रिस्पृहा च हरिप्रिया ॥१९०॥
ये तामुपोष्य सद्यस्तु द्वादशी विष्णुवल्लभा ।
एकामुपोषयेत्तां यः सहस्रव्रततः फलम् ॥१९१॥
सहस्रगुणितं पुण्यं त्रयोदश्यां तु पारणम् ।
दशमीवेधसंयुक्ता हन्ति पुण्यं पुराकृतम् ॥१९२॥

एकादशीको हानि होस् अरु द्वादशी संपूर्ण होस्ता उसै द्वादशीका दिनमा व्रत गर्नु, त्रयोदशीमा पारण गर्नु । उदयमा एकादशी थोड़ा होस् अन्तमा त्रयोदशी मध्यमा द्वादशी होस् यस्तो योग तबै पर्छ, जब द्वादशीको हानि हुन्छ । त्यस एकादशीको नाम त्रिस्पृहा हो । यस्तो एकादशी व्रतको योग्य हुन्छ, फेरि विष्णुको प्रिय हो । एक त्रिस्पृहा व्रत गर्नाले हजार व्रतका तुल्य फल हुन्छ, अरु हज्जारगुणा पुण्य पनि हुन्छ, यसमा पनि त्रयोदशीमानै पारण गर्नु उचित हुन्छ, अरुमा द्वादशीकोनै पारण गर्नु उचित हुन्छ । तर दशमीवेधी एकादशी को व्रत गर्नाले पूर्वकृत पुण्य नष्ट हुन्छ ॥१८९-१९२॥

* गुणगौरीव्रतनिर्णयः *

मध्याह्नगा चैत्रसिता चतुर्थी तस्यां व्रतं स्याद्गुणगौरिकायाः
पूज्यौ नगाधीशसुतागणेशौपक्वान्नमिष्टान्नविमिश्रपुष्पैः ॥

चैत्रशुक्ल चौथीको नाम गुणगौरी व्रत हो, त्यो मध्याह्नव्यापिनो

ग्राह्य हुन्छ, यसमा पार्वती र गणेशजीको पूजा पक्वान्न र अनेक प्रकारका पुष्पद्वारा गर्नु पर्छ ॥१९३॥

* संकष्टहरणचतुर्थीनिर्णयः *

माघस्य कृष्णा खलु या चतुर्थी तस्यां व्रती याति सुखं समग्रम्
निशीथिनीशोदयगा प्रशस्तामहर्षिभिर्न्यूनमुदाहृता सा ॥

माघकृष्ण चौथीको नाम संकष्टहरण व्रत हो। यो व्रत गर्नाले समग्र सुख हुन्छ, त्यो चन्द्रोदयव्यापिनी ग्राह्य हुन्छ भन्ने यस्तो महर्षिको कथन छ ॥१९४॥

* श्रावणीनिर्णयः *

नभःसितायामपराह्णगायां सद्बन्धनं पञ्चदशीतिथौ स्यात् ।
रक्षाभिधा या यदि सा च विष्ट्यां पुरं नृपं हन्ति विनिश्चयेन ॥

श्रावणशुक्ल पूर्णिमाका दिन अपराह्णकाल रक्षाबंधन गर्नु योग्य हुन्छ, अरु भद्रामा रक्षाबन्धन गरे पुरका राजालाई निश्चय हान्छ।

* दीपमालिकानिर्णयः *

या कार्तिके मास्यसिते विधेया प्रदोषगा दर्शतिथौ मनुष्यैः।
तस्यां प्रकुर्यात्खलु दीपदानं पूर्णे निशीथेऽर्चनमम्बिकायाः॥

कार्तिककृष्ण अमावस्याको दिन सायंकालव्यापिनी दीपदान गर्नु। फेरि पूर्ण अर्धरात्रिमा लक्ष्मीजीको पूजन गर्नु ॥ १९६ ॥

* होलिकानिर्णयः *

तपस्यमासे सितपञ्चदश्यां पूर्वान्विता या निशि होलिका सा।
भद्रावसाने च बुधः प्रकुर्याद्दाहं पुराणार्थविदो वदन्दि।१८७।

फाल्गुनशुक्ल पूर्णिमाका रात्रिमा पूर्वयुत होलिका-दाह गर्नु योग्य हुन्छ। तर भद्रा त्याग गर्नु अर्थात् पूर्वाह्णमा भद्रा पर्‍यो भने पूर्वलाई छोड़ेर पर गर्नु पर्छ भनेर पुराणार्थविद् कहन्छन् ॥ १९७ ॥

* सामान्यतिथिनिर्णयः *

एकादश्यष्टमी षष्ठी पूर्णमासी चतुर्दशी ।
अमावास्या तृतीया च ता उपोष्याः परान्विताः॥१९८॥
जन्माष्टमी जयन्ती च शिवरात्रिश्चतुर्दशी ।
पूर्वविद्धा तु कर्तव्या तिथ्यन्ते चैव पारणम् ॥१९९॥
तृतीया पञ्चमी दुर्गा ह्येकादश्यष्टमी तथा ।
कर्तव्या च परायुक्ता शेषाः पूर्वाभिः संयुता ॥२००॥

एकादशी, षष्ठी, अष्टमी, पूर्णिमा, चतुर्दशी, अमावस्या तीज, (तृतीया) तिथि परयुता र जन्माष्टमी जयन्ती अर्थात् जन्माष्टमी रोहिणी संयुक्त होस् वा शिवरात्रि चतुर्दशीको पूर्वयुत व्रत गर्नु उचित हुन्छ। अरु तिथिका अन्तमा पारण गर्नुपर्छ। तीज, पञ्चमी, दुर्गाव्रत (एकादशी, अष्टमी यी तिथिहरुका व्रत) परयुक्त गर्नु उचित हुन्छ, तथा शेष जो छन् तिनी पूर्व युक्त गर्नु उचित हुन्छ।

* सामान्यतिथिनिर्णयचक्रम् *

| | | | | |
|---|---|---|---|---|
| वटसावित्री | हलषष्ठी | प्रदोषः | गणेशचतुर्थी | व्रतम् |
| पूजनमात्र परयुता | परयुता | सायं-कालिकः | चन्द्रोदया | समयनिर्णयः |
| व्यासपूजा | यमद्वितीया | बसन्त-पञ्चमी | रामनवमी | व्रतम् |
| परयुता | परयुता | परयुता | परयुता | समयनिर्णयः |

इतिश्री ज्योतिःसारे सोदाहरण भाषाटीकासहितं मिश्रप्रकरणं नाम षष्ठ प्रकरणम् ।

# परिशिष्ट

## ईसवीय सन्को तारीखबाट वार निकाल्ने नियम—

सन्को अन्तिम दुइ अंकलाई ४ ले भाग दिनू। आएको लब्धि सन्को उही अन्तिम दुइ अंकमा जोडिदिनू। त्यसमा तारीखको संख्या पनि जोड्नू।

अनि त्यसमा

| सामान्य वर्षको | | | लीप ईयर को | |
|---|---|---|---|---|
| अप्रेल र जुलाई | भए | — ० | | |
| जनवरी र अक्टूबर | ,, | — १ | जनवरी भए | — ० |
| मई | ,, | — २ | | |
| अगस्त | ,, | — ३ | | |
| फरवरी, मार्च, नवम्बर | ,, | — ४ | फरवरी भए | -- ३ |
| जून | ,, | — ५ | | |
| सितम्बर र दिसम्बर | ,, | — ६ | | |

जोडिदिनू र ७ ले भाग लिनू। शेष रवि आदि वार हुन्छ।

उदाहरण—७.५. १९७० मा कुन वार थियो ?—

सन्को अन्तिम दुइ अंक ७० लाई ४ ले भाग लिंदा १७ लब्धि आयो। त्यो लब्धि १७ सन् १९७० को उही अन्तिम दुइ अंक ७० मा जोड्दा ८७ भयो। त्यसमा तारीखको संख्या सात जोड्दा ९४ भयो। त्यस ९४ मा मईको अंक २ जोड्दा ९६ भयो ७ ले भाग दिंदा शेष ५ भ्यो। यो रविवार देखि गन्दा पाँचौं बृहस्पतिवार भयो।

७.५.७०

७० ÷ ४ = १७

१७ + ७० = ८७

८७ + ७ = ९४

९४ + २ = ९६

९६ + ७ = १३ लब्धि शेष ५ वार भयो।